३२७

# भक्तपुर

मासिक

Bhaktapur Monthly

असोज २०८०

ISSN 2705-4454



## 'सापारू पर्व' मा प्रदर्शित उत्कृष्ट विधाहरुलाई

## पुरस्कार वितरण तथा

## सांस्कृतिक गुरुहरुको सम्मान




विश्व पर्यटन दिवसको अवसरमा 'सापारू पर्व २०८०' मा प्रदर्शित घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण, भक्तपुरका सांस्कृतिक गुरुहरुको सम्मान तथा पर्यटन सम्बद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरुलाई सम्मान । असोज १० गते




विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर भ्रमणमा आउनुभएका विदेशी पर्यटकहरुको पहिलो समूहलाई विशेष स्वागत । असोज १० गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{$)✭cÆ !!✭g];#!$#✭lj:;#@)*)c;f]h✭A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

> 'क्रान्तिपछि राजनीति सामाजिक विकास र पुनर्स्थापनाको साधन बन्न जान्छ र राजनीतिको मुख्य काम समाजमा परिवर्तन ल्याउनको लागि चेतनालाई जागृत गर्नु हुन्छ ।' – कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नेपालीहरूको पहिचान भनेकै यहाँको कला र संस्कृति हो:नारायणमान बिजुक्छेँ | – | ३ |
| २) | सांस्कृतिक गुरुहरू हाम्रा सांस्कृतिक क्षेत्रका आदर्श व्यक्तित्वहरू हुन्:प्रमुख प्रजापति | – | ५ |
| ३) | सम्मानित सांस्कृतिक गुरुहरूको सङ्क्षिप्त परिचय | – | ७ |
| ४) | सांस्कृतिक गुरूहरूको सम्मान गर्नु प्राज्ञिक क्षेत्रकै सम्मान | – | १५ |
| ५) | विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत | – | १६ |
| ६) | विदेशी बैङ्कहरू खोल्न दिए देश विदेशीको नियन्त्रणमा जाने | – | १८ |
| ७) | संविधान कार्यान्वयनको आठ वर्ष र त्यसका चुनौतीहरू | विवेक | १९ |
| ८) | समाजवादका आधारहरू निर्माण गर्दै भक्तपुर नगरपालिका | दामोदर सुवाल | २२ |
| ९) | भक्तपुर नपा अरू नपाभन्दा धेरै फरक छ ! | कृष्णप्रसाद पोखरेल | २८ |
| १०) | 'If we get used to outside help, we will get hooked on outside help' | Mayor Sunil Prajapati | २९ |
| ११) | नेपालको शैक्षिक क्षेत्रमा आशाको किरण : ख्वप शैक्षिक संस्था | राजन | ३३ |
| १२) | भारतीय हस्तक्षेप : जवाहरलालदेखि नरेन्द्र दामोदर दाससम्म | कनकमणि दीक्षित | ३५ |
| १३) | ख्याल: विकसित कला व च्वन्ह्याःगु सभ्यताया चिं | माणिकलाल श्रेष्ठ | ४५ |
| १४) | बीआरआई परियोजना विकासशील देशहरूको निम्ति उपहार | राजदूत छेन सङ | ४८ |
| १५) | श्रीयन्त्राकार भक्तपुरमा मोहनी पर्व | ओम धौभडेल | ५१ |
| १६) | भू-आकृति विज्ञान एक परिचय | विष्णुभक्त राजचल | ५३ |
| १७) | समालोचनाया सिद्धान्त (२०) काव्ये भाषा व छन्द | प्रा. माणिकलाल श्रेष्ठ | ६१ |
| १८) | सार्वजनिक जग्गा र सम्पदाको संरक्षणमा वडाले ध्यान दिनु आवश्यक | कुशल | ६४ |
| १९) | जनज्योति पुस्तकालयको फेरिँदो मुहार | भूपाल मूल | ६६ |
| २०) | भक्तपुरका केही ठाउँको नाम र चिनारी (२) | लक्ष्मीनारायण दुवाल | ६७ |
| २१) | पशु अधिकारकर्मी | आर.दिस्ती | ६९ |
| २२) | चीनविरुद्ध संरा अमेरिकाको 'नयाँ शीतयुद्ध' आत्म-विनाशकारी | जन ओबर्ग | ७० |
| २३) | भक्तपुर नगरपालिका गतिविधि | – | ७५ |
| | क) शैक्षिक गतिविधि | – | ८० |
| | ख) स्वास्थ्य सेवा | – | ८३ |
| | ग) अनुभवको आदान-प्रदान | – | ८९ |
| | घ) भेटघाट | – | ९० |
| | ङ) पोखरामा घिन्ताङ्घिसी | – | ९२ |
| | च) सङ्क्षेपमा | – | ९३ |
| २४) | विविध समाचार | – | ९४ |
| २५) | प्रत्युत्पादक 'सहृदयता' (सम्पादकको पृष्ठ) | – | ११६ |

**साथमा** :

हाम्रा मौलिक सामग्री - २८/ जीवन-आचरण - ३२/ चीनका प्राचीन नीति कथा - ३४/ बसिबियाँलो - ४४/ प्रेरणीय - ५०/ नवयुवकसँग अपिल-७२/ वैधानिक कानुन (६) - ७३/ थाहा पाइराखौँ - १११/ सम्झनाको लागि -११३/ हाम्रो स्वास्थ्य - ११४/ पर्यटक तथ्याङ्क - ११५/ रङ्गीन पृष्ठ - ५७-६० ।

**सापारु २०८० विशेष**

# g]kfnLx¿sf]klxrfg eg]s}oxfF]sf] snf / ;+:s[t xf]M

## अध्यक्ष बिजुक्छैँ







भक्तपुर नगरपालिकाले ४४ औं विश्व पर्यटन दिवस (२७ डिसेम्बर) को अवसरमा 'सापारु पर्व २०८०' मा प्रदर्शन भएका घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण, भक्तपुरका सांस्कृतिक गुरुहरूको सम्मान तथा पर्यटन सम्बद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरूलाई सम्मान कार्यक्रम असोज १० गते भक्तपुरको दरबार क्षेत्रमा एक भव्य समारोहबीच सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले भक्तपुरको संस्कृति संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने संस्कृतिकर्मीहरूको सम्मान कार्यक्रमलाई नगरपालिकाले निरन्तर अगाडि बढाउनुपर्ने बताउनुहुँदै 'नेपालीहरूको पहिचान भनेकै यहाँको कला र संस्कृति हो' भन्नुभयो ।

स्थानीय तहहरूले जनताको हितमा राम्रो काम गरे देशकै लागि फाइदा पुग्ने बताउनुहुँदै उहाँले विदेशीको भरमा विकास निर्माण गर्छु भन्ने भावनाबाट जनप्रतिनिधिहरू टाढा रहनुपर्ने बताउनुभयो ।

सहकारी संस्था तथा अन्य सङ्घ संस्थाहरूले ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी आदर निकेतनहरू सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले अशक्त र असहाय नागरिकहरूलाई अब समाजले नै हेर्नुपर्ने अवस्था सिर्जना भइरहेको बताउनुभयो ।

युवाहरूलाई आफ्नै देशको सेवा गर्ने भावनाबाट अभिप्रेरित गर्दै जानुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले भक्तपुरले नयाँ नयाँ क्षेत्रमा नमुना कार्यहरू गरी देशकै लागि उदाहरणीय बन्नुपर्नेमा जोड दिनुभयो ।

सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रहरूमा लगानी नगर्दा आज जनताको पैसा सहकारीहरूले डुबाइरहेको बताउनुहुँदै उहाँले ब्यापक जनताको हित हुने गरी सहकारीहरूले समाज निर्माण र स–साना कारखानाहरू खोल्नेतर्फ विशेष ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले काठमाडौँमा जारी शिक्षक आन्दोलन स्थानीय तहको अधिकार कटौती गरी सङ्घ सरकारमा पुऱ्याउने खालको आन्दोलन भएको बताउनुहुँदै जिल्ला शिक्षा कार्यालय पुनःस्थापना गर्नु भनेको पञ्चायतकालीन व्यवस्थाको पुनःस्थापना गर्नु हो र यसको विरोध गर्नुपर्ने बताउनुभयो ।

सरकारले नेपालका डाक्टरहरूलाई पनि विदेशिन बाध्य पारिरहेको बताउनुहुँदै उहाँले सरकारले अस्पतालहरूलाई बीमा बापतको रकम समयमै सोधभर्ना नगर्दा अस्पतालहरूलाई स्वास्थ्य सेवा प्रवाहमा समस्या भइरहेको बताउनुभयो ।

नेपालीहरूको सम्पत्ति सीमा निर्धारण तथा नेपालीहरूको पैसा विदेशमा राख्न नपाउने व्यवस्था आवश्यक भएको बताउनुहुँदै सांसद सुवालले सिंहदरबारभित्र विदेशी लगानी भएका बैंकहरूको सञ्चालनलाई रोक लगाउनुपर्ने धारणा राख्नुभयो ।

सांसद सुवालले गरिबका छोराछोरीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य समाज निर्माण गर्ने उद्देश्यअनुसार ख्वप विश्वविद्यालय सञ्चालनको लागि निरन्तर आवाज उठाउँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सापारुमा प्रस्तुत भएका घिन्ताङघिसी, अन्य परम्परागत र आधुनिक विधाका संस्कृतिहरूको अलग अलग मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गर्नु आफैमा संस्कृतिको संरक्षण र अझ व्यवस्थित प्रस्तुतिको लागि वातावरण तयार गर्न खोजिएको हो भन्नुभयो ।

भक्तपुरको पुरानो सहर आफैमा एउटा सम्पदा सहर भएको बताउनुहुँदै उहाँले २०७२ सालको भूकम्पबाट भत्केका कयौँ सम्पदाहरू भक्तपुर नपाले विदेशीको सहयोगबिना नै स्थानीय जनताको साथ र सहयोगमा सम्पदा पुनःनिर्माण गर्नु सबै भक्तपुरवासीहरूको लागि गौरवको विषय भएको बताउनुभयो ।

उहाँले कला, संस्कृतिको संरक्षण, ऐतिहासिक र सांस्कृतिक महत्त्वको दृष्टिले देशकै महत्त्वपूर्ण नगरको रूपमा विकसित भक्तपुर नपाले अग्रजहरूले गर्नुभएका कामलाई निरन्तरता दिँदै समयअनुसार नयाँ नयाँ अध्ययन, अनुसन्धान र उत्खननका कार्यहरू गर्दै भक्तपुरलाई समृद्ध बनाउने कार्यमा निरन्तर लागिरहेको बताउनुभयो ।

त्यस्तै नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले नाचगानको राजधानी भक्तपुर अहिले जनताको साहित्य र जनताको संस्कृतिले मूर्त रूप लिँदै गरेको जीवन्त सहरको रूपमा विकास भइरहेको बताउनुहुँदै भक्तपुरको बेजोड मौलिक शैलीको नाचगान र नृत्य हाम्रो अमूल्य सम्पत्ति हो र यसलाई निरन्तर संरक्षण गर्दै जानुपर्ने बताउनुभयो ।

जनताले अत्यन्त रुचाइएका सांस्कृतिक नाचगानहरूको संरक्षणले जनताका अभिव्यक्ति व्यापक जनतामाझ प्रवाह गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुहुँदै उहाँले हाम्रा अग्रजहरूले मानव जीवनको निम्ति हित हुने खालको इतिहास निर्माण गरेको बताउनुभयो ।

भक्तपुरमा कला संस्कृति संरक्षण, नाचगानसँगसँगै देश र अन्तर्राष्ट्रिय विषयमा ऐक्यबद्धता जनाएको इतिहास ताजा रहेको बताउनुहुँदै सांसद गोसाईंले भक्तपुरका सांस्कृतिक गतिविधिहरूमा युवाहरूको सहभागिता उत्साहजनक रहँदै आएको बताउनुभयो ।

सांस्कृतिक नाचगानमार्फत अमेरिकी साम्राज्यवादको विरोध, सीमा अतिक्रमण, नेपालमा भइरहेको विभिन्न काण्डबारे भक्तपुरका युवाहरूले सशक्त रूपमा विरोध गरिरहेको बताउनुहुँदै उहाँले अन्यायको विरोध र निरङ्कुशताको विरोध गर्ने जनताको नैसर्गिक अधिकार हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको सांस्कृतिक धरोहरलाई विश्वसामु उजागर गर्न विश्व पर्यटन दिवसको अवसरमा संस्कृतिकर्मी सम्मान कार्यक्रम आयोजना गरेको बताउनुहुँदै 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति'लाई व्यवहारिक रूपमा रूपान्तरण गर्ने प्रयास भइरहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी **डोरेन्द्र निरौला**ले ऐतिहासिक नगरी भक्तपुर सबै क्षेत्रमा अग्रणी रहेको बताउनुहुँदै आगामी दिनहरूमा पनि जिप्रका र स्थानीय तहबीच समन्वयकारी भूमिका निर्वाह गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुरका कार्यालय प्रमुख **अरूणा नकर्मी**ले अमूर्त सम्पदा संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने संस्कृतिकर्मी सम्मान कार्यक्रम सराहनीय भएको बताउनुहुँदै कृषि र संस्कृतिलाई सँगसँगै अगाडि बढाई चाडपर्वहरू मनाउनुपर्ने बताउनुभयो ।

इतिहासविद् **पुरुषोत्तमलोचन श्रेष्ठ**ले गुन्हीपुन्ही र सापारुको ऐतिहासिक पक्षमाथि चर्चा गर्दै प्राचीनकालदेखि प्रचलनमा आएको गुन्हीपुन्ही र सापारु भक्तपुरको महत्त्वपूर्ण पर्व भएको बताउनुभयो । पर्यटन प्रवर्द्धनमा भक्तपुरले फड्को मारेको बताउनुहुँदै डा. श्रेष्ठले भक्तपुर पर्यटन प्रवर्द्धनको लागि धेरै सम्भावना भएको ठाउँ हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले सांस्कृतिक विधाहरूको मूल्याङ्कनको समीक्षा गर्नुभएको थियो भने भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले २२ जना सांस्कृतिक गुरुहरूलाई दोसल्ला ओढाई नगद रु. २०,०००।- सहित सम्मान पत्र प्रदान गर्नुका साथै उत्कृष्ट कलाकारहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । त्यस्तै प्रमुख अतिथि बिजुक्छेँले पर्यटन सम्बद्ध सङ्घ संस्था र ट्राभल एजेन्सीहरूलाई कदरपत्र प्रदान गर्नुभयो ।

त्यस्तै विशेष अतिथि सुवालले आधुनिक विधा र परम्परागत विधाका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो भने विशेष अतिथि प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले घिन्ताङघिसी, माक प्याखंका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । कार्यक्रमका सभापति



एवम् नगर प्रमुख प्रजापतिले मूल्याङ्कनकर्ताहरूलाई मायाको चिनो र पर्यटन सम्बद्ध पथ प्रदर्शक, व्यवसायी र सहयोगीहरूलाई कदर पत्र प्रदान गर्नुभएको थियो भने उपप्रमुख जोशीले प्रतियोगिताका सहयोगीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा प्रतियोगितामा प्रथम हुन सफल यापी भैरव भजन मण्डलको माक प्याखँ, साइनिङ ग्रुपको फाकंदली प्याखं, खर्बुजा देवी प्याखं समूहको देवी प्याखं देखाइएको थियो ।

## सम्मानित सांस्कृतिक गुरुहरू

भक्तपुर नपाका प्रत्येक वडाबाट दुई–दुई जना सांस्कृतिक गुरुहरूलाई सम्मान गरिएको थियो । यस वर्ष सम्मानित हुनुहुने सांस्कृतिक गुरुहरू :

वडा नं १ बाट बुद्धिभक्त सिन्ताकल र दिपानन्द बज्राचार्य,
वडा नं २ बाट हरिभक्त खुसु र पुण्यराम कोजु,
वडा नं ३ बाट बिसलाल स्वंगमिखा र रामभक्त कर्माचार्य,
वडा नं ४ बाट नारायणप्रसाद सुवाल र कृष्णभक्त नागाजु,
वडा नं ५ बाट कृष्णभक्त तमखु र कृष्णगोपाल माक,
वडा नं ६ बाट न्हुछेकुमार अवाल र न्हुछे बहादुर त्यात,
वडा नं ७ बाट कृष्णभक्त दुमरु र तुल्सीभक्त तजले,
वडा नं ८ बाट दश सायँजु र कान्छा गोसाई,
वडा नं ९ बाट पूर्णभक्त प्रजापति र धनबहादुर मानन्धर
वडा नं १० बाट कृष्णभक्त माकजु र पुष्परत्न शाक्य हुनुहुन्छ ।

## विशेष सम्मान पुरस्कार

कला र सांस्कृतिक सम्पदा जगेर्नाको लागि नवदुर्गाको मुकुण्डो बनाउँदै आउनुभएका पुर्ण चित्रकार र नायोखिं बाजा प्रशिक्षक श्याम शाहीलाई विशेष सम्मान पुरस्कारको रूपमा पुरस्कृत गरिएको थियो ।

*(सम्मानित गुरुहरूको परिचय अन्य पृष्ठमा दिइएको छ ।)*

# सांस्कृतिक गुरुहरू हाम्रा सांस्कृतिक क्षेत्रका आदर्श व्यक्तित्वहरू हुन् : प्रमुख प्रजापति




गुन्हीपुन्ही २०८० को अवधिमा सांस्कृतिक प्रदर्शन गर्ने सांस्कृतिक टोलीहरू, गुरुहरू र कलाकारहरू सबैलाई हार्दिक बधाई तथा शुभकामना !

गुन्हीपुन्ही भक्तपुरमा बिस्का जात्रापछिको ठूलो जात्रा हो । यस अवधिमा भक्तपुरका हजारौं जनता नाच्छन्, गाउँछन् र बाजा बजाउँछन् । सयौं वर्षदेखि चल्दै आएको हाम्रो परम्परा र संस्कृतिलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन भक्तपुर नगरपालिकाले प्रयास गर्दैछ । गुन्हीपुन्हीमा प्रस्तुत भएका घिन्ताङघिसी, अन्य परम्परागत र आधुनिक विधाका संस्कृतिहरूको अलग अलग मूल्याङ्कन गरी उचित पुरस्कारको व्यवस्था गरेका छौं । संस्कृतिको संरक्षण, संवर्द्धन गर्दै थप व्यवस्थित गर्ने र जीवन्त राख्ने हाम्रो प्रयास हो ।

भक्तपुर देशकै सानो नगरमध्येको एक हो । कला संस्कृति संरक्षण, ऐतिहासिक, सांस्कृतिक महत्त्वको दृष्टिले यो देशकै महत्त्वपूर्ण नगर हो । त्यसैले कतिपय विद्वानहरूले भक्तपुरलाई सांस्कृतिक नगर, कला–संस्कृति संरक्षित क्षेत्र, नाचगानको राजधानी, खुल्ला विश्वविद्यालयको उपमा दिनुभएको छ । यस्तो महत्त्वपूर्ण शहरको संरक्षणको जिम्मेवारी अहिले हाम्रो काँधमा छ । हामी हाम्रा अग्रजहरूले गर्नुभएका कामलाई निरन्तरता दिंदै समयअनुसार नयाँ नयाँ अध्ययन, अनुसन्धान र उत्खनन कार्यहरू गर्दैछौं र भक्तपुरलाई समृद्ध बनाउने कार्यमा निरन्तर लाग्दैछौं ।

सयौं वर्ष पुराना हाम्रा सम्पदाहरू ५५ झ्याल, लुँ ध्वाका, ङातापोल्हँ, दत्तात्रय मन्दिर भक्तपुरका कलाकारिताका

दृष्टिले अनुपम नमुनाहरू हुन् । हामी ती मठ–मन्दिर, देवालय–सिवालय, पाटी पौवा, ढुङ्गेधारा, पोखरी निर्माण गर्ने पुर्खाका सन्तति हौँ । समयसँगै हामीले २ ओटा इन्जिनियरिङ कलेजहरू सहित विभिन्न कलेजहरू खोलेर देशको लागि आवश्यक जनशक्ति उत्पादन गर्दैछौँ । इन्जिनियरिङ कलेजबाट उत्पादित इन्जिनियर र आर्किटेक्टहरूले हाम्रो देशको कला संस्कृति संरक्षणमा निकै महत्त्वपूर्ण योगदान गरिरहेका छन् ।

भक्तपुरको पुरानो सहर आफैं एउटा सम्पदा सहर हो । २०७२ सालको भूकम्पले धेरै धनजनको क्षति गऱ्यो । स्थानीय प्राविधिक, डकर्मी, सिकर्मी र स्थानीय जनताको सहयोगमा हाम्रा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार कार्यलाई अगाडि बढायौँ । पहिलो कार्यकालमा १२४ ओटा र हालसम्मको अवधिमा कुल १३५ ओटा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गऱ्यौँ । करिब दुई दर्जन सम्पदाहरू हाल निर्माणाधीन अवस्थामा छन् । विदेशीको सहयोगबिना स्थानीय जनताको साथ र सहयोगमा यति धेरै सम्पदाहरू निर्माण हुनु हामी सबै भक्तपुरवासीको लागि खुशीको कुरा हो ।

भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुँदैछ । विगतमा हाम्रा अग्रजहरूले सुरु गर्नुभएको पर्यटन शुल्क आज हाम्रो आत्मनिर्भरताको आधार बन्दैछ । गत आ.व. २०७९/८० मा १ लाख ६७ हजार भन्दा बढी विदेशी पर्यटकहरूले भक्तपुर भ्रमण गरे । त्यसबाट १८ करोड ४० लाखभन्दा बढी राजश्व सङ्कलन भयो । त्यो रकम मूर्त र अमूर्त सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य र विकास निर्माणमा खर्च गर्दैछौँ । सन् २०२० र २०२१ दुई वर्ष कोरोना महामारीको कारण पर्यटक ठप्प भयो । भक्तपुर नपामा आर्थिक सङ्कट उत्पन्न भयो । त्यतिबेला हामीले जनताबीच जाने निर्णय गऱ्यौँ र विकास निर्माणभन्दा जनताको जीवन बचाउने कामलाई प्राथमिकतामा राख्यौँ । जनतासँग सहयोग लिएर अक्सिजन प्लान्ट स्थापना गऱ्यौँ । जनताको साथ र सहयोगमा स्थापित अक्सिजन प्लान्टबाट आजसम्म सारा नगरवासीहरूलाई निःशुल्क अक्सिजन वितरण गर्दैछौँ र रगत पनि निःशुल्क वितरण गरिरहेका छौँ । जनताको सहयोगले नै नगरपालिका आजको अवस्थासम्म आइपुग्न सम्भव भएको हो । जनता र जनप्रतिनिधिको यो मजबुत एकतालाई थप दरिलो बनाउँदै लानेतर्फ हामीले ध्यान दिइरहेका छौँ ।

आज भक्तपुरका सांस्कृतिक गुरुहरूको पनि सम्मान गर्दैछौँ । भक्तपुरको कला र संस्कृतिलाई जीवन्त राख्न अनवरत योगदान गर्ने हाम्रा सांस्कृतिक गुरुहरू हाम्रा सांस्कृतिक क्षेत्रका आदर्श व्यक्तित्वहरू हुन् । उहाँहरूले बिनापारिश्रमिक निरन्तर सेवाको भावनाले नयाँ पुस्तालाई प्रशिक्षण दिनुभयो । आफूसँग भएको सांस्कृतिक ज्ञान र सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्नुभयो । नयाँ पुस्ताले पनि उहाँहरूबाट सेवाको भावनाबाट शिक्षा लिँदै अगाडि बढ्ने आशा गर्छौं । हामी परम्परागत सांस्कृतिक विधालाई व्यवसायीकरण गर्नेतर्फ पनि ध्यान दिँदैछौँ ।



नयाँ पुस्तालाई कला–संस्कृतिको महत्त्व बुझाउन स्थानीय पाठ्यक्रममा समावेश गरी दिएका छौँ । यसबाट नयाँ पुस्ता भक्तपुरका सांस्कृतिक गतिविधिहरूबारे परिचित हुँदैछन् । शिक्षा, स्वास्थ्य, सम्पदा र सांस्कृतिक गतिविधिहरू अध्ययन अवलोकनका लागि अहिले देशका विभिन्न ठाउँबाट जनप्रतिनिधिहरू र पर्यटकहरू आउनुहुन्छ । आन्तरिक र बाह्य पर्यटकहरू आकर्षणको केन्द्र बन्दै भक्तपुर अगाडि बढ्दैछ ।

भक्तपुरलाई सफा, सुन्दर र व्यवस्थित नगर बनाउन सदाझैं यहाँहरूको साथ र सहयोगको अपेक्षा गर्दछौँ । हामी जनप्रतिनिधिहरू इमानदारीपूर्वक, पारदर्शी ढङ्गले काम गर्दै जनताको सेवामा लाग्दैछौँ र निरन्तर लागिरहनेछौँ ।

(भक्तपुर नगरपालिकाको आयोजनामा भएको ४४ औँ विश्व पर्यटन दिवसको अवसरमा सापारु पर्व २०८० मा प्रदर्शन भएका घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण, भक्तपुरका सांस्कृतिक गुरुहरूको सम्मान तथा पर्यटन सम्बद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरूलाई सम्मान कार्यक्रममा व्यक्त मन्तव्य)

# सम्मानित सांस्कृतिक गुरुहरुको सङ्क्षिप्त परिचय




## श्री बुद्धिभक्त सिन्ताकल



सांस्कृतिक गुरु श्री बुद्धिभक्त सिन्ताकलको जन्म वि.सं. २०१२ वैशाख ७ गते भक्तपुर नगरपालिका वडा नं. १, भार्वाचोमा भएको हो। उहाँ हाल ६९ वर्षको हुनुहुन्छ। उहाँका बुबा स्व. काजीबहादुर सिन्ताकल र आमा स्व. रत्नमाया सिन्ताकल हुनुहुन्थ्यो। साँस्कृतिक विधा अन्तर्गत उहाँ सांस्कृतिक भजन म्ये, फाकंदली प्याखँ, माक प्याखँ, हनुमान प्याखँमा ११ वर्षको उमेरदेखि लाग्नु भएको हो। उहाँले सांस्कृतिक गुरु भई २०३० सालदेखि धेरै ओटा समूहहरूलाई विभिन्न सांस्कृतिक भजन म्ये, फाकंदली प्याखँ, माक प्याखँ, हनुमान प्याखँको प्रशिक्षण दिनुभयो। उहाँ दाफा भजनको म्ये, तँ, लालाखिं, पोङ्गामा पोख्त हुनुहुन्छ। हाल उहाँ व्यापार व्यवसाय र सामाजिक क्षेत्रमा सकृय हुनुहुन्छ।

## श्री दिपानन्द बज्राचार्य

सांस्कृतिक गुरु दिपानन्द बज्राचार्यको जन्म वि.सं. २०१८



असार २३ गते भक्तपुर नगरपालिका वडा नं. १, भार्वाचोमा भएको हो । उहाँ हाल ६३ वर्षको हुनुहुन्छ । उहाँका बुबा स्व. जोतिन्द्रमान बज्राचार्य र आमा स्व. सप्तमाया बज्राचार्य हुनुहुन्थ्यो । उहाँ २०२७।२८ सालदेखि सांस्कृतिक विधामा संलग्न हुनुहुन्छ । उहाँले गुरुको रूपमा २०४० सालदेखि ७/८ पटकसम्म प्रशिक्षण दिइसक्नुभयो । बाद्यवादनको सन्दर्भमा उहाँले गुँला बाजा, धाँ, छुस्या, भुस्या, तँ, नायोखिंडमा विशेष दख्खल राख्नुहुन्छ । उहाँ हाल सिलाइका साथै सामाजिक कार्यहरूमा सकृय हुनुहुन्छ । उहाँ गुँला बाजाका सल्लाहकार हुनुहुन्छ । हालै सम्पन्न गुँला बाजाको सतवार्षिक उत्सवमा उहाँ पनि सम्मानित हुनुभएको थियो । साथै उहाँ थथुवहि/कुथुवहि विकास समितिका कार्य समिति सदस्य र चतुब्रम्ह महाविहारको व्यवस्थापन समितिका उपाध्यक्ष समेत हुनुहुन्छ ।

## श्री हरिभक्त खुसु



भक्तपुर नगरपालिका वडा नं. २ (साविक वडा नं. १५) इताछेंस्थित लोकेश्वर निवासी हरिभक्त खुसुको जन्म वि.सं. २०१७ साल भाद्र १० गते भएको हो । पिता हर्षलाल खुसु र माता गणेशमाया खुसुको दुई छोरा र एक छोरीमध्ये दोस्रो सन्तानको रूपमा हरिभक्तको जन्म भएको हो । उहाँले इताछैँ गणेश दाफा भजन खलद्वारा १५/१६ वर्षको हुँदा लालाखिं बाजाको प्रशिक्षण लिनुभयो । उहाँ आफ्नो खिं गुरु ठूलो कृष्ण खुसुलाई मान्नुहुन्छ । खिं प्रशिक्षण प्राप्त भएदेखि हालसम्म निरन्तर इताछैँ गणेश दाफा भजनमा लागिरहनु भएको छ । हाल उहाँ कृषि पेशामा आबद्ध हुनुहुन्छ ।

## श्री पुण्यराम कोजू



सांस्कृतिक गुरु पुण्यराम कोजूको जन्म मिति २०११ मंसीर १० गते पिता बुलाल कोजू र आमा पुनमाया कोजूको कोखबाट भक्तपुर नगरपालिका भक्तपुर नपा–२ (साविक वडा नं. १०) स्थित ब्यासी टोलमा भएको हो । सानै उमेरमा बुवाको निधन भई पारिवारिक आम्दानी नभएकोले उहाँले औपचारिक शिक्षा हासिल गर्न पाउनुभएन । सामान्य प्रौढ शिक्षा मात्र हासिल गर्नुभएका गुरु पुण्यराम कोजू सानै उमेरदेखि किसान आन्दोलनमा लाग्नुभयो । किसान आन्दोलन र प्रौढ शिक्षाले गर्दा समाजको लागि केही गर्नु पर्छ भन्ने भावना विकास गरी २०४२/४३ सालतिर सांस्कृतिक गुरु गणेशबहादुर सिजख्वाबाट धिमेबाजा सिक्नु भयो । आफूले सिकेर हालसम्म ९ ओटा समूहलाई उहाँले धिमेबाजा प्रशिक्षण दिई सक्नु भएको छ ।

धिमेबाजाकासाथै उहाँले कनाथबाजा, विणा (बेला) बाजा र हार्मोनियम पनि सिक्नु भएता पनि सांस्कृतिक गुरु पुण्यराम कोजूको लगाव भने धिमेबाजामा नै भयो ।

हिन्दु परम्परा अनुसारका चाडपर्व, ब्रतबन्ध र टोल/समाजको सांस्कृतिक गतिविधिमा धिमे बजाउन पाएपछि आफूलाई आनन्द अनुभव हुने उहाँ बताउनुहुन्छ ।

नयाँ पुस्ताले परम्परागत सांस्कृतिक बाजालाई समय दिन नसक्नुमा यसको व्यवसायिक प्रयोग नहुनु र नयाँ पुस्ताको व्यस्तता नै भएको बताउनु हुन्छ । परम्परागत बाजालाई व्यवसायिक गतिविधिको रूपमा अगाडि बढाउन पाए संस्कृति जगेर्ना हुने बताउनु हुन्छ । हाल उहाँ कृषि पेशामा सक्रिय हुनुहुन्छ ।

## श्री बिसलाल स्वंगमिखा



भक्तपुर नगरपालिका वडा नं. ३ तेखाचो निवासी सांस्कृतिक गुरु बिसलाल स्वंगमिखा बुबा लक्ष्मीनारायण स्वंगमिखा र माता दानीनानी स्वंगमिखाका दोश्रो पुत्र हुनुहुन्छ ।

मिति १९९६।०१।०४ तेखाचोमा जन्मनु भएका श्री स्वंगमिखाले पचास वर्ष अगाडि विभिन्न बाजाहरू सिकी लाखे प्याखँ दुई पटक, धां बाजा एक पटक, नागाचा प्याखँ दुई पटक, झ्याउरे दुई पटक र बेला बाजा दुई पटक तालिम दिई सक्नुभएको छ । उहाँले ढलक, नायखिं बाजा पनि बजाउनु हुन्छ । उहाँ अहिले उमेर र स्वास्थ्यका कारण भजनमा समय दिन सक्नु भएको छैन । भक्तपुर नगरपालिकाले पुराना सांस्कृतिक गुरुहरूलाई सम्मान तथा नयाँ पुस्तालाई उत्साहित गरी पुस्तान्तरण गर्ने यस्ता कार्यक्रम सराहनीय भएको बताउनु हुन्छ । उहाँले नयाँ पुस्ताले संस्कृतिलाई अगाडि बढाउने जिम्मा लिनु पर्ने धारणा राख्नु हुन्छ ।

## श्री रामभक्त कर्माचार्य



वि.सं. २०१६ असोज ६ गते बुबा रत्नबहादुर कर्माचार्य र आमा तुल्सीलक्ष्मी कर्माचार्यको कोखबाट कान्छा पुत्रको रूपमा जन्मनुभएका रामभक्त कर्माचार्य सांस्कृतिक गुरु हुनुहुन्छ । भक्तपुर नगरपालिका वडा नं. ३ घट्खा टोलमा जन्मनु भएका श्री रामभक्त कर्माचार्यले २०३० सालतिर भजन गाउने तालिम लिनुभयो । उहाँले पछि दुई पटक गरी ९० जनालाई भजन तथा राग गाउन प्रशिक्षण दिनुभयो भने तीन पटक लगभग ६० जनालाई धिमे बाजाको प्रशिक्षण दिनुभयो ।

उहाँ टोल टोलमा जसरी महिलाहरूको हरि भजन अगाडि बढ्यो, त्यसैगरी भक्तपुर नगरपालिकाले दाफा भजनलाई अझ अगाडि बढाउन व्यवस्थित रूपमा निरन्तरता दिलाउन लाग्नुपर्ने धारणा राख्नुहुन्छ । नयाँ पुस्ताले आफ्नो कला संस्कृति बचाउन ध्यान दिनुपर्ने उहाँको धारणा छ ।

भक्तपुर नगरपालिकाले सांस्कृतिक गुरुहरूलाई सम्मान गरी नयाँ पुस्ता पनि विस्तारै संस्कृति बचाउन लागिरहेको तथा पुस्तान्तरण हुँदै गइरहेकोमा तथा नगरपालिकाले जनताको पक्षमा काम गरिरहेकोमा खुशी व्यक्त गर्नुहुन्छ ।

## श्री नारायणप्रसाद सुवाल



हेरालाल र छलमायाका छोरा नारायणप्रसाद सुवालको जन्म भक्तपुर नगरपालिका वडा नं. ४ (साविक १४) बोलाछेँ तःननी टोलमा मिति २०१३ साल श्रावण १८ गते भएको हो । १२ वर्षको उमेर हुँदा २०२५ सालमा तःननी दाफामा लालाखीं सिकी हाल सम्म पनि निरन्तर दाफा भजनमा लागिरहनु भएको छ । उहाँले गुरु भई २०३४ साल, २०४४ साल, २०५१ साल र २०६७ सालमा गरी ४ पटक लालाखींको प्रशिक्षण दिनुभयो । उहाँले भजन पनि गाउने कार्यलाई निरन्तरता दिइरहनु भएको छ ।

## श्री कृष्ण भगत नागा



पिता कृष्णदास नागा र आमा ज्ञानमाया नागाका छोरा कृष्ण भगत नागाको जन्म मिति २००० साल वैशाख १ गते भक्तपुर नगरपालिका ४ वडा (साविक १४) बोलाछेँ बुलुचा टोलमा भएको हो। २०२२ सालमा जालाचा बाँसुरी बाजा समुहमा प्रवेश भई ढलक सिकी निरन्तर बाँसुरी बाजामा लागी हालसम्म ढलक बाजालाई निरन्तरता दिइरहनु भएको छ। ४,५ पटक सहायक गुरु भई ढलक सिकाउनु भएका गुरु कृष्ण भगत नागाले २०६८ सालमा मुख्य गुरु भई सिकाउनु भयो।

## श्री कृष्णगोपाल माक



(तत्कालीन समयमा मनोरञ्जनका साधन त्यति धेरै नभएको अवस्थामा परम्परादेखि चल्दै आएको दाफा भजनलाई पनि धार्मिक मनोरञ्जनको साधनको रूपमा लिइन्थ्यो।)

दाफा, भजनको सन्दर्भ उठ्ने वित्तिक्कै किसपाल दाई अर्थात कृष्णगोपाल माकको नाम अगाडि आइहाल्छ। विक्रम संवत् १९९९ मंसिर ९ गते जन्मनु भएका कृष्णगोपाल माक पिता कृष्णबहादुर माक तथा माता न्हुँछेमाया माकका सुपुत्र हुनुहुन्छ। भक्तपुर नपा वडा नं. ५, चासुखेलमा बाजे बराजुदेखि चल्दै आएको दाफा, भजनमा वि.सं.२०१३ सालदेखि आफ्नो पिताको पदचापलाई पछ्याई उहाँ दाफा, भजनको मुगाई नाईकेको रूपमा परिचित हुनुभयो। वि.सं.२०२५ सालदेखि दाफा, भजनमा सक्रिय भई सांस्कृतिक क्षेत्रमा योगदान दिँदै आउनु भएका गुरु कृष्णगोपाल माक एक अगुवा किसान कार्यकर्ता हुनुहुन्छ।

## श्री कृष्णभक्त तमखु



हार्मोनियम र भ्वाइलेन गुरु श्री कृष्णभक्त तमखुको जन्म मिति २००७ साल माघ २३ गते भक्तपुर नपा-५, लैकोमा भएको हो। उहाँको पिताको नाम भगत तमखु र आमाको नाम हरिमाया तमखु हो। उहाँको सांस्कृतिक क्षेत्रमा प्रवेश वि.सं. २०१३ सालमा भएको हो। वि.सं. २०२७ सालमा हार्मोनियम सिकी लैको बाँसुरी बाजामा सहभागी हुनु भई हालसम्म उहाँले ५ पटक दाफा भजन सिकाई सक्नुभयो भने हार्मोनियम र भ्वाइलेन ६ पटक सिकाइ सक्नुभयो।

## श्री न्हुछेकुमार अवाल



सांस्कृतिक गुरु श्री न्हुछेकुमार अवालको जन्म बुबा मोहनबहादुर अवाल र आमा मानकुमारी अवालको कोखबाट १९९५ सालमा भक्तपुर नगरपालिका–६ (साविक वडा नं. ९) तुछिमला टोलमा भएको हो। उहाँले कक्षा १ सम्मको औपचारिक शिक्षा हासिल गर्नुभएको छ। पेशाले डकर्मी उहाँ सानै उमेरमा स्थानीय टोलमा रहेको छुमा गणेश ढल्चा भजनमा दैनिक भजन कार्यमा सक्रिय हुनुहुन्छ। सांस्कृतिक सहर भक्तपुरमा आफ्नै टोलमा साँझ ५ बजेपछि २ घण्टा जति भजनमा उहाँ ढलक र पछिमा बजाउनुहुन्छ। नयाँ पुस्तालाई सिकाउन पाएकोमा उहाँ खुशी हुनुहुन्छ।

उहाँले विगत २५/२६ वर्ष अगाडिदेखि नयाँ पुस्तालाई ढलक र पछिमा सिकाउँदै आउनु भएको छ। एउटा समूहमा १६–१८ जनासम्म हुने र दैनिक २ घण्टा सिकाउँदा पनि राम्रोसँग सिक्न करिब १ वर्ष लाग्ने उहाँ बताउनुहुन्छ। नयाँ पुस्ताले सिक्न धेरै समय लगाउने भएता पनि भजनमा नयाँ पुस्ताको सहागिता बढाउन सबैतिरबाट पहल हुनुपर्ने बताउनुहुन्छ।

## श्री न्हुछेबहादुर त्यात



सांस्कृतिक गुरु न्हुछेबहादुर त्यातको जन्म पिता मिलकुमार त्यात र आमा ज्ञानमाया त्यातको कोखबाट वि.सं १९९६ चैत्र १२ गते भक्तपुरको लालाछेँ टोलमा भएको हो। श्री प्राथमिक विद्यालय याछेँबाट औपचारिक शिक्षा हासिल गर्नुभएको थियो। पछि बुबा बिरामी भएकोले अध्ययनलाई अगाडि बढाउन नसकेपछि उहाँले कृषिमा जीवन बिताउनु भयो। सानोमा लजालु स्वभाव भएकोले उहाँलाई परिवारका सदस्यले सानै उमेरमा स्थानीय टोलमै दैनिक हुने लालाछेँ दाफा भजनमा बस्न लगाएका थिए। पछि बिस्तारै राम्रो लागेकोले धाँ बाजा बजाउन थाल्नुभयो। सानो उमेरमा नै नागाचा र नतुवाचा प्याखँमा अभिनय गर्न थाल्नुभयो। उहाँले नयाँ पुस्तालाई विगत १८ वर्षदेखि धाँ बाजा सिकाउँदै आउनुभएको छ। बाजा सिकाउन एउटा समूहमा ८ जनाको हुने र राम्रोसँग सिकाउन वर्षदिन लाग्ने बताउनुहुन्छ। अहिलेसम्म २ पटक सिकाइसक्नु भएको छ। हाल स्थानीय टोलमा गणेश मन्दिरसँगैको फल्चामा दैनिक भजन नभएको र हाल चाडपर्वमा मात्र हुने गरेकोले सामाजिक रूपमै नयाँ पुस्तालाई परम्परागत बाजा-गाजा सिकाउनु पर्ने बताउनु हुन्छ।

## श्री कृष्णभक्त दुमरु



नत्वचा, नागाचा, बाँसुरी र गीतका गुरु कृष्णभक्त दुमरुको जन्म बुबा बिकुलाल र आमा ज्ञानमायाको कोखबाट २००१ सालमा भक्तपुर नगरपालिका वडा नं. ७ को चोर्चा टोलमा भएको हो। सानै उमेरदेखि निरन्तर सांस्कृतिक क्षेत्रमा लाग्नु भएका गुरु दुमरुले विभिन्न समयमा विभिन्न सांस्कृतिक विधाहरूमा गुरुको भूमिका निर्वाह गर्दै आउनु भएको छ। उहाँले नत्वचा, नागाचा, बाँसुरी र गीत गरी ४ विधामा गुरु भई विभिन्न समूहलाई प्रशिक्षण दिँदै सांस्कृतिक विधाहरूको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र पुस्तान्तरणको कार्यका लागि महत्त्वपूर्ण योगदान गर्दै आउनु भएको छ।

## श्री तुल्सीभक्त तजले



धिमे, लालाखिँ, पछिमा, धाँ र दाफा गीतका गुरु श्री तुल्सीभक्त तजलेको बुबा बिकुलाल र आमा तुल्सीमाया तजलेको कोखबाट २००८ साल मंसिर १२ गतेका दिन भक्तपुर नगरपालिका वडा नं. ७ स्थानीय याता टोलमा जन्म भएको हो । सांस्कृतिक क्षेत्रमा आफ्नो भूमिका निर्वाह गर्ने सिलसिलामा धिमे बाजा एक पटक, लालाखिँ एक पटक, पछिमा एक पटक, धाँबाजा एक पटक र दाफा भजन गीत दुई पटक गरी जम्मा छ पटक विभिन्न समूहका प्रशिक्षार्थीहरूलाई सांस्कृतिक प्रशिक्षण दिनुभयो । यसरी सांस्कृतिक विधाहरूको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणको लागि उहाँले महत्त्वपूर्ण योगदान गर्दै आउनु भएको छ ।

## श्री दश साँयजु



किसान परिवारमा जन्मनु भएका श्री दश साँयजुको जन्म वि.सं. २००३ साल असार महिनामा बुबा बाबुलाल साँयजु र आमा कृष्णमाया साँयजुको कोखबाट भक्तपुर नपा वडा नं. ८ (साविक वडा नं.२) जेंला टोलमा भएको हो । उहाँ कृषि कार्य मार्फत आफ्नो जीवीकोपार्जन गर्दै आउनु भएको छ । उहाँले १५–१६ वर्षको उमेरमा बाँसुरी बाजा बजाउन थाल्नुभयो । उहाँले कुनै औपचारिक शिक्षा हासिल गर्न नपाए पनि बाँसुरी बाजा बजाउनमा निपुण हुनुहुन्छ । उहाँले हालसम्ममा ५/६ ओटा समूहलाई मुख्य गुरु र सहायक गुरुको भूमिका निर्वाह गर्दै बाँसुरी बाजाको प्रशिक्षण दिनुभयो र नयाँ पुस्तालाई बाँसुरी बाजाको सीप हस्तान्तरण गर्नुभयो । शारीरिक रूपमा अशक्त भएपनि हालसम्ममा बाँसुरी बाजा बजाउँदै सांस्कृतिक नगर भक्तपुरलाई जीवन्तता दिइरहनु भएको छ । हाल उहाँ पासा पुचः भजन खलः र सनराइज बाँसुरी बाजा खलःमा आवद्ध हुनुहुन्छ ।

## श्री कान्छा गोसाई



किसान परिवारमा जन्मनु भएका श्री कान्छा गोसाईको जन्म वि.सं. २००८ साल कार्तिक १४ गते बुबा गणेश गोसाई र आमा कृष्णमायाको कोखबाट भक्तपुर नपा वडा नं. ८ (साबिक वडा नं.२) वांचुटोलमा जन्म भएको हो । उहाँले २० वर्षको उमेरदेखि बाँसुरी बाजा बजाउन थाल्नु भएको हो । हालसम्ममा उहाँले दुई समूह गरी ३६ जनालाई बाँसुरी बाजाको प्रशिक्षण दिइसक्नु भएको छ । उहाँ हाल महेश्वरी बाजा समूहमा आबद्ध हुनुहुन्छ ।

## श्री पुनबहादुर प्रजापति



सांस्कृतिक गुरु पुनबहादुर प्रजापतिको जन्म मिति १९९३ साल मंसीर योमारी पुन्हीको दिनमा भक्तपुर

नगरपालिका वडा नं. ९, तौलाछेँ टोलमा भएको हो। गुरु पुनबहादुर प्रजापतिका ३ भाइ छोराहरूमध्ये कान्छो हुनुहुन्छ। उहाँको धर्मपत्नी लक्ष्मीकेशरी प्रजापति हुनुहुन्छ। उहाँको बुवाको नाम पाहालाल प्रजापति र बाजेको नाम शिवनसिं प्रजापति हो। उहाँले साधारण लेखपढ मात्र गर्नुभएको छ। पेशाले कुमाले (माटाको भाँडा) बनाउने कार्य गर्नुहुन्छ।

उहाँले १२ वर्षको उमेरमा लालाखिं प्रशिक्षण र त्यसपछि धाँ बाजा रफत गर्दै सिक्नुभयो। उहाँले प्रशिक्षकको रूपमा १५/१६ वर्षको उमेरदेखि धाँ बाजा, लालाखिं लगायत वाथिकुथी विश्वकर्मा (लिवी)मा दाफा भजन प्रशिक्षण दिनुभयो। उहाँले लिवी, ऐलाननी, ताहामला र इन्द्रबहादुर प्रजापतिको घर (अखाले) क्वाठण्डौंमा धाँ बाजा सिकाउनु भयो। २०७० सालसम्ममा सकृय रूपमा खटिनु भएको थियो। हाल ८७ वर्षमा समेत सकृय रूपमा प्रशिक्षण गर्दै आउनुभयो। उहाँ हाल वाकुपति नारायण मन्दिर परिसरमा हुने दाफा भजनमा नियमित सहभागी हुनुहुन्छ।

## श्री धनबहादुर मानन्धर



बुवा जितबहादुर मानन्धर र आमा लतंकुमारी मानन्धरको कोखबाट मिति २००६ साल वैशाख ७ गतेका दिन भक्तपुर नगरपालिका वडा नं. ९, साकोलान टोलमा जन्मनु भएका सांस्कृतिक गुरु धनबहादुर मानन्धर साधारण लेखपढ गर्नुहुन्छ। पेशाले उहाँ परम्परागत तोरीको तेल मिलमा कार्य गर्नुहुन्छ। उहाँले १६/१७ वर्षदेखि विभिन्न बाजासम्बन्धी प्रशिक्षण लिई दाफा भजन २०१६ सालमा सिकेको, २०४३/४४ मा बेला प्रशिक्षक भई सिकाउँदै आएको र हाल ७४ वर्षको उमेरसम्म पनि दाफा भजनमा सकृय हुनुहुन्छ।

## श्री कृष्णभक्त माकजु



भक्तपुर नगरपालिका वडा नं. १० (साविक ४) निवासी किसंभक्त माकजुको जन्म वि.सं. २०१८।११।१४ गतेका दिन बुबा ज्ञानबहादुर माकजु तथा आमा कान्छी माकजुको कोखबाट भएको हो। उहाँले औपचारिक शिक्षा हासिल गर्नु भएन। गुरु माकजुको बुवा स्वयम् संस्कृतिकर्मी भएको हुनाले उहाँबाट प्रत्येक सापारु गुन्हीपुन्हीमा झ्याउरी, भालु प्याखँ, कलाली, लुसी प्याखँ देखाउने गर्दा आफू लाहुरे नाचमा कलाकार भएर खेल्नुभएको थियो। त्यस बेलाको नवदुर्गा बहुउद्देश्यीय सहकारीका सञ्चालकहरूले बदमासी गरेको हुनाले तिनीहरूलाई कारबाही गर्ने आन्दोलनमा सकृय हुनुहुन्थ्यो। त्यसै घटनालाई व्यङ्ग्यात्मक गीत **चखुं मन्हयं ग्वाखंचाय किसि कोखं नल रे** बोलमा नृत्य प्रदर्शन गरेको उहाँ सम्झनु हुन्छ। यही सिलसिलामा प्रत्येक गुन्हीपुन्हीमा बालकलाकार भई बिताएको कुरा सुनाउनु हुन्छ। सिक्न र सिकाउने प्रचलन भक्तपुरको नौलो होइन। यो परम्परा बसिसकेको कुरा आज टोल टोलमा चोकै पिच्छे बाजागाजा समूहहरू, प्याखँ समूहहरू रहेको पाइन्छ। वि.सं २०४३ सालमा धिमे बाजा सिक्नु भएका माकजुले वि.स. २०५७ सालमा बाँसुरी सिक्नु भयो। त्यस समूहमा सिकेका सम्पूर्ण प्रशिक्षार्थी दीक्षित भै सकेपछि बाजालाई जीवन्तता दिन नगांचा बाँसुरी समूह गठन गर्न सक्रियता जनाउनु भयो। उहाँ समूहको सक्रिय सदस्यका रूपमा कार्यरत हुनुहुन्छ। उक्त नगांचा बाँसुरी बाजा समूहमार्फत २ पटक खिंको प्रशिक्षण दिनुभयो। माकजुले २०५७ सालमा भालु प्याखँमा लामाको अभिनय यात्रा शुरु गरेको र हालसम्म सक्रिय हुनुहुन्छ।

झ्याउरी प्याखँबाट अभिनय शुरु गर्नुभएका माकजु गुरुका रूपमा भने २०५८ सालदेखि उक्त बाजा समूहबाट प्रदर्शन गरिने कलाली प्याखँ, लाहुरे, झ्याउरे तथा भालु प्याखँ निर्देशन गर्नुहुन्छ। सांस्कृतिक गुरु माकजु केही वर्षदेखि नयाँ कलाकारहरूलाई सिकाउन असाध्यै गाह्रो रहेको अनुभव सुनाउनु हुन्छ। टोल समाजमा आफ्नो नामले भन्दा ख्यालमी लामाजु नामले उहाँ परिचित हुनुहुन्छ।

## श्री पुष्परत्न शाक्य



भक्तपुर नपा वडा नं. ४ हाल १० वडा निवासी श्री पुष्परत्न शाक्यको जन्म वि.सं. २०१९ पौष ९ गतेका दिन बुबा लोकरत्न तथा आमा प्रेमलक्ष्मीको कोखबाट जेठा छोराको रूपमा वडा नं. १० (साविक ४) क्वाठण्डौ टोलमा भएको हो। सांस्कृतिक गुरु पुष्परत्नको श्रीमती चञ्चलाकेशरी शाक्य हुन् भने २ छोरा र २ छोरी छन्। पेशाले शिक्षक उहाँले दुई विषयमा एम.ए. पास गर्नुभएको छ भने बुद्धिजम विषयमा विद्यावारिधीसमेत गर्नुभएको छ। उहाँले २०३३ सालमा हार्मोनियम, २०३६ सालमा गुँला बाजा, २०४५ सालमा तबला र २०७० सालमा धिमे बाजा सिक्नुभएको थियो।

२०६४ सालदेखि निवा: बह तेखाचोमा ४० जनालाई प्रत्येक वर्ष १ महिना गरी ३ वर्षसम्म र २०६५ सालमा इनाचोमा २० जनालाई गुलाँ बाजा सिकाउनुभयो। त्यसैगरी २०६८ साल क्वाठण्डौ दिपंकरमा ६ महिनासम्म हार्मोनियम, २०७० साल बनेपामा १३ जना, २०७० सालमा दत्तात्रय पंचलालको घरमा ८ जना र २०७१ सालमा ६ महिना जति ८ जना र केहीलाई तबला, २०७५ सालमा चोर्चामा १४ जनालाई, २०७७ सालमा जेंलामा १५ जनालाई हार्मोनियम, २०७८ सालमा काठमाण्डौ सांखुमा १२ जनालाई गुलाँ बाजाको प्रशिक्षण दिनुभयो। २०७९ सालमा गोल्मढीमा १४ जनालाई हार्मोनियम र तबला समेत गरी उहाँले हालसम्म ११ पटकमा करिब १३२ जनालाई गुलाँबाजा र ५८ जनालाई हार्मोनियम/तबला गरी कुल १९० जनालाई विभिन्न बाजासम्बन्धी प्रशिक्षण दिई सक्नुभएको छ भने उहाँले **'गुलाँबाजा सङ्ग्रह'** पुस्तक पनि प्रकाशन गर्नुभएको छ।

## विशेष सम्मान

## श्री पूर्ण चित्रकार



कला र सांस्कृतिक सम्पदामा धनी भक्तपुर नगर तचपाल, बसिकुलाँमा नवदुर्गाको मुकुण्डो बनाउँदै आउनुभएका श्री पूर्ण चित्रकारको पिता कान्छा चित्रकार र आमा पञ्चमाया चित्रकारको कोखबाट जेठा छोराको रूपमा २००३ पुस २३ गते जन्म भएको हो। हाल भक्तपुर नपा ६, याछैं बस्दै आउनुभएका उहाँले औपचारिक रूपमा शिक्षा हासिल गर्न नपाए तापनि परिवारको पुर्ख्यौली पेशा मुकुण्डो बनाउने काम १३/१४ वर्षको उमेर हुदाँ देखि गर्दै आउनुभएको छ। उहाँले अग्रज बिष्णुबहादुर चित्रकारबाट मुकुण्डो बनाउने काम सिक्नुभएको थियो। विशेषत: नवदुर्गा जात्रामा प्रयोग हुने मुकुण्डो, बिस्का जात्राको रथ तथा पुलुकिसी जात्रामा पुलुकिसीको सुँडमा रङ रोगन र चित्र कोर्ने काम गर्दै आउनुभएको छ। नवदुर्गाको मुकुण्डो तयार पार्न परिवार सबै मिलेर ३ महिना समय लाग्ने बताउनुहुन्छ। नवदुर्गाको मुकुण्डो बनाउन करिब ४ लाख लाग्ने बताउनुहुन्छ। मुकुण्डो बनाउन विशेष प्रकारको माटो (बो:चा) प्रयोग हुने र आजभोली पाउन गाऱ्हो भएको बताउनुहुन्छ। परिवारका सदस्यबाहेक अरूले गर्न नहुने हुँदा नयाँ पुस्तालाई हस्तान्तरण गर्न गाऱ्हो भएको बताउनुहुन्छ। आफ्नो पूरै जीवनकाल यही पेशामा

बिताउनु भएका उहाँले मुकुण्डो बनाउन आर्थिक अभाव हुँदै आएकोले आफ्नो पुर्ख्यौली पेशा समस्या परेको बताउनुहुन्छ। उहाँका ३ छोरा ३ छोरी छन्। भक्तपुरको पहिचान कला र सांस्कृतिक सम्पदा जोगाई राख्न सम्बन्धित निकायबाट पर्याप्त सहयोग नपाएको गुनासो व्यक्त गर्नुहुन्छ।

### श्री श्याम शाही



बुवा चन्द्रमान शाही र आमा बुद्धिमाया शाहीको कोखबाट मिति २०११ माघ ५ गतेका दिन भक्तपुर नगरपालिका वडा नं. ९, गछेँ टोलमा जन्मनु भएका गुरु श्री श्याम शाही लेखपढ गर्नु जान्नु हुन्न। पेशाले उहाँ सामान्य तरकारी ब्यापारी हुनुहुन्छ। उहाँले २०५२ सालदेखि पटक पटक गरी शाही समुदायमा नाये खिं बाजा सिकाउँदै आउनु भएको छ। उहाँ विगत धेरै वर्षदेखिनै निरन्तर रूपमा बाजा बजाउँदै हाल ६९ वर्षको उमेरमा समेत सकृय रूपमा खटिँदै आउनु भएको छ।

(तस्बिर : भादगाउँ टेलिभिजन)

## सांस्कृतिक गुरूहरूको सम्मान गर्नु प्राज्ञिक क्षेत्रकै सम्मान

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को आतिथ्यमा विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नगरपालिकाले बुधबार (असोज १० गते) भक्तपुर दरबार स्क्वायरमा एक विशेष समारोहबीच सांस्कृतिक गुरुहरूको सम्मान गऱ्यो। गुन्हीपुन्ही सापारू २०८० मा प्रदर्शन गरिएका घिन्ताङघिसी, परम्परागत तथा आधुनिक सांस्कृतिक विधामा उत्कृष्ट कलाकारहरूलाई पुरस्कार वितरण गरिएको सो समारोहमा उत्कृष्ट देवी नाच, माक नाच र फाकंदली नाच पनि देखाइएको थियो। समारोहको विशेष कार्यक्रम विभिन्न नाचगान, वाद्यवादक अग्रज गुरूहरूको सम्मान पनि हो। उक्त समारोहमा अतिथि बिजुक्छेँबाट २२ जना सांस्कृतिक गुरूहरूको सम्मान गरिएको थियो। यहाँको कला, सम्पदा, नाचगान, वाद्यवादन र अन्य सांस्कृतिक विधालाई जीवन्तता दिन, नयाँ पुस्तालाई हस्तान्तरण गर्ने गुरूहरूको सम्मान गरिएको हो।

भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष जीवनभर नाचगान, वाद्यवादनमा लागेका, आफूसँग रहेको सीप या कला नयाँ पुस्तामा हस्तान्तरण गरेका अग्रज या विज्ञहरूको सम्मान गर्दै आएको छ। बिनापारिश्रमिक सिक्ने, सिकाउने ती अग्रज गुरूहरू विशेषज्ञता हासिल गरेका विज्ञ नै हुन्। उनीहरूसँग विज्ञताको अनौपचारिक प्रमाणपत्र नभए पनि सीप र अनुभव छ। त्यो सीप र अनुभवले नै यहाँको कला, संस्कृति, नाचगान र वाद्यवादनको संरक्षण र विकास भइरहेको छ; नयाँ पुस्तामाफ हस्तान्तरण हुँदै आएको हो। यस अर्थमा भक्तपुर नगरपालिकाले गरेको सम्मान सराहनीय छ, कदरयोग्य छ। त्यस्तो सम्मान आवश्यक पनि छ। भक्तपुर नगर मूर्त र अमूर्त कला-सम्पदाले भरिएको सहर हो।

यसरी सीप र कला नयाँ पुस्तामा हस्तान्तरण भएसँगै भक्तपुरको बाहेक अन्यत्र मठ, मन्दिर, पाटी पौवा आदि जीर्णोद्धार, निर्माण गर्नु नाचगान प्रदर्शन गर्न वाद्यवादनको तालिम दिनुपऱ्यो भने भक्तपुरका डकर्मी, सिकर्मी, लोहँकर्मी, वाद्यवादक र नाचगुरूहरू अन्यत्र जिल्लासम्म पनि पुग्छन्; बनाउँछन् र सिकाउँछन्। फलतः अन्य जिल्ला र स्थानमा पनि मौलिक शैलीका देवल, घर, मन्दिर, सत्तल, पाटी पौवा बनेका छन्। विभिन्न चाड पर्वमा यहाँका नाचगान र वाद्यवादन प्रदर्शन भएका छन्, यहाँ हुने अनेक चाडपर्वको अनुकरण गर्न थालेका छन्। यो राम्रो पक्ष हो। यसकारणले विद्यालय र विश्वविद्यालयका गुरू र प्राध्यापक सरहका सांस्कृतिक गुरूहरूको सम्मान गर्नु सांस्कृतिक विधा र प्राज्ञिक क्षेत्रकै सम्मान हो।

देश, समुदाय र जनताका निम्ति गाउँ-ठाउँ, सहर बजार र बस्तीमा योगदान पुऱ्याउने अग्रजहरूको सम्मानलाई निरन्तरता दिनु उपयुक्त हुन्छ। केन्द्र सरकारले टोल, गाउँ-ठाउँ या बस्तीमा रहेका अग्रज गुरूहरूलाई देखेको छैन, देखे पनि सम्मान गरेको छैन। सरकारले त चोरी चकारी गरेका, डकैती गरेका, मूर्ति चोरी, हत्या र बलात्कार काण्डका, कालाबजारी, भ्रष्टाचारी, तस्करलाई उन्मुक्ति दिइरहेको छ। अपराधीलाई पक्रेर, थुनेर कारबाही गर्नुपर्ने सरकारले उनीहरूलाई उन्मुक्ति दिनु भनेको के भ्रष्टाचारी, तस्कर, कालाबजारीहरूको पक्षपोषण गर्नु होइन ? यसरी अपराधीलाई पक्षपोषण गर्ने सरकारले देशमा कसरी सुशासन दिन्छ ? देशमा कसरी आदर्शोन्मुख समाज स्थापना हुन्छ ?

'मजदुर' दैनिक, सम्पादकीय, आश्विन ११, २०८०

# विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर भ्रमणमा आउनुभएका विदेशी पर्यटकहरूको पहिलो समूहलाई ४४ औँ विश्व पर्यटन दिवसको अवसरमा असोज १० गते बिहान भक्तपुर दरबार क्षेत्रको खौमा ध्वाकामा खादा, भादगाउँले टोपी, परम्परागत थैली र पुष्पगुच्छाका साथ स्वागत गर्नुभयो।




'पर्यटन र हरित लगानी' मूल नाराका साथ भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समिति, भक्तपुर टुर गाइड व्यवस्थापन समिति र पर्यटक प्रहरीको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर प्रवेश गरेका अष्ट्रेलियाका १ जना र भारतका १६ जना गरी १७ जना पर्यटकहरूलाई लाखे प्याखँको प्रस्तुतिसँग भक्तपुर नगरमा स्वागत गरिएको थियो।

पर्यटकहरूलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुरको पुरानो सहर आफैमा एउटा सम्पदा सहर भएको बताउनुहुँदै भक्तपुरको कला र संस्कृति संरक्षणलाई नगरपालिकाले निरन्तर जोड दिँदै आएको बताउनुभयो।

भक्तपुर निर्माणमा आन्तरिक तथा बाह्य पर्यटकहरूको पनि महत्त्वपूर्ण योगदान रहेको बताउनुहुँदै उहाँले सयौं वर्षदेखि चल्दै आएको भक्तपुरको परम्परा र संस्कृतिलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन भक्तपुर नपाले आवश्यक पहल गर्दै आइरहेको बताउनुभयो।

सोही क्रममा भक्तपुर प्रवेश गर्ने पर्यटकहरूमध्ये एकजना प्रतिनिधिले भक्तपुरले गरेको न्यानो स्वागतबाट आफू निकै प्रभावित भएको र सोको लागि धन्यवादज्ञापन गर्नुभएको थियो। भक्तपुरका कला कृतिहरू आफैमा अद्वितीय रहेको बताउनुहुँदै उहाँले यहाँको पर्यटन प्रवर्द्धनमा आफ्नोतर्फबाट सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।




भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले पनि बोल्नुभएको थियो।

नगर प्रमुख प्रजापतिले नगर प्रवेश गर्ने पहिलो पर्यटकहरूको टोलीलाई मयूरको झ्याल र 'पिक्टोरियल बुक' उपहारस्वरूप प्रदान गर्नुभएको थियो। कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्यहरू, कर्मचारी र पर्यटनसँग सम्बन्धित सरोकावालाहरूको उपस्थिति रहेको थियो।

४४ औँ विश्व पर्यटन दिवस २०८० मा भक्तपुर प्रवेश गर्ने पहिलो विदेशीहरू :

1. Dr. Iain R Tayles-Australia
2. Anna singh-India
3. Gopal Berma-India
4. Durga Ajmain-India
5. Manju lakahra-India
6. Vandana-India
7. Vandana barma-India
8. Usha verma-India
9. Babulal Lakhara-India
10. Lalita-India
11. Rekha lalwani-India
12. Veer singh-India
13. Dharmapal-India
14. Keshender-India
15. Bstak-India
16. Sheela-India
17. Shayani-India

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## गुन्हिपुन्ही सापारु धें धें बला कासा २०८० को नतिजा प्रकाशनसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा गुन्हिपुन्ही सापारु पर्व २०८० को अवसरमा २०८० भाद्र १४ गते सापारुको दिन प्रदर्शन गरिएका घिन्ताङघिसी र माक प्याखं तथा भाद्र १६ गतेदेखि भाद्र २० गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको नतिजा देहायबमोजिम रहेका छन् -

| क्रसं | सांस्कृतिक विधाहरूको नाम | परिणाम | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना | सहभागी |
| १ | देवी प्याखं | महाकाली नाच, खर्बुजा समूह | गलसी पुखु देवी प्याखं, | मुक्ति संगीत प्रशिक्षण केन्द्र | खंला देवी प्याखं, | – |
| २ | भैल प्याखं | विश्वकर्मा भैल प्याखं | जेठा गणेश भैल प्याखं | तुछिमला भैल प्याखं | – | – |
| ३ | माक प्याखं | श्री यापी भैरव भजन मण्डल, भौखेल | श्री गणेश दाफा भजन, छालिङ | गणेश दाफा भजन, भार्वाचो | गलसी पुखु देवी प्याखं | श्री कोटदेवी दाफा भजन/भौखेल, एभरेष्ट ई. स्कूल, मिवाछैं बागीश्वरी मा.वि, तौलाछैं/भद्रकाली दाफा भजन, चित्तपोल |
| ४ | जंगली प्याखं | खिछैं दाफा भजन खलः | गलसी पुखु देवी प्याखं, | मुक्ति संगीत प्रशिक्षण केन्द्र, | मको लुसी प्याखं खलः | सिद्वी गणेश बासुरी बाजा समूह/खंला देवी प्याखं<br>एभरेष्ट इङ्लिस स्कूल, मिवाछैं/महाकाली नाच खर्बुजा समूह |
| ५ | ख्याल प्याखं/नाटक | आस्था सांस्कृतिक परिवार | ख्वप कलेज, देकोचा | पासा पुचः सूर्यमढी | जैंला सांस्कृतिक समाज | ख्वप मावि, देकोचा/ख्वप मावि, देकोचा |
| ६ | कैंलाली प्याखं | श्रमिक कला सदन | तलेजु गणेश, कोलाछैं | पासा पुचः, सूर्यमढी | नगांचा बाँसुरी बाजा समूह | मको लुसी प्याखं खल/कमिचा गल्ली बाँसुरी बाजा समूह |
| ७ | भालु प्याखं | गणेश दाफा भजन, भार्वाचो | मको लुसी प्याखं खल | नगांचा बाँसुरी बाजा समूह | – | – |
| ८ | ख्या प्याखं | गलसी पुखु देवी प्याखं | विश्वकर्मा भैल प्याखं | महाकाली नाच खर्बुजा समूह, | खंला देवी प्याखं | मुक्ति संगीत प्रशिक्षण केन्द/जेठा गणेश भैल प्याखं |
| ९ | कवांचा प्याखं | जेठा गणेश भैल प्याखं | खिछैं दाफा भजन खलः | महाकाली नाच खर्बुजा समूह | विश्वकर्मा भैल प्याखं | तुछिमला भैल प्याखं/खंला देवी प्याखं/गलसी पुखु देवी प्याखं<br>एभरेष्ट इङ्लिस स्कूल, मिवाछैं/मुक्ति संगीत प्रशिक्षण केन्द्र |
| १० | दैत्य प्याखं | महालक्ष्मी नाच खर्बुजा समूह | खःलाँ देवी प्याखं | मुक्ति संगीत प्रशिक्षण केन्द्र | – | – |
| ११ | लाहुरे प्याखं | जेला सांस्कृतिक समाज | ब्यासी सांस्कृतिक समूह | पासा पुचः, सूर्यमढी | कमिचागल्ली बाँसुरी बाजा समूह | नेक्रायुसंघ, भनपा ८ |
| १२ | भ्याउरी प्याखं | जैंला सांस्कृतिक समाज | पासा पुच, सूर्यमढी | सिद्वी गणेश बाँसुरी बाजा समूह | श्रमिक कला सदन | नगांचा बाँसुरी बाजा समूह/कमिचागल्ली बाँसुरी बाजा समूह |
| १३ | खिचा प्याखं | विश्वकर्मा भैल प्याखं | नगांचा बाँसुरी बाजा समूह | सिद्धि गणेश बाँसुरी बाजा समूह | तुछिमला भैल प्याखं | जेठा गणेश भैल प्याखं/मको लुसी प्याखं |
| १४ | लाखे प्याखं | विश्वकर्मा भैल प्याखं | खिछैं दाफा भजन खलः | कमिचा गल्ली बाँसुरी बाजा समूह | पासा पुचः | – |
| १५ | गाइचा प्याखं | श्रमिक कला सदन | जैंला सांस्कृतिक समाज | महालक्ष्मी प्याखं पुचः, भ.न.पा. १० | साइनिङ ग्रुप | सांस्कृतिक समूह भनपा ६/प्रभात ई. से. स्कूल, ब्यासी<br>गणेश मा.वि., भार्वाचो/नेक्रायुसंघ, चोर्चा, भनपा ७<br>नेक्रासांसंघ, भनपा ७/शारदा मा.वि./खिछैं दाफा भजन<br>च्वङा गणेश धिमाय् खल/नेक्रायुवासंघ, भनपा १/लेनिन लाइब्रेरी<br>इताछैं सांस्कृतिक समूह/ब्यासी सांस्कृतिक समूह/आस्था सांस्कृतिक परिवार |
| १६ | लुसी प्याखं | श्रमिक कला सदन | नगांचा बांसुरी बाजा समूह | ब्यासी सांस्कृतिक समूह | तलेजु गणेश, कोलाछैं | मको लुसी प्याखं खल/जैंला सांस्कृतिक समाज |
| १७ | फाकंदली प्याखं | साइनिङ ग्रुप | पासा पुचः सूर्यमढी | श्रमिक कला सदन | जैंला सांस्कृतिक समाज | प्रभात ई. से. स्कूल, ब्यासी/महालक्ष्मी प्याखं पुच<br>नगांचा बाँसुरी बाजा/महिला समूह<br>नगांचा बाँसुरी बाजा/पुरुष समूह<br>सिद्धि गणेश बाँसुरी बाजा समूह<br>गणेश दाफा भजन/मको लुसीं प्याखं खल/नेक्राविसंघ, भनपा २<br>आदर्श आजाद माध्यमिक विद्यालय/श्री गणेश दाफा भजन, छालिङ<br>आस्था सांस्कृतिक परिवार/जैंला सांस्कृतिक समाज<br>लेनिन लाइब्रेरी/तलेजु गणेश, कोलाछैं<br>गणेश दाफा भजन, छालिङ/तलेजु गणेश, कोलाछैं<br>सांस्कृतिक समूह,/श्री कोटदेवी दाफा भजन, भौखेल |
| १८ | घिन्ताङघिसी | लतंकुमार त्वायना, भनपा ३ | पूर्णभगत प्रजापति समेत, भनपा ३ | न्हुछेकुमार लागेजु, सूनपा १०, चितपोल | नेक्राविसंघ/नेक्रायुसंघ भक्तपुर नगर समिति (व्यङ्ग्यात्मक घिन्ताङघिसी)/आरम्भ नेपाल (व्यङ्ग्यात्मक घिन्ताङघिसी) | – |
| १९ | हुला प्याखं | श्रमिक कला सदन | जैंला सास्कृतिक समाज | पासा पुचः | नेक्राविसंघ, भनपा २ | एभरेष्ट इ. स्कुल, मिवाछैं/ब्यासी सांस्कृतिक समूह |
| २० | हनुमान प्याखं | गणेश दाफा भजन, भार्वाचो, विशेष स्थान | | | | |
| २१ | म्हेखा प्याखं | गलसी पुखु देवी प्याखं, विशेष स्थान | | | | |
| २२ | भ्या भ्या प्याखं | नगांचा बाँसुरी बाजा समूह, विशेष स्थान | | | | |
| २३ | म्ये प्याखं | महाकाली नाच खर्बुजा समूह, विशेष स्थान | | | | |
| २४ | नागाचा प्याखं | खिछैं दाफा भजन खलः, विशेष स्थान | | | | |
| २५ | व्यङ्ग्यात्मक गीति नाटक | पासा पुचः, विशेष स्थान | | | | |
| २६ | मयु प्याखं | पासा पुचः, विशेष स्थान | | | | |
| २७ | सायँ सामिचा | जैंला सास्कृतिक समाज, विशेष स्थान | | | | |

| उत्कृष्ट कलाकारहरू | |
|---|---|
| **उत्कृष्ट महिला कलाकार** | रोशिका जधारी (मालीङ र पोङा बजाउने) मुक्ति संगीत प्रशिक्षण केन्द्र, भनपा ५ |
| **उत्कृष्ट पुरुष कलाकार** | राज प्रजापति (व्यङ्ग्यात्मक घिन्ताङघिसीमा किसानको भूमिका)<br>ने.क्रा.वि.संघ/ने.क्रा.यु.संघ भक्तपुर नगर समिति |
| **उत्कृष्ट बाल कलाकार** | आयुषा गोरा (हुला प्याखं) श्रमिक कला सदन, भनपा ३ |
| **उत्कृष्ट निर्देशक** | शिवसुन्दर गोरा (श्रमिक कला सदन, भनपा ३) |
| **उत्कृष्ट लेखक** | आशराम वैद्य (आस्था सांस्कृतिक परिवार–ख्याल थुइक दिसँ) |

**भक्तपुर नगरपालिका**

‘भक्तपुरमा पर्यटन व्यवसायको भविष्य’बारे अन्तरक्रिया

# विदेशी बैङ्कहरू खोल्न दिए देश विदेशीको नियन्त्रणमा जाने




भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा असोज ११ गते ‘भक्तपुरमा पर्यटन व्यवसायको भविष्य’बारे एक अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले राष्ट्रिय पुँजीपति वर्ग सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै बैङ्कहरू पुँजीवादी व्यवस्थाको स्नायु केन्द्रजस्तै भएकोले विदेशीहरूलाई निर्बाध रूपमा बैङ्कहरू खोल्न दिए देश विदेशीको नियन्त्रणमा जाने बताउनुभयो ।



संसद्मा विदेशी बैङ्क खोल्न दिएकोमा नेपाल मजदुर किसान पार्टीले विरोध गरेको स्मरण गर्नुहुँदै उहाँले पर्यटन व्यवसायीहरूले अर्थशास्त्र अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालका विभिन्न ठाउँमा विदेशीहरूले व्यवसायको नाउँमा पसलहरू खोल्दै नेपालीहरूलाई विस्थापित गरिरहेको तर्फ ध्यानाकर्षण गर्नुहुँदै विदेशी पुँजी भित्रिएसँगै नेपाल विदेशीहरूको नियन्त्रणमा जानेतर्फ सतर्क हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पर्यटनको फाइदा सर्वसाधारण जनतासम्म पुऱ्याउन भनपा प्रयासरत रहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले ‘सय वर्ष पछिको भक्तपुर’ पुस्तकलाई आधार बनाई तत्कालीन र दीर्घकालीन योजना बनाई काम गरिरहेको स्पष्ट पार्नुहुँदै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न निरन्तर प्रयास गरिरहेको स्पष्ट पार्नुभयो ।

पर्यटनको विकासको लागि भक्तपुर नपाले समय समयमा योम्हारी प्रतियोगिता, सांस्कृतिक पदयात्रा, घरेलु उत्पादन मेलालगायतका कार्यक्रमहरू गरिरहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले मूर्त र अमूर्त सम्पदा निर्माणमा पनि नगरपालिकाले उल्लेख्य काम गरिरहेको बताउनुभयो ।

पर्यटन रोजगारीको अवसर दिने र आर्थिक विकासको आधार भएको हुँदा राज्यले प्राथमिकतामा राख्नुपर्छ, उहाँले भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले भक्तपुरको कला संस्कृतिको विषयमा धेरैले अध्ययन अनुसन्धान गरिरहेको चर्चा गर्नुहुँदै वामपन्थीहरूको बहुमत भएको भक्तपुरमा मठ–मन्दिरहरू संरक्षित र सम्वर्द्धित भएकोमा विदेशी मित्रहरूले आश्चर्य व्यक्त गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिका पर्यटन शाखा प्रमुख **गौतम लासिवा**ले सांस्कृतिक क्षेत्रमा आवश्यक बत्तीको व्यवस्था गर्नुपर्नेलगायत कार्यमा नगरपालिकाले ध्यान दिनुपर्ने भनी जनताले गुनासो गरेको बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**को सभापतित्वमा भएको कार्यक्रममा घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **प्रेमकृष्ण खर्बुजा**, **निलकृष्ण ताम्राकार, रामसुन्दर भेले** र उद्योग वाणिज्य सङ्घका अध्यक्ष **शिवप्रसाद मानन्धर**ले शुभकामना मन्तव्य दिनुभएको थियो ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौँ
रोगदेखि टाढा बसौँ ।

सन्दर्भ : संविधान दिवस

# संविधान कार्यान्वयनको आठ वर्ष र त्यसका चुनौतीहरू

विवेक

नेपालको संविधान जारी भएको ८ वर्ष भयो । थुप्रै चुनौतीहरूबीच संविधान कार्यान्वयन प्रकृया अगाडि बढ्दै छ । पहिलो संविधान जारी नहुँदै संविधानसभा विघटन भएपछि दोस्रो संविधानसभाले २०७२ साल असोज ३ गते संविधान जारी गरेको हो । नेपालको संविधान जारी गर्न अन्तिम तयारी भइरहेको बखत भारत सरकारले रोक्न निकै प्रयास गऱ्यो । त्यसलाई अस्वीकार गर्दै संविधानसभाले संविधान जारी गरेकोमा असन्तोष व्यक्त गऱ्यो र असोज ६ गतेदेखि अघोषित नाकाबन्दी नै गऱ्यो । नेपाली जनता भारत सरकारको त्यो हेपाहा दृष्टि र अत्याचारविरुद्ध सडकमा उत्रे र भारतीय दूतावास घेराउ गर्न पुगे । संसारका विभिन्न देशमा बसेका नेपालीहरूलेसमेत भारतीय दूतावासमा विरोध पत्र बुझाए र संसारभर भारतको बदनाम गरे । त्यसपछि भारत सरकारले बाध्य भएर नाकाबन्दी फिर्ता लियो ।

संविधानले बहुदलीय लोकतान्त्रिक प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका, कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध नेपाल निर्माण गर्ने उद्देश्य राख्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको सुनिश्चितता गरेको छ ।

नेपालको संविधान जनताका प्रतिनिधिहरूले बनाएको पहिलो संविधान हो । ८ वर्षअघि संविधानसभाबाट संविधान घोषणा हुँदा जनता निकै खुशी थिए । विगतका तुलनामा भ्रष्टाचारमा कमी आउने, बजार भाउ स्थिर हुने, स्वदेशमै रोजगारीको सिर्जना हुने, शिक्षा र स्वास्थ्य उपचार सर्वसुलभ रूपमा उपलब्ध हुने, धनी र गरिबबीचको दूरी कम हुँदै जाने र देशका बन्द भएका कलकारखानाहरू क्रमशः सञ्चालनमा




आई देश आर्थिक समृद्धितिर अघि बढ्ने जनताले आशा गरेका थिए । जनताको त्यो आशा अहिले निराशामा परिणत हुँदै छ । यस अवधिमा शासक दलका नेताहरू पटक पटक सरकारमा पुगे । उनीहरूले देश र जनतामा केन्द्रित भएर काम गरेनन् । परिवार, दलका कार्यकर्ता र निजी स्वार्थलाई प्राथमिकतामा राखे । व्यापक जनताको जीवन कष्टकर बन्दै गयो । महँगी दिन दुई गुना रात चार गुणा बढ्न थाल्यो । असीमित भ्रष्टाचारहरू हुन थाले । जनताले चाहेअनुसारको शिक्षा र स्वास्थ्यमा कुनै सुधार भएन । शासक दलहरूको लज्जास्पद कार्यले गर्दा राजनीतिप्रति नै जनतामा वितृष्णा देखियो ।

## सङ्घीयता कार्यान्वयनको चुनौती :

सङ्घीयता नेपालको संविधानको एउटा विशेषता हो । लामो समयसम्म एकात्मक राज्यको रूपमा रहेको नेपाल नयाँ संविधानसँगै सङ्घीय राज्यमा रूपान्तरण भयो । सङ्घीयताको नयाँ अभ्याससँगै जटीलता आउनु स्वाभाविक थियो । त्यसलाई व्यवस्थित गर्दै जानु पर्ने हो । शासक दलका नेताहरू सङ्घीयताको भावनाअनुसार चल्नै चाहेनन् । संविधानले स्थानीय तहलाई दिएका अधिकार समेत एक एक गरी खोस्दै जिल्ला स्तरीय कार्यालयहरू पुनःस्थापना गर्दै केन्द्र र प्रदेशमा केन्द्रित गर्न खोज्दै छन् ।

सङ्घ र प्रदेशले कानुनबमोजिम अनुदान, विशेष अनुदान, सशर्त बजेट र समपूरक बजेटजस्ता शीर्षकमा बजेट पठाउने कानुनी व्यवस्था छ । विशेष अनुदान स्थानीय तहको लागि आर्थिक सहयोग हो । यस अर्थमा स्थानीय तहलाई पठाउने

विशेष अनुदान बढाउनु पर्थ्यो । तर त्यसको ठिक विपरीत सशर्त बजेटलाई बढाउँदै लगेको छ । सशर्त बजेट बढाउनु स्थानीय तहमाथि केन्द्र र प्रदेशले नियन्त्रण गर्न खोज्नु हो । कर्मचारी नियुक्ति प्रदेश सरकारले गर्ने, स्थानीय तहले तलब खुवाएका शिक्षकहरूलाई जिल्ला शिक्षा समन्वय एकाइको नियन्त्रणमा राख्दै आएकोमा हाल संसद्मा प्रस्तुत शिक्षा विधेयकले जिल्ला शिक्षा कार्यालय पुनःस्थापना गरेर स्थायी रूपमा खोस्न खोज्दैछ । मावि तहसम्मको सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको अवस्थामा खारेज भइसकेको जिल्ला शिक्षा कार्यालयलाई पुनःस्थापना गरेर स्थानीय तहको अधिकारमाथि नियन्त्रण गर्न खोज्नु संविधान र सङ्घीयता विपरीत मात्र होइन, प्रतिगमनकारी कदम हो । यसर्थ सिंहदरबार र प्रदेश दरबारमा बस्ने शासक दलका नेताहरूको सोच चिन्तन परिवर्तन नहुनु नै सङ्घीयता कार्यान्वयनको चुनौती हो ।

## समाजवादउन्मुख शासन व्यवस्था :

संविधानले समाजवादउन्मुख राज्य व्यवस्था घोषणा गरेको छ । समाजवादको अर्थ उत्पादनका मुख्य मुख्य साधनहरू राज्यको स्वामित्वमा रहने, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क हुने, रोजगारीको सुनिश्चितता हुने र आर्थिक समानता हुने समाज हो । सरकारमा जाने शासक दलहरूले समाजवादी सिद्धान्तविपरीत नेपालका उद्योगधन्धाहरू कौडीको मूल्यमा निजी क्षेत्रलाई बेचे र बेच्दैछन् । शिक्षा र स्वास्थ्य उपचार जस्ता आधारभूत विषयहरूसमेत सबै निजी क्षेत्रको हातमा सुम्पने क्रम जारी छ । नेकाको सरकारमात्र होइन सरकारमा पटक पटक पुगेका एमाले र माओवादीहरू पनि निजीकरणलाई जोड दिँदैछन् । निजी क्षेत्रलाई जोड दिनेहरू पूँजीवादीहरू हुन् । व्यवहारले एमाले र माओवादी पनि पुँजीवादी पार्टीहरू भएको सावित भइसकेका छन् तर पनि ती पार्टीहरूले आफूलाई कम्युनिष्ट भन्न छाडेका छैनन् ।

हाम्रो नेताहरूका पाखण्डी व्यवहारको कारण जनतामा राजनैतिक दलहरूप्रति विश्वास घट्दो छ । गएको निर्वाचनमा स्थापित दलहरूलाई हराएर स्वतन्त्रहरूलाई अगाडि बढाउनुको कारण यही हो । त्यसलाई जन स्तरबाट पार्टीहरूलाई सच्चिनका लागि दबावको रूपमा पनि लिइएको छ । कम्युनिष्ट पार्टीहरू आआफ्नो सिद्धान्तअनुसार समाजवादको बाटोमा नहिँड्नु र समाजवादका आधारहरू निर्माण गर्नेतर्फ ध्यान नदिनु नै संविधानले निर्दिष्ट गरेको लक्ष्य प्रप्तिको लागि अर्को चुनौती हो ।

## महँगो निर्वाचन :

निर्वाचन भनेको विभिन्न राजनैतिक दलहरूबीच सिद्धान्त र विचारको प्रतिस्पर्धा हो । देशमा सयौँ विचारहरूले प्रतिस्पर्धा गर्न पाउनु पर्छ । त्यो नै वास्तवमा प्रजातन्त्र हो । नेपालमा गणतन्त्रको नाउँमा केही 'ठालू' पार्टीहरूले मात्रै राजनीति गर्ने नीतिगत व्यवस्था गरियो । तीन प्रतिशत नआएका पार्टीलाई सङ्घमा र साढे एक प्रतिशत मत नपाएका पार्टीलाई प्रदेशमा मान्यता नदिने कानूनी प्रावधान प्रजातन्त्र विपरीत छ ।

संविधान जारीपछिका हरेक निर्वाचन दलहरूका निम्ति अत्यन्त महँगो हुँदै गएको छ । शासक पार्टीका नेताहरू सङ्घ र प्रदेश निर्वाचन लड्न करोड र स्थानीय तहको प्रमुख र उपप्रमुखमा निर्वाचन लड्न लाखौँ खर्च गर्नुपर्ने हाकाहाकी बताउँछन् । त्यसरी पैसा खर्च गरेर चुनाव जितेकाहरूले निर्वाचित भएपछि साँवा ब्याज खोज्छन् । यसले समाजमा भ्रष्टाचार झन्झन् बढ्दै छ ।

अहिलेको निर्वाचनमा विचार र सिद्धान्तको होइन गुन्डा, पैसा र प्रशासन दुरूपयोग गर्नमा प्रतिस्पर्धा हुन्छ । शासक दलहरूले जनतालाई ऋणमा डुबाउँदै देशलाई आर्थिक रूपमा टाटपल्टाउँदै छन् । अहिले जनताले मन्त्री,सांसद र स्थानीय तहका जन प्रतिनिधिहरूलाई नयाँ राजाहरूका रूपमा बुझ्छन् । जनताको भावना जितेरभन्दा पैसा खर्च गरेर जसरी पनि निर्वाचन जित्ने परिपाटीको विकास पनि संविधान कार्यान्वयनको अर्को चुनौती हो ।

## समावेशी प्रतिनिधित्व :

राज्यको नीति निर्माण तहमा महिला, दलित, मधेसीहरू पुग्न नसकेको भन्दै समावेशी निर्वाचन प्रणाली सुनिश्चित गरेको हो । प्रतिनिधित्व हुन नसकेका जाती, वर्ग, लिङ्ग, क्षेत्रबाट समानुपातिकमार्फत नीति निर्माण तहमा सहभागिता गराउनु समावेशी सिद्धान्तको मर्म हो । तर, शासक दलका नेताहरू पुरुष प्रत्यक्षमा हारेमा समानुपातिकबाट श्रीमती, छोराछोरी र नातागोतालाई सिफारिस गर्ने गरेको पाइन्छ । समावेशी सिद्धान्त व्यवहारमा औपचारिकतामा सीमित हुँदै छ ।

## संसद् विघटन :

संविधान कार्यान्वयन पछि अहिलेसम्म संसद् विघटनको दुईपटक अभ्यास भयो । दुवै पटक एमाले अध्यक्ष केपी ओलीले नै संसद् विघटन गरेका थिए । प्रतिपक्षमा बस्ने नेका र माओवादीलगायतका पार्टीहरू त्यसको विरुद्ध सर्वोच्च

अदालतमा पुगे। अदालतले दुवै पटक विघटनलाई बदर गरिदियो। पछिल्लो पटकको फैसलामा प्रतिपक्ष दलको नेतालाई प्रधानमन्त्री घोषणा गरी '७२ घण्टाभित्र सपथ गराउनु' भनी राष्ट्रपति समेतको नाउँमा परमादेश जारी गऱ्यो। प्रधानमन्त्री बनाउने संसद्को एक्लौटी अधिकार अदालतमा गयो। यसलाई व्यवस्थापिकामाथि न्यायपालिकाको हस्तक्षेपको रूपमा लिन सकिन्छ। नेका, माओवादीलगायतका शासक दलहरूकै कारण यो अवस्था आएको हो।

संसदीय व्यवस्थामा प्रधानमन्त्रीसँग कुनै पनि बेला संसद् विघटन गर्ने 'भरेको बन्दुक' हुन्छ भन्ने मान्यता छ। नेपालको सन्दर्भमा प्रधानमन्त्रीलाई कमजोर बनाइएको छ। प्रधानमन्त्रीको अधिकार अदालतमा जानु राम्रो होइन।

## नागरिकता विधेयक पारित :

शासक दलहरूले देशघाती नागरिकता विधेयक पारित गऱ्यो। नागरिकता विधेयकले अब लाखौं विदेशीहरूले नागरिकता लिने भए। अङ्गीकृतका सन्तानहरू वंशजको नागरिक बनेपछि देशका राज्य संरचनाका मुख्य ठाउँहरूमा उनीहरू पुग्ने छन्। देशलाई सहजै विदेशीको नियन्त्रणमा जाने खतरा बढ्दो छ। नागरिकता विधेयकअनुसार अब प्रवासी नेपालीहरू (एनआरएन) ले पनि दोहोरो नागरिकता पाउने भए। त्यसबाट लाखौं नेपालीहरू थपिने छन्। देशको भविष्य अनिश्चित बन्दै छ।

## युवाहरू विदेश पलायन :

अहिले नेपाली युवाहरू नेपालमै बस्न चाहँदैनन्। आ.व. २०७९/८० मा करिब ८ लाख युवाहरूले श्रमको लागि नेपाल छोडे भने पढ्नको लागि १ लाख बढी विद्यार्थीले विदेश रोजे। राम्रा डाक्टर, इन्जिनियर, वैज्ञानिक, प्रोफेसर सबै विदेश जाँदैछन्। यो अवस्था अरूले होइन, देश बनाउने जिम्मा लिएर पटक पटक सरकारमा जाने दलहरूले ल्याएका हुन्। शासक दलहरू युवाहरू विदेश पठाएर देशमा क्रान्ति रोक्ने सोच्छन् तर त्यो सम्भव छैन। युवाहरूलाई देशमै रोजगारीको अवसर प्रदान गर्न नसक्नु शासक दलहरूको अयोग्यता, अक्षमता र नालायकीपन हो।

## सङ्गठित भ्रष्टाचार :

शासक दलका नेताहरू भ्रष्टाचारमुक्त कोही छैनन्। ठूला पार्टीका नेताहरू कुनै न कुनै मुद्दामा फसेकै छन्। भुटानी शरणार्थी काण्ड, बालुवाटार जग्गा प्रकरण, १०० केजी सुन काण्डजस्ता थुप्रै काण्डहरूमा शासक दलका जिम्मेवार पदाधिकारीहरूको नाम आएको छ। भ्रष्टाचारका सबै फाइल खोल्ने हो भने अहिले सिंहदरबार र प्रदेश दरबारमा बस्ने मन्त्री, सांसदहरू सबै जेलमा हुनेछन्। नयाँ संविधानसँगै निर्वाचन पछि गठित सङ्घ, प्रदेश र स्थानीय तहका पदाधिकारीहरू भ्रष्टाचारमा चुर्लुम्म डुब्दै गएको छ।

अन्तमा, संविधान जारी भएको आठ वर्षमा संविधान कार्यान्वयनको सिलसिलामा थुप्रै कमी कमजोरीहरू भएका छन्। संविधान, कानुन नेपाली जनताका लागि हो, जनता संविधानको लागि होइनन्। जनताका लागि व्यवहारिक नभएका संविधान संशोधन वा परिमार्जन गर्ने तर्फ सोच्न आवश्यक छ।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# समाजवादका आधारहरू निर्माण गर्दै भक्तपुर नगरपालिका



दामोदर सुवाल,
सूचना अधिकारी, भक्तपुर नपा

भक्तपुर नगरपालिका क्षेत्रफलको हिसाबले नेपालकै सानो र पुरानो नगरपालिकामध्ये एक हो । वि.सं. २००६ सालमा स्थापना भएको यो नगरपालिका सङ्घीय राजधानी काठमाडौँबाट १३ कि.मी. पूर्वमा अवस्थित ६.८८ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको सांस्कृतिक नगर हो । काठमाडौँ उपत्यकाका आदीवासी जनजाति नेवारहरूको मुख्य बसोबास रहेको काठमाडौँ, ललितपुर र भक्तपुर सहरहरूमध्ये भक्तपुर सबैभन्दा पुरानो नगर पनि हो । १२ औँदेखि १५ औँ शताब्दीसम्म नेपाल मण्डलको राजधानी सहर रहेको भक्तपुर १८ औँ शताब्दीसम्म एउटा छुट्टै राज्य थियो । मध्यकालीन वास्तु र सम्पदाको लागि अत्यन्त महत्त्वपूर्ण भक्तपुर मौलिक नेवारी जात्रा पर्व जीवन शैलीको लागि पनि एक महत्त्वपूर्ण नगर हो । नाचगानको राजधानीको रूपमा प्रख्यात भक्तपुर नगरपालिका मूर्तमात्र होइन अमूर्त सम्पदाहरूको लागि पनि प्रसिद्ध छ ।

१५ वर्षसम्म जनप्रतिनिधि विहीन अवस्था पछि २०७४ सालको स्थानीय तहको निर्वाचनबाट सबै स्थानीय तह जनप्रतिनिधिको नेतृत्वमा पुनः सञ्चालनमा आयो । भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका शतप्रतिशत जनप्रतिनिधिहरू निर्वाचित हुनुभयो । निर्वाचनको दौरानमा जारी गरेका घोषणा पत्र र प्रतिवद्धता अनुसार स्थानीय तहलाई क्रियाशील बनाइयो । जनप्रतिनिधिहरूले २०७२ सालको विनाशकारी भूकम्पले क्षतिग्रष्ट सम्पदाहरू पुनः निर्माणलाई प्राथमिकतामा राख्नु भयो । उहाँहरूले जनताका आधारभूत आवश्यकताहरू शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माण, सम्पदा संरक्षण र सामाजिक विकासका विभिन्न गतिविधिमा विभिन्न कार्यक्रम र योजनाहरू कार्यान्वयन गर्दै जानु भयो । नेपालको संविधानले प्रदान गरेका अधिकारलाई प्रयोग गर्दै स्थानीय तहले सम्पादन गर्नुपर्ने विभिन्न क्षेत्रका लागि आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तयार गर्दै नगरपालिकाको कामलाई अगाडि बढाउँदै लगियो । मितव्ययिता, आर्थिक अनुशासन र पारदर्शितालाई विशेष प्राथमिकतामा राख्दै विभिन्न प्रकाशन र प्रसारणलाई अगाडि बढाइयो । भक्तपुर नगरपालिकाले नेपालको संविधान जारी भएपछि स्थानीय तहमा निर्वाचन पश्चात नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन २०७४ ले व्यवस्था गरेको कानुनी अधिकारहरूको सदुपयोग गर्दै विगत ६ वर्षमा सम्पन्न गरेका केही महत्त्वपूर्ण कामहरूलाई निम्नानुसार बुँदागत रूपमा यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ :

## शिक्षा

भक्तपुर नगरपालिकाले ‘एक घर एक स्नातक’ अभियानलाई पूर्णता दिने उद्देश्यका साथ वि.सं. २०५६ सालमा ख्वप उमावि स्थापना गरी शैक्षिक अभियान शुरु गरेको थियो । हाल २ ओटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन् ।



ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ

भनपाद्वारा सञ्चालित ती कलेजहरूमा देशभरिका सातौँ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । भनपाले न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । गरिब र जेहेनदार विद्यार्थीहरूका लागि वार्षिक ४ करोडभन्दा बढी रकम बराबरको छात्रवृत्तिको व्यवस्था र गरिव विद्यार्थीहरूलाई रु.५ लाखसम्मको शैक्षिक ऋण प्रदान गर्दै आएको छ । गरिबीको कारण कुनै पनि नगरवासी उच्च शिक्षा पाउनबाट वञ्चित हुन पर्ने अवस्था भक्तपुरमा छैन । हाल करिब ५ सय जना विद्यार्थीहरू नगरपालिकाको शैक्षिक ऋणमा उच्च शिक्षा हासिल गरिरहेका छन् । इतिहास, भूगोल, राजनीति शास्त्र, संस्कृति, नेपाल भाषा, अर्थशास्त्र, दर्शन शास्त्रलगायतका विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि स्नातक तहदेखि विद्यावारिधि तहसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गरिएको छ ।



ख्वप कलेज परिसर

भक्तपुर नगरपालिकाले नगर क्षेत्रका सामुदायिक र संस्थागत विद्यालयहरूबीच शैक्षिक गुणस्तरमा प्रतिस्पर्धाको नीति लिएको छ। सामुदायिक विद्यालयहरू विगतको तुलनामा गुणस्तरमा निकै सुधार आएको छ। नगरपालिकाले छुट्टै परीक्षा समिति गठन गरी कक्षा ५, ८ र १० (पूर्व एसइई) को नगरस्तरीय परीक्षाको व्यवस्था गर्दै आएको छ। कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम बनाई लागू गरिएको छ।




स्थानीय पाठ्यक्रम

समय समयमा अन्तर विद्यालय खेलकुद, चित्रकला, वक्तृत्व कला प्रतियोगिता जस्ता शैक्षिक कृयाकलाप पनि गर्दै आएको छ। पठन संस्कृतिको विकासको लागि नगर स्तरीय जनज्योति पुस्तकालयको व्यवस्था गरिएको छ। त्यसको स्तरोन्नत्ति गर्दै ई.पुस्तकालयको व्यवस्था गरिएको छ। साथै नगरभित्र रहेका सबै सामुदायिक पुस्तकालयहरूको भौतिक सुधारको लागि आर्थिक सहयोग र वडा वडामा पुस्तकालयहरूको नियमित सञ्चालन गरी पठन संस्कृतिको विकासको नीति अवलम्बन गर्दै आएको छ।

## स्वास्थ्य

नेपालको संविधानमा व्यवस्था भए बमोजिम देशलाई समाजवाद उन्मुख दिशामा अगाडि बढाउन भक्तपुर



ख्वप अस्पताल

नगरपालिकाले स्वास्थ्यमा सर्वसाधारण जनताको सहज पहुँच पुऱ्याउन पहिलेदेखि यसमा लगानी गर्दै आएको छ। यसै क्रममा भक्तपुर नगरपालिकाले सय शय्याको ख्वप अस्पताल सञ्चालनमा ल्याएको छ। नगर अस्पतालले हाडजोर्नी, स्त्रीरोग, बालरोग, दन्तरोग, नाक कान घाँटी, छालालगायतका विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ भने अल्ट्रासाउण्ड, एक्सरे, प्रयोगशालालगायतका सुविधाहरू न्यून शुल्कमा प्रदान गर्दै आएको छ। दैनिक ८ सयभन्दा बढी बिरामीलाई सेवा दिई आएको ख्वप अस्पतालले आ.व. २०७९/८० मा ७० जिल्लाका २ लाख २० हजारभन्दा बढी बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरेको थियो।



अक्सिजन प्लान्ट

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोग रोकथाम, नियन्त्रण र उपचारको लागि भक्तपुर नगरपालिकाले आवश्यक खोपको व्यवस्था, प्रचार प्रसार र सङ्क्रमितहरूको उपचारको लागि ख्वप अस्पताल कोभिड युनिट सञ्चालन गरी कोभिड १९ बाट सङ्क्रमित ४५५ जना बिरामीहरूलाई नि:शुल्क सेवा प्रदान गऱ्यो। यसका साथै भक्तपुर नगरपालिकाले नगरवासीहरूको सहयोगमा अक्सिजन

प्लान्ट स्थापना गरी सम्पूर्ण नगरवासीहरूलाई निःशुल्क अक्सिजन र निःशुल्क रगत उपलब्ध गराउँदै आएको छ। वडा वडामा चिकित्सकसहितको स्वास्थ्य केन्द्र स्थापना गरी सम्पूर्ण नगरवासीहरूलाई २० मिनेटभित्र स्वास्थ्य उपचारको सुविधामा पहुँच पुग्ने सुनिश्चितता प्रदान गर्दै आएको छ।



घर दैलो नर्सिङ सेवा

नेपालमै पहिलो पटक भक्तपुर नगरपालिकाले घर दैलो नर्सिङ सेवा शुरु गऱ्यो र जनताको घर घरमा पुगी आधारभूत स्वास्थ्य सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउँदै आएको छ। यस नगरपालिकाबाट दम खोकीका बिरामीहरूका लागि श्वासप्रश्वास पुनर्स्थापन केन्द्रमार्फत सेवा प्रदान गर्दै आउनुका साथै नगरपालिकाकै व्यवस्थापनमा ख्वप तिलगंगा आँखा अस्पतालबाट आँखाका बिरामीहरूलाई विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ। नगरस्तरीय नागरिक आरोग्य केन्द्रको लागि आवश्यक औषधीको व्यवस्था गरी आयुर्वेदिक उपचार सेवा पनि प्रदान गर्दै आएको छ।

कडा रोग लागेका नगरवासी बिरामीहरूको लागि प्रतिव्यक्ति रु. १५,०००/– का दरले आर्थिक सहयोग प्रदान गर्दै आएको छ। यसका साथै प्रत्येक वर्ष यस नगरपालिकाका १० ओटै वडाहरूमा नियमित स्वास्थ्य शिविरहरू (पाठेघर र स्तन क्यान्सर, दन्त रोग, हाडजोर्नी, आँखा) सञ्चालन गरी स्वास्थ्य सुविधा प्रदान गर्दै आएको छ।

## सम्पदा तथा कला संस्कृति संरक्षण

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने भक्तपुर नगरपालिकाको नारालाई सार्थक बनाउने क्रममा वि.सं. २०७२ सालको भूकम्पले क्षति पुऱ्याइएका सयौँ सम्पदाहरू स्थानीय जनताहरूको सहभागिता र सहयोगमा पुनर्निर्माण र जीर्णोद्धार सम्पन्न गरियो।

२०७२ सालको भूकम्पपछि हालसम्ममा १३४ ओटाभन्दा बढी सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार कार्य सम्पन्न



वत्सला मन्दिर

गरिसकेको छ भने दर्जनौँ सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार कार्य चालु छ। जसमध्ये वत्सला मन्दिर, ङातापोल मन्दिर, भैरवनाथ मन्दिर, बेताल मन्दिर, न्हूपुखू (रानी पोखरी) आदि जीर्णोद्धार सम्पन्न मुख्य सम्पदाहरू हुन्।



न्हूपुखू (रानी पोखरी)

नगरका अमूर्त सम्पदाहरू संरक्षणका लागि भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष एउटा सांस्कृतिक विधाको

प्रतियोगिता सञ्चालन गर्दै आएको छ। प्रत्येक वर्ष गुन्हीपुन्ही सापारुमा प्रस्तुत गरिने परम्परागत र आधुनिक सांस्कृतिक विधाहरू र घिन्ताङघिसी प्रतियोगिता गरी विजयी सांस्कृतिक समूहहरूलाई पुरस्कृत गर्दै आएको छ। नगर क्षेत्रमा रहेका सांस्कृतिक समूहहरूलाई विभिन्न अवसरहरूमा आर्थिक र भौतिक सहयोग प्रदान गर्दै सांस्कृतिक समूहहरूको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्दै आएको छ। अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न महत्त्वपूर्ण योगदान गर्ने सांस्कृतिक गुरुहरूलाई कार्यक्रमको आयोजना गरी सम्मान गर्दै आएको छ। पुरानो नगर क्षेत्रभित्र परम्परागत शैलीमा घर निर्माण गर्ने घर धनीहरूलाई मोहडामा प्रयोग हुने काठ, इँटा र झिँगटीमा लाग्ने खर्चको ३५ प्रतिशत अनुदान प्रोत्साहन स्वरूप प्रदान गर्दै आएको छ। यसले नगरको पुरानो स्वरूपलाई कायम गर्न विशेष मद्दत पुगेको छ।

## खेलकुद



खुल्ला व्यायामशाला

भक्तपुर नगरपालिकाले स्थानीय तहको निर्वाचन पश्चात् हरेक वर्ष एउटा खेलको अन्तर नगर खेलकुद प्रतियोगिता र अन्तर विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको छ। भलिबल, कराँते, एथ्लेटिक्स, बुद्धिचाल र खो खो खेलको अन्तरनगर खेलकुद प्रतियोगिता सम्पन्न गरिसकेको छ। नगरवासी युवा विद्यार्थीहरूका लागि नियमित रूपमा भलिबल, फुटबल, कराँते बक्सिङ, टेबल टेनिस र जिम्नाष्टिकको प्रशिक्षण प्रदान गर्दै आएको छ। खेलाडीहरूको प्रोत्साहनको लागि हरेक वर्ष खेलाडी सम्मान कार्यक्रम सञ्चालन गर्दै आएको छ। शारीरिक व्यायाममा प्रत्येक नागरिकको सहज पहुँच पुऱ्याउन नगरका विभिन्न २३ स्थानहरूमा खुल्ला व्यायामशालाको व्यवस्था गरिएको छ।

## सामाजिक विकास



आधारभूत तथा एडभान्स सिलाइ तालिम

भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई स्वरोजगार प्रदान गर्न विभिन्न किसिमका रोजगारमूलक तालिम र भाषा प्रशिक्षण दिँदै आएको छ। पाक शिक्षा, आधारभूत तथा एडभान्स सिलाइ, बुटिक, हेयर कटिङ, काष्ठकला, सिलाइ मेशिन मर्मत, फोटोग्राफी, रेडियो प्रस्तोतालगायतका सीपमूलक तालिम र पर्यटन उद्योगसँग सम्बन्धित पथ प्रदर्शक, जापानी, चिनियाँलगायतका भाषाको तालिम प्रदान गर्दै आएको छ। यसका साथै कृषिसम्बन्धी कृषि प्राविधिक तालिम, बेमौसमी तरकारी खेतीसम्बन्धी तालिम र कौसी खेती तालिमलगायतका तालिमहरू पनि सञ्चालन गर्दै आएको छ। भक्तपुर नगरपालिकाले नगरका वडा वडामा शिशु स्याहार सञ्चालन गरिरहेको छ भने जेष्ठ नागरिकहरूको लागि आदर निकेतन सञ्चालनको क्रममा रहेको छ।

## सुशासन तथा पारदर्शिता



नगरपालिकाका प्रकाशनहरू

सुशासनको लागि नगरपालिकाले आवश्यक कानूनहरू निर्माण गर्दै कार्य सम्पादन गर्दै आएको छ। स्थानीय सरकार

सञ्चालन ऐन २०७४ अनुसार पहिलो कार्यकालमा ११ ओटा र दोस्रो कार्यकालमा ३ ओटा गरी भक्तपुर नपाले १४ ओटा नगरसभाहरू सम्पन्न गऱ्यो। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको आवश्यकता अनुसार नगर सभा र कार्यपालिकाबाट २५ ओटा ऐन, ३ ओटा नियमावली, ६ ओटा विनियम, १३ ओटा कार्यविधि, ९ ओटा निर्देशिका र १ ओटा नीति गरी हालसम्म ५७ ओटा कानुन निर्माण गरी कार्यान्वयन गर्दै आएको छ।

भक्तपुर नगरपालिकाले मितव्ययिता, आर्थिक अनुशासन र पारदर्शितालाई प्राथमिकतामा राख्दै आफ्ना विकास निर्माण सम्पदा संरक्षणलगायत अन्य विभिन्न कार्यक्रम र योजनाहरू सञ्चालन गर्दै आएको छ। यसको लागि भक्तपुर नगरपालिकाले नियमित रूपमा मासिक भक्तपुर पत्रिका, पाक्षिक ख्वप पौ, अनलाइन पत्रिका भक्तपुर खबर डटकम, फेसबुक भक्तपुर म्युनिसिपालिटी मार्फत नगरपालिकाका सबै गतिविधिहरू सार्वजनिक गर्दै आएको छ। साथै महत्त्वपूर्ण सम्पदाहरू जीर्णोद्वार सम्पन्न गरेपछि सो को सम्पूर्ण आयव्यय र निर्णयहरू पारदर्शी गर्न सम्पदासँग सम्बन्धित पुस्तकहरू पनि प्रकाशन गर्दै आएकोछ। भैरवनाथ मन्दिर जीर्णोद्वार २०७६, सम्पदा पुनर्निमाण तथा जीर्णोद्वार २०७७, ङातापोल जीर्णोद्वार २०७७, नृत्य वत्सला मन्दिर जीर्णोद्वार २०७८, न्हू पुखू (रानी पोखरी) २०७८ आदि मुख्य प्रकाशनहरू हुन्। यसका साथै भक्तपुर नगरपालिकाले ख्वप एफ.एम. सञ्चालन गरी रेडियोमार्फत पनि नगरपालिकाका गतिविधिहरू सार्वजनिक गर्दै आएको छ भने ख्वप टेलिभिजन सञ्चालनको लागि गृहकार्य भइरहेको छ।

## पर्यटन



भक्तपुर दरबार क्षेत्र

भक्तपुर नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोत पर्यटन हो। आर्थिक वर्ष २०७९/८० मा १ लाख ६७ हजार ६५२ जना विदेशी पर्यटकहरूले भक्तपुर अवलोकन गरे। ती पर्यटकहरूबाट रु. १८ करोड ४० लाखभन्दा बढी राजस्व सङ्कलन गरियो। यसमा गैरसार्क पर्यटकबाट १४ करोड ३४ लाखभन्दा बढी र सार्क राष्ट्र र चीनका पर्यटकबाट रु. ४ करोड ६ लाख पर्यटन शुल्क उठेको छ। भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न भक्तपुर नगरपालिकाले पर्यटन प्रवर्द्धन, पूर्वाधार निर्माण, पर्यटक सेवा र सूचनामा विशेष जोड दिँदै विभिन्न क्रियाकलापहरू गर्दै आएको छ।

भक्तपुर नगरपालिकाले पर्यटकहरूबाट उठेको शुल्कबाटै भक्तपुरको सम्पदाहरू संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्दै आएको छ। भक्तपुर नगरपालिकाले पर्यटकहरूलाई लक्षित गरी पर्यटक सूचना केन्द्र, पर्यटक बस पार्क, पर्यटक शौचालय, पर्यटक सूचना केन्द्रमार्फत ६ ओटा भाषामा नक्सासहितको ब्रोसर, निःशुल्क इन्टरनेटसहित कम्प्युटरको सुविधा, शारीरिक रूपमा अशक्त पर्यटकको लागि ह्वील चेयर, लगेज राख्ने कोठा, मोबाइल चार्जको सुविधा, पत्रपत्रिकासहित पर्यटक विश्राम स्थलको सुविधाको व्यवस्था गर्दै आएको छ। स्थानीय पथप्रदर्शक परिचालन समिति बनाई स्थानीय पर्यटक पथप्रदर्शकहरूलाई आवश्यक तालिम दिई व्यवस्थापन गर्दै आइरहेको छ।

भक्तपुर नपाले समय–समयमा सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा, प्रभातकालीन सम्पदा पदयात्रा, स्थानीय पथप्रदर्शकहरूलाई तालिम तथा परिचालन, पर्यटन व्यवसायीहरूसँग छलफललगायतका कार्यमा जोड दिँदै आएको छ। विश्व पर्यटन दिवस, विश्व सम्पदा दिवस, पर्यटक पथप्रदर्शक दिवसजस्ता अवसरहरूमा नियमित कार्यक्रमहरू गर्नुका साथै भक्तपुरको कला र संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रशिक्षण गर्ने समूहहरूलाई आर्थिक सहयोग र सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रमसमेत गर्दै आएको छ। भक्तपुर नपाले सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गर्ने तयारी गरिरहेको छ।

पर्यटन प्रबर्द्धनका लागि योम्हारी प्रदर्शनी, प्रगतिशील भजन प्रतियोगिता, घरेलु उत्पादन मेला, सापारुमा परम्परागत र आधुनिक सांस्कृतिक प्रतियोगितालगायतका गतिविधिहरू सञ्चालन गर्दै चालू आर्थिक वर्षमा त्यसलाई निरन्तरता दिने नगरपालिकाको योजना छ।

## सरसफाइ



फोहोर सङ्कलन

सरसफाइ भक्तपुर नगरपालिकाको अर्को महत्त्वपूर्ण कार्य हो। भक्तपुर नगरलाई नियमित रूपमा सफा राख्न घरघरबाटै कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गर्दै आएको छ। दैनिक करिब ३० टनको फोहोर उत्पादन हुने अनुमान गरिएकोमा कुहिने फोहोरबाट सी.एन.बी.एम. प्रविधिबाट कम्पोष्ट मल उत्पादन गरी सहुलियत दरमा कृषकहरूलाई मल वितरण गर्दै आएको छ। नकुहिने फोहोर र पुनः प्रयोग गर्न मिल्ने प्लाष्टिकजन्य र धातुलगायतका विभिन्न सामग्रीहरू छुट्याई बाँकी फोहोरलाई सुरक्षित ढङ्गले बिसर्जन गर्ने गरिएको छ। एक विद्यालय एक सम्पदा सरसफाइ, एक सहकारी एक क्षेत्र सरसफाइको नीति कार्यान्वयनको साथै जनप्रतिनिधि, कर्मचारी, विद्यालय, टीम, क्लबहरूको सहभागितामा सरसफाइ कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ।





प्रसूति सेवा र शिशु स्याहार केन्द्र



निर्माणाधिन आदर निकेतन भवन



सुधारिएको शवदाह गृह

## निष्कर्ष

भक्तपुर नगरपालिकामा वैज्ञानिक समाजवादका पक्षधर नेपाल मजदुर किसान पार्टीका जन प्रतिनिधिहरू कार्यरत हुनुहुन्छ। उहाँहरूले स्थानीय तहको निर्वाचनको बेला घोषणापत्र मार्फत जनतालाई दिएको वचनअनुसार काम गर्दै आउनु भएको छ। समाजवादी व्यवस्थामा जन्मदेखि मृत्युसम्म नागरिकहरूको जिम्मेवारी राज्यले लिएको हुन्छ। नेपालको संविधान र कानूनको परिधिभित्र रही ख्वप अस्पतालमा प्रसूति सेवा सञ्चालन, वडा वडामा शिशु स्याहार केन्द्रहरू व्यवस्था र नपा अन्तर्गत सबै विद्यालयहरू सञ्चालन तथा जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा अध्ययनको लागि कलेजहरू समेत सञ्चालन गर्दै आएको छ। ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतनको बन्दोबस्त र अन्तिम संस्कारको लागि नगरपालिकाले सुधारिएको शवदाह गृहहरू निर्माण गरी सञ्चालनमा ल्याइएको छ। यसरी भक्तपुर नपाले समाजवादी विचार अनुसार जन्मदेखि मृत्यु हुँदासम्मको आवश्यक कार्य गर्दै संविधानको भावना अनुसार समाजवाद उन्मुख राज्य विकासको लागि स्थानीय तहमा कार्य गर्दै आएको छ।

# भक्तपुर नपा अरू नपाभन्दा धेरै फरक छ !

कृष्णप्रसाद पोखरेल

पार्टीको घोषणापत्रलाई व्यवहारमा लागु गर्ने नगरपालिका हो भक्तपुर । यसलाई मार्गदर्शन गर्ने व्यक्ति हुन् नारायणमान बिजुक्छैँ (रोहित) । प्रधानमन्त्री बन्न अफर गर्दा अस्वीकार गर्ने नेपालमा दुई जना व्यक्ति देखिए; गणेशमान सिंह र नारायणमान बिजुक्छैँ । भक्तपुर नगरपालिकामा लामो समयदेखि यिनै बिजुक्छैँको राजनीतिक पार्टी नेपाल मजदुर किसान पार्टीले स्थानीय तह समाल्दै आएको छ । नेमकिपा अरू दलहरूभन्दा पृथक देखिन्छ । त्यस्तै, भक्तपुर नगरपालिका पनि अरू नगरपालिकाभन्दा धेरै कुरामा फरक छ ।

(१) भक्तपुर नगरसँग जोडिएको सूर्यविनायक नगरपालिकामा हप्तामा ३ दिन फोहोर उठाइन्छ र प्रतिपरिवार महिनाको रु. ३५० को दरले प्रत्येक घर धनीले १ वर्षमा १३ महिनाको कुल रु. ४५५० बुझाउनुपर्छ जबकि भक्तपुर नगरपालिकामा प्रत्येक दिन ३ पटक सरसफाइ हुन्छ र महिनाको रु. ५० को दरले वर्षमा ६०० बुझाए पुग्छ ।

(२) काठमाडौँ उपत्यकाका भक्तपुरबाहेक सबै नगरपालिकाले फोहोर नुवाकोटको सिसडोलमा पठाउँछन् । त्यहाँ गडबड हुनासाथ फोहोर उठ्न छोड्छ । तर, भक्तपुर नगरपालिकाले आफै फोहोर प्रशोधन गर्दछ, कहिल्यै सिसडोल पठाउँदैन, मल बनाएर सुपथ मूल्यमा बिक्री गर्दछ ।

(३) नगरभित्र सरसफाइ, ढुङ्गा बिछ्याइएका बाटा सम्पदा संरक्षणबाट पर्यटकलाई आकर्षित गरी बर्सेनि रु. ३० करोडको हाराहारी आम्दानी गर्दछ ।

(४) नगरपालिकाले ऐतिहासिक र पुरातात्त्विक सम्पदाको संरक्षणमा योगदान गर्दछ ।

(५) शिक्षामा नगरपालिका वा नेमकिपाले विशेष चासो राखेको छ । नगरका कति सामुदायिक विद्यालयहरू निजीभन्दा अब्बल छन् । सामुदायिक विद्यालयमा भर्नाको चाप बढ्दै छ । सामुदायिक विद्यालयको सार उठाउन भनपाले निरन्तर प्रयास गर्दैछ । कुनै पनि बन्द, हडतालले विद्यालय सञ्चालनमा बाधा पुग्दैन ।

(६) नगरपालिकाले ख्वप इन्जिनियरिङलगायतका कलेज सञ्चालन आफैले गरेको छ, जहाँ सस्तो शुल्कमा देशभरका विद्यार्थीले गुणस्तरीय शिक्षा पाएका छन् ।

(७) उच्च शिक्षाको लागि गरिब तथा जेहेनदार विद्यार्थीलाई नगरपालिकाले निर्ब्याजी ऋण उपलब्ध गराउँछ, अध्ययन सकेर कमाएर तिर्न सकिन्छ ।

(८) घर, टोल, विद्यालयहरूमा नर्सहरू पठाएर स्वास्थ्य परीक्षण गर्ने, सुझाव र सल्लाह दिने व्यवस्था मिलाइएको छ ।

(९) विशेषज्ञ चिकित्सकले परीक्षण गर्न अन्यत्र रु. ८०० लिन्छन् भने भक्तपुर नपामा रु. ८० मा परीक्षण हुन्छ ।

(१०) भक्तपुर नगरपालिकाभित्र कुनै पनि सार्वजनिक निर्माण कार्य ठेक्का प्रथाबाट गरिँदैन । स्थानीय व्यक्तिहरू रहेको उपभोक्ता समितिले निर्माण कार्य गराउँछ । सांसद, मेयर र जनप्रतिनिधिहरू जनसेवक हुन् । उनीहरूले पद, प्रतिष्ठा देखाउने, धन आर्जन गर्नेजस्ता पुँजीवादी विकृति देखाउन पाउँदैनन् । तोकिदिएको रकमले गुजारा गर्ने र तोकिदिएको काम गर्नुपर्ने दायित्व हुन्छ ।

(११) भक्तपुरमा ठूला ठूला पोखरीहरू पर्याप्त छन्, जहाँ माछापालन हुन्छ, पोखरीले आसपासको जमिन रसिलो बनाउँछ, साथै बाइक साइक्लिङ हुन्छ ।

(१२) भक्तपुरको जनज्योति पुस्तकालयमा पर्याप्त पुस्तक र पत्रपत्रिकाहरू छन् । त्यहाँ इन्टरनेटको व्यवस्था छ । बेलुकी ६ बजेसम्म खुला रहन्छ । यसको प्रबन्ध नगरपालिकाले गरेको छ ।

'मजदुर' दैनिक, आश्विन १, २०८०




ग्वें बाटा, तेल भाँडो, थापीं (१९ औं शताब्दी)

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# 'If we get used to outside help, we will get hooked on outside help'

- Mayor Sunil Prajapati



Bhaktapur, one of the three ancient cities of Kathmandu Valley, is known for its culture and heritage. Called Khwopa in the native Nepal Bhasa, Bhaktapur is today a municipality led by Mayor Sunil Prajapati of the Nepal Workers' and Peasants' Party (NWPP). He was first elected to the position in 2017 and is currently serving his second term in office after winning the local election of 2022 too. He was also elected to the Constituent Assembly in 2007.

Long a stronghold of the NWPP, the municipality has been praised for its health and education initiatives and for its successes in waste management. However, it has also been criticised for its supposed isolationism. **Aashish Mishra** and **Binu Shrestha** of The Rising Nepal talked to him on Thursday. Excerpts:

***What major works the municipality has done during your time in office?***

It has been almost one and a half years since we began our second tenure. We have completed many projects we began in our first term and have also initiated new projects.

Our philosophy is that the state must assume responsibility for the welfare of its citizens from birth to death. That is why we work to ensure that people get every service they need inside the municipality.

In education, we have established childcare centres in all the wards. We have also implemented local curriculum from classes 1 to 8 which familiarises students with our town and its culture, tradition, heritage and lifestyle.

We provide full scholarships for higher education up to the doctorate level for many subjects including history, geography, culture, Nepal Bhasa, political science, philosophy and more.

In our municipality, no one is deprived of education due to poverty because, besides scholarships, we also provide student loans. Nearly 500 students are currently pursuing higher education with loans of Rs. 500,000 each. Bhaktapur provides these loans to 100 to 150 students every year.

Pupils only have to pay back this money after graduation and they can do so in three tranches.

Our municipality also operates seven colleges that cater to students from all 77 districts of the country. We offer a variety of courses including engineering and nursing at affordable prices. Annually, our educational institutions produce 432 engineers and 40 nurses.

In health, we have stationed nine to 11 female community health volunteers and one nurse in every ward to go door to door to check on the residents. We call this our doorstep nursing service. We have also built ur-

ban health centres at various locations to ensure that no one is more than a 20-minute walk away from medical service.

The municipality also operates its own 100-bed Khwopa Hospital which serves around 900 patients daily. The hospital is inexpensive. People can access specialised services for as little as Rs. 80 while other general services cost only Rs. 50.

Further, we provide free oxygen cylinders to all Bhaktapur denizens. We also have an agreement with the Nepal Red Cross Society, under which, the municipality bears the cost of providing blood to all the city's residents.

We believe we are different from other local levels when it comes to health and education.

***Bhaktapur looks cleaner than other cities in the valley. How are you managing the garbage?***

The municipality manages city garbage by itself. Disposable and non-disposable wastes are collected separately, and the disposable waste is used to produce organic fertilisers. Farmers buy organic fertiliser at Rs. 20 per kg. We have distributed compost bins to each household to encourage them to manage degradable waste at their home and utilise it later in their farm land and roof-top gardens. However, the growing urbanisation is likely to make waste management more challenging in the future. We are thinking of a permanent solution to garbage management. In developed cities, garbage is managed by building big fire chambers and electricity and gas are produced by burning the garbage. But that cannot be done in our single efforts. The federal government should provide land and Kathmandu Metropolitan City (KMC) and other municipalities should invest for such a project.

***What about the city's culture?***

We are rich in culture and heritage. Only a few local levels prioritise culture and tradition like we do. Therefore, rather than looking to foreigners and recruiting contractors, we have focused on rebuilding our monuments through our own resources and with participation from our own people. For this, we work via consumer committees.

We have reconstructed 135 heritage structures in total since being elected for the first time in 2017. The municipality is currently working on 22 more and is preparing to begin work on many more.

Furthermore, we have mobilised the people studying MPhils and PhDs under our scholarships to research various culture and heritage sites, unearth historical facts and submit reports.

We are also aware of the need to preserve our aesthetics. If all the people demolish their old houses and build new ones in non-traditional styles, we will lose our unique indigenous look. So, the municipality provides a grant of 35 per cent to cover the costs of maintaining a traditional façade. This provides each house with around Rs. 700,000 to purchase bricks, wood and tiles and avoid the haphazard use of cement.

This has preserved our traditional look which has attracted tourists which, in turn, has helped the municipality earn revenue for public services. It has developed a cycle of public property for public services.

To promote and protect intangible culture, we organise competitions around indigenous customs and provide monetary prizes. This provides an incentive to practitioners to

keep traditions alive. These traditions again help attract visitors which boosts income and enables us to invest in public welfare.

We also hold trainings to facilitate the inter-generational transfer of culture.

***What steps has the municipality taken to promote and preserve the tangible and intangible heritages?***

The municipality is working to preserve both the tangible and intangible heritages of the city equally. The municipality regularly issues notices urging people to participate in training to learn and hand over traditional skills to the new generation.

***What do you think made Bhaktapur able to rebuild faster than its neighbours after the earthquake?***

We did not easily accept foreign money.

For example, after the 2015 earthquake, Germany signed an agreement with the Government of Nepal to provide €10 million for the restoration of Bhaktapur. But that money had many strings attached.

The agreement stated that the German side would form a technical committee. That committee would then recommend the materials to be used for reconstruction. And those materials could include steel rods and concrete. Other provisions related to legal jurisdiction and auditing were also of an unacceptable nature.

But we were firm in our stance. Our ancestors were able to build such awe-inspiring structures like the Nyatapole using local materials and techniques. And, our municipality itself produces over 400 engineers and technical personnel every year. So, we told them that it was not appropriate to have their officials dictate the terms of our reconstruction to us. Also, we informed them that using cement and steel would violate our Ancient Monument Preservation Act 1956.

But they tried to pressure us, they said that we could not refuse what the federal government had already accepted and said they would take the money to some other districts.

But the municipality could not and did not accept the money that went against the spirit of our monuments. Instead, we went to the people, and they told us that they would rebuild their fallen treasures themselves. And let me tell you, more than 4,200 people volunteered during the reconstruction of the Nyatapole Temple. We received over Rs. 1.6 million in donations. Hundreds provided non-monetary donations.

Our success is due to our people's leadership and initiative and we are extremely proud to say that. Not one of the 135 monuments I mentioned was built with foreign money.

Having said that, I acknowledge that the National Art Museum still stands supported by struts. We want to rebuild it as soon as possible but the government and the Department of Archaeology do not seem to share our enthusiasm and have been dilly-dallying on their part.

The government should have been pushing us to do more to preserve this internationally-renowned heritage. Instead, it does not even give us the minimum assistance we request for.

***How does Bhaktapur Municipality cooperate with other local levels?***

We do exchange ideas. But we do not accept fiscal assistance like that provided by the Kathmandu Metropolitan City. We do

what we can with what we have. If we get used to outside help, we will get hooked on outside help. Relying on outside aid for work will eventually make us unable to work without outside aid.

***How is your relationship with the federal and provincial government?***

Our relationship with federal and provincial is not good. Both federal and provincial governments have not provided grants even though other local governments have been receiving it every year. The government has not supported the Bhaktapur Municipality financially. If we had received grant from the government, development works of the municipal would have moved in a high pace.

The government should treat all the local levels equally. Still, the health, education, heritage reconstruction, preservation, and garbage management in our municipality are better than in other municipalities. It will be fine if the government provides us with a smaller amount of budget. The regular grand provided by federal and provincial governments to Bhaktapur Municipality is zero. We should work abiding by rules and systems, not on the basis of who is seated in the Singh Durbar.

***What are your plans for the rest of your tenure?***

We have a plan to complete the construction of Araniko Seminar Hall. We have 28 Ropanis of land to build the hall. But, we have only Rs. 65 million for this big project. We are preparing to start this project in the current fiscal year. We also want to begin work on Thanthu Palace. We also have a plan to clean Bhaktapur's rivers.

The Rising Nepal, Photo : Kabita Thapa, Fri, 22 September 2023

# जीवन–आचरण

## गर्भवती भाँडो

एकदिन नसरुद्दीनले साहूको घरबाट एउटा ठूलो भाँडो मागेर ल्याएछ र भोलिपल्ट नै त्यो ठूलो भाँडोमा एउटा सानो भाँडो पनि राखेर साहूलाई फर्काएछ। साहूले सानो भाँडो बढी पाएकोमा खुशी तथा उत्सुक भएर नसरुद्दीनलाई सोधेछ – 'मेरो भाँडोमा त एउटा सानो भाँडो पनि रहेछ नि !'

नसरुद्दीन : 'साहू जी, सायद तपाईँलाई थाहा छैन होला। जब मैले हजुरको भाँडो लगेको थिएँ नि, तब हजुरको भाँडो गर्भवती रहिछिन्। मेरो घरमा यो सानो भाँडालाई जन्माइन्। त्यसैले हजुरलाई आमा र बच्चा दुवै फर्काउन ल्याएको हो।'

यो कुरा सुनेर साहू निकै खुशी भयो र साहूले भन्न थाल्यो – 'नसरुद्दीन, अब उप्रान्त तिमीलाई कुनै पनि भाँडाको खरखाँचो पर्‍यो भने बिनाहिच्किचाहट मेरो घरबाट लानू।'

करिब १ महिना पछि नसरुद्दीनले आफ्नो घरमा सानो भोज गर्न लागेको भन्दै साहूको घरबाट राम्रो र बहुमूल्य भाँडा लिएर गयो।

करिब महिना दिनसम्म पनि नसरुद्दीनले आफ्नो बहुमूल्य भाँडा नफर्काएकोले चिन्तित हुँदै उक्त साहू नसरुद्दीनको घरमा जाने तयारी गर्दै मात्र के थिए नसरुद्दीन टुप्लुक्क आईपुग्यो। नसरुद्दीन अलि उदास देखिन्थे। साहूले किन आफ्नो भाँडो अहिलेसम्म पनि नफर्काएको भनी प्रश्न गरे।

नसरुद्दीन : 'हरे ! साहू जी, हजुरको भाँडो लगेको पर्सिपल्ट नै मेरो घरमा मरेछ । मैले हजुरलाई ४५ दिनपछि मात्र खबर गर्ने बारेमा सोचेको थिएँ तर हजुर अत्तालिनु होला भनेर आज खबर गर्न आएको हुँ ।'

यो कुरा सुन्नेबित्तिकै साहूको दिमागको पारो चढेछ र आक्रोशित हुँदै भनेछ – 'नसरुद्दीन, के तिमीले मलाई उल्लु सम्झेको हो ? भला फलामको भाँडो पनि कहिले मर्दछ र ?!'

नसरुद्दीनले शान्त हुँदै जवाफ दिएछ – 'साहू जी ले के भन्नु भएको त्यस्तो ?' यदि फलामको भाँडो गर्भवती भएर बच्चा जन्माउन सक्छ भने मर्न किन सक्दैन ?'

# नेपालको शैक्षिक क्षेत्रमा आशाको किरण : ख्वप शैक्षिक संस्था

राजन

भक्तपुरलाई शिक्षा क्षेत्रमा 'उत्कृष्टताको केन्द्र' बनाउने अग्रजहरूको सपनालाई पूरा गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप शैक्षिक संस्थाअन्तगर्तका विभिन्न कलेजहरूले अथक प्रयास गरिरहेका छन् । रातो रङ्गको घेरामा झन्डै ३२० वर्षअघि बनेको ङातापोल्हँको लोगो भएको ख्वप शैक्षिक संस्था अहिले नेपाली शैक्षिक क्षेत्रमा नवीन पहिचान बनेको छ ।

## समुदायप्रति समर्पित

ख्वप शैक्षिक संस्थाको मूल्य र विशिष्टता सबै जनसमुदायलाई अवगतै छ । ख्वप शैक्षिक संस्था सधैँ स्थानीय समुदायहरूसँग संलग्न हुन्छ । स्थानीय जनता शिक्षासँग सम्बन्धित छलफलमा भाग लिँदै उचित सुझाव दिने गर्दछन् । ख्वप शैक्षिक संस्थाले समुदायका सरोकारवालाहरूको सल्लाहलाई सम्बोधन गर्ने भएर ख्वप शैक्षिक संस्था स्थानीय समुदायबीच बलियो प्रतिष्ठा र सम्बन्ध निर्माण गर्न सफल भएको छ भने स्थानीय जनताले पनि ख्वप शैक्षिक संस्थालाई आफ्नै ठानेर अपनत्व जाहेर गर्छन् ।



ख्वप कलेज परिसर

विद्यार्थीहरूको व्यक्तित्व विकासमा ध्यान दिने ख्वप शैक्षिक संस्थाको प्रतिबद्धता रहेको छ । समृद्ध शिक्षामा योगदान पुऱ्याउने अत्याधुनिक सुविधा, प्रयोगशाला, पुस्तकालय र प्रविधि स्रोतहरू विद्यार्थीहरूको लागि उपलब्ध छन् । शैक्षिक सफलताको लागि सानो समूहको विद्यार्थी सङ्ख्या, कक्षाकोठाको आकार, सङ्कायहरूबीच एक अर्काबीच अन्तरक्रिया ख्वप शैक्षिक संस्थाको विशेषता रहेको छ । शैक्षिक उन्नयनमात्र होइन व्यक्तिगत, भावनात्मक र सामाजिक विकाससँगै समग्र विकासको महत्त्वलाई ख्वप शैक्षिक संस्था पहिलो प्राथमिकतामा राख्दछ ।

ख्वप शैक्षिक संस्था विद्यार्थीहरूलाई शैक्षिक र व्यक्तिगतरूपमा उत्कृष्ट बनाउन स्तरीय शिक्षा प्रदान गर्न समर्पित छ । शैक्षिक उत्कृष्टता, अनुभवी प्राध्यापक, पाठ्यक्रम र शैक्षिक उत्कृष्टताप्रति प्रतिबद्धतालाई ख्वप शैक्षिक संस्था जोड दिन्छ । दक्ष प्राध्यापकहरू परिवर्तनकारी सिकाइ सुनिश्चित गर्ने प्रयासमा लागिपरेका छन् । अत्याधुनिक प्रयोगशाला, ठूलो पुस्तकालय र उन्नत प्रविधि स्रोतहरूले सुसज्जित आधुनिक शैक्षिक संस्था ख्वपमा विद्यार्थीहरूलाई उनीहरूको प्रतिभा प्रस्फुटनको लागि आवश्यक उपकरणहरू प्रदान गर्दछ ।

विद्यार्थीलाई आजको विकसित संसारमा सान्दर्भिक सीपहरू प्रदान गर्ने सन्दर्भमा विद्यार्थीलाई दक्ष जनशक्ति बनाउने हेतुले व्यावहारिक सीप र ज्ञानलाई जोड दिँदै इन्टर्नसिप र परियोजनाको लागि विद्यार्थीहरूलाई विभिन्न संस्थाहरूमा आबद्ध गराइरहन्छ । व्यावहारिक सिकाइ दृष्टिकोणको साथ रोजगारदाताहरूले खोजिरहेका सीपहरू विकास गर्न विद्यार्थीलाई आजको गतिशील रोजगार बजारमा सफलताको लागि सहयोगी हुनेछ । ख्वप शैक्षिक संस्थाको विभिन्न संस्थासँग साझेदारीको व्यापक सञ्जालको कारणले विभिन्न संस्थाहरूमा पहुँच हुँदा यसले ख्वप शैक्षिक संस्थामा अध्ययन गर्ने विद्यार्थीहरूको करिअर यात्रालाई लक्ष्यसम्म पुऱ्याउन मद्दत गरेको छ ।

## अभिभावक संलग्नता

अनुशासित विद्यार्थीहरू र सन्तुष्ट अभिभावकहरू ख्वप शैक्षिक संस्थाको पहिलो प्राथमिकता रहेका छन् । अभिभावकहरू शिक्षाका साझेदार हुन् भन्ने कुरामा ख्वप शैक्षिक संस्था विश्वास गर्दछ । नियमित अपडेट, अभिभावक-शिक्षक अन्तरक्रिया र शैक्षिक संस्थाका गतिविधिहरूमार्फत विद्यार्थीको प्रगतिको बारेमा अभिभावकलाई सधैँ सुसूचित गराइरहन्छ । आफ्ना सन्तानको लागि राम्रो शैक्षिक संस्थान छनोट गर्न अभिभावक सतर्क हुनुपर्छ । ख्वप शैक्षिक संस्थाले अभिभावकहरूलाई आफ्नो बच्चाको शिक्षामा सक्रियरूपमा संलग्न हुने अवसरहरू प्रदान गरेको छ । ख्वप शैक्षिक संस्थाले

अभिभावकको साझेदारीलाई महत्त्व दिँदै विद्यार्थीको प्रगति सुनिश्चित गर्न आमाबाबु र शिक्षकहरूबीच नियमित सञ्चारलाई प्रोत्साहन दिन्छ। विद्यार्थीको सुरक्षा महत्त्वपूर्ण भएकोले ख्वप शैक्षिक संस्थामा प्रत्येक विद्यार्थीको सुरक्षा र कल्याणलाई प्राथमिकता दिइन्छ।

ख्वपले एक सुरक्षित शैक्षिक संस्थाको रूपमा सुनिश्चित गर्नको साथै विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गराउने वातावरण निर्माण गरेको छ। ख्वप शैक्षिक संस्थाले शैक्षिक अनुशासनमा कठोरता र उच्च-गुणस्तरको शिक्षालाई प्राथमिकता दिने हुँदा अल्छी स्वभावका केही विद्यार्थीहरूलाई ख्वपमा अध्ययन गर्न हिचकिचाहट भएको कुरा पनि सुन्नमा आउँछ। तर, यस्तो स्वभावका विद्यार्थीका अभिभावकहरू आफ्ना सन्तानको उच्च शिक्षाप्रति अझ बढी सचेत हुनु आवश्यक छ। यही वास्तविकतालाई ध्यानमा राखी शिक्षाविद्हरूको अतिरिक्त अभिभावकहरूको सरोकारलाई सम्बोधन गर्न चरित्र निर्माण, नेतृत्व कौशल र अतिरिक्त क्रियाकलापमा संलग्नतासहित समग्र विकासमा ख्वप शैक्षिक संस्थाले विशेष जोड दिएको छ।



ख्वप इन्जिनियरिङ कलेज परिसर

शैक्षिक उत्कृष्टता ख्वप शैक्षिक संस्थाहरूको शीर्ष प्राथमिकता रहेको छ। ख्वप शैक्षिक संस्थाले विद्यार्थीहरूलाई करिअरको तयारी, समस्या समाधान गर्ने क्षमता र व्यावहारिक ज्ञानसहित सीप प्रदान गर्ने कोसिस गरिरहेको छ। राम्रो अनुभवी प्राध्यापक र गुणस्तरीय शिक्षा प्रदान गर्ने यस संस्थाको प्रतिबद्धता रहेको पुष्टि हुन्छ। आफ्ना क्षेत्रका विज्ञ रहेका ख्वप शैक्षिक संस्थाका समर्पित सङ्काय सदस्यहरू विद्यार्थीहरूलाई व्यक्तिगत ध्यान र मार्गदर्शन प्रदान गर्ने हुँदा विद्यार्थीहरूको सफलता सुनिश्चित हुन्छ। ख्वप शैक्षिक संस्थाका पूर्वविद्यार्थीहरू यस संस्थाको सफलताका प्रमाण हुन्। यस संस्थानबाट स्नातक गरेपछि उल्लेखनीय उपलब्धि हासिल गरेका सफल पूर्वविद्यार्थीहरूका कथाहरू थुप्रै छन्। यस संस्थाबाट दीक्षित भएका जनशक्ति देशको विभिन्न सम्मानित निकायमा कार्यरत छन्। ख्वप शैक्षिक संस्थाका स्नातकहरूले शिक्षाको परिवर्तनकारी शक्ति प्रदर्शन गर्दै विभिन्न क्षेत्रमा आफ्नो छाप छोडेका छन्। पाठ्यपुस्तकको अतिरिक्त बाहिरको गतिविधिलाई जोड दिँदै शैक्षिक वृद्धि र चरित्र विकासबीच सन्तुलन ल्याउन पनि ख्वप शैक्षिक संस्था चनाखो छ। फलतः जीवन्त शैक्षिक संस्था जीवनको लागि मित्रता निर्माण गर्ने र अविस्मरणीय सम्झनाहरू सिर्जना गर्ने अवसरहरू विद्यार्थीले पाइरहेका छन्।

पैसाकै कारण थुप्रै सर्वसाधारण जनताका जेहेनदार छोरा छोरी पढाइबाट वञ्चित रहेको त्यो पुरानो दिनलाई मनन गरेर भक्तपुर नगरपालिकाको पहलमा ख्वप शैक्षिक संस्थाले गरिब तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुका साथै आर्थिकरूपले कमजोर रोगी विद्यार्थीको उपचारको निम्ति शिक्षक र विद्यार्थीको संयुक्त पहलमा वित्तीय सहायता पनि उपलब्ध गराउने गरेका थुप्रै घटनाहरू छन्। उपलब्ध छात्रवृत्ति र कुनै पनि वित्तीय सहायताबारेमा ख्वप शैक्षिक संस्था पारदर्शी भएर बिनाभेदभाव विद्यार्थीलाई आर्थिक सहायता गर्दछ र सस्तो शिक्षाको कारण निम्न आय भएका जनताको निम्ति पनि ख्वप शैक्षिक संस्था पहुँचभित्र परेको छ। गुणस्तरीय शिक्षा सबैको पहुँच सुनिश्चितको लागि भक्तपुर नगरपालिकाको अभियानमा ख्वप शैक्षिक संस्था 'होस्टेमा हैँसे' गर्दछ।

'मजदुर' दैनिक, भाद्र १५, २०८०

## चीनका प्राचीन नीतिकथा

ZÆf

एकपल्ट एक जना किसानको बञ्चरो हरायो। उसको मनमा छिमेकको केटोले बञ्चरो चोरेको शङ्का लाग्यो। उसले त्यो केटाका चालढाल राम्ररी नियालेर हेर्‍यो। उसलाई त्यो केटो ठ्याक्कै चोरजस्तो लाग्यो। उसले केटाको अनुहार राम्ररी हेर्‍यो। उसलाई केटाको अनुहार पनि चोरकै जस्तो लाग्यो। उसले केटोको कुराकानी सुन्यो र बुझ्यो। त्यो पनि उसलाई चोरकै जस्तो लाग्यो। सारमा, उसलाई त्यो केटोको सबै गतिविधि र बानी व्यहोरा चोरकै जस्तो लाग्यो।

तर पछि उसले बनमा आफूले दाउरा काट्ने ठाउँमा हराएको बञ्चरो भेट्टायो। उसले बिर्सेर बञ्चरो त्यहीँ छाडेको रहेछ।

बञ्चरो भेट्टएपछि उसले छिमेकी केटोलाई हेर्‍यो। तर उसलाई त्यसको चालढाल चोरको जस्तो कत्ति पनि लागेन।

अनुवादः विनय कसजू

# भारतीय हस्तक्षेपःजवाहरलालदेखि नरेन्द्र दामोदर दाससम्म

नयाँ दिल्ली गुप्तचरी खेल र हिन्दूत्ववादी उक्साहट मार्फत नेपालको सार्वभौमिकतालाई गलाउन लागिपरेको छ । आधुनिक युगमा हाम्रो राज्यले यसअघि कहिल्यै नभोगेको यो तहको खतरालाई नजरअन्दाज नगरौं ।



कनकमणि दीक्षित

भारतका अन्य कूटनीतिक नियोगहरूले जस्तै काठमाडौँ लैनचौरस्थित भारतीय दूतावासले प्रयोग गरेको ट्याग लाइन 'इन्डिया इन नेपाल' (नेपालमा भारत)ले आर्थिक, वैकासिक र सांस्कृतिक वृत्तमा रहेको सहकार्यलाई जनाउँछ । नेपाल 'मा' भारतीय संलग्नतालाई सौम्य भने मान्न सकिन्न, सन् १९५० को दशकयताको नेपाल-भारत सम्बन्ध राजनीति र शासन व्यवस्थामा हस्तक्षेपका अनेक तहले भरिएको छ । तर, खुला वा गोप्य, सूक्ष्म (माइक्रो) वा बृहत् (म्याक्रो) हस्तक्षेप जे होस् त्यसको विफलताबाट नयाँ दिल्लीले कुनै पाठ सिकिरहेको छैन । परिणाम, सदाबहार मित्र हुनुपर्ने नेपाल क्रुद्ध छिमेकीको सूचीमा पुगेको छ ।



सन् १९५१ मा नेपाल भ्रमणमा आएका भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूसँग गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला।

२०७९ मंसीरमा सम्पन्न आमनिर्वाचन, त्यस लगत्तै भएको सरकार गठन र राष्ट्रपतिको निर्वाचनयताका ६ महीनामा नयाँ दिल्लीको सक्रियता उच्च तहमा पुगेको छ । **उसको इच्छा मुताबिक नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र)को 'कम्फर्टेबल' गठबन्धन बनेको छ र काङ्ग्रेसले राष्ट्रपति पद पाएको छ ।** हस्तक्षेप नै नियम बनेको भए पनि पछिल्लो आधा वर्षका घटनाले २०७२ सालमा संविधानको अन्तिम स्वरूप तयार पारिरहँदाको भारतीय दखल सम्झाउँछन् ।

## दिल्ली दरबार

लघु स्मृति नेपालीहरूको विशेषता जस्तै लाग्छ । माओवादीको हिंसात्मक विद्रोहदेखि दरबार हत्याकाण्ड, भूकम्प, नाकाबन्दीसम्मका एकपछि अर्को घटना खेप्दै आउँदा बिर्सने गरिएको छ । यी सबैका बीच काठमाडौँको नागरिक समाजका हस्तीहरूले नयाँ दिल्लीको हस्तक्षेपकारी रणनीतिलाई 'न्यू नर्मल' का रूपमा लिन तथा चित्त बुझाउन थालेका छन् र प्रतिवाद नगरेर कानेखुशीमा सीमित छन् ।

भारत स्वतन्त्र हुनुअघि राणा र बेलायती शासकबीच नेपाल सार्वभौम तर बेलायतको अधीन रहने एक खालको मौन सहमति थियो । यो समझदारीले दुवै देशका सत्ताधारीको हित त गर्‍यो, आधुनिक युगमा नेपालीजनलाई भने पराश्रित बनायो । **बेलायती शासकले निरङ्कुश राणाहरूलाई साथ दिएकैले बीपी कोइराला र अन्य क्रान्तिकारीले 'भारत छोडो आन्दोलन' का स्वतन्त्रता सङ्ग्रामीलाई साथ दिने निर्णय गरेका थिए ।** उनीहरूले सँगै आन्दोलन गरे, जेलमा सरसङ्गत भयो । भारत स्वशासित भएमा दिल्ली दरबारप्रति काठमाडौँ अनुग्रहीत हुनुपर्ने युगको अन्त्य गर्नेछ भन्ने नेपाली क्रान्तिकारीको विश्वास थियो ।

जवाहरलाल नेहरू प्रधानमन्त्री हुँदा जुझारु नेपालीहरू राणा विरुद्ध सङ्घर्षरत नै थिए । क्रान्तिको नेतृत्व गरिरहेका कोइरालाले आफ्ना भारतीय सहयोद्धा सरकार प्रमुख हुँदै गर्दा भूराजनीतिक र वैयक्तिक सम्बन्धको पुनरावलोकन गरेको महसुस गरे । सन् १९४७ मा अन्य भारतीय नेताभन्दा नेहरू सार्वभौम नेपालको पक्षमा रहे पनि नयाँ दिल्लीको छाता र प्रभुत्व अन्तर्गत नेपाललाई राख्न खोजेको मेसो कोइरालाले बिस्तारै पाउँदै गए ।

कोइरालामा यो चेतना त्यति वेला जागृत भयो जब उनी २००७ कात्तिकमा वीरगञ्ज सीमाको भन्सार कार्यालयबाट लुटेको पैसा लिएर डीसी-३ डेकोटा हवाईजहाजबाट नयाँ दिल्ली ओर्लिए । नेहरूको आदेशमा शफदरजङ्ग विमानस्थलमा सेनाले घेर्दा उनी छक्क परे र क्रुद्ध नेहरूसँग भेटाउन उनलाई त्रिमूर्ति भवनमा लगियो । कोइरालाले आफ्नो जीवनको

अन्तिम समयमा रेकर्ड गराएको संस्मरण आत्मवृत्तान्तमा त्यो वेलाको संवाद स्मरण गर्दै नेहरू कसरी क्रान्तिकारीबाट प्रधानमन्त्रीमा रूपान्तरण भइसकेका थिए भन्ने बताएका छन् ।


अमेरिकी अनुसन्धाता डेनियल डब्लु. एडवार्ड्सले अमेरिकी परराष्ट्र मन्त्रालयको सङ्ग्रहालयमा संग्रहीत १५ अक्टोबर १९५३ मा कलकत्तामा रहेका तत्कालीन अमेरिकी कन्सुल जनरल र कोइरालाबीचको संवाद 'नेपाली टाइम्स' साप्ताहिकमा पुन:प्रकाशन गरेका छन् । त्यति वेला **नेहरूको छनोटमा बीपीका दाजु मातृकाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री** थिए । अगस्टमा भएका दुई ओटा वार्तामा बीपीले नेहरू आफूप्रति नकारात्मक भएको बताएका थिए, कन्सुल जनरलको रिपोर्टमा लेखिएको छ:

*'दुवै भेटमा नेपालमा भारतीयहरूले आफ्नो नीति कार्यान्वयन गर्दा गरेका त्रुटि औँल्याउने क्रममा नेहरूको प्रसङ्ग आउँदा कोइराला केही बेर अडिए र नेपालको भौगोलिक अवस्थितिका कारण भारतीय सरकारको संरक्षण स्वीकार्नेतर्फ अघि बढेको बताए । नेपालीहरूले बिस्तारै राष्ट्रवादी भावना विकास गरिरहेको र यो भावनाले दुवै देशको हित हुने बिन्दुसम्म भारत-नेपाल सम्बन्धलाई पुऱ्याउने धारणा पनि बीपीले राखे ... पछिल्लो डेढ वर्षमा नेहरूप्रति आफ्नो धारणामा आमूल परिवर्तन आएको पनि बीपीले स्वीकारे । सन् १९५१ को मध्यतिर जयप्रकाश नारायणले नेपालको मामिलामा* ***नेहरूप्रति अति धेरै विश्वास राखेको भनेर चेतावनी दिएको*** *उनले बताए । एकअर्काप्रति द्वेष राख्ने देशमा अर्को देशको प्रधानमन्त्रीलाई धेरै विश्वास गर्न नहुने भन्दै नारायणले सम्झाउने गरेको पनि उनले सुनाए ।'*

## साम्राज्यवादी पोशाक

सन् १९४७ यता नयाँ दिल्लीलाई आफ्ना आन्तरिक मामिलाबाट बाहिरै राख्न नेपाल निरन्तर सङ्घर्षरत छ । दिल्ली भने नेपालको आन्तरिक विषयमा छिर्न र खेल्न लागिपरेकै छ । राणा र नेपाली काङ्ग्रेसको संयुक्त सरकार बनाउने तथाकथित 'त्रिपक्षीय सम्झौता' (कोइरालाका अनुसार जुन भएकै थिएन)का कारण राणाशासनविरुद्ध जागेको नेपाली नागरिक आन्दोलन लोकतान्त्रिक निष्कर्षमा पुग्न पाएन । राणासहितको सरकार गठन हुँदा नयाँ शिराबाट राष्ट्रले यात्रा शुरू गर्न सकेन ।

स्वतन्त्रता प्राप्तिपछि नयाँ दिल्लीका **नयाँ शासकले नेपालको हकमा बेलायती भाइसरायले दराजमा छाडेर गएको पोशाक नै लगाए ।** उत्तरी सिमानामा रहेका १८ ओटा सैनिक पोस्ट हटाउने र मन्त्रिपरिषद्को बैठकमा भारतीय सल्लाहकारको उपस्थिति नरहने जस्ता केही सफलता हासिल गर्न काठमाडौँ सफल भए पनि नेपालको राजकाजमा दिल्ली सधैँ हर्ताकर्ता बन्न खोज्यो । **एकहदसम्म काठमाडौँका नेताहरूले स्थान दिएकै कारण नेपालमा भारतको बोलवाला चलेको भन्न सकिन्छ ।**



सन् १९९७ मा आई.के. गुजराललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्दै तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द ।

२००७ सालदेखि २०१७ सालसम्म राजा महेन्द्रले 'कू' नगर्दासम्मको राजनीतिक उथलपुथलमा प्रधानमन्त्री बन्नकै लागि नेताहरूले दिल्लीको आड खोज्ने गरे । २०१७ सालपछि राजनीति राजाको नियन्त्रणमा रहेका तीन दशकसम्म नयाँ दिल्लीले त्यो हदको छूट पाएन, र राजतन्त्र नै जनताको मुख्य पिरलो बन्न पुग्यो । २०४६ सालको जनआन्दोलनबाट पञ्चायती एकदलीयतन्त्र ढलेपछि दल र गुटलाई खेलाउँदै भारतीय कर्ताहरू नेपाली राजनीतिमा फेरि चलायमान भए ।

२०४६ सालपछि शुरू नेपालको लोकतान्त्रिक युगमा बीपी कोइरालाको निधन भइसक्दा पनि अन्य नेताहरूको कदले गर्दा भारतीय हस्तक्षेप सीमित थियो । भारतीय स्वतन्त्रता सङ्ग्राममा भाग लिएका यी नेताहरू कर्मचारी र जासूसी संयन्त्र मार्फत हुने भारतीय चलखेल रोक्ने सुरक्षाकवच भई उपस्थित थिए । मर्यादा कायम थियो । २०६६ सालमा गिरिजाप्रसाद कोइरालाको मृत्यु भएसँगै त्यो तप्काको शीर्ष नेता कोही रहेनन् ।

परिणाम- **काठमाडौँको राजनीतिक वर्गले नयाँ दिल्लीलाई सत्ता दलालका रूपमा स्वीकार्दै गएको छ ।** यो आत्मघाती कदम हो, किनकि यसअघि रहे जस्तो कलकत्ता, बनारस र पटनासँग सम्मानजनक र समान सम्बन्ध नभई काठमाडौँ दिल्लीकेन्द्रित मात्र हुनु देशका लागि खतरनाक हो । **दिल्लीतर्फ लम्पसार हुने पछिल्लो उदाहरण हुन् शेरबहादुर देउवा ।** पाँच पटक प्रधानमन्त्री भइसकेका

उनी दक्षिणलाई खुशी बनाउन मग्न छन्, र सुझावमा भन्ने गर्छन्, 'ओहो ! नगरौं, दिल्ली रिसाउँछ ।' **देउवाको 'ब्याकिङ' पाएका वर्तमान पुष्पकमल दाहाल** सरकारको हकमा नयाँ दिल्लीले थप लाभ लिन सक्छ ।

आखिर **द्वन्द्वकालीन दिनहरूमा माओवादी नेताहरूलाई आफ्नो भूमिमा उसले आश्रय दिएकै थियो ।** द्वन्द्वकालमा आफ्ना कार्यकर्तालाई भारत विरुद्ध सुरुङ युद्धको आह्वान गर्ने दाहालको अवसरवादी भारत विरोधलाई वर्तमान भारतीय संयन्त्रले देख्या नदेख्यै गरेको देखिन्छ । सम्भवतः भारतका सत्ता सञ्चालकलाई दाहाल आफ्नो नियन्त्रणमा छँदै थिए र रहनेछन् भन्ने विश्वास छ । हुन पनि **नेपालको आन्तरिक मामिलामा भारतीय गुप्तचर संस्थाहरूको बेरोकटोक प्रवेश २०६३ सालमा माओवादीहरू खुला राजनीतिमा आएपछि नै सम्भव भएको हो ।**

'एजेन्सीहरू' मार्फत नयाँ दिल्लीले तराई मधेशको राजनीतिक नेतृत्वलाई नियन्त्रणमा राख्ने प्रयास गऱ्यो, तराईमा एक प्रकारको जनमत निर्माण गरेर काठमाडौँलाई प्रभाव पार्ने कोसिस पनि गऱ्यो । **'एक मधेश एक प्रदेश'** (५०० माइल लामो र २० माइल चौडा भूमिलाई 'बफर' बनाउने) जस्तो बेफ्वाँकको मुद्दा पनि अगाडि सार्न लगायो । भारतीय दुस्साहस २०७२ सालमा उच्च बिन्दुमा पुग्यो जति वेला तत्कालीन विदेश सचिव एस. जयशंकर प्रम नरेन्द्र मोदीका विशेष दूतका रूपमा नयाँ संविधान घोषणा रोक्न काठमाडौँ आइपुगे । **लैनचौरको दबाब पन्छाउन आफ्ना मोबाइल फोन बन्द गरेर संविधान निर्माताले दस्तावेज जारी गरे ।** त्यही अभ्यास गत फागुनमा दोहोरियो जब भारतका विदेश सचिव विनयमोहन क्वात्रा आफ्ना समकक्षी भरतराज पौडेलसँग द्विपक्षीय वार्ताका लागि काठमाडौँ आए र प्रधानमन्त्री दाहाल सहित सिङ्गो राजनीतिक वृत्तलाई भेटे ।

**विदेश सचिव क्वात्रा काठमाडौँमा नेताहरूको घरदैलोमा दौडादौड गरिरहँदा भारतका लागि नेपाली राजदूत शंकर शर्मा भने नयाँ दिल्लीमा भारतीय विदेश मन्त्री जयशंकरसँग भेटका लागि प्रतीक्षारत थिए ।** मे २०२२ देखि पर्खिरहेका उनले अहिलेसम्म जयशंकरसँग भेटको अवसर पाएका छैनन् । नेपाललाई कुन कोटिमा राख्दा रहेछौँ भन्ने देखाउनै भारत सरकारले यस्तो रवैया अपनाइरहेको बुझ्न सकिन्छ । बिर्सन नहुने अर्को तथ्य छ, यसअघिका नेपाली राजदूत नीलाम्बर आचार्य भारतीय संस्थापनको पेगासस नामक जासुसी सफ्टवेयर आक्रमणमा परे । उनको मोबाइल फोन ह्याक गरेर एकातर्फ त्यत्रो अवहेलना, अर्कातर्फ नाजायज चासो !

## नयाँ दिल्लीका नागरिक समाज

चाहे भारतीय राष्ट्रिय काङ्ग्रेस नेतृत्वको होस् वा भारतीय जनता पार्टी (भाजपा), नयाँ दिल्ली सत्ताले प्रेस र बौद्धिक वृत्तमा कडा नियन्त्रण नराखेको भए छिमेक नीतिमा भारतको गल्ती दोहोरिँदैनथे । दिल्लीका एक सम्पादकले अर्कै प्रसङ्गमा लेखे जस्तै जब जब भारतको भूरणनीतिक स्वार्थको प्रसङ्ग आउँछ, पत्रकारहरूको काम 'होस्टे हैंसे' हुन पुग्छ ।



२०७९ जेठमा रुपन्देहीको लुम्बिनीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा । तस्बिरः इन्डियनएक्सप्रेस

सन् १९७० को दशकसम्म भारतीय पत्रिकाले काठमाडौँमा वरिष्ठ संवाददाता पठाउँथे, बौद्धिक र पठित पत्रकार जसले नेपालको इतिहास र जटिलता बुझ्थे । आजभोलि नयाँ दिल्लीमा 'नेपाल अध्ययन' सत्ताको अनुकूल हुने अध्यापक, अनुसन्धानकर्ता र भारतीय सत्ताको स्वार्थबाट कहिल्यै टाढिन नसक्ने पूर्व राजदूतहरूको कब्जामा छ । यो किन अनर्थ हो भन्ने बुझ्न नेपाल–भारत सम्बन्धको गहिराइ र विशेषता नियाल्नु जरुरी छ : दुई देशबीच खुला सिमाना छ; सांस्कृतिक अन्तर्घुलन छ; गङ्गाको मैदान यहीँसम्म फैलिएको छ; पानीको स्रोत हिमालय शृङ्खला यहीँ छ; पल्तिर चीन/तिब्बत छ । त्यति मात्र होइन, भारतमा धेरै रेमिटेन्स पठाउने देशहरूमध्ये नेपाल सातौँमा पर्छ । यति हुँदाहुँदै नेपालबारे बौद्धिक कर्म न्यून हुनु आश्चर्यजनक छ ।

भारतीय सत्ता कब्जा गरेका हिन्दूत्ववादीको तर्फबाट 'राष्ट्रविरोधी' आरोप लाग्ने भयले नयाँ दिल्लीका टिप्पणीकार र बुद्धिजीवीलाई सत्ताको अनुकूल हुन बाध्य बनाइदिएको छ । यही क्रममा **दिल्लीका सञ्चारगृहहरूले नेपालमा चीनको प्रभावबारे यस्तो भय सिर्जना गरिदिएका छन्, अधिकांश भारतीय सामान्यजनले काठमाडौँ चीनसँग बिकिसकेको दृढ विश्वास पाल्छन् ।** सन्

२०१६ मा काठमाडौँ र बेइजिङबीच व्यापार, पारवहन, प्रसारण लाइन आदिबारे भएका सम्झौताहरू एउटा सार्वभौम देश आफैले निर्णय गर्ने अधिकार त हुँदै हो, त्यसभन्दा पर सन् २०१५ को भारतीय नाकाबन्दीका कारण त्यो सहज भएको हो भन्ने सङ्कथन भारतमा पाइँदैन ।

नेपालबाट भारतीय भूभागमा तेस्रो मुलुकबाट घुसपैठ भएको कथा रच्न **वर्षौंदेखि 'एजेन्सीहरू' ले पत्रकारलाई प्रयोग गर्ने गरेका छन् ।** अधिकांश झूट ठहरिए पनि त्यस्ता कहानीलाई दक्षिणका मिडियाहरूले निकै रुचिका साथ फैलाउने गर्छन् । नेपाल मामिलामा कतिसम्म सम्पादकीय छूट दिने गरिन्छ भन्ने उदाहरण हो, संविधान निर्माण ताका 'हिन्दूस्तान टाइम्स'मा प्रकाशित आफ्नै पत्रकारको लेखमा काठमाडौँलाई घुँडा टेकाउन दिल्लीले आफ्नो मातहतका 'गोप्य र खुला माध्यम' दुवै अपनाउनपर्ने दिइएको सल्लाह । **'निर्णायक क्षणमा निष्क्रिय रहने हो भने (भारत) क्षेत्रीय शक्ति हुनुको केही अर्थ छैन,'** लेखमा भनिएको थियो ।

केही अनलाइन मिडियाले क्षेत्रीय भूराजनीतिको मामिलामा 'सरकारको सुगा' बन्न अस्वीकार गर्ने गरेको देखिन्छ, तर ती पर्याप्त छैनन् । पत्रकार र विश्लेषकबाट अन्धसमर्थन माग्ने गरेका भारतीय सत्ताधिकारीको दृष्टि धमिलिएको छ जसले गर्दा उनीहरूले नेपाली धारणाको फैलावट र गहिराइ बुझ्न सकेका छैनन् । नयाँ दिल्लीका थिंक ट्यांक र कन्क्लेभहरूलाई स्वतन्त्र चिन्तन गर्ने काठमाडौँका स्वतन्त्र टिप्पणीकार समेट्ने फुर्सद छैन । काठमाडौँमा नाम र पहिचान नै नभएका व्यक्ति र संस्थाहरूलाई पछिल्लो समय साउथ ब्लकले संरक्षण दिएको देखिन्छ ।

नेपालबारे प्रसारण हुने भारतीय स्याटेलाइट च्यानलको खबर र कार्यक्रमको पूर्वाग्रह पत्याउन गाह्रो छ । जस्तै– २०७२ वैशाखको भूकम्प लगत्तै भारतीय पत्रकारको मुख्य चासो नै उद्धारमा भारतले गरेको सहयोगको महिमा गाउनु थियो । संविधान निर्माणमा भारतीय आदेश बेवास्ता गरेको नेपालमाथि लगाइएको नाकाबन्दीको मात्रा दोब्बर गरिदिनुपर्छ भनेर नेपालका लागि एक भारतीय पूर्व राजदूतले टेलिभिजनमा कड्किएको बिर्सन गाह्रो छ । जून–जुलाई २०२० मा भारतीय टीभी च्यानलहरूले चिनियाँ राजदूतको 'हनी ट्र्याप' मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली परेको प्रचार गरेको पनि देखियो । नयाँ दिल्लीका नीति निर्माणकर्ताले बुझेका होलान् या नहोलान्, यस्तो पूर्वाग्रही प्रस्तुतिले दुई देशको मित्रतालाई कुनै टेवा दिँदैन ।

हरेक वर्षायाममा **भारतीय नेता र टिप्पणीकारले बिहार र उत्तर प्रदेशमा बाढी 'पठाएको' भन्दै नेपालको निन्दा गर्नु सामान्य भइसकेको छ,** जसले उनीहरूमा भूगोल र नदीको बहावबारे कति कम जानकारी रहेछ भन्ने देखाउँछ । नेपालले बाढी आउने गरी बाँधको ढोका खोलेको आरोप लगाइन्छ, जबकि कोशी र गण्डक ब्यारेजको साँचो भारतीय सरकारी अधिकारीहरूसँग छ ।

## खुला सिमाना

नयाँ दिल्ली पक्कै पनि नेपालसँगको खुला सिमानाको जोखिम महसुस गर्छ । दक्षिणएशियामै विशिष्ट यो खुला सिमानालाई भारतको अत्यधिक जनसङ्ख्या भएको क्षेत्र मार्फत घुसपैठ गर्न तेस्रो देशले उपयोग गर्ला भन्ने डर छ उसलाई । त्यस्तै, नेपालको हिमाली क्षेत्रमा हुन सक्ने चिनियाँ गतिविधिबाट पनि नयाँ दिल्ली त्रस्त छ । सन् १९६२ को चीनसँगको युद्धमा भोगेको पराजय बिर्सन नसकेको भारतले नेपाललगायत हिमाली क्षेत्रमा हुने हरेक गतिविधिलाई भूरणनीतिक कोणबाट हेर्छ । तर, यी दुई कारणले नेपालमा भइरहेको भारतीय हस्तक्षेप जायज भन्न मिल्दैन ।



२०७९ फागुनमा भारतका विदेश सचिव विनयमोहन क्वात्रासँग प्रधानमन्त्री पुष्पकमल दाहाल । तस्बिर : पीएमओ नेपालको ट्वीटर पेज

एकातर्फ काठमाडौँले नयाँ दिल्लीलाई नपिरोल्ने गरी खुला सिमाना व्यवस्थापन गरिरहेछ । त्यस्तै, हरेक राजनीतिशास्त्रीलाई थाहा छ, आधुनिक युद्धको विकासले हिमालय क्षेत्रको संवेदनशीलताप्रति नयाँ दिल्लीको अत्यधिक चिन्ता अनावश्यक सावित गर्छ ।

जहाँसम्म खुला सिमानाको प्रसङ्ग छ, बिना भिसा ओहोरदोहोर गर्न पाउने व्यवस्थाका कारण सबैभन्दा प्रताडित भारतीयभन्दा नेपाली समाज हो । २०५२ सालमा संसदीय प्रजातन्त्रविरुद्ध हतियार उठाएका थुप्रै माओवादीले भारतमा तालीम लिए र दशकभरि नै उनीहरू भारत जाने, आउने गरिरहे । **द्वन्द्वकालमा धेरै हदसम्म भारतीय भूमि विद्रोहीका लागि आधार इलाका बन्यो ।** गाँसवास, सुरक्षित आवास, कमिसार र कमाण्डरहरूको भेला र सजिलैसँग

भाग्न सकिने मार्गका रूपमा भारतीय भूमि प्रयोग भएको भारतीय अधिकारी र माओवादीहरूको लेख-संस्मरणबाट थाहा हुन्छ ।

यसरी हेर्दा, खुला सिमानाको उपयोग गर्दै अनधिकृत घुसपैठको पीडित त भारत नभई नेपाल हो । द्वन्द्वकालका क्रममा नेपालस्थित भारतीय राजदूतलाई यो पङ्क्तिकारले 'माओवादीले भारतीय भूमि प्रयोग गरिरहेछन् नि' भनेर सोध्दा चलाखीका साथ जवाफ फर्काए, 'भारत यति ठूलो देश हो, कसैलाई फेला पार्ने आशै कसरी गर्न सकिन्छ ?'

खुला सिमाना नेपाल र भारतका नागरिकको प्रयोगका लागि मात्र रहेको र कुनै तेस्रो मुलुकका नागरिकका लागि होइन भन्नेमा द्विविधा छैन । यो मामिलामा भारतीय संस्थापनले काठमाडौँलाई सिमानाको दुरुपयोग रोक्न सहकार्य नगरेको आरोप लगाउन पनि सक्दैन । भविष्यको शान्तिपूर्ण दक्षिणएशियामा भारत-पाकिस्तान र भारत-बाङ्लादेश सिमाना यस्तै 'खुला' हुनुपर्छ भनेर नेपाल-भारत सिमाना उदाहरण बन्नुपर्छ । यही कारणले पनि नयाँ दिल्लीको संस्थापन पक्षले खुला सिमानालाई काठमाडौँमाथि अनावश्यक दबाब थोपर्ने विषय बनाउन हुँदैन ।

## "विश्वगुरू" अभिलाषा

भूराजनीतिक महत्त्व भएको र आज आएर विश्वकै सबैभन्दा धेरै जनसङ्ख्या भएको देश बनेको भारतलाई मोदी सत्ताले प्रस्तुत गरे जस्तो 'विश्वगुरु' बन्न आफ्नो अर्थतन्त्र धेरै गुणाले बढाउन आवश्यक छ । साथै, उसको यस्ता आकाङ्क्षालाई छिमेक मुलुकबाट समर्थन जुटाउन उसले पहिला त मित्रवत् सम्बन्ध कायम गर्न सक्नुपर्छ । त्यसका लागि पूर्व शर्त नै हो, **भारतले श्रीलंका, नेपाल र बाङ्लादेशका आन्तरिक मामिलामा हस्तक्षेप गर्न छोड्नुपर्छ ।** पाकिस्तानलाई त उसले शत्रु नभए पनि विरोधीको कित्तामा राखिरहेको छ ।

भारतको असुरक्षाभाव सन् १९४७ मा नयाँ राष्ट्र-राज्यका रूपमा स्थापित हुँदै गर्दा नेपालसँग गरेको व्यवहारबाट प्रमाणित हुन्छ, जबकि एक राष्ट्रका रूपमा नेपालको इतिहास सन् १७०० को मध्यदेखि नै शुरू हुन्छ जसले नेपाली समाजलाई एक खालको स्थायित्व दिएको छ । भारतले भने औपनिवेशिक केन्द्रीयताका संरचनालाई अङ्गीकार गरेको छ र नामले मात्रै सङ्घीय राज्य एकबद्ध राखिराख्न उग्रराष्ट्रवादको सहारा लिएको छ ।

त्यो राष्ट्रवादले अहिले हिन्दुत्वको खतरनाक खोल ओढेको छ, र जसरी पाकिस्तानलाई 'इस्लामिक' देश बनाइयो, भारतलाई हिन्दू राष्ट्रमा परिणत गर्ने कोसिस जारी छ । अर्कातर्फ काठमाडौँ-केन्द्रवाद र मूलधारमा नआएका समुदायको सीमान्तीकरण जस्ता आफ्नै ऐतिहासिक समस्याका बावजूद नेपालले नयाँ संविधान मार्फत दक्षिणएशियामै चलिरहेको बहिष्करणकारी शासनको विरोधी बाटो समाएको छ ।

## नेपालमा चीन



चिनियाँ राष्ट्रपति सी चिनफिङसँग हात मिलाउँदै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली । साथमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुन (दायाँ छेउ) र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना (बायाँ छेउ)। तस्बिर : ओआरएफ

...हालका लागि भने 'नेपालमा चीन' को उपस्थितिप्रति भारतको प्रतिक्रिया अति नै निम्न स्तरमा ओर्लिएको छ । जस्तै- **चिनियाँ लगानीकर्ता वा ठेकेदारले बनाएका जलविद्युत् परियोजनाबाट उत्पादित बिजुली किन्न उसले अस्वीकार गरेको छ, जसले गर्दा नेपालको यस क्षेत्रमा लगानी नै सङ्कटमा पर्ने देखिएको छ ।** त्यस्तै, चीनको एक्जिम ब्यांकबाट ऋण लिएर बनाएकै कारण पोखराको नयाँ विमानस्थलबाट भारततर्फ उडान गर्न नयाँ दिल्लीले दिएको छैन ।

चिनियाँ लगानीका जलविद्युत् परियोजनाका बिजुली नकिन्ने मात्र होइन, भारत नेपालका विद्युत् आयोजनामा चीनको संलग्नता पन्छाएर आफ्नो नियन्त्रण जमाउने रणनीतिमा बढिरहेको छ । यसकै उपज हो, भारतीय दबाब र प्रभावमा हाम्रा एकपछि अर्को विद्युत् परियोजना निर्माण दक्षिणका सरकारी तथा निजी कम्पनीहरूको पोल्टामा पर्नु ।

नेपालमाथि यस्तो हैकम देखाउने भारत आफैले भने चीनसँग ठूलो मात्रामा व्यापार गर्छ (सन् २०२१ मा चीनले भारतलाई अमेरिकी डलर ९१ अर्ब र भारतले चीनलाई २३ अर्ब डलर बराबरको सामग्री बेचेको थियो ।) **चीनसँग नेपालको सम्बन्धमा यसरी अवरोध ल्याउन खोज्नु साम्राज्यवादी चिन्तनकै निरन्तरता हो ।** भारतीय नेतृत्व वर्गले बुझ्न जरुरी छ, नेपाली राज्य कहिले पनि 'भारत

विरोधी' हुने गरी 'चीन पक्षधर' हुनेछैन । दुवैसँग मित्रवत् व्यवहार र सम्बन्ध राख्न पाउनु नेपाल र नेपालीको अधिकार हो ।

तिब्बतमा अस्थिरता सिर्जना गर्न नेपाली भूमि प्रयोग नहोस् भन्ने नै बेइजिङको नेपालप्रति रहेको मुख्य चासो हो । चीन यो मामिलामा थोरै पनि सम्झौता गर्न तयार छैन र यस कारण सिमाना क्षेत्र लगायत बृहत् नेपाली समाज, अर्थतन्त्र र संस्कृतिलाई असर परेको छ ।

## जासूसदेखि "आरएसएस" सम्म

नेपालमा हस्तक्षेप गर्नबाट दिल्लीले आफैलाई रोक्न नसकिरहेको देखिन्छ । जबकि, त्यो हस्तक्षेप पञ्चशीलको सिद्धान्त विपरीत मात्र छैन, त्यसले नेपालीजनमा भारतप्रति द्वेष सिर्जना पनि गरिरहेछ । र, स्वयं भारतको आर्थिक र भूरणनीतिक स्वार्थमा हानि पुऱ्याइरहेछ । मोदी युगमा आइपुग्दा नेहरूकालीन उपनिवेशवादी दृष्टिकोण अब 'अपरेशनल एक्टिभिज्म' मा परिणत भएको छ । काठमाडौँका गल्ली गल्लीमा जासूस परिचालित छन् । **सरकार निर्माणदेखि मध्यम तहका सरकारी अधिकारीहरूको सरुवाबढुवामा समेत दिल्ली सक्रिय छ ।** नेपाली राजनीतिलाई गिजोल्ने र लोकतान्त्रिक स्थिरता एवं आर्थिक वृद्धि रोक्ने गरी भइरहेको यो सहभागिताले क्षणिक रणनीतिक लाभ दिन सक्छ र नेपाल कमजोर हुँदा भारतलाई पनि हानि छ भन्नेमा नयाँ दिल्लीका जानकार मौन छन् ।

नयाँ दिल्लीको हस्तक्षेपकारी भूमिकामा उतारचढाव पनि नआउने गरेको होइन । नेपालका लागि सबैभन्दा सौम्य अवधि चाहिं सन् १९९७-९८ को आई.के. गुजराल नेतृत्वको सरकारले 'गुजराल डक्ट्रिन' लागू गर्दा ताका थियो । छिमेकी देशसँग व्यवहार गर्दा पारस्परिकताको खोजी नगर्ने सिद्धान्त थियो त्यो, जो सानालाई पोस्नेभन्दा पनि भारत आफ्नै दीर्घकालीन स्वार्थबाट प्रेरित थियो । आजको भारतले न गुजराललाई सम्झिन्छ न उनको सिद्धान्तलाई । अहिले त काठमाडौँमा रिसर्च एन्ड अनालिसिस विङ ('रअ') र इन्टिलिजेन्स ब्यूरो ('आईबी')का संयन्त्रहरू सक्रिय भएको समय हो । 'रअ' ले विदेशमा जासूसी गर्छ भने 'आईबी' ले देशभित्र, तर नेपाल यी दुवैको जञ्जालमा जेलिएको छ ।

विगतमा दुई देशको उच्चतम राजनीतिक तहबीच सम्पर्क हुन्थ्यो, र त्यो सम्बन्ध तुलनात्मक रूपमा पारदर्शी थियो । बैठकको रेकर्ड रहन्थ्यो, संयुक्त वक्तव्यहरू जारी हुन्थे, अन्तर्वार्ता र नेताहरूले एकअर्कालाई पठाएका चिठी प्रकाशित हुन्थे । यसको एक उदाहरण सन् १९५० को दशकमा नेहरू र कोइराला बन्धुहरूबीचको पत्राचार हो । तर, **मालिक-दास सम्बन्ध स्थापित गर्न नयाँ दिल्लीले अहिले अपारदर्शी 'एजेन्सी'हरू परिचालन गरेको छ, र यिनको काम अन्धकारमा हुन्छ, कुनै कागजी रेकर्ड रहँदैन ।**

कतिपय अवस्थामा भारतीय हस्तक्षेपबारे काठमाडौँमा बढाइचढाइ पनि हुने गरेको बिर्सनु हुँदैन । काठमाडौँका राजनीतिक खेलाडीले आफूलाई यसको शिकारका रूपमा देखाएर आफ्नो अक्षमता लुकाउन पाउनु हुँदैन ।

वास्तविकता के हो भने, नयाँ दिल्लीले नेपालको सन्दर्भमा आफ्नो गुप्तचरलाई कूटनीतिज्ञको तहमा पुऱ्याएको छ । २०७७ कात्तिक ६ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई दबाब दिनकै लागि प्रधानमन्त्री मोदीले 'रअ' का प्रमुख सामन्त गोयललाई सार्वजनिक रूपमै पठाउनेसम्मको काम गरे, औपचारिक 'विशेष दूत' बनाएर । नेपाललाई दबाब दिएकोमा भारतीय प्रधानमन्त्री मोदीको आलोचना गर्नुको साटो काठमाडौँको मिडिया र विचार निर्माताले यो प्रसङ्गलाई ओलीको निन्दा गर्ने अवसरका रूपमा लिए ।

**माओवादीहरू खुला राजनीतिमा आएसँगै भारतीय गुप्त एजेन्टहरूको सक्रियता देखिने गरी बढेको यथार्थ हो ।** विश्वसनीय स्रोत त भारतका नेपालविज्ञ एसडी मुनी नै हुन् । 'नेपाल इन ट्रान्जिसन : फ्रम पिपल्स वार टु फ्रेजाइल पीस' (२०१२) पुस्तकको एक अध्यायमा मुनीले माओवादी विद्रोह चरम भएको, सन् २००२ को जूनमा माओवादी नेताहरू पुष्पकमल दाहाल र बाबुराम भट्टराईले तत्कालीन भारतीय प्रधानमन्त्री अटलबिहारी वाजपेयीलाई '**भारतको महत्त्वपूर्ण चासोलाई कुनै घात नगर्ने'** वाचा गर्दै आफूलाई भारतमा बस्न र आवतजावत गर्न सजिलो पारिदिन बिन्तीपत्र लेखेको उल्लेख गरेका छन् । मुनी आफै भट्टराई निकट पात्र भएकाले उनको कथन विश्वसनीय छ, र यसबारे माओवादी नेताद्वयबाट खण्डन आएको पनि छैन ।


उक्त बिन्तीपत्रको प्रतिक्रियामा भारतका तत्कालीन राष्ट्रिय सुरक्षा सल्लाहकार ब्रजेश मिश्रले माओवादी नेताद्वयलाई 'आईबी' र 'रअ' सँग सम्पर्क गर्न भने । दुवै नेताले दुवै जासूसी संस्थासँग सम्पर्क गरेर त्यही वाचा लिखित रूपमा दोहोऱ्याएको मुनीले लेखेका छन् । भारतीय प्रधानमन्त्री कार्यालय, 'आईबी' र 'रअ' अन्ततः 'भारतमा माओवादी गतिविधिमाथिको गुप्तचरी र अवरोध खुकुलो पार्ने' निर्णयमा पुगे ।

पछि, **भारतले ज्ञानेन्द्रको प्रतिगमनविरुद्ध आन्दोलनरत नेपालका राजनीतिक दलहरू तथा**

**जङ्गलमा रहेका माओवादीबीच दिल्लीमा वार्ता गराउने भूमिका खेल्यो।** उता, दोस्रो जनआन्दोलनले गति पायो, र ज्ञानेन्द्र शासनबाट हटाइए। यससँगै माओवादीहरू खुला राजनीतिमा आए र माओवादी शीर्ष नेताको 'व्यवस्थापन' गर्ने भारतीय गुप्तचर काठमाडौँमा प्रभावशाली खेलाडी बन्न पुगे, जसले त्यसपछिका भारतीय राजदूतलाई समेत छायामा पार्दै गए। परिणाम, सक्षम कूटनीति र खुला राजनीतिक सम्पर्कमा आधारित द्विपक्षीय सम्बन्धको क्षयीकरण हुन थाल्यो।

विदेशमन्त्री एस. जयशंकरको नेतृत्वमा रहेको वर्तमान भारतीय परराष्ट्र सेवा अहिले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित कुमार डोभलले तयार पारेको नीति प्रचार गर्ने सन्देश प्रवाहक मात्र भएको छ। नेपालमा 'एजेन्सीहरू' प्रतिको निर्भरता पनि यसैको परिणाम हो। 'नेपालमा भारत' लाई जनाउने केही संक्षेपीकृत शब्द छन्– 'पीएमओ', 'रअ', 'आईबी', 'एमएचए', 'एमइए' र 'एनएसए'। अर्थात् प्रधानमन्त्री कार्यालय, बाह्य गुप्तचर, आन्तरिक गुप्तचर, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र आन्तरिक सुरक्षा सल्लाहकार। यीमध्ये 'एनएसए' ले सबै क्रियाकलापको निर्देशन गर्दै आएको देखिन्छ। भारतको आफ्नै हित र विश्वमञ्चको खेलाडी बन्ने उसको सपना पूरा गर्न भारतीय कूटनीति जोगाउने हो भने काठमाडौँ विरुद्ध भइरहेको 'एजेन्सीहरू' को दुरुपयोगको मूल्याङ्कन गरिनुपर्छ।

गत केही वर्षयता **नेपालमाथि हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने अर्को संस्था छः 'आरएसएस' अर्थात् राष्ट्रिय स्वयंसेवक सङ्घ।** आरएसएसले नेपालमा आफ्नो क्रियाकलाप रफ्तारमा लगेको छ, तीन मुख्य पदाधिकारीलाई नेपालमै खटाएर। संस्थाको 'प्रचारक' चारतले भवन गौरीघाट, काठमाडौँबाट देशभरिका समूहहरूलाई सञ्चालन गरिन्छ र भारत सन् २०२४ को निर्वाचनलाई लक्षित गर्दै नेपालमा हिन्दूत्व (राजनीतिक हिन्दूवादीको 'आइडियोलोजी') को जरा गाड्ने चेष्टा छ। यसमा पूर्व राजा ज्ञानेन्द्र शाहको पनि चासो देखिन्छ, नेपालमा दक्षिणी अतिवादी राजनीतिक शक्तिको आडमा अस्थिरताको मलजल गरेर गुमेको सिंहासन पुनःप्राप्ति गर्ने।



२०७८ भदौमा विजय चौथाइवालेलाई राखी बाँधिदिँदै सांसद एवं तत्कालीन प्रमपत्नी आरजु राणा।

## "कम्फर्टेबल" सरकार

दक्षिणी औपनिवेशिकतासामु नेपालको राजनीतिक वर्गले आफूलाई सगर्व प्रस्तुत गर्न सकेको देखिँदैन। त्यसका केही कारण छन्। यो राजनीतिक वर्गले आफन्तलाई छात्रवृत्तिदेखि चुनाव लड्ने पैसासम्मको र व्यक्तिगत–राजनीतिक सुरक्षा भारतीय 'मालिकहरू' बाट खोज्छन्। शेरबहादुर देउवापत्नी एवं सांसद आरजु देउवाले मोदीसँग पहुँच भएकै अनुमानमा भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवालेसँग नजिकिनकै लागि राखी बाँधिदिएबाट यो प्रवृत्ति पुष्टि हुन्छ।

अधिकांश नेपाली नेता अवसरवादी छन्। **सरकार बाहिर रहँदा क्रान्तिकारी देखिन भारत विरोधी बन्छन्, सत्तामा पुग्नासाथ नयाँ दिल्लीको इशारामा चल्छन्।** हालैका दिनमा के परिवर्तन देखिन्छ भने सालाखाला पूरै राजनीतिक वृत्तलाई नयाँ दिल्लीले 'न्यूट्रलाइज' गरेको छ। त्यसैले त नेपालको अर्थ–राजनीति भारतको कब्जामा परिरहँदा पनि नयाँ दिल्लीलाई चुनौती दिने भावना काठमाडौँमा व्यक्त भइरहेको छैन।

२०७७ फागुनमा प्राइम टिभीको एक कार्यक्रममा तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारलाई चुनौती दिँदै **माओवादी अध्यक्ष दाहालले अब छिमेकी देशलाई सहज हुने 'कम्फर्टेबल गभर्मेन्ट' बनाउनुपर्ने धारणा राखेका थिए।** नेकपा (एमाले)लाई हटाएर नेपाली काङ्ग्रेस, जनता समाजवादी पार्टी र माओवादी केन्द्रसहितको सरकार बनाउनुपर्ने सुझाव थियो उनको। नयाँ दिल्लीस्थित भाजपाको मुख्यालयमा पार्टी प्रमुख जेपी नड्डाले दाहालको त्यो निष्ठा प्रदर्शनको पुरस्कार दिए, रातो कार्पेटमा स्वागत गरेर। र, आज नेपालमा त्यो 'कम्फर्टेबल' सरकारको शासन छ। प्रधानमन्त्रीमा भारतको रोजाइ अस्थिर दाहालभन्दा भरपर्दा देउवा ठानिए पनि पछिल्लो समय दाहालको अतिशय लचकताका कारण उनको समर्थन गर्न इच्छुक देखियो।

तेस्रो पटक प्रधानमन्त्री भएपछि २०७९ पुसमा दाहालले पहिलो अन्तर्वार्ता नेपाली समाचार संस्थालाई नभई भारतीय च्यानल एबीपीलाई दिए। नयाँ दिल्ली रुष्ट नहोस् भनेरै बोआओ फोरम सम्मेलनमा सम्बोधन गर्ने निम्तो बेइजिङबाट आउँदा पनि उनी गएनन्, बरु भारतकै निम्ता कुर्दै बसे। **भारतीयको खप्नै नसक्ने दबाबकै कारण आफू ओलीसँगको सम्बन्ध तोडेर देउवासँग गएको दाहालले आफ्ना निकटस्थसँग बताएका छन्।** बीपी कोइरालाको समयको उचाइ पुष्पकमल दाहालसम्म आइपुग्दा जुन हदमा खस्किएको छ त्यसले दिल्लीसामु काठमाडौँको स्वाभिमानमा भएको क्षय बताउँछ।

काठमाडौँका कमजोर नेताहरूको लहरमा एमालेका केपी ओली भने अपवाद हुन्। जबकि, यति भन्न पनि 'ट्रोलिङ' सामना गर्नुपर्ने अवस्था सिर्जना भएको छ राष्ट्रिय सङ्कथनमा, यस्तो अवस्था जहाँ पुष्पकमल वा शेरबहादुरको आलोचना मात्र गर्दा पनि ओलीको समर्थनमा बोलेको बुझिनाले सबै चूप बस्न रुचाउँछन्। आफ्ना लामा भाषण र छुच्चो मुखका बावजूद ओलीले दिल्लीलाई चुनौती दिने हिम्मत गरे। त्यो चुनौती यति कडा थियो, भारतीयहरू उनलाई सरकारबाट हटाउन र राजनीतिबाटै पन्छाउन लागिपरे– एउटामा सफल भए, दोस्रोमा भएनन्।

सरकारमा रहँदा ओलीले भारतीय नाकाबन्दी विरुद्ध उभिने आँट देखाए, जसमा जनताको निर्धक्क साथ पाए।... त्यसपछिका वर्षहरूमा लिम्पियाधुरा–कालापानी–लिपुलेक क्षेत्र समेटेको नेपालको चुच्चे नक्सालाई आधिकारिकता दिन संसद्को नेतृत्व गरेर ओलीले विभिन्न तरीकाले नरेन्द्र मोदीलाई चुनौती दिए।

## गर्नुपर्ने र गर्नै नहुने काम

आज नेपालका लागि खतरनाक समय हो। जवाहरलालदेखि लालबहादुर शास्त्री र इन्दिरा गान्धी, मनमोहन सिंह र अटलविहारी वाजपेयीको समय होइन यो। धेरथोर सबैले एउटा मर्यादा राखेकै थिए नेपालको सन्दर्भमा। तर, नरेन्द्र मोदी र अमित शाहको राजमा भारतभित्र आफ्नो हैकम कायम राख्न भारत बाहिर पनि जस्तोसुकै खेल खेल्न सक्छन्, र नेपाल सबैभन्दा सजिलो र कमजोर भएकाले यसलाई हिन्दूत्वको यात्रामा 'प्रयोग' गर्न सकिन्छ।

राष्ट्रिय होस् वा अन्तर्राष्ट्रिय विषय, अहिले भाजपाका नेताहरूले २०२४ को आमनिर्वाचनको कोणबाट हेरिरहेका छन्। नेपालले आफ्नो अजेन्डामा सघाउने गरी जे जे सकिन्छ त्यो व्यवस्था गर्न भाजपाले काठमाडौँका नीतिनिर्मातालाई तयार पार्दै गएको छ। अरू थुप्रै योजनाका साथै विभिन्न रूपमा हिन्दूत्वको प्रसारको प्रयास शुरू भइसकेको छ। त्यसका लागि नेपालको राष्ट्रिय स्वयंसेवक सङ्घ र त्यसका शाखाहरू तम्तयार छन्। संविधानलाई घाइते बनाउने योजना देखिन्छ, धर्मनिरपेक्षतालाई हटाउने खेल हुन सक्छ। पहाड र मधेशबीच फेरि एक पटक विभाजन सिर्जना गरिन सक्छ। भारतीय जनतालाई आन्दोलित गराउन चीनको हौवा पिटिन सक्छ।

दिल्लीले हरेक कदममा काठमाडौँलाई होच्याउने चेष्टा छाडिदिनुपर्छ। साथै, मधेशी जनता र नेतृत्वलाई आफ्नै खटनपटनमा लाग्ने जमात मान्ने धारणा त्याग्नुपर्छ। काठमाडौँकेन्द्रित राज्यमा ऐतिहासिक रूपमा दोस्रो दर्जाका नागरिक बनाइएर प्रताडित हुनुपरेकोमा मधेशी समुदायको आक्रोश जायज छ। तर, यसको अर्थ उनीहरू कुनै पनि हिसाबले नेपाल बाहिर आफ्नो वर्तमान र भविष्य रोज्छन् भन्ने गलत धारणा त्याग्नुपर्छ। नयाँ संविधानमा एकढिक्का भएको परिप्रेक्ष्यमा मधेशी समुदायले सीमापारको सांस्कृतिक र पारिवारिक सम्बन्धहरू कायम राख्दै नेपालभित्र समान–नागरिकताका लागि सम्भावनाको खोजी थालिसकेका छन्।

वार्ता मार्फत नभई दबाब दिएर 'चुच्चे नक्सा' उल्टाउने भारतीय प्रयत्न सफल हुने देखिँदैन। न त आफ्नो कानूनमा उस्तै अधिकार नदिई भारतबाट नेपालमा बिहे भएर आउने महिलाले तत्कालै नागरिकता पाउने विधेयक पारित गर्न दबाब नै उचित छ। यो प्रस्तावित प्रावधानलाई भारत नयाँ संविधानमै उल्लेख गराउन चाहन्थ्यो।

'कम्फर्टेबल' देउवा–दाहाल सरकारको उपयोग गरेर नेपालको भूराजनीतिक स्वायत्ततालाई समेत प्रभाव पार्ने गरी यहाँका सबै ठूला जलविद्युत् परियोजना कब्जा गर्ने उसको प्रयासले काठमाडौँमा असन्तोष बढाइरहेछ भन्ने दिल्लीले बिर्सन हुँदैन। गङ्गा नदीका मुख्य सहायक नदीहरू गण्डकी, कोशी र कर्णालीमा ठूला बाँध बाँधेर आफ्ना शहर र कृषि प्रयोजनलाई पानी पुऱ्याउने लक्ष्य राखिएको 'रिभर लिंकिङ' परियोजनालाई भारतीय टेक्नोक्र्याटहरूले खूब जोड दिने गरेका छन्। दबाबका साथ नेपालको पानीमाथि नियन्त्रण गर्नु खोज्नु साटो दिल्लीले भूगोल, भूकम्पको जोखिम, बाढीका साथै गङ्गा मैदानको उर्वराबारे पनि ध्यान दिन जरुरी छ।

द्विपक्षीय मामिलामा 'गर्नै नहुने' धेरै कुरा छन्। तर, त्योभन्दा पनि पहिला 'गर्नैपर्ने' काम हो– नेपाल–भारत सम्बन्धबारे प्रबुद्ध व्यक्ति समूह ('ईपीजी')को प्रतिवेदन बुझ्ने

र सार्वजनिक गर्ने । सन् २०१६ मा उक्त समूह बनाउने निर्णय गरिएको थियो, र सन् २०१७ मा प्रम नरेन्द्र मोदी र प्रम केपी ओलीले छनोट गरेका दुवै देशका चार–चार जना बौद्धिक र नागरिक अगुवा समेटेर त्यो समूह निर्माण भएको थियो । धेरै बैठकपछि सन् २०१८ मा उक्त समूह भविष्यमा नेपाल–भारत सम्बन्ध कस्तो हुने भन्ने दिशानिर्देश गर्ने उक्त प्रतिवेदनमा सहमत भयो ।

उक्त प्रतिवेदन पहिले भारतीय प्रधानमन्त्रीलाई र त्यसपछि नेपालका प्रधानमन्त्रीलाई बुझाउनेमा प्रबुद्ध समूहका सबै सदस्य सहमत थिए । आश्चर्यजनक ढङ्गले आधा दशकदेखि मोदीको कार्यालयले सिङ्गो 'ईपीजी' को प्रक्रियालाई पाखा लगाउँदै आएको छ, प्रधानमन्त्रीको 'व्यस्तता' देखाउँदै । परस्पर विश्वासमा भएको यो सिङ्गो प्रक्रियालाई भारतीय पक्षले बेवास्ता गरिरहेको छ । कतिसम्म भने भारतीय परराष्ट्र मन्त्रालयका एक अधिकारीले दुवै देशको शीर्ष तहबाटै गठन गरिएको 'ईपीजी' लाई 'स्वतन्त्र व्यक्तिहरू' को समूह समेत भन्ने आँट गरे । निर्णय प्रक्रियामा आफू सहभागी भई आफ्नै छनोटको प्रबुद्ध समूहको प्रतिवेदनलाई हेला गर्दा नरेन्द्र मोदीको 'पीएमओ' को नैतिकतामै प्रश्न उठ्छ ।

भारतीय शासकहरूको यस्तो मिचाहा व्यवहारका सामु आत्मसमर्पण गर्नुको साटो 'ईपीजी' मा संलग्न भारतका तीन सदस्यले (एक जनाको निधन भइसकेको छ) भारतीय प्रधानमन्त्रीलाई आफ्नो प्रतिवेदन बुझ्न दबाब दिन सक्नुपर्छ । नेपाली सदस्यले पनि यहाँका प्रधानमन्त्रीलाई एकपक्षीय रूपमा भए पनि प्रतिवेदन बुझाउनुपर्छ । के भारत त्यति कमजोर छ कि आफ्नै छनोटका विज्ञ समेतले तयार पारेको प्रतिवेदन हेर्नै तर्सिन्छ ? के नेपाल त्यस्तो कमजोर छ कि भारतले टेरपुच्छर नलगाए ऊ आफैले पनि प्रतिवेदन सार्वजनिक गर्न नसकोस् ?

## "चाकरी" र "बाध्यता"

नेपाललाई आफूसँग सम्झौता गरेका नेताहरू सहितको एउटा संरक्षित राज्य बनाउने प्रयास गरिरहेछ नयाँ दिल्ली सत्ताले । आखिर ऊ नेपालबाट के चाहन्छ ? जति जति नेपालमा लोकतन्त्रले जरा गाड्दै जान्छ उति नै नयाँ दिल्ली छिटो हावी हुन खोजेको देखिन्छ । **नेपाली सामाजिक मनोविज्ञानमा घुसपैठ गर्ने र प्रभाव पार्ने नियमित प्रयास जारी छ ।** त्यसका लागि काठमाडौंको कुनै एउटा अङ्ग्रेजी भाषाको दैनिक पत्रिकालाई 'स्टार्ट अप' गर्ने नयाँ दिल्लीका चासोबारे चर्चा गर्ने थिंक ट्यांकको विकासलाई टेवा दिने काम भइरहेछ ।

आफ्ना भूरणनीतिक स्वार्थ पूरा गर्न नयाँ दिल्लीले काठमाडौंले उपलब्ध गराइदिएका छिद्र उपयोग गर्छ नै । यहाँ भने **कतिपय कमजोर नेता मुख्य भूमिकामा छन्, तिनलाई न देशको विगतप्रति कुनै गर्व छ न भविष्यप्रति कुनै परवाह ।** ती आफ्ना ससाना स्वार्थ पूरा गर्न लैनचौर धाउँछन् भने भारतबाट आउने क्वात्रादेखि चौथाइवालेसम्म जोकसैलाई भेट्न लामबद्ध हुन्छन् । शक्तिसामु लम्पसार पर्ने यस्तो प्रवृत्तिलाई व्यक्त गर्ने सटीक शब्द हो, चाकरी ।

२०७८ साउन १५ मा भारतको सशस्त्र सीमा बलले तुइन काटिदिँदा महाकाली तर्दै गरेका जयसिंह धामी नदीमा बेपत्ता भएको दु:खद घटनामा शेरबहादुर देउवा नेतृत्वको सरकार मौन बस्यो । हाम्रा नेताहरू भारतसामु कतिसम्म लाचार छन् भन्ने दृष्टान्त हो यो ।

२०७८ चैतमा दिल्ली भ्रमणमा जाँदा तत्कालीन प्रम देउवाले भारतीय प्रम मोदी समक्ष भर्खरै उद्घाटन भएको लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउन नजिकैको भारतीय आकाशबाट हवाई प्रवेशमार्ग उपलब्ध गराउन माग गरेको देखिएन, जबकि प्रम मोदी केही सातापछि त्यहीँ लुम्बिनी आउने योजना थियो ।

अति महत्त्वाकाङ्क्षी र भ्रष्ट पूर्व प्रशासक लोकमानसिंह कार्कीलाई २०६९ चैतमा **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखमा नियुक्त गराउनु भारतीय संयन्त्रले गरेको सबैभन्दा निकृष्ट काममध्ये एक थियो ।** पाकिस्तानको न्याशनल अकाउन्टिबिलिटी ब्यूरो (एनएबी) र भारतकै सेन्ट्रल ब्यूरो अफ इन्भेस्टिगेशन (सीबीआई)कै सिको गर्दै नेपालको अख्तियारलाई पनि स्वतन्त्र चिन्तक, राजनीतिज्ञ, कर्मचारी र अभियन्ताहरूलाई भ्रष्टाचारको आरोप लगाउँदै नियन्त्रण गर्ने अभ्यास थियो त्यो । लोकमानको नियुक्ति ताका काठमाडौंको राजनीतिक वर्गले नयाँ दिल्लीको दबाब थेग्न नसकेकै हो ।

तत्कालीन राष्ट्रपति रामवरण यादवले नागरिक अगुवाहरूलाई अघिल्लो साँझसम्म कार्कीलाई शपथ कदापि खुवाउँदिनँ भनेका थिए, 'बाध्यतावश' भन्दै भारतसामु झुके र भोलिपल्टै बिहान ८ बजे कार्कीलाई नियुक्त गरे । जब जब भारतीय दबाबसामु नेपाली नेताहरू झुक्छन् तब तब 'बाध्यता' भन्दै आफ्नो राष्ट्रद्वेषी चरित्र प्रस्ट पार्छन् । हरेक कोणबाट हेर्दा नरेन्द्र मोदीको सत्ता नेपाली राजनीतिक नेतृत्वको मनोबलमा धक्का दिँदै, भारत–नेपाल सम्बन्धलाई होचो बनाई 'न्यू नर्मल' को अवस्थामा गिराउँदै छ । मिडिया र विचारकलाई कमजोर पार्दै या आफ्नो पार्दै नयाँ दिल्ली

नेपालमा आफू अनुकूल भाष्य निर्माण गर्न तल्लीन छ ।

## नेपाल नेपाल नै रहनेछ

नेपालका गरीबहरू मात्र श्रम गर्न भारत जाँदैनन्, भारतका गरीब पनि श्रम बेच्न यता आउँछन् । नेपालको पूर्व-पश्चिम सिमानासँग जोडिएको भारतको गङ्गा मैदान संसारकै विपन्नको थलो हो । भारतको पूर्वाञ्चल, पश्चिम बङ्गाल, बिहार, झारखण्ड र ओडिसाबाट विपन्नहरू काम खोज्दै नेपाल आउँछन् ।

भारतका विचार निर्मातालाई भन्नुपरेको छ, नेपालमा भारतीय हस्तक्षेपलाई बढावा दिनुको साटो तिनले हिन्दीभाषीको बाहुल्य भएको आफ्नै भूभागमा बढिरहेको गरीबीलाई ध्यान दिऊन् । नेपालमा स्थिरता र समृद्धिबिना सिमाना निकट त्यो गरीबीको सम्बोधन सम्भव छैन । नेपालमा भारतले गरिरहेको हस्तक्षेपलाई आफ्नै सीमाञ्चलका जनताप्रतिको घृणाका रूपमा पनि व्याख्या गर्न सकिन्छ । नयाँ दिल्लीको नेपालमाथिको रवैया उपनिवेशकालको निरन्तरता हो, जहाँ भारतीय शासकले आफ्नो केन्द्रीकृत शासन टिकाउन सीमाञ्चलको हेला गर्छन् ।

नेपाललाई आफ्नो निर्णय गर्न स्वतन्त्र छोडे मात्रै भारत राज्यप्रति यो देश र यहाँका जनतामा रहेको स्वाभाविक लगाव फर्कनेछ । नेपालमा प्रभाव पार्ने वर्षौंको प्रयास र त्यसले यहाँ सिर्जना गर्दै गरेको आक्रोशबाट सिकेर दिल्लीले आफ्ना गुप्तचरहरू र हिन्दुत्व 'प्रचारक' फिर्ता लगेर द्विपक्षीय सम्बन्धलाई कूटनीतिक, राजनीतिक र जनस्तरमै चलायमान हुन दिनुपर्छ ।

नेपाल खुला सिमानासहितको र भारतसँग भ्रातृत्व भएको एउटा अलग देश हो भन्ने तथ्य ध्यानमा राखेर नयाँ दिल्ली सत्ता सञ्चालकले नेपालसँग शान्त-सुमधुर सम्बन्ध कायम गर्नुपर्छ । उनीहरूले बुझ्नुपर्छ, नेपाल कहिल्यै पनि भारत विरोधी हुन सक्दैन । नेपाल सधैँ नेपाल नै हुनेछ ।

(यो लेख भारतको अङ्ग्रेजी खबर पोर्टल 'द वायर'मा दुई अंश गरी अप्रिल २० र २१ मा प्रकाशित लेखको विस्तारित प्रस्तुति हो ।)


**हिमालखबर, ११ जेठ, २०८०** बाट, केही संक्षेपमा



(कार्टुन इन्टरनेटबाट)

# बासिबियाँलो





बायाँ चित्रमा १० ओटा र दायाँ चित्रमा ५ ओटा फरक पत्ता लगाई रङ्गाउनुहोस् ।

# ख्याल: विकसित कला व च्वन्ह्या:गु सभ्यताया चिं



माणिकलाल श्रेष्ठ

नेपाली जनताया खास याना: नेपालया नेवा: जातिया जनताया छगू तस्सकं ताहाक:ग् परम्पराया रुपय् न्ह्याना च्वंगु ख्याल: छगू तस्सकं अध्ययन पाये बहगु परम्पराया रुपय् भ्रीगू न्ह्योने दु। मेमेगु नख: चख: थें गुनिपुन्हि निसें छवा: चाचू न्हि तक न्ह्याइगु थ्व ख्याल: आ: भ्रीगु न्होने छगू नख: वा छुं धार्मिक चाड थें खने दये फु, तर बांलाक वाला स्व:सा साया: धार्मिक पर्व ख:सां ख्याल: साया: नापं सम्बन्धित मखु, छगू मुक्कं सांस्कृतिक गतिविधि ख:। साया: व ख्याल: छगू हे इलय् ला: व:गु जक ख:, ख्याल: साहित्य व कलाया छगू सिर्जनात्मक पक्ष, आम जनतां हे ब्वति काइगु जनकला ख:।

ख्याल: गुवलेसंनिसें पिदन, गुकथं विकसित जुया ववं थौंया स्थितिइ थ्यन धयागु खें जा गम्भीर ऐतिहासिक अनुसन्धान याये मानिगु खँ ख:। थ्व ज्या सरकारया पाखें प्रोत्साहन व फुगु चा:गु तक साधनया ग्वाहालि प्राप्त जुइगु स्थितिइ थ्व विषययात लाज्या मयासे अनुसन्धानयात हे थ:गु मू अभिभारा ताइपिं मनूतय् म्हंम्हंया कुत: जक मखु थ्वलं हे जाना: यायेगु अनुसन्धानं यक्व महत्त्वगु खँ पिहां वइ तिनि। थ्व लेख ख्याल:या रूप स्वयेबलय् तुरन्त सिदइगु छता निता खँ जक कया: ख्याल: सम्बन्धी विवेचना याये त्यनागु ख:।

ख्याल: कलाया छगू विकसित अङ्ग ख:। ख्याल: कला वा ख्यालं: साहित्यया छता न्ह्यथने वहगु खँ दु। विश्वया ततस्सकं ताहाक:गु सभ्यताया इतिहास दुगु जाति वा राष्ट्रतय् जक ख्याल: विकसित जूगु खने दु। भ्रीगु देशया ख्याल: थें वा छं भति जोला:गु रचना प्राचीन ग्रीसया सभ्य जनताया नं दु, चीनय् निदो दँसिक न्ह्यो हे ख्याल:या विकास जुइ धुंकूगु खने दु। अथे हे एशियाया दकलय् तताहाक:गु सभ्यताया इतिहास दुगु कम्बोदिया, कोरिया आदि राष्ट्र व जातितय् नं ख्याल: थें जोगु हे साहित्यया विकास जूगु दु धयागु न्यने दु।

ख्याल:या महत्व दुगु कारण पुलांगु वा ताहाक: परम्परा दुगु साहित्य जूगुलिं जक मखु, थ्व साहित्य वा कला सम्पूर्ण जनतां ब्वति का:गु वा नाला का:गु साहित्य ख:। छम्ह् 'विद्वान्' तय्सं जक थुइगु, छम्ह् मनूखं जक आनन्द काइगु **'विद्वतां जा:गु साहित्य'** वा समाजया च्वय्या छगू वर्गया छम्ह् मनूतय्त न्ह्याइपुकेगु साधन कथं छ्यलीगु सामन्ती साहित्य कला व पूंजीवादी साहित्य कला नं थ्व मखु। आम जनताया मनोरञ्जनया साधन, आम जनतां स्वइगु, अभ्र थुकिया सिर्जना यायेत तकनं आम जनतां ल्हा तइगु जन साहित्य व जन कलाया रुपय् ख्याल:या विकास जूगु ख:। ख:जा भ्रीसं भ्रीगु ख्याल: साहित्ययनं अश्लिल खँ, यौनया ख्या: आपा हे दुथ्या:गु खना। थुकिया कारण प्राचीन जनतन्त्र कालय् स्वस्थ्य रूपं थहाँ व:गु ख्याल: साहित्य लिपा भ्रीथाय् सामन्ती शासन व्यवस्था च्वनेव ख्याल: नं सामन्तते मनोरञ्जनया साधन जूवंगुलिं ख:। द्वलंद्व: दँ तक सामन्ती व्यवस्था च्वंगुलिं हे नेपालया लोक म्येय् अश्लिल यौन दुथ्या: थें तुं ख्याल: नं थ्व प्रभावं अलग च्वने मफुत।

दकलय् ला पारिवारिक सामन्ती सैनिक तानाशाहीया शासनकालं भ्रीगु मेमेगु लोक-साहित्य व लोक-संस्कृति ह्रास जूथें तुं ख्याल: साहित्यया नं स्तर कुतुं वंगु ख:।

ख्याल: साहित्यय् दुथ्या:गु विकृतियात चिइका: थुकिया मूल रूप विचा: याना स्वयेबलय् **ख्याल: छगू राजनैतिक जनतान्त्रिक गतिविधि** ख:। समाजय् दुने च्वंगु छुं विकार, कुरीति, मभिं, मनिं खँ वा समाजया उत्तरदायी पक्षय् च्वंपि व्यक्तिया द्वं, अभिमान, अत्याचार बांलाक वाला: माला स्वयेगु व उकियात कलात्मक ढंग क्यना:, नापं मनोरञ्जन नं बिइगु व कायेगु सम्पूर्ण जनतां ब्वति काइगु साहित्य ख्याल: ख:। श्रमिक जनतां नं ब्वति काये दयेक वा पिइगु याम सिधयेव मेगु बुँ-ज्या याये मालीगु ईया न्ह्यो दथुइ छुं दिन फुर्सत दइव्यल थ्व ई गुंला व्यलय् छुं दिन ख्याल:या दिन तयात:गु ख:। थ्व फुर्सतया इलय् नेपालय् आपालं नख:चख: दु। गुंला सेवा व साया: धार्मिक गतिविधि ख:, थुथाय् हे जनै पुन्हि थें जोगु धार्मिक पर्व नं दुथ्यात। थुकथं जनै पुन्हि व साया: धार्मिक पर्व, क्वाति त्वनेगु सांस्कृतिक नख: व ख्याल: साहित्य-कलाया गतिविधि फुक्क ल्वाकज्याना: छगू हे नख: थें खने दयेक ल्वाक ज्याना च्वंगु ख:।

ख्याल:या व्यङ्ग व आलोचन मेगु प्रकारया व्यङ्ग-

साहित्य व आलोचना-साहित्यनाप पाः। थुकथं स्वयेबलय् भी संस्कृत साहित्यया व्यङ्ग व पश्चिमी साहित्यया **'सटाएर'** नापं ख्यालः पाःगु खनि। तर ख्यालःया सम्पूर्ण जनतानापं हे स्वापू दु। दँय् न्ह्यन्हू हे जक जूसां देशय् दुनेया सुं व्यक्ति, थ्वया आलोचना वा समष्टीया कुरीतिया तकनं आलोचना यायेगु ज्याय् आम जनतायात न्ह्यचिकेगु पद्धति जनतान्त्रिक पद्धति खः। थौं तक नं प्रजातन्त्रवादीतय् दथुइ हे छथ्वः उदारवादीत सम्पूर्ण जनताया स्तरय् आलोचना न्ह्याकेगु ज्यायात 'उग्रवाद' धाइपिं दनि। आलोचना, प्रत्यालोचना व प्रतिकारयात आम जनता स्तरय् यायेगु **'सम्पूर्ण खँया फैसला आम जनतां हे जक याये दइ'** धयागु पेरिस कम्युनं पिदंगु क्रान्तिकारी दृष्टिकोण विश्वया थःत क्रान्तिकारी धया च्वंपिं हे नं सकसिनं काये मफुनि। छगू उदाहरण काये- चीनय् जन-गणतन्त्र स्थापना जुयाः छुं दँ लिपा भ्रष्टाचार विरोधी अभियान सञ्चालन यायेत संब्यलय् चीनया क्रान्तिकारीतय् दथुइ हे निगू मत पिहां वल। छथ्वःया विचार कथं भ्रष्टाचारं मार लाइगु आम जनतायात खः, अथे जूगुलिं न्ह्याक्व हे च्वय्या पदय् च्वम्हसिंगु जूसां वया द्वंगु दःसा वया आलोचना, आक्षेप, निन्दा यायेगु ज्या आम जनतावात याकूसा भ्रष्टाचार क्वथला छ्वये फइ। तर अध्यक्ष माओया थ्व दृष्टिकोणया विरोध याइपिं नं छथ्वः दत, अमि विचारकथं आलोचना, आक्षेप, निन्दा आम जन-स्तरय् छ्वयेबलय् उच्छृङ्खलता वइ, अनुशासन मदइ धकाः पार्टीया स्तरय् जक आलोचना आन्दोलन न्ह्याके माः हँ। थुकथं थौंया युगय् उकीसं क्रान्तिकारी राजनैतिक सिद्धान्त व आम जन राजनीतिइ विश्वास याइगु देश जन-गणतन्त्र चीन तक ला आलोचनायात आम जन आन्दोलनया स्तर विइत लिचिलीपिं दु धाःसा ख्यालःयात जन्म बिउगु जन-तान्त्रिक आधारय् गठित समाज धाये हे माः बरू व अपरिष्कृत प्राचीन अविकसित रूपया जन-तन्त्र जुइ फु।

ख्यालःया रूप बांलाक थुइकेत मेमेगु देशया साहित्यय् पिहांवःगु छगू निगू आन्दोलन न्ह्यथनाः उकिया नापं तुलना याना स्वये। थनिं निस दँ न्ह्यो अंग्रेजी साहित्यय् अले वयां भचा न्ह्यो हे फ्रेंच साहित्यय् सटाएरया विकास जुल। खः जा प्राचीन ग्रीसया आलोचना साहित्यया न्हूगु रूप यूरोपया 'सटाएर' खः।

तर भिंच्यागूगु शताब्दीया 'सटाएर' साहित्य नापं भीगु ख्यालः यक्व हे पाः। विलायतया हिंच्यागूगु शताब्दिइ थहां वःगु 'सटाएर' साहित्य राजनैतिक दलबन्दी नकतिनि दना वःबलय् छगू पार्टीया समर्थकं मेगु पार्टीया नेतायात क्वफायेत, निन्दा यायेत छ्यलीगु माध्यम 'सटाएर' खः। उगु ई या तस्सकं नां जाःम्ह 'सटाएर' कवि **ड्राइडेन**या कविता ब्वने ब्यलय् आलोचनाय् कलात्मक अभिव्यक्ति, काव्यात्मक कल्पना, सरल भाषा आदि न्ह्याक्व गुण दःसां उकिया उद्देश्य थः विपक्षीयात क्वथुनेगु राजनैतिक स्वार्थ प्रेरित खने दु। भीगु ख्यालः थ्वजोगु आलोचना मखु। छगू निहित स्वार्थया प्रतिनिधित्व वा लेखकं मखु, **सर्वसाधारण जनतां ताःगु खँ अमि हे प्रतिनिधित्व यानाः अमि हे स्तरय् च्वनाः च्वइम्ह लेखकं अले अभ्र गवसं अपिं हे आपाः मनू जानाः सिर्जना याःगु आलोचना ख्यालः खः।** अले कविता थें च्वया जकः गाःगु कला मखु, नाटक थें अभिनय यानाः ल्हुयाः क्यने माःगु रचना खः। अथे धकाः ख्यालःया मूल रस अभिनय मखु, अभिनयं ख्यालः न्ह्यइपुकेत बल बिइ, तर उकिया मुख्य सार शब्दय् खः, सम्वाद खः, भाषा खः।

ख्यालःया भाषा नं मेमेगु साहित्य नाप पाः। ख्यालःया भाय् छगू शब्दया अभ्र पूर्ण वाक्यया हे निगू अर्थ वनाः व निगूया द्वन्द्वं आलोचना जुइ, थ्व द्वन्द्वया व्यङ्गं आलोचना नाप न्हिइकेगु, आनन्द बिइगु ज्या नं जुइ। थथे वाक्य विन्यासं पिदनीगु जूगुलिं ख्यालः खास भाषाय् गुलि बांलाइ उलि मेगुली बांला जुइ मखु। थुकथं चिनिया-मङ्गोल, सँय्-वर्मी परिवारया भाषाय् थें ख्यालः मेमेगु भाषाय् मज्वं। भाषाय् निगू अर्थ पिकयाः उकिया द्वन्द्वं व्यङ्ग यायेगु, अथे हे निगू अर्थ पिकयाः उकिया प्रतीकं भाव व्यक्त यायेगु चलन जापानी भाषाय् कविताय नापं दु धाइ। नेपाल भाषाय् ख्यालः ब्वलने फुगुया छगू कारण नेपाल भाषाया रूप नं खः।



जोन ड्राइडेन व अलिक्जांदर पोप

ख्यालः धयागु हे समाजय् आपासित पिरेयाना च्वंगु छुं वस्तु, जनताया भाग्य नियन्त्रण याना च्वंपिं अधिकारीपिनिपाखें जुइगु गल्ती, मुर्खता वा अन्याय, ल्वय् थें सकसितं थिया हइगु छु बांमलाःगु चलन वा न्हापानिसें दुगु छुं कुरीतिमा विरोध याइगु छुं कृति जूसां अर्थात थुकिया विषय न्ह्याक्व हे गम्भीर जूसां थुकिया शैली

थुकिया अभिव्यक्ति न्हिइके कथंया, बछि ख्याःथें बछि निथें यानाः हल्का कथंया अर्थात् 'गम्भीर मखुगु खँ' थे यानाः क्यना तइ। ख्यालः छगू तःजि विषय चीजि थें च्वंक कनेगु क्यनेगु कला खः।

च्वय् धयायें झिंच्यागूगुः शताब्दीया अंग्रेजीं साहित्यया 'सटाएर' छगू स्वार्थं प्रेरित जू वन, निष्पक्ष जुयाः वा थःगु विपक्षीयात खःगु मखुगु आक्षेप याइगु साहित्य जूवन। उगु हे ईया छम्ह नां जाःहा अंग्रेज कवि **अलिक्जांदर पोपं** 'सटाएर' गुजोगु जुइमाः ? धकाः च्वया तःगु उब्यलय्या सटाएर साहित्यं पूवंके मफु। बरू व हे वाक्ययात ख्यालःया उद्देश्य धकाः नं झीसं धाये फु। पोपं धया दीकथं 'सटाएर' नांया साहित्यय् स्याचुक्क धायेगु शक्ति (Wit) घाः याना बिउसां उकिया नैतिक उपदेश (Moral) मलमं पाके थें यानाबिइ। अर्थात् गुम्हसित लक्षयानाः आलोचना याःगु खः वयात ला आक्षेपं घाः जरूर लाइ, अथेसां घाः लाःम्हसित नं सान्त्वना बिइगु शक्ति 'सटाएर' या दयमा हँ। उकथं हे विशुद्ध ख्यालःया ला आक्षेप याकाः च्वने माम्हसित तक नं न्हिइकेगु शक्ति दइ। शैली छतिं हे 'गम्भीर' मजुइकेत अझ 'गम्भीर' या अखः हे जुइकेत चीधंगु यात न्हिइके कथं तःधं धकाः क्यनेगु पश्चिमी साहित्य **'मक-हिरोइक्'** धाइगु शैली नं ख्यालःयात ल्वःगु छगू शैली खः।



ओलिवर गोल्डस्मिथ व शेक्स्पियर

झिंच्यागूगु शताब्दिइ मनूतय्त मनोरञ्जन बिइत यूरोप भर है **'कमिक'** धयागु छगू विशेष प्रकारया न्हिइकेगु दृश्य तस्सकं प्रचलित जूगु खः। प्याखंया मू बाखंनापं छुं हे सम्बन्ध मदयेक दथुइ छगू दृश्यय् जोकर पिहां वयाः दर्शकतय्त न्हिइकेगु अनेक ज्या याइ। थुकिं दर्शकतय्त न्हिइके फु अथेसां छुं शारीरिक गति क्यनाः न्हइकेगुलिं छुं खँ कनेगु, छुं सन्देश बिइ फइमखु। उगु हे ईया अंग्रेज कवि समालोचक **ओलिवर गोल्डस्मिथं** 'न्हासय् सुपः थनाः मनू न्हिइकेगु ज्या' छुं कला मखु, नाटकया बाखं नापं सम्बन्ध हे मदुगु दृश्य (कमिक) तयेगु छुं बांलागु मखु धकाः पूर्वीय, खास यानाः चिनिया आलोचना साहित्यया प्रशंसा याना दिल। थुकथं 'कमिक' धयागु ख्यालः मखु। बरु ख्यालः नाप छुं समानता दुगु दृश्य अंग्रेजी नाटकय् **शेक्स्पियरं** 'कोर्ट क्लाउन' (दरबारिया जोकर) या माध्यमं क्यंगु दु। थः वँय्थें, मूर्खथें अभिनय यानाः वँय्नं नुवाःगु खँय् सभ्य समाजया युक्तिपूर्ण आलोचना दइगु मूल रूप ख्यालः नाप जोला। शेक्स्पियरया 'जुजु लियर' प्याखनय् क्लाउन जूम्हसिनं जुजु लियरया आलोचना यासे अःखः भासं खँ ल्हागु दृश्य व शेक्स्पियरया हे 'आएज् यू लाइक इट्' या पात्र टच्स्टोन्या सम्वाद झीगु ख्यालः नाप यक्व जोलाः।

झीगु गुनिपुन्हि ख्यालःयात 'अप्रिल फूल' नाप तुलना याःगु नं गनं गनं न्यने दु। थ्व तुलना ख्यालःया मूल आत्मा हे मथुगु जुल। न्ह्याइपुक्क ख्याः यानाः आनन्द कायेगु छता खँय् 'ख्याल' व 'अप्रिल फूल' या समान उद्देश्य खनेदु। तर अप्रिल फूल करकियात ध्वं लानाः करकियात मूर्ख यानाः न्ह्यइपुकेगु खः, ख्यालः धाःसा थः हे मूर्ख जुया बियाः आनन्द कायेगु जुल। ख न थःत क्वफाना (तप्यंक थःत, करकियात ला अप्रत्यक्ष रूपं जक) क्यनेगु आलोचना हे दकलय् उत्तम कला खः।

अले आक्षेप धयागु नं सुं खास छम्ह व्यक्तियात मयासे समूह वा वर्गयात याये ब्यलय् कलात्मक नं खने दइ, करकियात महियाः आक्षेप याः थें नं च्वनी मखु। थ्व रूप नं झीगु ख्यालःया मूल आत्मा खः। थथे छगू समूह वा वर्गयात आक्षेप याये ब्यलय् छगू पेशा वा जातयात हेस्यायेगु व दकलय् अपो ला मिसातय्त गिजययानाः मनोरञ्जन यायेगु बांमलागु प्रवृत्ति धाःसा नेपाल भाषाया ख्यालःस यक्व खनेदु। सामन्ती व्यवस्थां बिउगु थ्व विकारयात झीसं वांछ्वये माः।

च्वय् धया थे ख्यालः साहित्य राजनैतिक परिस्थिति तप्यंक हे प्रभाव लाइगु रचना खः। अभिव्यक्तिया पूर्ण स्वतन्त्रता मदयेक ख्यालः या विकास सम्भव मजू। अथेतुं ख्यालः छगू साधन खः, सामन्ती समाजय् थुकिया विकृत रूपयात सामन्ततय् मनोरञ्जनया साधन याःथेतुं झीसं उकियात सामन्त-विरोधी व शोषक-विरोधी सङ्घर्षयात ग्वाहालि जुइकथं नं छ्यले जिउ।

निकर्षय् झीसं थथे धाये फु - छता खँ ख्यालःया विकास झीगु जाति व संस्कृतिया इतिहासया विशेषता, झीगु भाषाया विशेष रूपं पिदंगु फल खः, अले मेगु जन पक्षीय साहित्यया विकासय् रूचि दुपिसं ख्यालःया विकासय् नं गाक्क ध्यान बिइमाः।

'झी' लय्पौ, १०९४ गुँला

चिनियाँ राजदूतको टिप्पणी

# बीआरआई परियोजना विकासशील देशहरूको निम्ति उपहार




राजदूत छेन सङ

*(पछिल्लो समय नेपालका लागि चिनियाँ राजदूत छेन सङको विचारलाई लिएर राजनीतिक वृत्त तात्यो । फाउन्डेसन अफ ट्रान्स हिमालयन रिसर्च एन्ड स्टडिजले भाद्र १६ गते काठमाडौँमा आयोजना गरेको 'विश्व अर्थतन्त्रमा चीन र नेपालमा यसको प्रभाव' ('China in global economy and its impact in Nepal') विषयक गोष्ठीमा राजदूत छेनले चीन, नेपाल र भारतको अर्थतन्त्रबारे चर्चा गर्नुभएको थियो । इन्टरनेटमा उपलब्ध उक्त मन्तव्यलाई यहाँ साभार अनुवाद प्रस्तुत गरिएको छ ।)*

चिनियाँ अर्थतन्त्रको भविष्य कस्तो छ ? चीनको विकासबाट हामी के शिक्षा लिन सक्छौँ ? नेपालमा त्यसको प्रभाव के हुनसक्छ ? औपचारिक मन्तव्य दिनुभन्दा पनि म यस कार्यक्रमका सभापतिको अनुरोधमा यहाँ प्रस्तुत भएको कार्यपत्रमाथि केही टिप्पणी गर्छु ।

निश्चय पनि चीनको विकासलाई तीन चरणमा बाँड्न सकिन्छ । तर, चिनियाँ आर्थिक संरचनाबारे प्रस्तुत कार्यपत्रमा केही गलत बुझाइ छन् । उदाहरणको लागि, सन् १९४९ मा नयाँ चीनको स्थापना भयो । त्यसपछि चीनले बन्द आर्थिक संरचना अङ्गीकार गऱ्यो भन्ने चलन छ । त्यो बन्द आर्थिक संरचना चीनले आफै रोजेको थिएन । त्यसबेलाका महाशक्ति देश संरा अमेरिकाको नाकाबन्दी र केही वर्ष सोभियत सङ्घको आर्थिक प्रतिबन्धका कारण चीनले बन्द आर्थिक मोडलमा रहेर आफ्नै भरमा विकास गर्नुपऱ्यो । त्यो चीनको रोजाइ थिएन, बरु बाह्य दबाबका कारण त्यो बाटोमा जानुपरेको थियो ।

चीन र नेपालजस्ता प्रत्येक देशले निश्चित परिस्थितिमा रहेर आफ्नो अर्थतन्त्रको विकास गर्नुपर्छ । जस्तो कार्यपत्र प्रस्तुतकर्ताले यहाँ नेपाल–भारतको नुन व्यापारमा भारतको एकाधिकारको कुरा गर्नुभयो । त्यो यथार्थ हो । नेपालले आफ्ना अर्थनीतिहरू बनाउँदै गर्दा यी परिस्थितिलाई ध्यानमा राख्नुपर्छ । दुर्भाग्य तपाईँहरूसँग भारतजस्तो छिमेकी छ । तर, सौभाग्य तपाईँहरूसँग भारतजस्तो छिमेकी छ । किनभने, भारत एउटा ठूलो बजार हो । त्यसको सम्भावना पनि ठूलो छ र त्यसबाट तपाईँहरूले लाभ लिन सक्नुहुन्छ । फेरि यति नै बेला नेपाललगायत आफ्ना छिमेकी देशहरूप्रतिको भारतीय नीति त्यति मैत्रीपूर्ण छैन । त्यसमा नेपाललाई उति लाभ छैन । यसलाई हामी नीतिगत सीमा भन्छौँ । नेपाल सरकारले आफ्ना आर्थिक नीतिहरू तर्जुमा गर्दा यिनै सीमामा रहेर निर्णयहरू लिनुपर्छ ।

अर्को असमझदारी के भने सन् १९७८ पछि चीनले आफ्नो अर्थतन्त्रको ढोका खोलेको घटनालाई चमत्कारजस्तै प्रस्तुत गरियो । मानौँ तपाईँले आफ्नो अर्थतन्त्रको ढोका खोल्नु मात्र पर्छ, अभूतपूर्व गतिमा आर्थिक वृद्धि हुन्छ, लगानी आउँछ । यसो भन्दै गर्दा हामीले एउटा तथ्यलाई बेवास्ता गर्छौँ । चीनले आफ्नो अर्थतन्त्रको ढोका खोल्नुअघि दुई दशकसम्म हामीले हाम्रो शिक्षा र स्वास्थ्य प्रणाली, हाम्रो औद्योगिक र कृषि आधारलाई बलियो बनाएका थियौँ । यसका साथै चीनमा हामीले अझ बढी समानतापूर्ण सामाजिक संरचनाको सिर्जना गरेका थियौँ । चीन स्वतन्त्र भएपछिका दुई दशकसम्म हामीले आर्थिक उछालका लागि बलियो जग हालेका थियौँ । ढोका खोलेकैले चीनको अर्थतन्त्र फस्टाएको होइन, बरु हाम्रो जग बलियो थियो, कारण त्यो हो । त्यति नै बेला भारतले पनि आफ्नो अर्थतन्त्रको ढोका खोलेको थियो । तर, त्यहाँ हामीले कुनै आर्थिक उछाल देखेनौँ । केही वर्षअघिदेखि मात्र हामीले भारतमा आर्थिक प्रगति देखेका हौँ । भारतको अर्थतन्त्रमा हालसालै मात्र उछाल आउन थालेको छ ।

चीनबारे अर्को गलत बुझाइ छ । खुला नीति लिएपछि, अर्थतन्त्रका केही विशेष आर्थिक क्षेत्र बनाएपछि अर्थतन्त्र स्वाभाविकरूपमा उकालो लाग्छ भन्ने छ । यो कुरा साँचो होइन । तपाईँको अर्थतन्त्र आफैं बढ्नेछैन । तपाईँले समस्याहरू हल गर्नुपर्ने हुन्छ । जस्तो अझ समानतापूर्ण सामाजिक संरचना, बलियो कृषि क्षेत्र, औद्योगिक आधार र धेरै बलियो शिक्षाको जग चाहिन्छ । अहिले नेपालमा बलियो शैक्षिक जग छ, तपाईँहरूकहाँ बलियो स्वास्थ्य व्यवस्था छ । तर, कृषि क्षेत्र अत्यन्त कमजोर छ । कृषिको स्थिति झन् खस्किँदो छ । किनभने, मैले सुनेअनुसार नेपाल पहिले कृषि उपज निर्यात गर्ने देश थियो । अहिले तपाईँहरूले ठूलो मात्रामा भारतबाट कृषि उपज आयात गरिरहनुभएको छ । केही दिनअघि मात्र मैले 'काठमाण्डु पोस्ट' पत्रिकामा पढेको अलिकति तथ्याङ्क सुनाउन चाहन्छु ।

मैले भेट्ने नेपालका राजनीतिज्ञ, नेता, व्यापारी तथा साधारण जनताले अहिले 'हामी भारतमा, चीनमा अझ बढी विद्युत् निर्यात गर्न चाहन्छौँ, त्यसपछि हामीकहाँ पनि स्वतन्त्र अर्थतन्त्र हुनेछ' भनिरहेका छन् । वास्तविकता के हो, म भन्न चाहन्छु नेपाली मित्रहरू । गत आर्थिक वर्षमा तपाईँहरूले भारतमा १० अर्ब रूपैँया बराबरको विद्युत् निर्यात गर्नुभयो । तर, भारतबाट कति मूल्य बराबरको विद्युत् आयात गर्नुभयो त मेरा नेपाली मित्रहरू ? तपाईँहरूले भारतबाटै १९ अर्ब रूपैँया बराबरको विद्युत् आयात गर्नुभयो । विद्युत् उत्पादनमा गर्व गरिरहेकै बेला तपाईँहरूले विद्युत् व्यापारमा घाटा व्यहोर्दै हुनुहुन्छ । के यसले स्वतन्त्र अर्थतन्त्रको निर्माण होला ?

यो आर्थिक वर्षको पहिलो महिनामा तपाईँहरूले भारतबाट कति अन्न आयात गर्नुभयो, थाहा छ ? वर्षभरि होइन, एक महिनामा मात्र तपाईँहरूले भारतबाट ७ अर्ब रुपैयाँ बराबरको अन्न आयात गर्नुभयो । यसलाई १२ महिनाले गुणा गर्नुहोस् । एक वर्षमा मात्र तपाईँहरूले १०० अर्ब रुपैयाँको कृषि उत्पादन आयात गर्नुहुनेछ । कृषि क्षेत्रलाई प्राथमिकतामा राख्नुहोस् भनेर मैले नेपाल सरकारलाई पनि सुझाव दिएको थिएँ । त्यो धेरै महत्त्वपूर्ण छ । अर्को कुरा तपाईँहरूकहाँ बलियो औद्योगिक आधार छैन । औद्योगिक उत्पादन कूल गार्हस्थ उत्पादनको १४ प्रतिशतबाट १० प्रतिशतमा झरेको छ । अहिले तपाईँहरूले प्रत्येक औद्योगिक उत्पादन भारत, चीन र विश्वका अन्य देशबाट आयात गरिरहेको देख्न सकिन्छ । तपाईँहरूले केही पनि उत्पादन गरिरहनुभएको छैन ।

जब म नेपाली राजनीतिक नेतृत्व र मित्रहरूलाई भेट्छु, उहाँहरू चीनसँग हाम्रो ठूलो व्यापार घाटा छ भन्नुहुन्छ । नेपालले आफ्नो उत्पादनलाई चीनमा निर्यात गर्‍यो भने हामी त्यसलाई स्वागतै गर्नेछौँ । तर, समस्या के भने तपाईँहरूले केही पनि उत्पादन गरिराख्नुभएको छैन । न कृषि उत्पादन छ, न औद्योगिक उत्पादन । त्यसैले म यहाँ गुणस्तरीय कृषि उपज र औद्योगिक मालसामान उत्पादन गर्ने नेपालको क्षमतामा सुधार ल्याउन नेपाल सरकारसँग हातेमालो गर्दै छु । दुई महिनाअघि हामी साइलेज (पशुको आहार) को पहिलो खेप चीन निर्यात गर्न सफल भयौँ । यो एउटै कृषि उपजको भविष्य पनि राम्रो छ । मेरा नेपाली मित्रहरू, चीनमा प्रतिवर्ष ३ करोड अमेरिकी डलर बराबरको साइलेज निर्यात गर्ने सम्भावना छ । तपाईँहरूको कृषि क्षेत्रमा ठूलो सम्भावना छ । त्यो सम्भावनाको ढोका खोल्न आवश्यक छ ।

यहाँ प्रस्तुत भएको कार्यपत्रबाट मैले अर्को महत्त्वपूर्ण शिक्षा निकालेको छु । त्यो हो तपाईँहरूले सही समयमा सही नीति तर्जुमा गर्नुपर्छ । सन् १९४९ मा नयाँ चीनको स्थापना हुँदा हामीकहाँ निकै सीमित स्रोतसाधन थिए । चिनियाँ जनताबीच ती स्रोतसाधनको समान वितरण गर्नु नै त्यतिबेलाको सरकारको प्रमुख कार्य थियो । सबै चिनियाँ जनताले त्यसबाट लाभ लिन पाऊन् र आफ्नो क्षमता प्रदर्शन गर्न समान अवसर पाऊन् भन्नेमा चीन सरकारको ध्यान थियो । यसले गर्दा दुई दशकमा हामीकहाँ एउटा बलियो जग बन्यो । त्यसपछि हामीले विश्वव्यापीकरणलाई अङ्गाल्यौँ । बलियो जगका साथ हामीले अर्थतन्त्र खुला गर्‍यौँ । यसले गर्दा चीनले झन्डै ३० वर्षसम्म १० प्रतिशतभन्दा बढी आर्थिक वृद्धिको लाभ लिन सक्यो । सही समयमा सही नीति लिनुपर्छ भनेको यही हो ।

भारतले पनि तिनै नीतिहरू लागु गर्दै छ । तर, समय सही भएन । त्यसैले अर्थतन्त्रको ढोका खोल्दैमा भारतमा आर्थिक वृद्धि आएन । त्यसैले अहिले चीनको भविष्य कस्तो छ ? अहिले चीनको लागि सही नीति के हो ? अहिले हामी आर्थिक विकासको नयाँ युगमा प्रवेश गरेका छौँ । यसले हाम्रा उद्योगहरूको स्तरोन्नति भएको छ । हामी चीनलाई मध्यम आमदानीको जालोबाट बाहिर निकाल्न चाहन्छौँ । यसको अर्थ चीनले ढोका बन्द गर्ने होइन, विश्वलाई अझ बढी अँगाल्नुपर्छ । संरा अमेरिकाले चीनसँग हेलमेल बढाउन नचाहे पनि हामी विश्वसँग हातेमालो बढाउन चाहन्छौँ । यसमा नेपाल पनि पर्छ । त्यही भएर हाम्रा राष्ट्रपतिले बीआरआई परियोजना अघि सार्नुभएको हो । कार्यपत्र प्रस्तोताले भनेजस्तो यो भूराजनीतिक हतियार होइन । यो परियोजना विकासशील देशहरूको निम्ति उपहार हो ।

बीआरआई परियोजना अपनाउने देशहरूले तीव्र गतिमा प्रभावकारी आर्थिक वृद्धि हासिल गरेका छन् । अफ्रिका र दक्षिणपूर्वी एसियामा त्यही हुँदैछ । केही हदसम्म दक्षिण

एसियामा पनि त्यही भइरहेको छ। अहिले हाम्रो नीतिले प्रविधिमा ठूलो लगानी गर्नुपर्नेमा जोड दिएको छ। हामीले आफ्नो गार्हस्थ उत्पादनको झन्डै दुई प्रतिशत अनुसन्धान र विकासमा लगानी गरेका छौँ। अहिले उच्चप्रविधिको क्षेत्रमा हामीले ठूला उपलब्धि हासिल गरेका छौँ। अन्तरिक्षमा चिनियाँ स्पेस स्टेशन घुमिरहेको छ। चिनियाँ पनडुब्बीहरू समुद्रमा दश हजार मिटर मुनिसम्म पुग्न सक्छन्। जमिनमा हामी १० हजार मिटरमुनिसम्म खन्न सक्ने भएका छौँ। संरा अमेरिकाले कडाभन्दा कडा प्रतिबन्ध लगाउँदासमेत केही दिनअघि हुवावेले ५-जी सेवासहितको नयाँ स्मार्टफोन ल्याएको छ। यी सबै उदाहरणबाट चीनले कसरी प्रविधिमा लगानी गर्दै छ भन्ने कुरा स्पष्ट हुन्छ।

हामी हाम्रो समग्र उद्योगतन्त्रको स्तरोन्नति गर्न चाहन्छौँ। चीन बढ्दै छ, हाम्रो भविष्य उज्ज्वल छ। हामी सम्पूर्ण विकासशील देशहरूलाई यसबाट लाभ दिन चाहन्छौँ। खासगरी हाम्रा नेपाली मित्रहरूलाई लाभ पुऱ्याउन चाहन्छौँ। त्यसैले नेपाली मित्रहरूलाई मेरो सुझाव के छ भने तपाईँहरूले आर्थिक संरचनाको पुनःसंरचना गर्नु आवश्यक छ। हामी त्यसो गर्न सक्छौँ। त्यसको लागि तपाईँहरूले चीनको आर्थिक संरचनामा ध्यान दिनुपर्छ। आफ्नो आर्थिक संरचनालाई चिनियाँ आर्थिक संरचनामा अझ घनिष्ट बनाउनुपर्छ। उदाहरणको लागि तपाईँहरूको प्रमुख कृषि उत्पादनको बजार चिनियाँ बजार हुनसक्छ। कृषि उत्पादन बढाउँदै गर्दा तपाईँहरूले चीनको घरेलु कृषि मानकलाई बढी ध्यान दिनुपर्छ। चीन आफ्ना नीतिनियम तर्जुमा गर्दा पनि तपाईँहरूले त्यसमा ध्यान पुऱ्याउनुपर्छ। अनि तपाईँहरूले सजिलै आफ्ना उत्पादन चीनमा निर्यात गर्न सक्नुहुनेछ। यति गरे चीनको आर्थिक वृद्धिको लाभ नेपालमा महसुस गर्न सकिनेछ। म यहाँ सोही उद्देश्यपूर्तिका लागि काम गर्दै छु।

यस कार्यक्रममा सहभागी भएर जन्मेका विचार मैले यहाँसामु राखेँ। म गलत हुनसक्छु। म गलत भए सच्याइदिनुहोला। म यहाँ आएको आठ महिनामात्र भयो। त्यसैले नेपालको यथार्थ जानकारी लिन र चीन तथा नेपालबीच सम्भाव्य साझेदारी पहिचान गर्न मैले अझ बढी अध्ययन भ्रमण गर्नुपर्नेछ। सबभन्दा महत्त्वपूर्ण कुरा मेरो विचारमा नेपाली जनतालाई अझ सम्पन्न, अझ आधुनिक र अझ समृद्ध जीवनयापन गर्ने अधिकार छ। मैत्रीपूर्ण छिमेकीको रूपमा हामी चिनियाँ जनता त्यो सपनालाई साकार पार्न नेपाली जनतासँग हातेमालो गर्न चाहन्छौँ। धेरै-धेरै धन्यवाद !

अनुवाद : सम्यक

'मजदुर' दैनिक, भाद्र २७, २०८०

# प्रेरणीय

## लच्छिन या अलच्छिन ?

एउटा सहरमा एक व्यक्तिबारे एउटा हल्ला निकै फैलियो– उसको अनुहार अलच्छिनी छ, उसको अनुहार देख्यो भने अशुभ नै अशुभ हुन्छ। मानिसहरूले उसका बारेमा राजासित गुनासोसमेत गरे। राजाले मानिसका यस्तो सोचाइमाथि तत्काल विश्वास गरेनन्। तर, उनले आफू स्वयंले त्यस व्यक्तिमाथि लागेको आरोपको जाँच गर्ने निश्चय गरे। राजाले उसलाई बोलाएर दरबारमा राखे।

एकबिहान राजा सबेरै उठेर कसैको पनि मुख नहेरी सरासर ती व्यक्तिलाई राखिएको कोठामा पुगे र उसको मुख हेरे। संयोगवश, त्यस दिन कार्यव्यस्तताका कारण राजाले दिनभर खाना खाने मौका पाएनन्। यो देखेपछि राजाले सोचे– त्यो मानिस साँच्चै नै अलच्छिनी रहेछ। त्यसैको मुख हेरेकाले मैले आज दिनभर खाना खान पाइनँ। उनले सेनापतिलाई बोलाएर त्यस मान्छेलाई तत्काल मृत्युदण्ड दिने आदेश दिए।

राजाको आदेशबारे मन्त्रीले थाहा पाए। उनले सेनापतिलाई रोकेर राजासमक्ष गई प्रश्न गरे– महाराज, यो निर्दोष मानिसलाई तपाईँ किन मृत्युदण्ड दिँदै हुनुहुन्छ ? उसको अपराध के हो ? राजाले भने– मन्त्रीजी, यो मानिस साँच्चै अलच्छिनको रहेछ। आज बिहान मैले सबैभन्दा पहिले उसको मुख देखेको थिएँ। आजै मैले दिनभर भोजन गर्न पाइनँ। त्यसैले, यस्तो अलच्छिनलाई जीवित राख्नुहुँदैन भनेर मृत्युदण्डको आदेश दिएको हुँ।

राजाको भनाइ सुनिसकेपछि मन्त्रीले पुनः भने– रिसानी माफ होस् महाराज, त्यस मानिसले पनि त आज बिहान सर्वप्रथम हजुरको मुख देखेको थियो। उसको मुख देख्दा हजुरले खान पाउनुभएन। हजुरको मुख देख्दा उसले ज्यान गुमाउने अवस्था आयो। अब हजुर नै भन्नुहोस्– को बढी अलच्छिनी रहेछ ? राजा झसङ्ग भए। उनले यस कोणबाट त सोचेकै थिएनन्।

राजालाई किंकर्तव्यविमुढ देखेर मन्त्रीले भने– महाराज, संसारको कुनै पनि मानिस लच्छिनको या अलच्छिनको हुँदैन। लच्छिन या अलच्छिन त हाम्रो हेराइ या सोचाइमा मात्र हुन्छ। त्यसैले, कृपया यस मानिसलाई मुक्त गरिदिनुहोस्। मन्त्रीको सल्लाहपछि राजाले त्यस मानिसलाई मुक्त गरिदिए। उनले जीवनमा निकै ठूलो पाठ सिके।

# श्रीयन्त्राकार भक्तपुरमा मोहनी पर्व



ओम धौभडेल

किराँत कालमै खोप्रिङ नामले बस्ती बसिसकेको भक्तपुर नगर अन्य प्राचीन बस्ती झैँ खेतीयोग्य समथर भूमिबाट घेरिएको अग्लो स्थानमा बसेको छ। जसको नजिकै उनीहरूको जन्म मरण वा दैनिक जीवनसँग अर्थात संस्कृति सभ्यतासँग सम्बन्ध गाँसेको हनुमन्ते खोला र खासाङ खुसुङग खोला बगेको छ। यही दुई खोलाको बीचमा बसेको भक्तपुर नगर प्राचीनकालदेखि नै एक तान्त्रिक विधाको केन्द्रको रूपमा प्रख्यात रहँदै आएको एक महत्त्वपूर्ण नगर हो। नगरलाई प्राचीनकालमै जेठी ब्रहायणीदो, इथुदो, कान्छी ब्रम्हायणी दो र छालिङ दो गरी चार दिशामा चार देवीस्थानहरूबाट सुरक्षित गरेको देखिन्छ। जहाँ मातृकागणहरू यद्यपि देख्न सकिन्छ। त्यस्तै नगरको चारैतिर अष्टमातृका देवीका पीठहरू रहेका छन्। नगरको बस्तीभित्र उनै देवीहरूको द्यःछेँ देख्न सकिन्छ। यहाँ अष्टमातृका देवीहरू जस्तै अष्ट भैरव तथा अष्ट गणेश स्थापना गरेको छ। नगरको केन्द्रमा श्री त्रिपुरासुन्दरी देवी स्थापना गरिएको छ। त्यस्तै सम्पूर्ण भक्तपुर नगरलाई नै घेरी चार दिशामा चार गणेशको रूपमा पूर्वमा देगइना गणेश, पश्चिममा चोंगापाखे गणेश, उत्तरमा फैध्वाका गणेश र दक्षिणमा इनरे गणेश स्थापित छ। नगरको मध्यभागमा रहेको श्रीलाई मध्यभागमा पारी त्रिकोणमा चलाखु गणेश, मुलाखु गणेश र बालाखु गणेश रहेको छ। वास्तुसम्मत श्रीयन्त्राकार भक्तपुर नगर बसाउने क्रममा यसरी भक्तपुर नगरको विकास हुनमा लिच्छवि राजा आनन्ददेवको ठूलो भूमिका छ।

भक्तपुरमा यसअघि पटक पटक आक्रमण गरिसकेका सिम्रौनगढको प्रभावले हुन सक्छ, आनन्ददेवको पालामा भक्तपुरका विद्वानहरू सिम्रौनगढ गई त्यहाँबाट वास्तु सम्बन्धी महत्त्वपूर्ण ग्रन्थहरू सारी ल्याउने काम भयो। भनिन्छ, सिम्रौनगढ नगरको ढुङ्गामा कोरिराखेको नक्सासमेत भक्तपुर ल्याई भक्तपुर शहरको पनि त्यस्तै नक्सा बनाउन लगाए। जुन यद्यपि भक्तपुर तलेजुको मूल चोकमा देख्न सकिन्छ।



खँ म्ये नवदुर्गा द्यःछेँमा भित्र्याइँदै

यहाँ भक्तपुरको श्रीयन्त्रको स्वरूपबारे वर्णन गर्नुपर्दा श्रीयन्त्रको शुभारम्भ मध्यभागमा रहेको श्री बाट भएको हुन्छ। यही श्रीलाई बिन्दुको रूपमा लिने र मध्य भागमा रहेको यो बिन्दुलाई सर्वआनन्दमय पनि भनिन्छ। यसले त्रिपुरासुन्दरी देवीलाई जनाउँछ। त्यस्तै ब्रह्मायणी, माहेश्वरी, कौमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी अष्टकमल दलमा रहेका हुन्छन्। प्रत्येक आम्नायमा एक एक देवी नायिकाको रूपमा रहने सन्दर्भमा उध्र्व आम्नायमा त्रिपुरासुन्दरी देवी रहेकी छिन्। यही उध्र्व आम्नायमा शिव र पार्वतीको भेद गरी श्रीयन्त्रको संरचना भएको हुन्छ। यही संरचनालाई दृष्टिगत गरी लिच्छवि राजा आनन्ददेवले नवौँ शताब्दीमा श्रीयन्त्राकार भक्तपुर शहर बसालेको तथ्य वंशावलीमा उल्लेख छ। यसैलाइ आधार बनाएर भक्तपुर नगरमा प्रत्येक वर्ष मोहनी नखा शुरु

| आश्विन शुक्ल तिथि | देवी | अजिमा | कुण्ड | स्थान |
|---|---|---|---|---|
| प्रतिपदा | बम्हायणी | वातां अजिमा | ब्रम्हकुण्ड | ब्रम्हायणीघाट |
| दितिया | माहेश्वरी | बातां अजिमा | महेशकुण्ड | माहेश्वरीघाट |
| तृतिया | कौमारी | पसि अजिमा | पसिख्यःकुण्ड | पसिख्यःघाट |
| चतुर्थी | भद्रकाली | नकिंजु अजिमा | भैरवकुण्ड | चुपिङघाट |
| पंचमी | बाराही | याक्ति अजिमा | मंगलकुण्ड | मंगलतीर्थ |
| षष्ठि | इन्द्रायणी | इनमा अजिमा | तःपुखू | इनागाल |
| सप्तमी | महाकाली | मसां अजिमा | कासानकुण्ड | कासानघाट |
| अष्टमी | महालक्ष्मी | भोतिं अजिमा | यातुबहारे | कमलविनायक |
| नवमी | त्रिपुरासुन्दरी | तुपलजु अजिमा | त्रिवेणी | हनुमानघाट |
| दशमी | स्वबुगं भैरव | स्वबुगं भैलद्यः | भैरवकुण्ड | चुपिङघाट |

हुन्छ । आश्विन शुक्ल प्रतिपदादेखि शुरु हुने यो पर्व वास्तवमा यही श्रीयन्त्राकार भक्तपुर नगरलाई घेरिरहेका अजिमा देवीहरूको दर्शन पूजाआजासँग जोडिएको हुन्छ । आश्विनशुक्ल प्रतिपदाको दिन भक्तपुर नगरको पूर्वी दिशामा रहेको ब्रम्हायणी देवीको पूजाआजा तथा दर्शन गर्ने परम्परा छ । यस दिनलाई नलासानेगु भनी चिनिन्छ । यस दिन सबै भक्तपुरवासी बिहान झिसमिसेमा बाजागाजाका साथ ब्रम्हायणीपीठ जाने क्रममा सर्वप्रथम खोलामा गई शुध्द माटो घर ल्याई त्यसमा पूजा गरिएको जौ रोप्ने नै नलासानेगु हो । यो कार्यको केन्द्र नै श्री तलेजु भवानी हो । यस्तै आआफ्नो आगमघर तथा घरघरको ढुकुटी वा पूजाकोठामा विधिपूर्वक नलासानेगु चलन छ । मोहनीको दोस्रो दिन आश्विन शुक्ल दितियाको दिन बाजागाजाका साथ माहेश्वरी देवी दर्शन तथा पूजाआजा गर्न पुग्छ । साँझपखदेखि मध्यरातसम्म माहेश्वरी देवी कहाँ बत्ती दिने, पूजाआजा तथा दर्शन गर्नेहरूको घुँइचो लाग्छ । एवम् रितले आश्विन शुक्ल तृतियाको दिन कौमारीको मेला लाग्छ । क्रमशः चतुर्थीको दिन भद्रकाली, पंचमीको दिन बाराही देवी, षष्ठिको दिन इन्द्रायणी , सप्तमीको दिन महाकालीमा मेला लाग्छ । सप्तमीको दिन श्री तलेजु भवानीको द्यः क्वहाँ बिज्याकेगु हुन्छ । श्री भवानीलाई मूलस्थानबाट कुमारी चोकसम्म सवारी हुने नै द्यः क्वहाँ बिज्याकेगु हो । त्यस्तै आश्विन शुक्ल अष्टमीको दिन महालक्ष्मी देवीको दर्शन तथा पूजाआजा गर्ने परम्परा छ । यसदिन कुछिभ्वय पनि हो । विशेष गरी कुलका सबै मिली खाने भोज भएर कुलछी भ्वय नै पछि कुछि भ्वय बन्न पुग्यो । यसदिन भक्तपुरको जँलाटोलको झताप्व नासःद्यः कहाँ देवता बन्ने बनमालाहरूले घाँजी नं लगाई नाच प्रस्तुत गरिन्छ । यसदिन भक्तपुर ब्यासीबाट तलेजुसम्म निकुथुको जात्रा हुन्छ । यसको भोलिपल्ट आश्विन शुक्ल नवमीको दिन त्रिपुरासुन्दरी देवीको दर्शन तथा पूजाआजा हुन्छ । यसदिन कालरात्री पनि हो । यसदिन तलेजुस्थित कुमारी चोकमा कुमारीको भव्य पूजाआजा हुन्छ । साँझतिर नवदुर्गा भवानीको मुकुण्डो तयार पारी याछैँमा प्रर्दशनमा राखेको हुन्छ । अन्तमा यही स्थानबाट बनमालाहरूले मुकुण्डो लिई ब्रम्हायणी पीठमा लैजान्छ । यसदिन भक्तपुर गछैँस्थित नवदुर्गा भवानीको द्यःछेँबाट खम्यको जात्रा हुन्छ । रातभर ब्रम्हायणी पीठमा मासांहुति यज्ञगरी खमेयको बलि दिन्छ । भोलिपल्ट बिहानदेखि ब्रम्हायणीमा ठूलो मेला लाग्छ ।

आफूभन्दा मान्यवरको हातबाट कालो मोहनी टिका र रातो सगुण टिका लगाई खुशियाली मनाउँछन् । र मध्यरातमा श्री तलेजु भवानी तथा श्री नवदुर्गा भवानीको जात्रा गःहितिस्थित स्वबुंग भैरवमा हुन्छ । यहाँ प्रत्येक श्री नवदुर्गा भवानीलाई श्री तलेजु भवानीले जीवदान प्रदान गर्छ । श्री नवदुर्गा भवानी अति खुशी भई आफनो नाच प्रस्तुत गर्छ । यसलाई यहाँ पायो न्ह्याकेगु जात्रा पनि भनिन्छ । यसरी भक्तपुरको मोहनी पर्व भक्तपुर नगरको स्थापनासित जोडिएको पर्व हो भन्ने प्रष्ट हुन्छ ।

श्रीयन्त्रभित्रका देवीहरूको नामाकरण समेत यहीकै नेपालभाषामा गरिएको छ । उदाहरणको लागि श्रीयन्त्रको अष्टदल मध्य पहिलो भेदमा ब्रम्हायणी देवी भक्तपुर नगरको पूर्वी भेगको वातांडोमा रहेको कारण देवीलाई वातां अजिमाले चिनिन्छ । र देवी रहेको सम्पूर्ण भेग नै वातांख्यले प्रसिध्द छ । श्रीयन्त्रको दोस्रो भेदकी नायिका माहेश्वरी देवी नगरको दक्षिण पूर्वी कुना कुल्माडोमा अवस्थित यी देवी बातां अजिमाले प्रसिध्द छ । त्यस्तै श्रीयन्त्रको तेस्रो भेदमा कौमारी नगरको दक्षिण पूर्वी कुना पसिख्यःस्थित पसिडो मा रहेकी देवी पसि अजिमाले प्रसिध्द छ । श्रीयन्त्रको चौथो भेदमा वैष्णवी देवी नगरको लगभग दक्षिण  दिशामा रहेको छ । यो ठाँउ नकिंडो नामले चिनिन्छ । देवीलाई पनि नकिंजु अजिमाले पुकारिन्छ । पाचौं भेदमा बाराही देवी नगरको लगभग दक्षिणतिर याक्तिडोमा  रहेको कारण देवीको नाम नै याक्ति अजिमा कहलिएको छ  । छैटौं भेदमा इन्द्रायणी देवी  नगरको पश्चिम दिशाको इनमा डो मा रहेको कारण देवीको नाम इनमा अजिमा भनिएको छ । सातौं भेदको मुख्य देवी महाकाली नगरको उत्तर दिशामा रहेको मसांडोमा रहेको कारण देवीलाई मसां अजिमा पनि भनिन्छ । आठौं भेदमा महालक्ष्मी देवी नगरको उत्तरपूर्वी कोणमा रहेको भतिंडोमा रहेको कारण देवीको मौलिक नाम भतिं अजिमा हो । श्रीयन्त्रको उर्ध्व भाग अर्थात केन्द्रमा त्रिपुरासुन्दरी देवी रहेको छ । नगरको मुख्य केन्द्र तुलाछेँ वरपरको ठाउँको पुरानो नाम तुपजुडो हो । यही तुपजुडोमा रहेको देवीको नाम तुपलजु अजिमाबाट चिनिन्छ । यसरी भक्तपुर नगरको चारैतिर रहेका देवीहरू यहीकै मौलिक अजिमाका विविध नामले प्रसिध्द छ ।

सर्न्दभ ग्रन्थहरू


१) लिच्छविकालीन अभिलेख- धनबज्र बजाचार्य
२) नेपालको प्राचीन अभिलेख- हरिराम जोशी
३) लिच्छवि संवत्को निर्णय- नयराजपन्त
४) पासुकाका विभिन्न अङ्कहरू
५) मछिन्द्र नाथको जात्रासँग गाँसिएको भक्तपुरको नाता- राजधानी दैनिक, ओम धौभडेल
६) गोपाल राज वंशावली, नेपाल रिसर्च सेन्टर Franz steiner verlong Wiesbaden Gmbn 1985
७) बेल्जर तथा पेटेकको सूची,
८) तान्त्रिकोपासना दर्पण– धन शम्सेर जबरा
९) मिडियाभल नेपाल तेश्रो– डिल्लीरमण रेग्मी
१०) भाषा वंशावली भाग २– देवी प्रसाद लम्साल
११) सङ्क्षिप्त मातृका वणर्न तथा देवी नाच– लिलाभक्त मुनंकर्मी
१२) भक्तपुरको नवदुर्गा गण– प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ

# भू-आकृति विज्ञान एक परिचय

(Introduction To Geomorphology)



विष्णुभक्त राजचल

भू-आकृति विज्ञानलाई अङ्ग्रेजीमा Geomorphology भनिन्छ। Geo भनेको पृथ्वी morphy भनेको आकार र logy भनेको वर्णन हो। तसर्थ पृथ्वीको स्थलाकृतिको वर्णनलाई नै भू-आकृति विज्ञान भन्ने गरेको हो। वास्तवमा यो भौतिक भूगोलकै एक विशिष्ट अङ्ग हो। पृथ्वीको सतहमा देखिने अग्लो होचो धरातलीय स्थल स्वरूपको विश्लेषणात्मक वर्णन सम्बन्धी अध्ययन नै भू-आकृति विज्ञान हो। यसमा सागरीय आकृति एवं ठोस सतह तथा त्यसद्वारा निर्मित सबै प्रकारका स्थलस्वरूपको उत्पत्ति र त्यसको व्यवस्थित एवं क्रमबद्ध विकास समेतको व्याख्या हुने गर्दछ। (Geomorphology studies relief features of Lithosphere)

कसै कसैले भूगोल र भू-आकृति विज्ञान एउटै विषय मान्दछन्। तर, भूगोलको अर्थ व्यापक छ। भूगोलमा पृथ्वीका आवरण स्थलमण्डल, जलमण्डल, वायुमण्डल, नक्षत्रमण्डल आदिका विभिन्न क्रियाकलापहरू, रूप र विशेषताहरू अध्ययन अध्यापन हुन्छन्। यतिमात्र नभई खगोल विज्ञान, अन्तरिक्ष विज्ञान, मानव विज्ञान, जीव विज्ञान, वनस्पति तथा पशुपंछी विज्ञान र भूगर्भ विज्ञान पनि भूगोलमा आउने विषय वस्तुहरू हुन्।

तर, भू-आकृति विज्ञानमा केवल स्थलरूपको मात्र अध्ययन हुन्छ। अर्थात् स्थल भागमा रहेका पहाड, पर्वत, मैदान बेँसी, उपत्यका, टार, उच्च समस्थली खोंच, कान्ला भीर, पाखा, ढाल, मरुस्थल, झरना, नदी र हिमनदी निर्मित तथा स्थलाकृतको विश्लेषणात्मक अध्ययन हुन्छ। यस अर्थमा भू-आकृति विज्ञान भनेको भूगोल शास्त्रको एक हाँगा वा अभिन्न अङ्ग मात्र हो। यसमा प्रत्यक्ष रूपले देखापर्ने धरातलीय स्वरूप, त्यसको उत्पत्ति तथा इतिहास एवं विकासको व्याख्या गरिएको हुन्छ। आजकल भू-आकृति विज्ञान सम्बन्धमा धेरै चर्चा परिचर्चा भएको देखिन्छ। त्यसकारण यसबारे केही कुरा जानकारी राख्नु पर्ने आवश्यकता देखिन्छ।

भू-आकृतिको जानकारीबिना भूगोलको अध्ययन अपुरो हुन आउँछ। यसमा विभिन्न स्थानमा छरिएर रहेका विभिन्न आकार प्रकारका चट्टानको संरचना र सङ्गठन कै आधारमा स्थलरूपको निर्माण तथा यसको विकासबारे अध्ययन हुने भएकोले भू-गर्भशास्त्रसँग पनि सम्बन्ध भएको देखिन्छ। यस्तै यो भू-आकृति विज्ञानमा सागरीय स्थलरूप (Submarine forms) को पनि अध्ययन हुने गर्छ।

भू-आकृति विज्ञानका मुख्य विषय भन्नुनै धरातलका अग्ला होचा भूधरातलनै हो। ती धरातलका स्वरूप यति विषमता देखिन्छ कि स्थान अनुसार कहीँ अत्यन्त जटिल खालका अग्ला पहाडहरू रहेका छन् भने कहीँ थोरै उचाइका डाँडा रहेका छन्। ती अग्ला होचा स्वरूपका धरातललाई साधारणतया तीन वर्गमा विभाजित गरेर अध्ययन गर्नु पर्ने देखिन्छ।

## १) प्रथम श्रेणीका अग्ला होचा धरातल (Relief feature of the first Order)–




यस धरातलीय स्वरूप अन्तरगत सबैभन्दा पहिले उत्पत्ति भएका विशाल अग्लो भू खण्ड तथा विस्तृत रूपमा फैलिएका होचो सागरीय खाडल पर्दछन्। पृथ्वीमा भएका २९.२ प्रतिशत भाग स्थल मण्डल र ७०.८ प्रतिशत सागर एवं महासागर यस श्रेणीमा पर्दछन्।


## २) द्वितीय श्रेणीका धरातलीय स्वरूप (Relief feature of the second order)

मध्यम पहाड पर्वत, उच्च समस्थली, डाँडा, बेँसी, उपत्यका, नदी, खोला, घाटी, ताल तलैया आदि द्वितीय श्रेणीमा राखिएका छन्। प्रथम श्रेणीका धरातलीय स्वरूपमा हुने ज्वालामुखी विस्फोटन जस्ता आन्तरिक शक्तिको प्रभावले गर्दा निर्माण एवं विकास भएका संरचनात्मक स्थलस्वरूप यस अन्तरगत अध्ययन हुने गर्छ।




## ३) तृतीय श्रेणीका धरातलीय स्वरूप

(Relief feature of the third order)-




प्रथम र द्वितीय श्रेणीका धरातलबाट क्षयिकरण भएर निर्मित एवं विकसित स्थलस्वरूपलाई तृतीय श्रेणीमा राखिएका छन् । हावा, नदी, हिमनदी, वनस्पति तथा जीवजन्तु जस्ता वाह्य विनाशकारी शक्तिको प्रभावले गर्दा पहाड, डाँडा, बेंसी, उपत्यका जस्ता स्थल स्वरूपलाई खियाउने, बगाउने, उदाउने र थुपार्ने जस्ता अनावृतिकरण कार्यले निर्मित अनेकौं आकार प्रकारका धरातलीय स्वरूप बन्ने गर्छन् । यसरी निर्मित स्थल स्वरूप तृतीय श्रेणीको धरालीय रूप हुन् ।

अब यहाँ भू-आकृति विज्ञानका अन्य विज्ञानसित के कस्तो सम्बन्ध छ ? सो बारे केही चर्चा गरौं-

भू-आकृति विज्ञानको सबभन्दा बढी सम्बन्ध भू-विज्ञानसित भएको देखिन्छ । त्यसैले प्रा. **थर्नबरी**ले भू-आकृति विज्ञान मुख्यतः भू विज्ञान हो भनेका थिए ।

भू-आकृति विज्ञानका निम्न विषयहरूसित सम्बन्ध रहेका छन्-

### १) भू-आकृति विज्ञान तथा वनस्पति विज्ञान

पृथ्वीको भू-वैज्ञानिक इतिहासमा वनस्पतिको महत्त्वपूर्ण स्थान छ । वनस्पति विज्ञानको जानकारीबाट भू-आकृति विज्ञानको स्पष्ट रूप प्रस्तुत हुन्छ । त्यसैले भू-आकृति विज्ञानबारे समग्र रूपको जानकारीको लागि वनस्पति विज्ञानको अध्ययन अत्यन्त जरुरी देखिन्छ ।

### २) भू-आकृति विज्ञान तथा जीव विज्ञान

विभिन्न प्रकारका चट्टानमा देखापर्ने जीवावशेष नै पृथ्वीको इतिहासको साक्षी हो, जसको जनकारीबिना भू-आकृति विज्ञानको अध्ययन अपूरो हुन्छ । यसको साथै जीव विज्ञानको सम्बन्ध मानव विज्ञानबाट शुरु हुने भएकोले पनि भौगोलिक ज्ञानको सूक्ष्म अध्ययन सम्भव भएको हो ।

### ३) भू-आकृति विज्ञान तथा माटो विज्ञान

माटो विज्ञानको जानकारीबाट भू-आकृति विज्ञानको अध्ययन अत्यन्त सरल वा सजिलो हुन्छ । माटो भन्नु नै अपहरण क्रियाको उत्पादित वस्तु भएको हुनाले यसको अन्त वा विलय भू-आकृति विज्ञानबाट हुन्छ ।

### ४) भू-आकृति विज्ञान एवं जल विज्ञान

जलविज्ञानका विषयवस्तु भनेको वर्षा र बाढीको पानी, भूमिगत पानी आदि आउँछन् । तिनको अध्ययनले भू-आकृतिबारे जानकारीमा सहयोग गर्छ । साथै भू-आकृति विज्ञानका अनेकौं घटना र क्रियाकलापबारे परिमाणात्मक एवं निर्दिष्ट विश्लेषण प्रदान गर्छ ।

### ५) भू-आकृति विज्ञान एवं खनिज विज्ञान

पृथ्वीका स्थलाकृति विभिन्न किसिमका खनिज तत्वहरू मिलेर बनेका हुन्छन् । त्यस्ता खनिजहरूको सहायताबाट भू-संरचना पत्तालगाउने गर्छ । खनिजको निर्माण र विकासको आधारमा भू-आकृति विज्ञानको इतिहास त्यसका भौतिक अवस्थाहरूको ज्ञान गराएको हुन्छ । त्यस्तै स्थलाकृतिको स्वरूपले कुन स्थानमा के कस्ता खनिज जम्मा भएर रहेका छन् सोबारे पनि जानकारी प्राप्त गर्ने गर्दछन् ।

भू-आकृति विज्ञानमा खनिज तेलको भण्डारण क्षेत्र खोजतलास गर्न महत्त्वपूर्ण सहयोग गर्छ । किनकि कहीं कतैबाट उदाएर वा बगाएर लगी थुपार्दा थुपार्दै निकै वर्षको कालान्तरपछि आफै थिचिएर तह तह पर्दै बन्ने पत्रेदार चट्टानको बीचमा कोइला तथा खनिज तेलको भण्डार मिल्न सक्ने सम्भावना धेरै हुन्छ ।

### ६) भू-आकृति विज्ञान एवं भौतिक शास्त्र

भू-आकृति विज्ञान र भौतिक शास्त्र बीच घनिष्ठ सम्बन्ध छ किनभने भौतिकशास्त्रमा स्थल मण्डल, जलमण्डल, वायुमण्डल आदिबारे वर्णन हुन्छ भने भू-आकृति विज्ञानमा भौतिक शास्त्रकै स्थलमण्डलबारे वर्णन हुन्छ ।

भू-आकृति विज्ञान एक मानव कल्याणकारी विषय हो । यसले सडक निर्माण, बाँध निर्माण तथा विमानस्थल निर्माण जस्ता इन्जिनियरिङ कार्य योजना तर्जुमा एवं सफल

कार्यान्वयन भू-आकृति विज्ञानको जानकारीमा भर पर्दछ। त्यसैले अरू मुलुकमा झैँ नेपालमा पनि यो विषयको महत्त्व बढ्दै गइरहेको पाइन्छ।

## ऐतिहासिक धारणा

भू-आकृति विज्ञान विषय सम्बन्धी अध्ययनको थालनी एवं विकासबारे ऐतिहासिक धारणा निम्नअनुसार उल्लेख गर्न सकिन्छ।

जुनसुकै विषय वा विज्ञानको आ-आफ्नो इतिहास हुन्छ। त्यस्तै यस भू-आकृतिक विज्ञानको अध्ययनको थालनी र विकासबारे आफ्नै इतिहास छ। यस विषयको वर्तमान रूप सम्झनको लागि यसको ऐतिहासिक युगको थालनी एवं विकाससँग सम्बन्धित विभिन्न विद्वान दार्शनिकहरूको विचार अध्ययन गरी जानकारी लिनु पर्ने देखिन्छ।

यस भू-आकृतिक विज्ञान सम्बन्धी अध्ययनको थालनी एवं विकासबारे ऐतिहासिक युगलाई निम्न ६ युगमा विभाजित गरिएको छ-

### (१) प्रारम्भिक युग (Primary Epoch)

प्राचीनकालमा युनान, मिश्र तथा रोम जस्ता सभ्यताका केन्द्र भएका देशहरूमा बौद्धिक विचारको उत्पत्ति (थालनी) एवं विकास सँगै भू-आकृति सम्बन्धी विचारको पनि प्रतिपादन भएर अध्ययनको थालनी भएको थियो। त्यसवेला मुख्यतया हेराडोटस, अरस्तु, स्ट्राबो तथा सिने नामका विद्वानहरूको देन थियो।

युनानी इतिहासमा **हेराडोटस** (४८५ देखि ४२४ इसापूर्व) ले मिश्र एवं संयुक्त गणतन्त्र अरबमा व्यापक भ्रमण गरेर आफ्नो अनुभवमा **'मिश्र भनेको नाइलनदीको देन हो'** भन्ने कुरा व्यक्त गरेका थिए। नाइलनदीको मुखमा निर्मित मुखद्वीप (डेल्टा) एवं नजिकका सामुद्रिक पींधबारे लामो अध्ययन अनुसन्धान पश्चात हेराडोटसले मुखद्वीपको विस्तार क्रमशः सागरतर्फ भइरहेको र सागरीय पींध एवं किनार स्थिर नरही परिवर्तित अवस्थामा छ भन्ने निश्कर्ष निकाले।

यस्तै **अरस्तु** (सन् ३८४ देखि ३२२ ईसा पूर्व) ले नदी खोला तथा समुद्र जस्ता जलस्रोतसित सम्बन्धित वस्तुहरूको उत्पत्ति तथा त्यसका क्रियाकलापहरूबारे अध्ययन गरेर आफ्नो विचार व्यक्त गरेका छन्। विभिन्न किसिमका नदीले बगाएर (अनावृत्तिकरण गरेर) ल्याइने वस्तुहरू नदी खस्ने सामुद्रिक पींधमा थुपारिएका थुप्रो तथा सामुद्रिक स्थल सतह समेत अध्ययन गरेर अरस्तुले अहिले सागर रहेको स्थानमा पहिले शुष्क स्थलीय क्षेत्र हुनुपर्छ भन्ने सार निकालेका थिए।

इटलीका सुप्रसिद्ध इतिहासकार **स्ट्रेबो** (सन् ५४ देखि २५ इसा पूर्व) ले भनेका छन् कि नदीले खियाएर बगाएर थुपार्दा थुपार्दै निर्माण हुने मुखाद्वीपको आकार प्रकार नदी बहने पृष्ठभूमिमा भर पर्छ। नरम माटो भएको क्षेत्रबाट बहने नदीले बनाएको मुखद्वीप कडा खालका माटो भएका क्षेत्रबाट बहने नदीले बनाएको मुखद्वीप भन्दा तुलनात्मक रूपले ठूलो वा विस्तृत आकारमा शीघ्र निर्माण भएको देखिन्छ।

प्रथम शताब्दीका भू वैज्ञानिक **सिने**को भनाइमा नदी खोलाको उत्पत्ति केवल वर्षाको पानी मात्रले नभई अन्य स्रोतबाट पनि हुने गर्छ र नदी खोलाले आफ्नो घाटी आफै स्वयं निर्माण गर्छ। साथै स्थानीय स्तरमा हुने भुइँचालो र नदीका अनावृतिकरणका क्रियाकलापहरूको बारेमा पनि सिनेले आफ्नो विचार प्रकट गरेर गएका छन्।

### (२) अन्ध युग (Dark Epoch)

रोमन साम्राज्यको पतन पश्चात लगभग १४०० वर्षसम्म भू-आकृति विज्ञानको प्रगतिबारे पूर्ण विराम लाग्यो केवल अरब निवासी **'अवीसेना'** (सन् ९८० देखि १०३७ ई.) ले पर्वतको उत्पत्ति एवं वर्गीकरण सम्बन्धी विचार मात्र प्रतिपादन गरे। उनको विचारमा विभिन्न अपरदन कार्यद्वारा पर्वत खिइएर जाने गरेको आभास देखिन्छ।

### (३) जागरण युग या आकस्मिकवादको युग (Catastrophic Epoch)

पन्ध्रौं सोह्रौं शताब्दीमा पृथ्वीको स्थलरूपको संरचना आकस्मिक रूपमा भएको मान्दथे। यस विचारलाई सहमति जनाउनेहरूले ज्वालामुखीको विस्फोटन तथा भूकम्पजस्ता आकस्मिक प्राकृतिक घटनाको फलस्वरूप विभिन्न आकारप्रकारका स्थलरूप क्षणस्तरमा निर्माण भएको मान्ने गर्थे।

### ४) नवीन युग (New Epoch)

सत्रौं शताब्दीको पहिलो चरणदेखि मात्र भू-आकृति विज्ञानबारे वैज्ञानिक विचारधारा प्रतिपादन शुरूआत भएको छ। यस युग पछिका प्रायः जसो विद्वानहरूले नदी खोलाले खियाएर बगाएर लगी थुपार्ने अपरदन कार्य प्रति आफ्नो विचारलाई सहमति जनाएका छन्।

विद्वान **लियोनार्डो** (सन् १४५२ देखि १५१९ ई.) ले भनेका छन् कि नदीको स्वयं अपरदन कार्यद्वारा आफ्नो घाटीको निर्माण गर्छ।

त्यस्तै फ्रान्सिसी विद्वान **बफन** (१७०७ देखि १७८८ ई.) ले नदीका अपरदनका अनेकौं काममा नदी खोलाहरू सर्वाधिक शक्तिशाली वा सक्रिय हुन्छन् भनेका छन्। सामुद्रिक गहिराइदेखि अत्यन्त अग्लो स्थलभागसम्ममा पनि अनावृत्तिकरणका क्रियाकलापद्वारा स्थलाकृति निर्माण हुन्छ

भनेका छन् ।

इटलीका प्रमुख विद्वान **तारजीओनी तोजेट्टी** (सन् १७१२ देखि १७८४ ई.) ले भनेका छन् कि नदीको मार्ग असमान धरातलमा हुन्छ । फलस्वरूप कहीँ नदी घाटी साँघुरो हुने गर्छ भने कहीँ फराकिलो तथा कहीँ कहीँ सर्पको मार्ग अनुसार नदी बहने गर्छ । यस प्रकारले घाटीको निर्माण भिन्न भिन्न प्रकारका चट्टानले नियन्त्रण राख्छन् ।

फ्रान्सिसी विचारक **गुयथार्ड** (सन् १७१५-१७८६ ई.) ले बताएका थिए कि नदीले पहाड पर्वतलाई खियाउने गर्छ । नदीले खियाउने गरेका पदार्थ बगाएर लगी आफ्नै मार्गमा र समुद्रमा लगेर थुपार्ने गर्छ । यस्तै अर्का विद्वान **डिमारे**ले स्थलरूपको विकास समय अनुरूप क्रमिक अवस्थामा हुन्छ भनेका छन् ।

## (५) एकरूपतावादको उदयकाल (Evolution Epoch)

स्कटल्याण्डका विद्वान **जेम्स हटन** (सन् १७२६-१७९७ ई.) ले भनेका छन् कि वर्तमान भन्नुनै पहिलेको देन हो । यसको अर्थ वर्तमान समयको स्थलरूपको आकार, संरचना र स्वरूपले पछिला समयको अनुमान गर्दछ भनेको हो । जुन देशमा वर्तमान अवस्थामा जे जस्तो खालका भू-दृश्य निर्माण भएर देखापरेका छन् विगत कालमा पनि यस्तै प्रकारका भूमि निर्माण भएको हुनुपर्छ । विगत एवं वर्तमान कालमा हुने गरेका सम्पूर्ण परिवर्तन समरूप छन् । त्यसैले यस संकल्पनालाई एकरूपतावादको नाम दिएको हो ।

हटन ग्रेनाइट चट्टानको निर्माण विषयमा पनि एक नयाँ एवं विश्वसनीय सिद्धान्त परिकल्पना गरेका थिए । उनले 'Theory of Earth' नामको एक पुस्तक लेखेर त्यसमा चार भागमा विभाजित गरी ग्रेनाइट चट्टानबारे वर्णन गरेका छन् । उक्त पुस्तकको प्रथम र द्वितीय भागमा चट्टानको उत्पत्तिबारे वर्णन गरेका छन् । त्यस भागमा उनले पृथ्वीको कुनै पनि भागमा जस्तो रूप र आकारका भू आकृति विद्यमान छ ती सबै कयौँ वर्षदेखिको परिवर्तन पश्चात बनेका हुन् । त्यस्तै उक्त पुस्तकको तेस्रो भागमा पृथ्वी भित्रको म्यागमा बाहिर निस्की जमिन बनेका हुन् भनेका छन् । चौथो भागमा महाद्वीप एवं महासागरहरूमा अपक्षय भएर विभिन्न आकारका भू-आकृति निर्माण भएका हुन् भन्ने उल्लेख गरेका छन् ।

यस्तै स्कटिश विद्वान **जान प्लेफेयर,** ब्रिटिश वैज्ञानिक **चार्ल्स लायल,** फ्रान्सिसी विद्वान **चार्ल्स डोवेनी**, पश्चिम जर्मनीका प्रो. **अब्राहम बर्नर** आदिले हटनको उपरोक्त भनाइलाई सहमति जनाएका छन् ।

## (६) आधुनिक युगको विचारधारा (Epoch of modernage)

उन्नाईसौं शताब्दीका प्रथम चरणमा भू-आकृति सम्बन्धी विचार क्षेत्रीय रूपमा प्रारम्भ भएको थियो । यसको विकास संयुक्त राज्य अमेरिका, ग्रेट ब्रिटेन तथा जर्मनीमा बढी भयो । ती देशका विद्वानहरूको विचारधारामा प्रादेशिक स्तरमा पर्याप्त एकरूपता देखिन्छ । यस युगको विचारधाराहरू युरोपीय विद्यालय र अमेरिकी विद्यालयहरूमा विभाजित गरेर अध्ययन गरेको देखिन्छ ।

यूरोपीय विद्यालयका विद्वानहरू **लुइस आगासीज, जान प्लेफेयर, बेनेज, एस्मार्क, जेम्स गीकी**, **कार्पेन्टियर** आदिले आफ्नो विचार यसरी प्रकट गरेर गएका छन् कि कुनै एक समय पूरा महाद्वीप हिउँले टम्म ढाकिएको वृहत् हिमयुग थियो । त्यस हिमयुगका हिउँ कुनै वेला पग्लिएर विस्तारै हिमनदीको रूपमा गतिशील भएर जाँदा त्यसले धरातलमा विभिन्न आकार प्रकारका भू-आकृति निर्माण गरेका थिए ।

यस्तै यस क्षेत्रमा कार्यरत प्रमुख विद्वान **ज्यूकस** तथा **वाल्थर पेंक**ले भनेका छन् कि पहिले धरातलको उठ्ने प्रक्रिया र नदीले खियाउने प्रक्रियाको थालनी एकै साथ भएका थिए । तर पछि धरातल उठ्ने प्रक्रिया बन्द भए भने नदीका खियाउने प्रक्रिया लगातार सञ्चालन भएर भू-आकृति निर्माण भएको हो । तर, अर्का विद्वानले यसलाई खण्डन गर्दै लेखेका छन् कि जमिनको उठ्ने प्रक्रिया बन्द भएपछि मात्र नदीको खियाउने प्रक्रिया सुरु भई विभिन्न प्रकारका भू-आकृति निर्माण भएको हो भनेका छन् ।

अमेरिकी विद्यालयका विद्वान **जे डब्लु पावेल, जी के गिलवर्ट, डब्लु एम डेविस** (सन् १८५०) ले भू-आकृति विज्ञानका विभिन्न विचार र अवस्थाहरूबारे लेखेका छन् । **जी. के. गिलवर्ट** (सन् १८४३-१९१८ ई.) को विचार अनुसार नदी खोलाले ओफ्नो खियाउने र बगाउने प्रक्रियाले गर्दा आफ्नो घाटीलाई फराकिलो पार्दै लाने गर्छ । तीखो ढालतर्फ बहने नदीले मन्द ढालतर्फ बहने नदीले भन्दा बढी खियाउने गर्छ । **डब्लू. एम. डेविस** (सन् १८५०-१९४० ई.) ले भू-आकृति सम्बन्धी विचारको क्रमबद्ध तरिकाले व्याख्या गरे कि स्थल रूपका संरचना प्रक्रिया एवं अवस्थाको प्रतिफल हो ।

### सन्दर्भ सामग्री


१) Principle of Geomorphology : W.D. Thornburg.

२) विश्वनाथ तिवारी, प्रो. तथा अध्यक्ष : भूगोल विभाग, गोरखपुर, भू-आकृति विज्ञानका स्वरूप

## तस्बिरमा केही गतिविधि











भक्तपुर नपाले विश्व पर्यटन दिवसको अवसरमा आयोजित पुरस्कार वितरण, सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रममा 'सापारु २०८०' उत्कृष्ट फाकंदली, माक र देवी प्याखँ प्रदर्शन। सोही दिन बिहान नपा प्रमुख सुनिल प्रजापतिबाट भक्तपुर भ्रमणमा आएको पहिलो पर्यटक समूहलाई स्वागत। असोज १० गते

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज अफ लद्वारा आयोजित 'नेपालको संविधान र वर्तमान अवस्था' विषयक प्रवचन कार्यक्रम । असोज ३ गते



भक्तपुर नपाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा नर्सिङको २० औं ब्याचका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम । असोज ५ गते



भक्तपुर नपाको आयोजनामा राष्ट्रिय शिक्षा दिवस २०८० को अवसरमा 'समावेशी र सीपमूलक शिक्षा, स्वदेशमै युवा, राष्ट्रको इच्छा' विषयक वक्तृत्वकला प्रतियोगिता । असोज २ गते



बागमती प्रदेश सुशासन केन्द्रद्वारा स्थानीय तहका अधिकृतहरूको लागि 'विकास व्यवस्थापन र सेवाप्रवाह' विषयक तालिमको सिलसिलामा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग Meet the Mayor कार्यक्रम । असोज १२ गते

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपा वडा नं. १ को आयोजनामा अगुवा कार्यकर्ताको भेला ।
भदौ २० गते



आरती गुठी निवा सङ्घको संरक्षकत्वमा क्वनेया गुँला बाजा सञ्चालन तथा व्यवस्थापन समितिको गुँला बाजा सतवार्षिकी कार्यक्रममा भक्तपुर नपालाई मायाको चिनो प्रदान गरिँदै । असोज ६ गते






भक्तपुर नपाको आयोजनामा सञ्चालित आधारभूत सिलाइ, एड्भान्स तथा बुटीक तालिम (बायाँ) र हेयर कटिङ तथा पाक शिक्षा तालिमका आवेदकहरूको भेला । भदौ ३१ गते

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाबाट विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर भ्रमणमा आएको विदेशी पर्यटकहरूको पहिलो समूहलाई स्वागतपछिको सामुहिक तस्बिर । असोज १० गते



नगरप्रमुख सुनिल प्रजापतिले थुसाचादेखि चुनदेवी बाटोमा हुँदै गरेको आरएमसी ढलान कार्यको अवलोकन तथा निरीक्षण असोज १५ गते ।







कास्कीको पोखरामा २३ वर्षपछि मनाइएको ऐतिहासिक बाघजात्रामा भक्तपुर नपाबाट घिन्ताङघिसी प्रदर्शनी (बायाँ) । उक्त घिन्ताङघिसी बन्दिपुरमा पनि प्रदर्शन गरियो ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-२०)



– प्रो. माणिकलाल श्रेष्ठ

## काव्ये भाषा व छन्द


न्ह्यागु नं देश व जातिया नकतिनि साहित्य ब्वलनेगु शुरु जूबेले दकले अपो प्रचलित काव्य कविता व नाटक खः। थथे जूगुया कारण प्राचीन साहित्ये साहित्य, संगीत व कला छगू हे बस्तु, छगूनाप मेगु फाये मफुगु धयागु धारणा अपो खने दु। अथे जूगुलिं उबेले नाटके नाटककारं मनूया छुं जीवन वा ज्या ब्वया क्यनेगु छगू कला क्यंसा वया नापं तु नाटकया भाषा भावनां जागु कविता, कविता नं हाकनं छन्दे चिना तःगु जुयालि कविताया कल्पना व छन्दया संगीत नं ल्वाकज्या, अले उकी हे तुं नृत्य व अभिनय तया नृत्य कला नं दुथ्या। साहित्य, कला, नृत्य फुक्कयात मागु मुख्य बस्तु 'नासलं लिकेगु'। अर्थात नासः हे भीगु प्राचीन साहित्य कलाया उद्देश्य, नासः धयागु हिसिं जागु अले करकियात आनन्द बिइगु बा करकिया चित्त साले फइगु शक्ति। थ्व धारणा नेपालयागु जक मखु, न्ह्यागु थासे नं सार थ्व हे। उकिं हे प्राचीन ग्रीसया समालोचक **एरिस्टोटलं** कलां 'आनन्द बिइ' धयालि काव्य व संगीतयात नं कलाया अङ्ग मानेयात। प्राचीन संस्कृत साहित्ये नं साहित्य, संगीत व कला छगू हे प्रकारया गुण दुगु बस्तु माने याना तल। जुजु **भर्तृहरिया** विचारकथं ला मनूयात थ्व मदयेक मगागु गुण, थ्व मदुम्ह मनू ला पशु हे धासां जिउ। *(जुजु **भर्तृहरिं** धयातःगु दु –*

'साहित्य संगीत कला विहीनः साक्षात् पशु पुच्छ विषाणहीनः।'

(साहित्य संगीत कला छुं हे मदुम्ह मनू धाथेंयाम्ह हे पशु खः, न्हिप्यं व न्यकू मदुम्ह)। थुकथं भर्तृहरिं साहित्य, संगीत व कलायात छगू हे तगिंने तया तल।

*तर सुं सुं मनूतसें थ्व हे श्लोक क्यना भर्तृहरिं साहित्य, संगीत व कला स्वता नां कागुया मतलब स्वता अलग अलग चीज खः, एरिस्टोटलं धाथें 'साहित्य नं कलाया अङ्ग खः' धयागु विचार भर्तृहरिया मखु धका धाइ। तर स्वता शब्द भोलाक्क थन च्वया तःगु स्वताया भेद क्यनेत मखु, स्वताया समानता क्यनेत खः।)* थुकथं मानव सभ्यता बुलुहुँ थहाँ वया साहित्य विकास जुजुं वंबेले कविता धाये मात्र नं उकी संगीत दइ, लय् दइ, अथे जूगुलिं छन्दे हे चिना तये माल। नेपाल भाषाय् ला म्ये चिने थें कविता नं चिनेगु हे धा।

न्हापा न्हापा थ्वजोगु धारणा दःसां थौंकन्हे कविताय् छन्द विषये निगू



अलिग्जान्डर पोप



एमिली ब्रोन्टे

विचार स्पष्ट हे खने दये धुंकल। छन्द मदयेक कविता च्वये हे फइ मखु धयागु छता विचार व अले मेगु छन्द व कविताया छुं सम्बन्ध मदु। भीथाय् आ थौं तकं ल्यना च्वंगु गुगु वादविवाद खः व यूरोपे थनी सत्या निसःदँ न्ह्यो हे पिहाँ वोगु खः। क्लासिकल लेखकपिंसं छन्दयात हे कविता भापा छन्दे तस्सकं कट्टरता हःगुलिं उकिया विरोधे रोमान्टिक कविपिंसं कविताया आत्मा कल्पना खः, छन्द ला उकिया पिनेया रूप जक खःधका नारा बिल। अथेसां रोमान्टिक कविपिंसं नं उबेले छन्दे चिना कविता च्वया तल। धाथें बांलाक बिचा यासा छन्दे चिनातयेवं तुं कविता जुइ मखु। अंग्रेजी कवि **अलिग्जाण्डर पोपं** (Alexander Pope (1688-1744) निबन्ध धाये लोगु रचना नं खूब बांलागु छन्दे चिना थकल, तर पोपसिकं भतिचा लिपायाम्ह **एमिली ब्रोन्टे** (Emily Jane Bronte (1818-1848) या गद्ये च्वया तःगु उपन्यासयात कविता धाये लो।

नेपाल भाषाया छम्ह कविं छन्दे चिना तःगु निगू स्वंगू पद्यया अंश

थन झीसं स्वये ।

*'प्रकृति सदा परिवर्तन ज्वी,*
ज्वी धुंकल हिमयुग आदि,
हिलाः हिलाः वनि नियम थ्वया
मदु सुं चालक थुगु भवया'

(कवि चित्तधर 'हृदय' या **'सुगत सौरभ'** महाकाव्यं उद्धृत)

x x x


*छिलिक अमि चुडि न्याःगु शब्द*
*तरुणतस्यं फुक ताय् कल*
*लें दनाः गुलि छाःगु सो सो अमि*
*मिखा झ्याले ब्वल !*

(हृदयजुया **'सुगत सौरभं'**)

x x x

*छंत छछाः नक्य मफयाः छ्वःथें*
*पिलि पिलि ज्वेप्यं स्वः खं ला !*
*घर्र घर्र सः पिकया अमिसं*
*याःगु जित गुलि सो हेला ।*

(हृदयजुया **'सुपाय् व समुन्द्र'** कवितां)



चित्तधर 'हृदय'

थ्व उद्धृत यानागु स्वंगू अंशे झीसं स्पष्ट खं– न्हापांयागुली छन्द दु, ब्वनेबेले छगू लय् दु, तर थन झीत प्रभाव याइगु झीगु कल्पना व नुगःयात मखु, झीगु न्ह्यपुयात खः । थुकियात पद्य धाये छिं, तर कल्पनायात कविता धायेगु जुसा थ्व कविता मखु ।

निगूगु अंशे छता कल्पना दु, तसबीर न्ह्योने ब्वये हयेगु थुकी छन्द नं दु, छुं कल्पना नं जुल । थ्व अंश पद्य नं खः, कविता नं, तर अझ नं थुकिया छन्द व दृष्य-आकृति छधी मजू । कविं ब्वय् हःगु तसबीर छन्द मदुगु भाषां चोसां झीगु न्ह्योने वइ हे तिनि ।

दकले लिपायागु अंशे छन्द दु, तस्सकं उच्च कल्पना नं दु । समुद्रं सुपाँय्यात धया च्वंगु धका थुकी रोमान्टिक कल्पनाया च्वका थ्यंक वना, आकसे न न्यागु व पल्पसा तोगुयात 'ज्वेप्यंगु' व 'हेला यागु' धका कविं कल्पना यात । च्वय् उद्धृत प्यझोया मेगु नं विशेषता दु । कविया भावुकता तस्सकं उत्तेजित व कल्पना तीव्र जुया प्वंका तगु भाव थथे छन्दे चिनाताःगु संगीतं जागु भाषां मच्वसे मेगु भाषां चोगु जुसा कविं पाठकया मने कुलेत सोगु आवेग उलि प्रभाव जुइकथं हये हे फइ मखु ।



झुलेन्द्रमान प्रधान



बैकुण्ठ प्रसाद लाकौल

थ्व च्वय् उद्धृत जूगु स्वंगू उदाहरणं झीसं खना छन्दं कविता हइगु मखु, छन्द न्ह्याको बांलाक दःसां कविता जुइ मखु, हानं छन्द चिना तइबेले गुगुं कविताया प्रभाव हे तच्चो वनी । थ्व खँ व्यावहारिक उदाहरण यक्को बिया प्रयोगात्मक समालोचनाया लँपु ज्वना **झुलेन्द्रमान प्रधान**जुं थःगु सफू **'काव्यया स्वभाव'** या छन्द, ध्वनी, संगीत व लय् धयागु लेखे क्यना दीगु दु । मात्रा व छन्दं कवितायात न्ह्याबलें बांलाकीगु मखु, गबसं ला झन भाव व छन्द हवने मफुत धायेव झन स्यनी । *('मात्रा धैगु वा छन्द धैगु कवितं प्राप्त यायेत स्वइगु प्रभावयात हयेत तेवा बीगु छगू तत्व जक ख । अले कविताय् कविं म्हाइपुक मात्रा विभाजन याना तल कि कविताया केन्द्रीय आत्मायात स्पष्ट जुइक एकीकरण मयागु धैगु सीदवइ ।'*

– झुलेन्द्रमान प्रधान **'काव्यया स्वभाव'**)

छन्दं काव्यात्मक प्रभाव गुलितक व गुकथं याइ धयागु क्यना अंग्रेजी साहित्यया समालोचक **कलरीजं** थुकथं धयादीगु दु – *'कविताया हेतुया निम्तिं छन्द धयागु मनापु थें, थःतुं सोसा छतिं ज्या मवोगु यइपु मजूगु, अथेसां अय्लाखे ठीक मात्राय् ल्वाक छ्यायेबेले अय्लायात तस्सकं ह्वाकीगु मनापु थें ।'*

छन्दे चिना तःगु पद्यया झो ब्वनेबेले छगू विशेष ध्वनि बा सःया भाव झीत बिउ । थ्व ध्वनि-व्यवस्था बांलाक ज्या छ्यले फःसा कविं कविताया अर्थ गुगु भाव बिइत सोगु खः व हे भाव छुं भति सलं नं बिया यंकी । छन्द जक मखु उकिया नापं अनुप्रास व अन्त्यानुप्रास नं छ्यला कवितायात ध्वनीया दृष्टिं संगीतया थला कला थें न्ह्याकेगु पद्यरचना कवि **बैकुण्ठ प्रसाद लाकौल**याके खने दु । पद्य-रचनाया दृष्टिं राणा-विरोधी सङ्घर्ष थना हःगु जागरणं पिकागु न्हूगु युगया नेपाल भाषा कविपिं मध्ये दकले निपुणम्ह

लाकौलजु हे खः। पश्चिमी साहित्यया पद्ये थें नेपाल भाषाया कविताय् नं छन्दया नापं तुं **'एलिटरेशन', 'राइम', 'अनोमेटोपैया'** *(**'एलिटरेशन'** जर्मन साहित्यया पद्ये अपो छ्यलेगु चलन दु। छ्भोले व हे छता व्यञ्जन आवाज निको स्वको लिसा लिसा कायेगुयात 'एलिटरेशन' धाइ। संस्कृत भाषाया अनुप्रास थें हे थ्व खः, बरु शब्द न्ह्योनेया आवाज थ्व जुल।*

*'खुम्ह खुँ वया खुकुरी खुया यंकल' धायेबेले छ्भोले 'खु' आवाज लिसा लिसा काल, थ्व एलिटरेशन जुल। बरु पद्ये थ्वजोगु एलिटरेशन्नाप छन्द नं दइ तिनि।*

***'राइम'** धयागु संस्कृतया अन्त्यानुप्रास थें छ्भो व मेगु भोया दकले लिपाया छगू आवाज व हे जुइगु। (छगू सःया छगः आखः जुइगु भीगु भाषाय् ला दकले लिपाया आखः व हे जुइगु।)*

***'अनोमेटोपैया'** धयागु अलंकार इटालीया कविताय् यक्को छ्यला तः। शब्दया अर्थ छु भाव क्यनेत संगु खः व हे भाव शब्दया सलं नं क्यनेत स्वयेगुयात थथे धाइ। 'भिभ्भांभिभ्भां', 'नुगः खुलुलुलु मिं',-'घननन न्या' आदि शब्दत थुकिया उदाहरण खः)* आदि टेक्निक् छ्यला पद्ये ध्वनिया प्रभाव हयेगु *(तर थथे शब्द व ध्वनिया प्रभावे अपो जोड बिइबेले कविताय् थाकुगु भाषा लाये यो अले स्वये हे पोत्या मा हनेत कुतः यानातःगु थें च्वंक हे कविताया प्रवाह साला जक हयात गु थें जु वने यो, थः तुं सललल न्ह्यागु थें च्वनी मखु।)* ज्या लाकौलजुं याना दी।

ध्वनिया विशेष महत्त्व लिरिक कविताय् दु। कविया नुगले दुने बिलि बिलि जाया च्वंगु भाव प्वंका तइगु जगुलिं लिरिकया सः व लय् नं म्ये थें जुइमा। **'सितला म्ये'** कविता जक मखु म्ये नं खः, प्रजाया विलाप प्वंका तःगु थ्व कविता म्येया लय् मदयेक बांलाइगु हे मखु। जुजु **रणजीत मल्लं** थःगु देश तोता बने माबेलेया नुगःया पीडा प्वंका तःगु *'हाय हाय राम गथे मलुमने नेपाल'* लय् मदुगु जूसा व करुण रसया प्रभाव लाये हे फइ मखु। थौंया युगया नेपाल भाषा साहित्यया लिरिक कविपिं **सिद्धिचरण, हरिकृष्ण, दुर्गालाल**पिनि कविताय् कविताया शब्दया अर्थ गुगु भाव बिउ उकियात ध्वनि अर्थात सःव लयं नं यक्को बल्लाका बिउ। खः ला छन्दे चिना मतःसा लिरिक हे जुइ मखु धयागु मदु। छन्दया लिधंसा मकासे नं तस्सकं तीव्र भावनाया लिरिक कवि **चित्तरञ्जनं** च्वया हे दिल। अथे हे **सिद्धिचरण, दुर्गालाल** व **हरिकृष्ण**पिनि कविताय् छन्द मदुगु जूसां रस मदइगु मखु, तर छन्दं उकियात यक्को बांलाका बिउ।

बरु छता खँ वइ, कविताय् छन्दयात तोता हे छोसां कविताया निम्तिं अलग हे भाषा मा ला कि म्वा। अंग्रेजी कवि **वर्ड्सवर्थ** ला थथे धया तःगु दु - *'गद्यया भाषा व पद्यया रचनाया भाषाया छुं खास फरक द नं मदु, दये नं फइ मखु' (वर्ड्स्वर्थ - **'लिरीकल बायलोड्स'** कविता संग्रहया भूमिका।)* थुकथं खने दु, वर्ड्सवर्थया कविता छन्दं चिना तःगु पद्य जुइ मा धयागु धारणा दु, तर भाषा धासा विशेष रूपयागु मा धका मधा। वर्ड्सवर्थया विचारे ला कवितां *'घटना व स्थिति साधारण मनूया जीवनं ल्ययाा कया उकियात मनूतय्सं धाथें हे खँ ल्हाइगु भाषा कया उजोगु भाषां वर्णन यायेगु, थुकथं थ्वजोगु कल्पनां छिना बिइगु कि साधारण बस्तु हे असाधारण रूपे खने दइ' (वर्ड्स्वर्थ - **'लिरीकल बायलोड्स'** कविता संग्रहया भूमिका।)* बरु *'सामान्य मनुखं ल्हाइगु भाषा जूसां तस्सकं उत्तेजित अवस्थाय् नुवाइगु भाषा जुइमा।'* वर्ड्सवर्थं धाकथं कविताया भाषा सरल जुइमा, सामान्य मनुखं नं थूगु। तर थ्व भाषा सम्बन्धे वर्ड्सवर्थया विचार जुल, थ्व छगू सुभाव खः, सुभाव दुकुलु नं जू, तर थ्वजोगु भाषा मजूसा कविता हे मखु धाये मजिउ। जनतां मथूगु थाकुगु भाषाया कविताया प्रभाव कम जुइ, थ्व ला खः, तर उकियात कविता हे मखु धाये मजिउ। सामान्य जनतां थूगु सरल भाषाय् कविता च्वये छिं, तर कविताया भाषा गद्यया भाषा नापं पाइ हे मखु धायेगु उचित मजू। गद्ये न्ह्यागु याना नं विचार व्यक्त जुइगु भाषा जुइ, अर्थ स्पष्ट जुइगु भाषा व शैली गद्ययात मुख्य मा। कविताय् छुं छता उच्च भाव सञ्चार यायेत स्वइगु जूगुलिं व कवि नं छुं उत्तेजित मनस्थितिइ लाना च्वंबेले याइगु भाव-सञ्चार जूगुलिं कविताया भाषा सामान्य भाषासिकं पाइ।

छम्ह मनूया हे खँ ल्हाइगु भाषा न्ह्याबेलें छता जुइ मखु। छुं छता उद्बोधकं मन कुला बिइबेले छम्ह सामान्य मनुखं हे ल्हाइगु भाषाय् अलंकार दइ। भचा उत्तेजित जुया च्वनीबेले खँ ल्हाइगु ध्वनि व वाक्ये शब्दया क्रम पाइ धासा भावुक अवस्थाय् कविं विशेष व्यवस्थित रूपं अर्थात छन्द व अलङ्कार तया कविता च्वइगु स्वाभाविक जू।

थुकथं भी छगू निस्कर्षे वये। कविताया भावयात छन्दं क्वातुका बिउ। *'छन्दया कविता नाप छुं सम्बन्ध हे मदु'* धाये फइ मखु, तर हाकनं *'छन्द मदुगु अथवा पद्ये चिना मतःगु रचना कविता हे मखु'* धायेगु नं ठीक मजू। छन्द कविता मखु, कविताया तिसा जक। भाव मदुगु कविताय् न्ह्याको बांलाक छन्द चिना बिउसां तिसां जक मनू बांलाके मफु थें हे जुइ। कवितायात लोगु छन्द जूसा व छन्द व अलङ्कारं कविताया भाव प्रवाहयात बाधा मजुइक स्वाभाविक कथं छन्द पिज्वया वोसा उकिं कवितायात यक्को बांलाकी।

**(कथहं)**

## वडाध्यक्षको डायरीबाट

# सार्वजनिक जग्गा र सम्पदाको संरक्षणमा वडाले ध्यान दिनु आवश्यक

कुशल

दोस्रो प्रहरको समयमा वडामा खासै वडावासीहरूको भीड थिएन । त्यसैले म 'मजदुर' दैनिक पत्रिका अध्ययन गर्दै थिएँ । त्यही समयमा एक जना अर्धवैंशको मानिस कार्यालयमा प्रवेश गऱ्यो । वहाँको नाम राम गोपाल (परिवर्तित नाम) थियो । कुनै औपचारिकता बिनानै वहाँले मलाई एक निवेदन दिनु भयो । मैले निवेदन अध्ययन गरेँ । निवेदन नामसारीको रहेछ । मैले वहाँलाई नामसारीको सिफारिस नहुने जानकारी दिएँ । वहाँले मलाई प्रतिप्रश्न गर्दै भन्नुभयो, 'किन सिफारिस नदिने ?' मैले जवाफमा भनेँ, 'तपाईँको नाममा सार्वजनिक जग्गा मिचेर आफ्नो घर बनाएको उजुरी वडामा आएको छ । त्यसैले तपाईँको सिफारिस गर्न मिल्दैन । तपाईँले पहिला आफूले ओगटेको सार्वजनिक जग्गा छोड्नुस् अनि मात्र सिफारिसको काम अगाडि बढ्छ ।' केही दिन अगाडिमात्र वडाका केही मानिसहरू वहाँको विरुद्ध सिफारिस रोक्काको निवेदन लिएर आएका थिए । मैले टोलवासीलाई आवश्यक जाँचबुझ र टोलवासीसँग छलफल पछिमात्र वहाँको सिफारिस गर्ने बताएको थिएँ । नभन्दै टोलवासी आएको केही दिनमानै वहाँ सिफारिस लिन आउनुभयो ।

मेरो जवाफ सुने वित्तिकै वहाँ निकै रिसाउनु भयो । वहाँले आफ्नो घरसँगै सार्वजनिक जग्गा अतिक्रमण गरेको भनी टोलवासीले उजुरी गरेको थियो । मैले उजुरी आएपछि स्थलगत अध्ययन पनि गरेको थिएँ । त्यसकारणले पनि मैले सिफारिस रोक्नुपर्ने वाध्यता थियो किनकी सार्वजनिक जग्गा तथा मठ मन्दिर र सम्पदाहरूको संरक्षणमा वडाले ध्यान दिनु आवश्यक छ । त्यही कारण पनि मैले त्यस मान्छेको सिफारिस रोक्नु आवश्यक थियो । मैले निवेदनमा त्यस मानिसको नाम हेरेँ । त्यस मानिसको नाम राम गोपाल सुवाल (परिवर्तित नाम) रहेछ । आफ्नै वडाको वासीन्दा भएपनि मैले वहाँलाई चिनेको थिइँन । वडा गाभिएर नयाँ वडा बनेकोले पनि मैले वहाँलाई चिन्न सकिनँ । तर पनि व्यक्तिगत रूपमा मैले वहाँलाई नचिने पनि वहाँले सार्वजनिक जग्गा हड्पने काम गरेको उजुरी परेको र स्थलगत अध्ययन गरी नाप नक्सा गर्दा अतिक्रमण भएको जस्तो लागेको हुँदा वहाँलाई त्यस बारेमा जानकारी गराउनु पर्ने मेरो दायित्व हो । त्यही भएर मैले वहाँलाई जानकारी दिन पनि सिफारिस रोकेको थिएँ ।

वहाँले मलाई रिसाएर ठूलो स्वरमा भन्नुभयो, 'तपाईँलाई मेरो सिफारिस रोक्ने अधिकार कसले दियो ? मेरो सिफारिस रोक्ने हिम्मत कहाँबाट आयो ? तपाईँले मलाई चिन्नु भएको छ ? संविधानले दिएको सम्पत्तिको अधिकारलाई तपाईँले रोक्न मिल्छ ? तपाईँको के चाला हो ? जनताको काम गर्न भनेर आएको होइन ? यसरी सिफारिस रोकेर जनताको काम हुन्छ ? मैले कहाँ सार्वजनिक जग्गा मिचेको छु ? तपाईँसँग प्रमाण छ ? मेरो शत्रुले मेरो बारेमा जे पनि आरोप र उजुरी दिन सक्छ । के सबैलाई उजुरी आयो भनेर सिफारिस नदिने हो ? यो टोल र टोलवासीको जिम्मा तपाईँले लिनु भएको छ ?' वहाँले मलाई बोल्ने मौका नै नदिई लगातार रिसाएर बोलिरहनु भयो । अनि वहाँ मेरो टेबुलमा हातले हान्दै कुरा गरिरहनु भएको थियो । वहाँले रिसको झोकमा टेबुलमाथि हानेको कारण सीसानै चिरा परेछ । मलाई त्यस बेला यादनै भएन । पछि वहाँ गएपछि मात्र मैले चाल पाएँ ।

धेरै बेरसम्म वहाँ कराइरहनुभयो । मलाई बोल्ने मौकानै दिनु भएन । म भर्खर भर्खर मात्र निर्वाचित भएर आएको हुँदा वडाध्यक्ष भएर काम गर्ने अनुभव थिएन । यसरीसम्म मानिसहरू कराउन सक्छन् भन्ने अन्दाजनै थिएन । मलाई के कसरी जवाफ दिने र कसरी त्यो मान्छेलाई चुप लगाउने भनी सोच्न थालेँ । उसको ठूलो स्वर र टेबुलमा पटक पटक हानेको आवाजले कर्मचारीहरू आत्तिएर मेरो अफिसमा के भएको भनी हेर्न आउनुभयो । म भने के जवाफ दिने भनी सोच्दै थिएँ । सचिव मेरो अगाडि आएर के भएको सर भनी सोध्न थाले । मैले वहाँलाई इसारा गरेर बस्न अनुरोध गरेँ । त्यत्तिन्जेलसम्म पनि त्यो मानिस कराइरहेको थियो । मेरो मनमा विभिन्न तरङ्गहरू खेल्न थाले, एक जना शिक्षक भएर विद्यार्थीहरूलाई रमाइलो गरी अध्यापन गराइरहेको मानिस कहाँ आएर अर्काको गाली खानुपर्ने कुर्सीमा बस्न आइपुगेछु । यसरी पनि अनावश्यक गाली खाइरहनु पर्ने रहेछ । म अचम्ममा परेँ । यसरी वडाध्यक्ष भएर गाली खाएको पहिलो चोटि थियो । मलाई किन किन साह्रै असह्य हुँदै थियो । मलाई त्यस मानिसको भनाइ अस्वभाविक लागिरहेको थियो । म जवाफ दिन खोज्दै थिएँ । त्यस मानिस ठूलो ठूलो स्वरमा

कराउँदै वडाबाट निस्कनु भयो। मैले आफ्ना भनाइ नै राख्न पाएन। मलाई बाँकी नराख्ने भन्दै मलाई धम्क्याएर बाहिर जानु भयो। म वाल्ल परेर हेरिरहेँ। कस्तो परिस्थिति पनि आउँदो रहेछ। म निकै निराश भएँ। मलाई यसरी गाली खानु परेकोले धेरै चित्त दुख्यो। जिऊ भारी भएको अनुभव भयो। मनमा वैचेन हुन थाल्यो। म कस्तो ठाउँबाट कस्तो ठाउँमा बस्न आइपुगेँ जस्तो लाग्यो। मलाई वडा कार्यालयमा बस्न मन लागेन। सचिवलाई एकछिन बाहिर गएर आउँछु भनी घरमा आएँ। आफूलाई धेरै टेन्सन अनुभव भएकोले खातमा गएर सुतेँ।

त्यसपछिका दिनमा वडाको कार्यव्यस्तताले गर्दा र त्यस मानिस फेरि वडामा नआएको कारणले गर्दा मैले त्यस घटनालाई बिर्सें। अनि मैले त्यस घटनाको सम्बन्धमा कोही कुनैसँग पनि चर्चा गर्न उचित सम्झिँन। त्यसकारणले पनि मैले त्यस वडाको घटनालाई विस्तारै बिर्से होला जस्तो लाग्छ।

करिब एक महिनापछि एकजना मानिस मलाई नमस्कार गर्दै आए। त्यस समयमा पनि खासै वडामा मानिसको घुइँचो थिएन। म 'भक्तपुर' मासिक पत्रिका अध्ययन गर्दै थिएँ। वहाँ नमस्कार वडाध्यक्षज्यू भन्दै विस्तारै सोफामा बसे। मैले पनि नमस्कार फर्काएँ। वहाँले आफ्नो कुनै परिचय नदिईकननै सबभन्दा पहिला माफी माग्छु भन्दै हात जोडे। मलाई त्यस मानिसदेखि अचम्म लाग्न थाल्यो। न कुनै परिचय न कुनै विषय किन माफी मागेको होला भनी सोच्न थालेँ। मैले वहाँलाई पहिला आफ्नो परिचय दिन अनुरोध गरेँ। त्यसपछि वहाँले भन्नुभयो, 'अस्ति यहाँ रिसाएर बोलेर जाने राम गोपालको दाइ म हरि सुवाल (परिवर्तित नाम) हुँ। म आफ्नो भाइको गल्तीप्रति माफी माग्न आएको हुँ। सार्वजनिक पदमा बसेको मान्छेसँग कसरी बोल्नु पर्छ भन्ने ढङ्गनै छैन मेरो भाइसँग। त्यही भएर मैले थाहा पाउनासाथ माफी माग्न आएको हुँ। मेरो भाइले ठूलै गल्ती गरे। तपाईँलाई तथानाम त्यसरी भनेकोमा म माफी माग्छु भाइ। तपाईँ उमेरले मभन्दा कम नै होला त्यही भएर वडाध्यक्षज्युलाई भाइ भनेकोमा पनि क्षमा पाऊँ। मेरो भाइ अलि व्यवहारिक छैन। अनि आफ्नै पाराको हुनुहुन्छ। घरमा पनि कहिले काहिँ यस्तै व्यवहार गर्छ। क्षमा गरि दिनु होला। हामीले सार्वजनिक जग्गा मिचेका छैनौँ। टोलका हाम्रा विरोधीहरूले तपाईँलाई कुरा मात्र लगाएको हो। त्यही कुरा राख्न पनि म आएको हुँ। भाइले एक चोटि विचार गर्नुपर्ला।'

वहाँको व्यवहार भाइको भन्दा पूरै उल्टो थियो। हरि दाइ एकदम शालिन र मिलनसार रूपमा प्रस्तुत भइरहेको थियो। मैले वहाँको चालबारे बुझिहालेँ किनकी वहाँलाई सिफारिस लिनु थियो। त्यसकारण वहाँ मसँग चाप्लुसीपूर्वक कुरा गरिरहनु भएको थियो। मैले वहाँलाई स्पष्ट शब्दमा भनेँ, 'हेर्नुस्, तपाईँले राम्रो भाषामा कुरा गरे पनि भाइले नराम्रो भाषामा कुरा गरे पनि तपाईँको सिफारिस हुँदैन किनकी तपाईँहरूविरुद्ध उजुरी छ। त्यही भएर तत्काल सम्भव छैन। बरु तपाईँले राम्रो भाषा प्रयोग गरेकोले निर्वाचित समितिमा एकपल्ट तपाईँको सिफारिसबारे छलफल गरि दिन्छु। त्यसको लागि पनि तपाईँको भाइले मकहाँ आएर माफी माग्नु पर्छ र यो फुटेको सीसाको क्षतिपूर्ति तिरेपछि मात्र छलफल हुन्छ।' वहाँले मलाई तुरुन्तै जवाफ फर्काउनु भयो, 'हुन्छ म क्षतिपूर्ति पनि तिर्न तयार छु र भाइलाई पनि माफी माग्न लगाउँछु। तर मेरा निवेदनबारे एकपल्ट छलफलमात्र भएपनि गरिदिनुस्।' मैले हुन्छ भाइलाई लिएर आउनुस् र यस्तै सीसा अर्को हालिदिनुस् भनी पठाएँ।

त्यसको भोलिपल्ट नै भाइ राम गोपाल र दाइ हरि दुवै वडामा आउनुभयो। दाइ हरिले भाइ राम गोपाललाई वडाध्यक्षसँग माफी माग्नलाई भन्नुभयो। भाइले पनि आफ्नो व्यवहारप्रति मसँग माफी माग्नुभयो। अनि सीसा अर्डर गर्नको लागि सीसा पसलको मानिस पनि लिएर आउनुभयो। केही बेरमा सीसा पनि नयाँ हालिदिनु भयो। मैले निर्वाचित समितिमा छलफलको लागि तपाईँको निवेदन राखिदिउँला भनी दुवैलाई विदा गरेँ।

शुक्रबारको नियमित बैठकमा निवेदक राम गोपाल र हरि दाइको निवेदन सम्बन्धमा छलफल भयो। मैले वडावासीको उजुरी र गुनासो सम्बन्धमा जानरकारी गराएँ। वडाको ज्येष्ठ सदस्यले भन्नुभयो, 'सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई कुनै पनि हालतमा सिफारिस दिन मिल्दैन। तर मिचेको घर जग्गाबाहेक अन्य जग्गाहरूको नामसारी सिफारिस हाल दिँदा फरक पर्दैन।' अर्न्य सदस्यहरूको राय पनि त्यस्तै रह्यो। महिला सदस्यले त झनै कडा भाषामा प्रतिवाद गर्दै आफ्नो राय राख्नुभयो। अन्तमा अतिक्रमित जग्गा फिर्ता नदिएसम्म निवेदकको घर र जग्गाको नामसारीको सिफारिस रोक्का राख्ने र बाँकी अरू जग्गाहरूको नामसारी गरिदिने निचोडमा पुगियो। त्यही अनुसार लिखित निर्णय भई बैठक समापन भयो। त्यसको भोलिपल्ट नै मैले निर्वाचित समितिको निर्णय जानकारी गराएँ र वहाँहरू पनि बाँकी जग्गाको भए पनि सिफारिस लिन तयार देखिएपछि सर्जमिन गरी प्रक्रिया अगाडि बढाएँ। अन्तमा, आइन्दा हामीबाट नराम्रो व्यवहार नहुने प्रतिवद्धता जाहेर गरेर उहाँहरूले सिफारिस लिएर जानुभयो।

# जनज्योति पुस्तकालयको फेरिँदो मुहार



भूपाल मूल

पुस्तकालयलाई ग्रन्थालय पनि भन्ने गरिन्छ । पुस्तकालय पुस्तकहरूको सङ्कलन गर्ने घर हो । आजको समयमा पुस्तकालय पुस्तकहरू सङ्कलन गर्ने घर वा स्थानमात्र नभै सूचना केन्द्र, स्रोत केन्द्र, डिजिटल पुस्तकालय, विद्युतीय पुस्तकालय आदि नामहरूबाट पनि चिन्ने गरिन्छ । २१ औँ शताब्दीको प्रचलित पुस्तकालय चाहीँ विद्युतीय पुस्तकालयलाई लिने गर्दछन् ।

नेपालमा पुस्तकालयको विकास मध्यकालीन समयमा भएको मानिन्छ । नेपालमा पुस्तक लेखनको शुरुवात भोजपत्र, ताडपत्रहरूमा पनि ठोस इतिहास नभेटिएको भएपनि धेरैवर्ष अगिदेखि शुरु भएको पाइन्छ । पुस्तकालयबाट मानिसले आफ्नो जीवनलाई आफूले चाहेको, सोचेको उद्देश्य प्राप्त गर्नमा उत्साहित बनाउँछ । समाजमा सबै तह र तप्कालाई आवश्यक ज्ञान तथा सूचनाको प्रवाह गर्नाका साथै अशिक्षालाई नाश गर्ने, सोचमा परिवर्तन ल्याउने, खोज अनुसन्धानहरूलाई सहज पार्न मदत गर्दछ । पुस्तकालय अनौपचारिक शिक्षा दिने, पढ्ने बानी बसाल्ने, देश विदेशका विविध विषयहरूको सूचना तथा ज्ञान दिने स्थलको रूपमा पनि चिनिन्छ ।

पुस्तकालयलाई व्यक्तित्व विकास गर्ने, समाज विकासको आधार तथा राष्ट्र निर्माणको मेरुदण्डको रूपमा लिने गरिन्छ । कुनै पनि समाज तथा राष्ट्रको उन्नतिलाई मूल्याङ्कन गर्दा त्यहाँ सञ्चालित पुस्तकालयको अवस्था र बजेटमा लगानीलाई अध्ययन गर्दा प्रष्ट बुझ्न सकिन्छ । पुस्तकालय समाज तथा राष्ट्रको ऐना हो । यसको महत्त्व पुस्तौँ पुस्ताका लागि छ ।

कुनै पनि पुस्तकालयको मुख्य उद्देश्य पुस्तकालयमा पाठ्यसामग्रीहरूको सङ्कलन गर्ने, संरक्षण गर्ने र तिनीहरूको उचित समयमा उचित पाठकलाई बिनाभेदभाव सेवा दिनु हो ।

संसारमा रहेका कुनैपनि पुस्तकालयहरूको जिम्मेवारी अन्तर्गत पुस्तक तथा पुस्तकालय सामग्रीहरूको सही छनौट गरी सङ्कलन गर्ने, वर्गीकरण गर्ने, सूचिकरण गर्ने, विषय शीर्षक बमोजिम व्यवस्थापन गर्ने, सदस्यता प्रदान गर्ने, पुस्तक लेनदेन गर्ने, सन्दर्भ सामग्री सेवा दिने तथा सङ्कलित पुस्तक तथा सामग्रीहरूको सही तरिकाबाट सुरक्षा गरी संरक्षण गरी राख्नुलाई लिइन्छ ।

पुस्तकालय ज्ञानको भण्डार तथा पठन संस्कृतिको विकास गर्ने प्रमुख स्थल हो । पुस्तकालयले यसका पाठकहरूलाई राम्रो वातावरण तयार गरेर सही तरिकाबाट सेवा दिनु पर्दछ । पुस्तकालय शिक्षाको खानी पनि हो । यसले शिक्षण सिकाइ कृयाकलापहरूमा पुस्तकको प्रयोग गर्ने बानीको विकास गर्ने हुँदा यसको ठूलो महत्त्व र आवश्यकता छ । यिनै कारणहरूलाई मध्यनजर गरेर नेपालमा राजा गिर्वाणयुद्ध वीर विक्रम शाहबाट पुस्तकालय स्थापना गर्न लालमोहर जारी वि.सं. १८६९ भाद्र १५ गते भएको थियो र यसै दिनलाई सम्झना गरेर नेपाल सरकारले वि.सं. २०६५ भाद्र १५ देखि प्रत्येक वर्ष पुस्तकालय दिवस मनाउँदै आएको छ । यसलाई निरन्तरता दिएर पुस्तौँ पुस्ताका लागि पुस्तकालयको प्रयोग, विकास र विस्तारमा जागरुक पार्नु पर्दछ ।

पुस्तकालयको महत्त्व तथा आवश्यकताकै कारण विश्वमा धेरै समय अघिदेखि पुस्तकहरू लेख्ने र तिनीहरूको सही तरिकाबाट संरक्षण गर्न पुस्तकालयहरूको स्थापना भएका हुन् । नेपालमा पनि राजा गिर्वाणयुद्धले पुस्तकालय स्थापना गर्न लालमोहर लगाए, मकै पर्व, लाइब्रेरी पर्व जस्ता ऐतिहासिक घटनाहरू घटे ।

भक्तपुर नगरपालिकाले वि.सं. २००७ सालमा स्थापना गरेको जनज्योति पुस्तकालयले समय अनुकुल मुहार फेर्दै आएको छ । साथै नगरभित्र सञ्चालित पुस्तकालय तथा वाचनालयहरूलाई पनि भक्तपुर नगरपालिकाले आवश्यक आर्थिक सहायता पनि दिन सुरुवात गरिसकेको छ । २०८० जेठ ६ गते भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख भएअनुरूप जनज्योति पुस्तकालयमा विधिवत रूपमा विद्युतीय पुस्तकालयको सुरुवात भएको छ । विद्युतीय पुस्तकालय पुस्तकबिनाको पुस्तकालय हो । जुन कम्प्युटर वा नेटवर्कको माध्यमबाट प्रयोग गर्न सकिन्छ । यसबाट अनलाइनको माध्यमबाट पुस्तक तथा जर्नल, आर्टिकल्सलाई एकै ठाउँमा बसी अध्ययन गर्न सकिन्छ । अमेरिकाबाट सुरुवात भएको विद्युतीय पुस्तकालयको आज संसारभरि प्रयोगमा ल्याएको पाउँछौँ । यो मूलतः इन्टरनेट मार्फत पढिने पाठ्यसामग्रीहरूको सुविधा मात्र हो । यो पुस्तकभन्दा धेरै सस्तो हुनाका साथै आवश्यकता अनुसार चाहेको सामग्री भण्डारण गर्न, छुट्टै फोल्डर बनाई सुरक्षित राख्न, अध्ययन र अनुसन्धा ➲

# भक्तपुरका केही ठाउँको नाम र चिनारी (२)



लक्ष्मीनारायण दुवाल

भक्तपुरका विभिन्न टोल बस्तीको वर्तमान अवस्थाको नामहरू, ती नामको विगतको रूप र ती नाम रहन जानुको कारण उल्लेख गर्ने कोसिस गरेको छु। यसमा स्थानीय जानकारहरूसँग सोध खोज, अध्ययन र अनुमान गरी लेख्ने गरेको छु। दिइएका नाम फरक भएमा गलत अर्थ लागेमा सत्य-तथ्य कुरा प्रकाशमा ल्याइदिनु हुन अनुरोध गर्दछु।

**१) झतापो-** भक्तपुर नपा वडा नं. ८ को लाछी भन्ने टोलको नाम हो झतापो। वास्तवमा झतापो एक देवताको नाम हो। झतापो देवता भएको टोललाई पनि झतापो टोल भनिएको छ।

कोःलाछी/झतापो टोलको पूर्वतिर ठड्याइराखेको ढुङ्गाको खम्बा नै झतापो देवता हो। उमेर पुगिसके पनि रजस्वला नभएका तथा बाँझी महिलाहरूले पूजा गर्नुका साथै त्यस देवतासँग अंगालो मारेमा रजस्वला हुने र गर्भ रहन्छ भन्ने कथन छ।

उक्त देवतालाई स्थानीयहरूले उन्मत भैरवको रूपमा पूजा गर्न गर्छन्।

**२) कोःलाछी-** कोःलाछी झतापो टोल कै अर्को नाम हो। कोःलाछी नेवारी शब्द हो। कोः अथवा कोहं को

---

➲ कार्यमा धेरै प्रयोग गर्न सक्छौं। मूलतः विद्युतीय पुस्तकालय मार्फत Jstor, Oxford Journal Collection, Royal Society Journal Collection, Cambridge Journals Online लगायत नयाँ नयाँ Articles प्राप्त भइरहन्छन्।

## प्रगति विवरण

जनज्योति पुस्तकालयको हालसम्मको मुख्य उपलब्धि तथा प्रगति विवरण

♦ भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस जनज्योति पुस्तकालयमा हालसम्म १४९० जना सदस्यले सदस्यता प्राप्त गरेका छन्। यस वर्ष Issue भएका पुस्तकको सङ्ख्या ९३२ रहेको छ।

♦ जनज्योति पुस्तकालयमा पाठकहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ। यस वर्ष पुस्तकालयको पुस्तक तथा पत्रपत्रिकाको प्रयोग गर्ने पाठकको सङ्ख्या १०८४६ रहेको छ। पुस्तकालयमा विभिन्न क्षेत्रसँग सम्बन्धित लेखहरू तथा अनुसन्धानहरू अध्ययनका लागि आउने गरेका छन्। विभिन्न जिल्लाबाट समेत पुस्तकालयको अवलोकन तथा अध्ययन गर्न आउने गरेका छन्। पुस्तकालयको बारेमा जानकारी लिनको लागि विभिन्न विद्यालयका शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूले पनि अवलोकन भ्रमण गर्दै आइरहेका छन्।

♦ पठन संस्कृतिको विकासको लागि पाठकहरूको माग बमोजिम पुस्तकालयले नयाँ नयाँ पुस्तकहरू थप्दै आइरहेको छ। पाठकको चाहना तथा आग्रह अनुसार बजारमा उपलब्ध नयाँ नयाँ पुस्तकको खरिद गरिएको छ।

♦ पुस्तकालयमा हाल करिब १९ हजारको सङ्ख्यामा पुस्तकहरूको सङ्कलन गरिएको छ।

♦ दैनिक, साप्ताहिक, पाक्षिक र मासिक गरी ६६ प्रकारका पत्रपत्रिकाहरू उपलब्ध छन्।

♦ ई–लाइब्रेरी कक्षमा हाललाई १० ओटा इन्टरनेट सहितको कम्प्युटर मार्फत सेवा दिइरहेको छ। विद्युतीय पुस्तकालयमा सदस्य थपिने क्रम जारी छ। यसबाट पाठकवर्गलाई अध्ययन, अध्यापनको साथै अनुसन्धानमा समेत टेवा पुगेको छ।

♦ पुस्तकालयको पहुँचमा सहजताको लागि पुस्तकहरूको छुट्टै डाटाबेस तयार गरिएको छ। यस मार्फत पुस्तकालयमा रहेका पुस्तकहरू सजिलैसँग आवश्यक परेको बेलामा खोज्न र अध्ययन गर्नमा मद्दत पुगेको छ।

♦ पुस्तकालयमा रहेका पुराना पुस्तक तथा पत्रपत्रिका संरक्षण, संवर्द्धनको लागि र्‍याक तथा फर्निचरका सामानहरूको थप निर्माण गरिएको छ। पुस्तकालयमा आउने पाठकवर्गहरूको सामग्रीको सुरक्षाको लागि लकरको व्यवस्था गरिएको छ। पाठकहरूलाई समयअनुसार तातो तथा चिसो खानेपानीको साथै शौचालय समेत व्यवस्था गरिएको छ।

♦ हाल पुस्तकालयमा दैनिक ६० जना भन्दा बढी पाठकवर्गले पुस्तकालयको प्रयोग गर्दै आएका छन्। पुस्तकालय दिवसको अवसर पारेर भक्तपुर नगरपालिकाले पनि हरेक वर्ष कार्यक्रमहरू सञ्चालन गरिँदै आइरहेको छ।

♦ पुस्तकालयमा प्रयोगकर्ताको सङ्ख्या दिनानुदिन बढे अनुसार स्थानको विस्तार गर्नुपर्ने अवस्था रहेको छ।

(जनज्योति पुस्तकालय अधिकृत मूलबाट पुस्तकालय दिवसमा व्यक्त मन्तव्य)

अर्थ तल हो । लाछीको अर्थ घरको आँगन हो । घरहरूको सँगै खाली राखिएका ठाउँलाई नै लाछी भनिन्छ । को: लाछीको अर्थ तलको लाछी (चोक) हो । भक्तपुर न.पा. ९ को सुजमरी टोलबाट तलतिर परेको चोक भएकोले को:लाछी भनेको हुनुपर्छ ।

**३) ताहामला**– ताहामला न.पा. वडा नं. ८ को:लाछी (भ्रतापो) बाट जेंला जाने बाटोको नाम हो । ताहाको अर्थ लामो र मलाको अर्थ बाटो हो । पहिलेका मानिसहरूले फोहोर गर्ने ठाउँलाई मला भनिराखेको पाइन्छ । मलालाई पहिले-पहिले महिलाहरूले शौचालयको रूपमा प्रयोग गर्ने गर्थे । हुन सक्छ धेरै वर्ष पहिले मानव बस्ती कम भएको बेला ताहा मला पनि फोहोर गर्ने बाटो थियो ।

**४) त:धांलिबी**– त:धांलिबी भक्तपुर नपा ८ भ्रतापो टोलको दक्षिणतिर पर्ने एक चोकको नाम हो । चारैतिर घरहरू र बीचमा खाली छोडिएको भागलाई लिबी भनिन्छ । लिबी वास्तवमा चोक नै हो । त:धांको अर्थ ठूलो र त:धांलिबीको अर्थ ठूलोचोक हो ।

**५) पांग्राचा**– भनपा वडा नं ८ भ्रतापो (को:लाछी) को दक्षिणतिरको पश्चिम जाने बाटो भई मचो भैरव जाँदा बीचमा पर्ने एक ठाउँको नाम हो पांग्राचा । यसको वास्तविक नाम कुनै अभिलेखमा उल्लेख गरी राखेको थाहा हुन सकेको छैन ।

पांग्राचा नाम 'पांगु पलिचा' बाट अपभ्रंश भई बनेको अनुमान गर्न सकिन्छ । पांग्राचामा एउटा पुरानो पाटी (पलिचा) छ । जुन सिधा बाटोलाई पूरै छेकिने गरी बनिराखेको छ । जसको कारण बाटो दुई तिर गएको छ । यसरी पांगु पलिचा 'पांगु पलिचा' हुँदै पांग्राचा हुन गएको अनुमान गर्न सकिन्छ ।

**६) म:चो**– नपा वडा नं. ८ जेंला टोलको दक्षिणतिरको टोलको नाम हो म:चो । म:चो नाम महेश्वरी चोबाट बनेको देखिन्छ । म:चो स्थान (टोल) महेश्वरी पीठको ठिक उत्तर उकालो माथि छ । तसर्थ म:को अर्थ महेश्वरी र चो को अर्थ उच्च (माथि) हो । म:चोको अर्थ महेश्वरी माथि अर्थात महेश्वरी चोय् (चो) हो ।

म:चो स्थानमा स्वेत भैरवको कलात्मक सांस्कृतिक महत्त्वको मन्दिर छ । त्यस भैरवलाई पनि म:चो भैरव भन्ने गरिन्छ ।

**७) तँ: चो**– तँ: चो: टोल (स्थान) म:चो टोलको पूर्वतिरको टोल हो । यो टोल महेश्वरी खोलाबाट उत्तरतर्फको उकालो माथिको ठाउँ हो । तँ:को अर्थ उकालो र चो को अर्थ माथि हो । तँ: चो: को अर्थ उकालो माथि हो ।

तँ:चो मल्लकालीन नगर प्रवेश गर्ने दक्षिण पूर्वको एक महत्त्वपूर्ण बाटो हो । यस बाटोबाट नगर प्रवेश गर्न द्वार बनाइराखेको अवशेष (सङ्केत) चिन्ह अहिले पनि देख्न सकिन्छ ।

**८) जेंलाँ**– नपा वडा नं. ९ को केन्द्र नै जेंलाँ टोल हो । यो टोलको नाम जेंलाँ रहन गएकोमा स्थानीय वृद्धहरूको कथन फरक फरक छ । कतिपय वृद्धहरूको भनाइ अनुसार 'जा: लाँ' बाट जेंलाँ भएको हो । जा:लाँ को अर्थ डाँडा या भिरालो ठाउँको माथि र तल नभई बीचको बाटो हो । जेंलाँ टोल रहेको भौगोलिक अवस्थाले यो कथन मेल खाँदैन ।

अर्का वृद्धहरूको कथन अनुसार जेल लाँ बाट जेंलाँ भएको हो । जेल को अर्थ खिइयो र लाँको अर्थ बाटो हो । जेललाँ को अर्थ खिइएको बाटो हो । हुन सक्छ त्यो ठाउँमा पहिला बाटो निकै खिइएको, बिग्रेको थियो होला । बाटो ज्यादै खिइएकोले खिइएको बाटो अर्थात जेललाँ भन्दै पछि जेलाँ हुन गएको हो । मानिस हिँड्ने बाटो खिइने भएकोले त्यो कथनलाई नकार्न मिल्दैन ।

**९) सिमालय**– भक्तपुर नपा वडा नं. ८ र ७ को सिमाना बाटो महेश्वरी पीठबाट वाचु टोल जाने उकालो अलि माथि नपुग्दै आउने ठाउँ सिमालय हो । सिमालय वाचुटोलको दक्षिणतिर पर्छ । त्यस ठाउँमा बुद्धको एउटा ठूलो पुरानो मूर्ति पनि छ । बुद्धको मूर्ति पूर्वतिर नवदुर्गा गणमा हुने बाल देवता 'सिम' देवता राखिएको छ । त्यही सिम देवताको नामबाट त्यस ठाउँको नाम सिमालय हुन गएको हो । 'सिम' देवताको नाम हो 'सिम' मा आलय जोडी सिमालय भएको हो । आलयको अर्थ संस्कृतमा भैँ नेवारीमा पनि स्थान, घर नै जनाउँछ ।

**१०) लिवाली**– भनपा वडा नं. ८ को पूर्वी भेगको ठूलो क्षेत्र लि:बाली हो । लि:बाली नेवारी शब्द हो । लि:को अर्थ पछि र बाली को अर्थ खेतका उत्पादन हो । लि:बालीको अर्थ पछि पर्ने बाली अर्थात ढिलो आउने बाली हो ।

हाल लि:बालीमा पूरै घर भैसकेको छ । भनपा ले २०५४ सालमा आवास योजना लागु गरी जग्गा सम्याएर बाटो बनाई आवास क्षेत्रको रूपमा विकास गरेको थियो । त्यो भन्दा पहिला लिबालीमा पूरै बाली लगाउने गर्थे । सिँचाइको व्यवस्था थिएन । आकासे खेती हुने भएकोले धान रोप्ने काम निकै पछि हुन्थ्यो । बाली आउने पनि पछि नै हुन्थ्यो । त्यसरी बाली पछि पर्ने अर्थात लिपा बाली आउने ठाउँ लि:बाली हुन गयो ।

लघुकथा

# पशु अधिकारकर्मी

– आर.दिस्ती

छोरीको ह्वाँ ह्वाँ रुवाई र आ....मा भनी चिच्याएको सुनेर राममाया आतिएर झ्यालबाट हेरिन्। छोरीलाई कुकुरले टोकेर खुट्टा रगताम्य बनाएको देखेर राममाया हतार हतार घरबाट बाहिर निस्किन् र कुकुरलाई ढुङ्गाले हानी लखेटी। त्यतिबेला सम्म टोलमा केही मानिसहरू पनि जम्मा भइसकेका थिए। बच्चालाई ठूलो घाउ लागेकोले टोलवासीहरूले बच्चालाई अस्पताल लगी उपचार गराउनु भनी राममायालाई भने। राममायाले टोलका एकजना मान्छेको मोटरसाइकलमा राखेर बच्चालाई अस्पताल लगिन् र बच्चाको उपचार गरिन्।

त्यस कुकुरले टोलका १०/१५ जना मानिसहरूलाई अनाहकमै टोक्दै हिँड्यो। टोलवासीहरू त्यस कुकुरले टोक्ला भनेर डराई डराई हिँड्नु पर्‍यो। त्यस कुकुरले धेरैलाई टोकेर अति गरेपछि त्यस कुकुरलाई मार्नु पर्‍यो भनेर राममायासँगै टोलवासीहरू वडा कार्यालयमा गएर वडाध्यक्षलाई अनुरोध गरे। वडाध्यक्षले 'आजकल हामीले पहिलाको जस्तो भुस्याहा कुकुरहरूलाई नियन्त्रण गर्नका साथै त्यस्तै बहुला कुकुरहरूलाई विष खुवाएर मार्न सक्दैनौँ। पशु अधिकारकर्मीहरूले गर्दा हामीलाई कुकुर मार्न विष उपलब्ध गराएको छैन। कुकुरहरूलाई मार्नु हुँदैन भनी कडा विरोध भइरहेको छ। तपाईँहरू त्यस कुकुरको टोकाईबाट बच्न सतर्क भई हिँड्नु होला। अहिलेलाई मसँग तत्काल कुनै विकल्प तथा उपाय छैन' भने।

त्यसपछि राममायाले 'होइन वडाध्यक्षज्यू त्यस कुकुरले हामीहरूलाई धेरै नै सताई सक्यो। त्यस कुकुरलाई नमारी भएन' भनिन्।

वडाध्यक्षले 'के गर्नु ! पशु अधिकारकर्मीहरूको कारण हामीले केही गर्न सक्दैनौँ' भने। त्यपछि अर्को एकजना वडावासीले 'मान्छेहरूको ज्यानभन्दा कुकुरको ज्यान ठूलो हो र ?' भने।

वडाध्यक्षले केही जवाफ फर्काउन नपाउँदै अर्को एकजना वडावबासीले 'भुस्याहा कुकुरहरूको वृद्धिलाई नियन्त्रण गर्न भुस्याहा कुकुरहरूलाई नमारी बन्ध्याकरण गराउनुका साथै रोगी कोरी कुकुरहरूलाई पशु सेवा केन्द्रमा लगेर वा खबर गरेर उपचार गराउनु त ठिकै हो ! तर बहुला कुकुरहरू तथा वडावासीहरूलाई अनाहकमा टोकेर हिँड्ने कुकुरहरूलाई मानवहरूको रक्षार्थ कम मात्रै कष्ट हुने गरी विष खुवाएर मार्ने व्यवस्था त गर्नु पर्‍यो नि ! वडाध्यक्षज्यू' भनेर भने।

वडाध्यक्षले 'तपाईँहरूले भन्नु भएको कुरा त सही हो तर के गरौँ !? म विवश छु। यस विषयमा तपाईँहरू पशु अधिकारकर्मीहरूसँग कुरा गर्न जानुस्' भनी सुझाइयो।

वडाकार्यालयबाट त्यस कुकुरलाई मार्न कुनै सहयोग नहुने देखेर वडावासीहरू पशु अधिकारकर्मीहरू कहाँ जान वडा कार्यालयबाट बाहिरिएका मात्र के थिए एकजना वडावासीलाई त्यस कुकुरले टोकी हाल्यो साथै त्यस कुकुरको टोकाईबाट एकजना मान्छेको मृत्यु समेत भएपछि वडावासीहरू आक्रोसित भई त्यस कुकुरलाई जालमा पारी ढुङ्गामुढाले हानेर मारिदिए।

उता पशु अधिकारकर्मीहरू आइएनजिओको कार्यक्रममा स्टार होटलमा बसेर विदेशी रक्सीको चुस्कीसँगै आहा ! कति मिठो पोर्क, कति मिठो मटन, बफ भन्दै ४/५ थरिको पशुहरूको मासु खाइरहेका थिए।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं।

# चीनविरुद्ध संरा अमेरिकाको 'नयाँ शीतयुद्ध' आत्म-विनाशकारी



जन ओबर्ग

*(चीन-संरा अमेरिका द्विपक्षीय सम्बन्ध संसारमा सबैभन्दा महत्त्वपूर्ण सम्बन्धहरूमध्ये एक हो । यस सम्बन्धको प्रक्षेपणले अन्तर्राष्ट्रिय ध्यान आकर्षित गरेको छ । तर, पनि अमेरिकाले शीतयुद्धको वास्तविक अर्थ देखाउँदै राजनीति र कूटनीति, अर्थतन्त्र, व्यापार, प्रविधि र सैन्य सुरक्षाजस्ता विभिन्न मोर्चाहरूमा चीनलाई दबाउने आफ्नो प्रयासलाई तीव्रता दिइरहेको छ ।*

*ग्लोबल टाइम्सले चिनियाँ र विदेशी विज्ञहरूलाई 'नयाँ शीतयुद्ध' को अमेरिकी बङ्ग्याइ उदाङ्गो पार्न र यसले विश्वलाई सम्भावितरूपमा हुनसक्ने क्षति अनुमान गर्न आमन्त्रित गरेको छ । यो शृङ्खलाको तेस्रो किस्ता हो ।)*

केही वर्षअघि स्वीडेनको द ट्रान्सनेसनल फाउन्डेसन फर पिस एन्ड फ्युचर रिसर्चले 'बिहाइन्ड द स्मोकस्क्रिन'- पश्चिमको विनाशकारी चीनविरुद्ध शीतयुद्धको एजेन्डा र किन यो रोकिनुपर्छ । शीर्षकमा एक प्रतिवेदन प्रकाशित गऱ्यो ।

संयुक्त राज्य/पश्चिमी आरोप उद्योगका धेरै परिप्रेक्ष्यहरूमध्ये हामीले सिन्चियाङमा नरसंहार, जबरजस्ती श्रम र ताइवानलगायत पश्चिमी दिमागमा चीनको व्यवस्थितरूपमा नकारात्मक छवि निर्माण गर्ने उद्देश्यका नौ मुख्यधाराका मिडिया बङ्ग्याइ विधिहरूबारे मध्यवर्ती कथाहरू हेऱ्यौं ।




चित्र : ग्लोबल टाइम्स, शिया छिङ

हामीले पत्ता लगायौं कि शीतयुद्ध 'स्वतन्त्र' प्रेसलाई प्रभाव पारेर तीन मुख्य संयन्त्रहरूमार्फत हुने रहेछ :

**क)** नक्कली वा मनगढन्ते कथाहरू,

**ख)** बहिष्कार- उदाहरणको लागि, चीनको विकासका हरेक सकारात्मक पक्षहरूको बहिष्कारको अभियान,

**ग)** स्रोत अज्ञानता : उही केही सीमित स्रोतहरू प्रयोग गरेर विकृत जानकारी फैलाउने कार्य अमेरिकाबाट फैलाइएका र दोहोऱ्याइएका वाक्वाकीलाग्दा विज्ञापन र मूल अनुभवजन्य प्रमाण वा दाबीहरूको वैधता कहिल्यै जाँच गरिँदैन ।

अन्ततः यसले मुख्यधाराको मिडियाको विशिष्टता र महत्त्वपूर्ण भूमिकाको क्षय निम्त्याउँछ र पत्रिकाहरूलाई कालो र सेतो विश्वव्यापी दृष्टिकोणमा बन्द गर्नेतर्फ तिनीहरूको रूपान्तरण गर्छ । जसले 'हामी राम्रो, उनीहरू खराब' भन्दै द्वन्द्व र युद्धलाई बढावा दिन्छ, सबै सैन्य-औद्योगिक क्षेत्रद्वारा सञ्चालित मिडिया-शैक्षिक कम्प्लेक्स यसका तड्कारा उदाहरण हुन् ।

प्रजातन्त्रको लागि दुर्भाग्य, मुख्यधाराका मिडियाहरू सैन्यवाद, हतियार, साम्राज्य र यसका युद्धहरूलाई वैधानिकता बढाउने नेता बनेका छन् । यी सबैमा शीतयुद्धका तत्वहरू के - के हुन् ?

**पहिलो र प्रमुख**, शीतयुद्ध एक मनोवैज्ञानिक- राजनीतिक घटना हो । यसले हाम्रो अविश्वसनीय जटिल संसारलाई दुई भागमा विभाजित गऱ्यो । राम्रोविरुद्ध खराब । यसले हाम्रो श्रेष्ठता जोगाउन र अरूलाई चुप लगाउन र कमजोर राख्न खोज्छ । यदि यसको प्रतिरोध असफल भयो भने यसले युद्धको प्रतिज्ञा गर्दछ । यसले समानता, सहयोग र आपसी सिकाइको संसारलाई रोक्छ । यदि तपाइँ प्रणालीमा पहिलो नम्बरमा हुनुहुन्छ भने तपाइँ अरूबाट सिक्न र सुन्नुहुन्न बरु तपाइँ अरूलाई सिकाउनुहुन्छ, घुस दिनुहुन्छ र आदेश जारी गर्नुहुन्छ ।

शीतयुद्ध शीत योद्धाको लागि राम्रो हुन सक्छ जब युद्ध आरोहणमा हुन्छ । युरोपको 'पुरानो' शीतयुद्धमा, दुईओटा आधारभूतरूपमा पश्चिमी प्रणालीहरू - एउटा कार्ल मार्क्सको सिद्धान्तमा आधारित, अर्को एडम स्मिथको सिद्धान्तमा आधारित प्रणालीहरूले प्रतिस्पर्धा गरे । सबै शक्ति तराजुहरूमा, सोभियत सङ्घ र यसको प्रणालीमा उच्च थियो । हामीलाई थाहा छ यो कसरी समाप्त भयो ।

त्यसपछि विजेताले 'मूर्खतापूर्वक' सबै स्थान लियो। संयुक्त राज्य अमेरिका/नेटो संसारले आफ्नो असाधारण 'अन्तर्राष्ट्रिय नियम-आधारित आदेश' भित्र मनलागी काम गऱ्यो, संयुक्त राष्ट्र सङ्घीय बडापत्र र अन्य अन्तर्राष्ट्रिय कानुनहरू मिचे। नाटोको आफ्नै सन्धिको उल्लङ्घन गरी नाटो-क्षेत्र बाहिरको सैन्य कार्यहरू गऱ्यो। युगोस्लाभियामा मानव अधिकार र व्यवस्था परिवर्तन/ स्रोत/ आतङ्कवादविरोधी युद्धहरूको बहानामा सोभियत सङ्घलाई दिइएको सबै प्रतिज्ञाहरूविरुद्ध नाटोको विस्तार गरियो।

सबै धेरै राम्रो भयो र धेरै सजिलो लाग्थ्यो। अरूको कुरा किन सुन्ने वा सहानुभूति दिने ? परिवर्तनशील संसारमा किन ध्यान केन्द्रित गर्ने ? जब 'हामी' परिवर्तनकर्ताहरू, परमेश्वरको आफ्नै देश उत्कृष्ट हो ? यदि हामी यसबाट टाढा जान सक्छौँ भने, हामी गर्छौँ। यद्यपि, विवेकशीलता, राज्यसत्ता र दीर्घकालीन सोचले काम गरेको भए नार्सिसिस्ट साम्राज्यवादी घमण्डको सट्टा विश्वव्यापी प्रभाव विश्लेषण गर्न बाध्य तुल्याउने थियो।

पश्चिमले बाँकीलाई बेवास्ता गऱ्यो। चिनियाँ अवधारणाहरूको सुन्दर संयोजनमा आधारित चीनको प्रभावशाली सामाजिक-आर्थिक विकास – जुन पश्चिमले अझै बुझ्दैन र आयातित पश्चिमी तत्वहरू ब्रिक्स, साङ्घाई सहयोग सङ्गठन र अफ्रिकी र अन्य क्षेत्रीय सङ्गठनहरूजस्ता सङ्गठनहरूको स्थापना र परिपक्वतालाई खतरा ठान्छ।

पश्चिमले पनि आफ्नो सैन्यवादको लागि तिर्ने वास्तविक मूल्य बुझेको छैन। यो प्रविधि र अर्थव्यवस्थासहित सबै नागरिक क्षेत्रहरूमा ठूलो र बढ्दो बोझ हो र बढ्दै गइरहेको छ। अधिक राष्ट्रिय र सामूहिक रूपमा आत्मनिर्भरता लगभग ५० वर्ष पहिले विकसित र पश्चिमद्वारा उपहास गरिएको अवधारणा हो।

परिणाम के भयो ? यो लेख ब्रिक्स अफ्रिका, मध्य पूर्व र दक्षिण अमेरिकाका आवश्यक देशहरूका साथ विस्तार भएको भोलिपल्ट लेखिएको हो। आज बहुध्रुवीयता र सहकार्यतर्फको ठूलो कदमले यसो भन्दै छन् हामी तपाईँबिना अमेरिका र युरोप छिर्न सक्छौँ यदि तपाईं नयाँ, व्यावहारिक सर्तहरूमा सहयोग गर्न चाहनुहुन्छ भने हामी तयार छौँ, भएर तपाईँको पश्चिमी वर्चस्व र पश्चिमी मूल्यहरूको विश्वव्यापीकरणको दिन समाप्त हुँदैछ।

यस्तो छ विश्वव्यापी व्यापक इतिहास : साम्राज्यहरू आए र गए। संरा अमेरिका/ नाटोको अन्तिम होइन। कोही पनि यति भोलि रहन्छ भन्ने छैन। सारा संसारको शासक बन्ने र अरूलाई बाध्य पार्ने ईश्वर-प्रदत्त अधिकार छ भनेर विश्वास गर्न भनिन्छ र यसको मापदण्डहरू स्वीकार गर्न जोड गरिन्छ भने त्यसको अन्त्य निश्चित छ।

हाम्रो आँखा अगाडि परिवर्तन भइरहेका विशाल विश्व व्यवस्था अकल्पनीय अति अकल्पनीय छ। सत्ताको अज्ञानता वा अन्धो नशाले मात्र यसलाई बेवास्ता गर्दछ। पश्चिमले आफ्नो दौड चलाएको छ र अति विस्तारित भएको छ, अन्य संस्कृतिहरू र सोच्ने तरिकाहरूप्रति असंवेदनशील भएको छ र प्रणालीगत परिवर्तनहरू अनुकूलन गर्न असमर्थ भएको छ तर एकतर्फी रूपमा स्टेरिङमा जोड दिइरहेको छ। पश्चिमले अरूको नजरमा वैधता गुमाउँदैछ, सापेक्षिक आर्थिक र राजनीतिक शक्ति र बाँकीले आकर्षित गरेको महसुस गर्ने राम्रो भविष्यको संसारको रूपरेखा बनाउने रचनात्मक क्षमतामा ह्रास ल्याइरहेको छ।

मैले यहाँ भनेको शुद्ध गान्धी विचार हो : तपाईँले हिंसा प्रयोग गरेर अरूलाई भौतिक, आर्थिक, सैन्य, संरचनात्मक, सांस्कृतिक र वातावरणीय हानि पुऱ्याउन सक्नुहुन्छ। तर, ढिलो चाँडो, तपाईँको हिंसाबाट यसले तपाईँलाई भ्रष्ट बनाउँछ, अवमूल्यन गर्छ, क्रूर बनाउँछ। तपाईँको निम्ति माया भन्दा धेरै घृणा हुनेछ। एक महत्त्वपूर्ण जन विकास हुनेछ।

गहिरो सामाजिक-सांस्कृतिक अर्थमा, क्रिस्चियन ओक्सीडेन्टले ती धेरै प्रकारका हिंसाहरूलाई अनुचित रूपमा समस्याग्रस्त पारेको छ जसमा यसले सांस्कृतिक रूपमा आफ्नो सम्बन्ध बनाएको छ।

चीनमा पश्चिमको शीतयुद्ध दैनिक समाचारहरूमा चिप्स, व्यापार, ताइवान र स्थायी आरोपहरू उद्योगका अन्य नियमित विषयहरूभन्दा धेरै हावी भएका छन्। यो मानवताको विकासको तरिकामा गहिरो टेक्टोनिक (भू धरातलीय) परिवर्तनहरूको बारेमा हो। पश्चिमा देशहरू या त यसमा सामेल हुनेछन् र योगदान गर्नेछन् या नयाँ संसारमा विकास बाहिरको परिधि बन्नेछन्। तिनीहरू साम्राज्यवादी सनक वा धमाकाको रूपमा पतन हुनेछ र व्यापक इतिहासको अपरिहार्य परिवर्तनहरूसँग अनुकूलन हुनेछन्।


हामीलाई अर्को १०० वा सो वर्षपछिको मानव जातिको भविष्यको बारेमा धेरै कम थाहा छ। सबै हुँदाहुँदै पश्चिमका असल शक्तिहरूप्रति सहानुभूति र सहयोग विस्तार गर्ने र यसका दुष्टताहरूका विरुद्ध 'जस्तालाई तस्तै' को नीतिबाट टाढा रहने दर्शन सबैभन्दा सुरक्षित दर्शन हो।

(लेखक स्वीडेनस्थित थिङ्क ट्याङक ट्रान्सनेशनल फाउन्डेसन फर पिसका निर्देशक हुन्।)

अनुवाद : विशाल

# नवयुवकसँग अपिल

## ‘प्रिन्स’ क्रोपाट्किन



## गरीब वर्ग

अब हामी गरीब वर्गका युवाहरूसित केही कुरा भन्ने छौँ। तर, अचेल त्यति विस्तृत रूपमा सम्झाइरहनु आवश्यक छैन, किनभने बुद्धि र साहसको मात्रा धेरै कमी भए पनि वरपरका घटनाको दबाबले वर्गरहित समाजको पक्षधर बन्न बाध्य बनाइएको हुन्छ।


मजदुर या गरीब वर्गमा जन्मेर वर्गरहित समाज स्थापनाको विजयको निम्ति जस्ले आफ्नो शक्ति खर्च गर्दैन त्यस्ले आफ्नो भलाई के मा छ त्यो पनि बुझ्न सक्दैन। त्यस्ता व्यक्ति आफ्नो कर्तव्य र प्राचीन समयदेखि चलिआएको उतरदायीबाट पनि विमुख रहन्छ। के तिमीलाई त्यो बेला सम्झना छ जब तिमी सानो बच्चा थियौ र जाडोको समयमा बाहिर खेलिरहेका थियौ ? त्यसबेला तिम्रो फाटेको लुगाबाट स्याँठ पसेर कति विघ्न ठिहि्ऱ्याएको र फाटेको जुत्ताभित्र चिसो माटो भरिएको थियो। त्यसै समयमा तिमीले केही मोटाघाटा केटाहरूले असल न्यानो लुगा लगाएर बाहिर आएको देखेका थियौ र तिमीलाई हेयको दृष्टिले हेरेका थिए। त्यस अवस्थामा पनि तिमीलाई थाहा थियो कि ती केटाहरूले जतिसुकै असल कपडा लगाए पनि बुद्धिमा, समझदारीमा, काम गर्ने शक्तिमा तिम्रो या तिमीजस्तै साथीहरूको बराबरी तिनीहरू छैनन्। पछिबाट तिमी बाध्य भएर एक कारखाना भित्र बिहान ५–६ बजेदेखि साँझसम्म बाह्र घण्टा मेशिनमा काम गर्नुपऱ्यो, वर्षौँसम्म दैनिक मेशिनका अविराम गति र कर्कश स्वर माझ रहेर जोत्तिनुपऱ्यो। यसबीच ती मोटाघाटा केटाहरू बिना कुनै चिन्ता–समस्या विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूमा शिक्षा प्राप्त गर्दै रहे। तर त्यही केटाहरू जो तिमीभन्दा बुद्धिमा हीन छ किन्तु असल शिक्षा पाएर आज तिम्रै मालिक बनेका छन् र जीवनका सम्पूर्ण सुख र सभ्यताका साधनहरू आनन्दपूर्वक उपभोग गरिरहेका छन्।

तर, अचेल तिम्रो के हालचाल छ ? तिमी प्रत्येक दिन कामबाट फर्केर एक सानो अँध्यारो र ओसिएको कोठामा पस्छौ। सानो ठाउँ भएपनि ५–६ जना व्यक्ति जनावर झैँ कोच्चीएर रहनुपर्छ। त्यस कोठामा जीवनबाट दिक्क भएकी र उमेरले होइन चिन्ताले बुढो भइसकेकी तिम्री आमाले तिमीलाई रूखा–सुखा खान दिन्छिन्। ‘भोजन’ गर्दै तिमी सोच्न थाल्ने छौ –‘भोलि साहूलाई पिठोको पैसा कहाँबाट ल्याएर दिने र पर्सी घरपेटीलाई घरभाडा कसरी तिर्ने ?’

के तिमी पनि तिम्रा माता–पिताले ३०–४० वर्ष भोगिसकेको जस्तै दुःखमय जीवन बिताउन चाहन्छौ ? के तिमी अरूको शारीरिक, मानसिक र कला–कौशल सम्बन्धी सबै प्रकारका सुख दिनको निम्ति यसरी नै जीवनभर परिश्रम गर्दै रहन्छौ र तिमी आफूचाहीँ सदा–सर्वदा यसै चिन्तामा फसिरहन्छौ कि खानलाई रोटी पाइन्छ कि पाइँदैन ? के मुट्ठीभर व्यक्तिलाई सबै प्रकारका ऐश–आरामका साधन प्राप्त भैरहोस् भनेर तिमी आफू सधैँको निम्ति जीवनलाई आनन्द दिने वस्तुबाट वञ्चित रहन्छौ ? के तिमी परिश्रमद्वारा आफूलाई शक्तिहीन बनाई त्यसको सट्टा जब समस्या आउँछ तब दुःख भोग्न स्वीकार गर्छौ ? के तिमी यस्तै जीवन जीउन चाहन्छौ ?

सायद, तिमी यस्कोलागि पनि राजी हुनेछौ ! तिमी आफ्नो विद्यमान अवस्थाबाट निक्लने कुनै मार्ग नदेखेर सायद भनेछौ कि ‘सारा संसार यस्तै अवस्था मा फसेको छ; जब म यस अवस्थामा कुनै परिवर्तन गर्न सक्दिन भने यसलाई सहनै पर्छ। यस्तो अवस्थामा केही आना अरू बढी कमाउन र उसको ढुकुटीमा थप्न सक्ने छ। तिमी त्यस अन्यायको विरोध गर्नेछौ तर मालिकले घमण्डसाथ जवाफ दिनेछ– ‘निक्ली र घाँसखान जा, यदि तिमी त्यती ज्यालामा काम गर्न चाहन्नौ भने।’ त्यसबेला तिमी बुझ्ने छौ कि तिम्रो मालिकले तिमी जस्तालाई भेडालाई झैँ भुत्ला काट्न मात्र चाहेको होइन बरू साँच्चै नै तिमीलाई तल्लो स्तरको जनावर पनि सम्झन्छ। ऊ तिमीलाई काम (नोकरी) द्वारा आफ्नो निर्दयी पञ्जाभित्र राख्न चाहेको मात्र होइन दास बनाउन चाहन्छ। त्यस घडीमा या त तिमी त्यसको साम् झुक्नेछौ र मानवताको गौरवका मूल्यलाई तिलाञ्जलि दिएर जस्तोसुकै ठूलो अपमान पनि सहेर आफ्नो जीवन समाप्त गर्नेछौ अथवा तिम्रो रगत तातिने छ, तिमी आफ्नो भीषण पतन देखेर त्यस घमण्डीलाई इँटको जवाफ पत्थरले दिनेछौ। त्यसबखत तिमी कामबाट निकालिनेछौ। तिमीलाई वर्गविहीन समाजका पक्षधरहरूको ‘उठ र आर्थिक दासताविरुद्ध विद्रोहको झन्डा उँचोगर’ भन्ने भनाइ मनासीब लाग्ने छ। तब तिमी तिनीहरूको नजीक गई मिलेर आर्थिक, सामाजिक, राजनैतिक–सबै प्रकारका दासता पूर्णरूपमा नष्ट पार्न प्रयत्न गर्नेछौ।

*(नवयुवकहरूसँग दुई कुराबाट) अनु. : श्रेष्ठ)*




# नेपाल सरकारको
# वैधानिक कानून (६)

**३४. (क)** यो कानूनसम्बन्धी बनेका शर्त र बन्देजको नियमबमोजिम दुवै सभाका सदस्यहरूले सभाको बैठकमा नेपाल भरमुलुक वा कुनै खण्डको लागि विदेश वा यहाँ जहाँसुकै रहेका नेपाली प्रजाको हित र शासनव्यवस्था बारे कानूनको मसौदा, प्रश्न वा प्रस्ताव पेस गर्न पाउने छन्, तर लोकहितको निमित्त हानिकारक ठहराइबक्सेका जुनसुकै कानूनको मसौदा प्रस्ताव वा प्रश्न जुनसुकै अवस्थामा पनि श्री ३ महाराजबाट रोक्न वा खारेज गरिबक्सिन हुने छ ।

**(ख)** श्री ५ महाराजाधिराज र श्री ३ महाराजका उत्तराधिकारी ओहदा, पदवी र विशेष अधिकारसम्बन्धी परम्परादेखि चलिआएका रीत रिवाज कानून बन्देजमा खलबल हुने कुनै कुराको पनि प्रश्न प्रस्ताव वा कानुनको मसौदा पेस गर्न वा यस्तै अरू कुरा गर्न हुँदैन ।

**(ग)** व्यवस्थापक समामा कुनै मानिसको व्यक्तिगत चरित्रविषय वा कुनै न्यायाधीशले आफ्नो अखत्यारीभित्र अदालतमा गरेको कामविषय कुरा उठाउने वा छलफल हुने छैन ।

**३५. (क)** आर्थिक कानूनको मसौदाविषय तल छुट्टै लेखिएको हुनाले त्यसबाहेक जुनसुकै कानूनको मसौदा पनि यस विषयमा बनेको नियममा रही दुवै सभामा जसले पेस गरे पनि हुन्छ ।

**(ख)** दुवै सभाबाट मंजुरी भए पछिमात्र कानूनको मसौदा स्वीकृत भएको ठहरिने छ ।

**३६. (क)** एक सभावाट मंजुर भै कुनै कानूनको मसौदा वा अरू कुनै विषय अर्को सभामा गएकोमा

(१) अर्को सभाले प्रस्तावित कानून नामंजूर गऱ्यो भने, वा

(२) कानूनको मसौदा अदल बदल गर्ने विषय सभाहरूको राय मिलेन भने, वा

(३) अर्को सभामा वर्ष दिनसम्म पनि श्री ३ महाराजबाट सदर गराइन सो मसौदा पेस नभै रह्यो भने,

श्री ३ महाराजबाट दुवै सभाको संयुक्त सभा बोलाई छलफल गराइबक्सिने छ ।

**(ख)** यो संयुक्त सभाले मंजूर गरेको कुरा यो ऐनबमोजिम स्वीकृति भएको ठहरिने छ ।

**(ग)** यस्तो संयुक्त सभामा भारादारी सभाको सभापति वा निजको अनुपस्थितिमा श्री ३ महाराजबाट नियुक्त गरिबक्सेको मानिसले सभापतिको आसन ग्रहण गर्नेछ ।

**३७. (क)** व्यवस्थापक सभावाट स्वीकृत भएको कानूनको मसौदामा श्री ३ महाराजबाट सदर गरिबक्सी खड्ग निशाना लागेपछि मात्र कानून बन्ने छ ।

**३८. (क)** श्री ३ महाराजबाट हरेक वर्षको अनजामी आमदानी खर्चको फेहरिस्त दुवै सभामा पेस गराउन लगाइबक्सिने छ ।

**(ख)** यो फेहरिश्तमा तपसील बमोजिमका भिन्न २ रकम देखाइनेछ ।

(१) मुलुकको आमदानीउपर खर्च गर्नै पर्ने सालबसाली खर्च, र

(२) मुलुकको आमदानीबाट पुगेसम्म खर्च हुने पटके खर्च ।

**(ग)** माथिको सालबसाली खर्चमा तपसील बमोजिमका रकम राखिनेछन्

(१) श्री ५ महाराजाधिराज र श्री ३ महाराजको सालियाना दरबन्दी रकम ।

(२) जंगीतर्फको खर्च ।

(३) श्री ३ महाराजबाट भर्ना भएका निजामतीतर्फको तलव पेन्सन भत्ताविषय खर्च ।

(४) प्रचलित वा पछि हुने अहद समझौताद्वारा हुनु पर्नेसमेत परराष्ट्रसम्बन्ध विषयको खर्च ।

(५) मुलुकमा कतै पनि अशान्ति हुन नदिने आर्थिक मजबुती कायम राख्ने सानातिनाहरूलाई ठालूहरूको थिचोमिचोबाट बचाउने सरकारको विशेष जवाफदेही कार्यमा र अरू श्री ३ महाराजको तजवीजबमोजिम खर्च गर्नाको निमित्त छुट्याइएको रकम कुनै भए सो रकमसमेत ।

(६) मन्त्रिमण्डलका सदस्यहरू, सरकारी कानूनी सलाहकार र प्रधान जाँचकीको तलव भत्ता ।

(७) धर्म कार्य गुठीको खर्च ।

(८) सरकारबाट लिने ऋण र ऋण तिर्नानिमित्त जगेडा राख्नुपर्ने रकम सूद इत्यादि ।

(९) यो ऐन वा अरू कानूनबाट यो फेहरिश्तमा रहनु पर्ने ठहराइएको कुनै रकम ।

**(घ)** कुनै खर्चको रकम मुलुकको आमदानीउपर खर्च गर्नैपर्ने सालबसाली रकमभित्र पर्छ पर्दैन भन्ने कुरामा निर्णय श्री ३ बाट गरिबक्सिनेछ ।

**३९. (क)** माथि लेखिएका मुलुकको आमदानउपर खर्च गर्नैपर्ने सालबसाली रकमविषय व्यवस्थापक सभामा वोट वा छलफलको लागि कुनै किसिमको कुरा उठ्न सक्ने छैन । तर (७) (८) (९) भने छलफलसम्मको लागि पेस हुनेछ

**(ख)** पंचायतको कामलाई तोकिएको अंजामी अङ्कमा व्यवस्थापक सभाले घटाउन पाउने छैन ।

**(ग)** माथि ३८ (ख) दफामा लेखिएको पटके खर्चको निमित्त अन्जामी अङ्क कायम गरी पहिले राष्ट्रसभा र त्यसपछि भारादारीसभामा पेस गरिनेछ । यी रकमहरूमा पूरा छलफल भै अनजामी अङ्क मन्जूर गर्ने, इन्कार गर्ने वा थप घट गर्नेसमेत सभाहरूलाई अख्तियारी रहनेछ ।

**(घ)** श्री ३ महाराजको मन्जूरीविना कुनै अंजामी अङ्कहरू पेस गरिने छैनन् ।

**४०.** व्यवस्थापक सभाबाट निकासा भएको रुपैयाँको फेहरिश्तमा श्री ३ महाराजको बाहुली निशाना लागेपछिमात्र ती रकमहरू कानूनी निकासा ठहरिने छन् ।

**४१.** व्यवस्थापक सभाले मन्जुर गरेका रकमहरूमा पछि कुनै वर्ष बढी खर्च गर्नु पर्ने परिआएमा माथि दफा दफामा लेखिएबमोजिम कारवाई गरी सो अङ्क मन्जुर गराए हुनेछ ।

**४२. (क)** तपसील बमोजिमका विषयमा कानूनको मसौदा वा संशोधन सरकारतरफबाट मात्र पेस हुनेछ ।

(१) कुनै रकम वा कर महसुल लगाउन वा थपघट गर्ने विषय,

(२) सरकारी टक विषय,

(३) सरकारले कुनै देशी वा विदेशी कर्जा उठाउने विषय,

(४) हात हतियार राख्ने र प्रयोग गर्ने विषय ।

**(ख)** कुनै जाति वा संस्थाको धार्मिक आचार विचार परिवर्तन हुने प्रस्तावको विचार हुँदा जम्मा भएका तीन खण्डको दुइ खण्ड सदस्यको राय भए मात्र परिवर्तन हुनेछ ।

**४३. (क)** व्यवस्थापक सभाको काम राम्ररी बेलाबेलामा चलोस्, कुनै किसिमबाट पनि अडकाउ बाधा नपरोस् भन्नानिमित्त सरकारबाट बनेका नियमबमोजिम कार्यक्रम चल्नेछ ।

**(ख)** यसमा कुनै किसिमको बाधा अडकाउ पऱ्यो भनी आधा सदस्यहरूले राय पेस गरे भने सरकारबाट बनाइएका नियममा अदल बदल गरिबक्सिन विचार हुनेछ ।

**४४.** व्यवस्थापक सभामा सबै कुराकानी छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा नै हुनेछ ।

**४५. (क)** व्यवस्थापक सभामा भएका कारवाईबारे वा त्यसका कर्मचारीद्वारा सवालबमोजिम त्यहाँभित्र भएको कारवाईविषय कुनै अदालतमा पनि मामिला वा मुकदमा चल्ने छैन ।

**(ख)** कार्यक्रममा सानातिना त्रुटि भयो भन्दैमा व्यवस्थापिका सभामा भएका कारवाई बदर हुने कुरा उठाइने छैन ।

**४६.** मुलुकभर कतै पनि शान्तिभङ्ग नहोस भन्ना निमित्त श्री ३ महाराजबाट मंत्रिमण्डलको सल्लाहले चाहिएको अस्थायी कानून जारी गरिबक्सन हुन्छ तर यस्ता अस्थायी कानून छ महीना भन्दा बढी जारी रहने छैन । अवस्था सुध्रियो भन्ने ठानिबक्सेमा श्री ३ महाराजबाट वीचमा जुनसुकै बेला पनि सो कानून खारीज गरिबक्से हुनेछ ।

**४७. (क)** मुलुकमा कुशासन वा अशान्ति वा दुवै भै यो ऐनबमोजिम शासन पद्धति चलाउने अवस्था छैन भन्ने श्री ३ महाराजबाट कुनै बखत ठहराइबक्स्यो भने इश्तिहार जारी गरी तपसील बमोजिमको कारवाई गरिबक्सिने छ ।

(१) यो कानूनबाट कुनै व्यक्ति वा सभाले पाएको काम वा अख्त्यारी आफैमा खिचिब क्सिने छ ।

(२) यो ऐनद्वारा हुने कारवाईहरू यस किसिमबाट हुनेछ भनी तजवीजबमोजिम खिचिबक्सिने छ ।

**(ख)** यसरी जारी गरिबक्सेका इश्तिहार अर्को इश्तिहारद्वारा खारेज हुन वा बदलिन सक्नेछ ।

**(ग)** यो दफाबमोजिम इश्तिहार भएमा छ महीना भित्र फेरि श्री ३ बाट उही वा तजवीजले अर्को व्यवस्थापक सभा बोलाईबक्सिने छ । **(क्रमशः)**

## भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

# अगुवा कार्यकर्ताहरूबाट नयाँ पुस्ताले सिक्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल मजदुर किसान पार्टीका अगुवा साथीहरूको अनुभवबाट सिकेर नयाँ पुस्ता अघि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १ को आयोजनामा भदौ २० गते भएको अगुवा कार्यकर्ताको भेलालाई सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापतिले पार्टीका अगुवा कार्यकर्ताहरूले तत्कालीन परिस्थितिअनुसार शोषक वर्गको विरुद्ध सङ्घर्ष गर्नुभयो, जेलनेल, भूमिगत र प्रवास जीवन बिताउनुभयो अहिले त्यही जगमा उभिएर हामी काम गर्दैछौँ । अहिलेको भक्तपुर निर्माणमा अगुवा साथीहरूको महत्त्वपूर्ण योगदान छ भन्नुभयो ।

उहाँले सबैले भक्तपुरको विकास मोडलबारे चर्चा गरिरहेको बेला भक्तपुर जिल्लाबाटै निर्वाचित एकजना सांसदले विकास नदेख्नुलाई दिउँसै आँखा नदेख्ने उल्लुको संज्ञा दिनुभयो ।



उहाँले कति जनप्रतिनिधिहरू आफ्नो पालिकालाई स्मार्ट सिटी बनाउने भनी हिंडेकोबारे चर्चा गर्नुहुँदै भन्नुभयो, योजनाबद्ध सहरीकरण, यातायातको राम्रो व्यवस्था, पर्याप्त खुल्ला ठाउँ, गुणस्तरीय स्वास्थ्य उपचार र राम्रो शिक्षा व्यवस्था भएको तथा शुद्ध खानेपानी, बिजुली, बैंक तथा वित्तीय संस्थाहरूको व्यवस्थित बन्दोबस्त र शुद्ध हावापानी भएको सहर जहाँ सबै विद्युतीय सुविधा प्राप्त हुन्छ त्यो नै स्मार्ट सिटी हो । त्यो सर्वसाधारण जनताको लागि अहिले सम्भव हुँदैन । हामी सबै मिलेर बस्न सक्ने आदर्श भक्तपुर नगर बनाउन चाहन्छौँ ।

भक्तपुर नपाले जनताबीच निर्वाचनको बेला गरेको प्रतिबद्धता बमोजिम शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण जस्ता जनताका आधारभूत कामहरू गर्दै आएको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**को सभापतित्वमा सम्पन्न भेलामा अगुवा कार्यकर्ताहरू **लक्ष्मीभक्त खत्री**, **लक्ष्मीनारायण खत्री** र **कृष्णबहादुर दुगुजु**ले विगतमा पार्टीले गरेका किसान आन्दोलनबारे आआफ्नो अनुभवहरू बताउनुभएको थियो ।

# सम्पदाको ऐतिहासिक विवरणसमेत अभिलेख गरी संरक्षण गर्नुपर्नेमा जोड




भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भदौ २३ गते चोछेँस्थित लामो पाटी (ताहा फल्चा) को उद्घाटन भयो ।

कार्यक्रममा नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले मोहीयानी हक प्राप्तिको लागि पार्टीले सङ्घर्ष गरेको उल्लेख गर्नुहुँदै बाँकी गुठी जग्गा रैतानी गर्न पाउने कानुनी व्यवस्था गरी राहत दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

युवाहरूलाई वैदेशिक रोजगारीको नाउँमा सस्तो ज्यामी बन्न बाध्य नहुने गरी स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले समुदायमा आधारित नभएको सहकारी संस्थाहरूले सर्वसाधारणको बचत ठगी गरेको हुँदा सबै सचेत हुनु जरुरी भएको बताउनुभयो ।

घर–घरबाट कुहिने नकुहिने छुट्याई फोहर सङ्कलन कार्यमा सहयोग गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुहुँदै उहाँले भुटानी शरणार्थी, ललिता निवास जग्गा प्रकरणमा सिंहदरबारको बारम्बार नेतृत्व गर्ने शासक दलहरू नै दोषी रहेको उल्लेख गर्नुभयो ।

सम्पदाको ऐतिहासिक विवरणसमेत अभिलेख गरी संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भनपा ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले यस वर्षको वडाका विभिन्न विकास निर्माण गर्नुपर्ने कार्यहरूको जानकारी दिनुहुँदै यस वर्ष भनपा बजेटबाट अरनिको सभाभवन निर्माण कार्य सुरु गर्ने जानकारी दिनुभयो ।

शिक्षक **जगन्नाथ सुजखू**ले स्थानीय उपभोक्ता समितिमार्फत पारदर्शी रूपमा विकास निर्माण कार्य भइरहेको औँल्याउनुहुँदै स्थानीय वडावासीहरूको सहयोगी भावना जगाइराख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**ले भक्तपुर नपाले विभिन्न स्वास्थ्य शिविर कार्यक्रम तथा रोजगारीमूलक तालिमहरू दिइरहेको जानकारी गराउनुहुँदै ख्वप अस्पतालमा रोग विशेषज्ञहरूको सेवा सुविधा विस्तार गरिरहेको बताउनुभयो ।

चोछेँ लामो पाटी निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष **सत्यनारायण दुवाल**ले खर्च विवरण प्रस्तुत गर्दै भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा पुनः निर्माणप्रति आभार प्रकट गर्नुभयो ।

कार्यक्रममा वडा सचिव **बुद्धिप्रसाद दुवाल**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नपाका मेयरसँग बालबालिका



'बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी' नाराका साथ ५९ औँ राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिकाले भदौ २९ गते 'मेयरसँग बालबालिका' कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले बालबालिकाको अधिकार सुनिश्चित गर्ने उद्देश्यअनुरूप भक्तपुर नगरपालिकाले विभिन्न कार्यहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै बालबालिकाहरू देशका भविष्य भएको बताउनुहुँदै उहाँले विद्यार्थीहरूले अनुशासित भएर बस्नुपर्नेमा जोड दिनुभयो ।

बाल दिवस मनाइरहँदा देशका कुनाकाप्चा विभिन्न ठाउँहरूमा बाल श्रम, बाल बेचबिखन जस्ता घटनाहरू घटिरहेकोले बाल दिवस कागजमा सीमित हुनु हुँदैन भन्ने कुरा पनि उहाँले जोड दिनुभयो

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडा अध्यक्ष एवं विद्यालय अनुगमन समितिका संयोजक **योगेन्द्र मान बिजुक्छेँ**ले पाठ्यपुस्तकभन्दा बाहिर पनि धेरै कुरा सिक्न सकिने बताउनुभयो

कार्यक्रममा भक्तपुर नगरशिक्षा शाखाका **कृष्णप्रसाद कर्माचार्य**ले नगर शिक्षाले गरिरहेका विभिन्न गतिविधिहरूको बारेमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीहरूले मेयरसँग विभिन्न विषयसँग सम्बन्धित जिज्ञासाहरू राख्नु भएको थियो ।

कार्यक्रममा उपस्थित बालबालिकाहरूले कक्षा १२ सम्म निःशुल्क गर्नुपर्ने, पिछडिएका बालबालिकाहरूका लागि छात्रवासको व्यवस्था गर्नुपर्ने, सडकपेटीहरूमा बालबालिकाहरू हिँड्न गाह्रो भएको, बालबालिका सम्बन्धी कुन कुन शीर्षकमा लगानी गरेको, पर्यटकको लागि पार्किङको व्यवस्था गर्नुपर्ने, निजी विद्यालयका विद्यार्थीलाई पनि छात्रवृत्ति दिनुपर्ने, नेवार समुदायका विद्यार्थीहरू सामुदायिकभन्दा निजीमा आकर्षित भएको, पुस्तकालयको बारे जानकारी लिएका थिए ।

## प्राङ्गारिक खेतीमार्फत उत्पादन बढाइनुपर्ने



भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा तीनमहिने चाइनिज छिकोङ व्यायाम तालिम उद्घाटन कार्यक्रम भाद्र ३० गते भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले स्वास्थ्य नै धन भएको चर्चा गर्नुहुँदै नयाँ पुस्तालाई बोली, वचन, लवाइ–खुवाइसम्बन्धी जानकारी दिँदै सांस्कृतिक स्तर उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । छिमेकी राष्ट्रबाट अत्यधिक खाद्यान्न तथा तरकारी आयात भइरहेको उल्लेख गर्नुहुँदै उहाँले प्राङ्गारिक खेतीमार्फत उत्पादन बढाउनुपर्नेमा जोड दिनुभयो ।


आफ्नो पुर्खौंली जग्गाजमिन बेची अध्ययनको निहुँमा युवाहरू विदेशिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले सस्तो र सुलभरूपमा स्वदेशमै अध्ययन गराउन ख्वप विश्वविद्यालय स्वीकृति पाउन जनताको थप दबाब सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

युवा तथा खेलकुद समितिका सदस्य एवं भनपा वडा नं ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भक्तपुर नगरपालिकाबाट विभिन्न खेलकुद तालिमहरू सञ्चालन गर्दै आएको चर्चा गर्नुहुँदै तीनमहिने चाइनिज छिकोङ व्यायाम तालिमले स्वासप्रश्वास तथा नसासम्बन्धी समस्याको स्वास्थ्यलाभ लिन सकिने बताउनुभयो ।

भनपा कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**ले नगरवासीहरूको सु–स्वास्थ्यलाई मध्यनजर गर्दै भनपाबाट विभिन्न स्वास्थ्य शिविर तथा विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुहुँदै असोज १ गतेबाट सुरु हुने तीनमहिने चाइनिज छिकोङ व्यायाम तालिममा सहभागी भई स्वास्थ्य लाभ लिन प्रोत्साहित गर्नुभयो ।

उक्त छिकोङ व्यायाम उद्घाटन कार्यक्रममा समाजसेवी **गोपीकृष्ण चाँगुभारी**, भनपा ६ वडा खेलकुद समितिका अध्यक्ष **राजु बजिको**, छिकोङ व्यायाम तालिमका प्रशिक्षिका **रविना सुवाल** र वडा सचिव **बुद्धिप्रसाद दुवाल**ले पनि आ–आफ्नो धारणा राख्नुभएको थियो ।

## भक्तपुर नपाद्वारा प्रजिअ रिजाललाई बिदाइ



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज १ गते एक कार्यक्रमबीच भक्तपुरबाट सरुवा हुनुभएका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाललाई बिदाइ गर्नुभएको छ ।

प्रजिअ रिजालको बिदाइमा आयोजित उक्त कार्यक्रममा प्रमुख **प्रजापति**ले प्रजिअ रिजालको करिब साढे ७ महिनाको कार्यकालमा भक्तपुरको शान्ति सुरक्षा, प्रशासनिक एवम् सामाजिक सुधारका कार्यहरू प्रशंसनीय भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले प्रजिअ रिजालको कार्यकालमा भक्तपुरको दुधपाटीस्थित जुद्ध बारुण यन्त्र परिसरको बाटो खोल्ने प्रयास सफल भएको, भक्तपुरको प्रसिद्ध बिस्का जात्रा र गाईजात्रा सबैको प्रयासमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको बताउनुभयो ।

निजामती कर्मचारीहरूको सरुवा छोटो अवधिमा हुँदा उनीहरूले आफू कार्यरत क्षेत्रको वस्तुस्थिति बुझ्न नसक्ने बताउनुहुँदै प्रजिअ रिजालले भक्तपुरको प्रचारकको रूपमा काम गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले प्रजिअ रिजाल आफ्नो कार्यदक्षतामा निपुण र जनताको सामिप्यमा रही काम गर्ने कुशल प्रशासकको रूपमा पाएको बताउनुहुँदै भक्तपुर नपाको हरेक गतिविधिमा जिल्ला प्रशासन कार्यालयको सकारात्मक भूमिका रहँदै आएको प्रष्ट पार्नुभयो ।

बिदाइ समारोहमा प्रजिअ **रिजाल**ले भक्तपुरको साढे ७ महिनाको कार्यअनुभव निकै स्मरणयोग्य भएको बताउनुहुँदै भक्तपुरलाई आफ्नो कार्यक्षेत्र बनाउन पाउनुमा गौरवान्वित महसुस गरेको बताउनुभयो ।

उहाँले भक्तपुर एक पवित्र तीर्थस्थलको रूपमा पाएको स्मरण गर्नुहुँदै भक्तपुर सदाचारको टापू र सुशासनको अध्ययन केन्द्रको रूपमा रहेको बताउनुभयो ।

भक्तपुरले रानी पोखरी पुनःनिर्माण, ख्वप अस्पताल निर्माण जस्ता उदाहरणीय काम गरेको बताउनुहुँदै उहाँले भक्तपुर नपाको काममा अपनत्व भएकै कारण भक्तपुर नपाका सबै कार्यक्रमहरूमा सहभागी भएको स्मरण गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले पदस्थापना र बिदाई निजामती कर्मचारीहरूको नियमित प्रक्रिया भएको बताउनुहुँदै सार्वजनिक सम्पत्ति सुरक्षामा प्रजिअ रिजाल अब्बल देखिएको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो भने कार्यक्रममा भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य, भक्तपुर नपाका

शाखा प्रमुखहरूलगायतको उपस्थिति रहेको थियो ।

प्रमुख प्रजापतिले प्रजिअ रिजाललाई भक्तपुर नपाका प्रकाशनहरू र मयुरको झ्याल मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो ।

## काउली र बन्दामा लाग्ने गाँठे रोग सम्बन्धी अन्तरक्रिया




भक्तपुर नगरपालिका ८ वडा कार्यालयको कृषि समितिको आयोजनामा असोज ६ गते काउली र बन्दामा लाग्ने गाँठे रोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम भयो ।

भक्तपुर नपा वडा नं. ३ का वडा अध्यक्ष एव भक्तपुर नगरपालिका कृषि समितिका संयोजक राजकृष्ण गोराको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा वडा सदस्य रामसुन्दर वासी, कृष्णलाल किसी, कृषि प्राविधिक रवि ख्याजु, कृषि समितिका रन्जन भैनात्व र जयराम कोजुले बोल्नुभएको थियो ।

## प्रजिअ रोशनीकुमारी श्रेष्ठ र प्रहरी उपरीक्षक वेद बिष्टलाई स्वागत

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ र महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक वेद बिष्टको स्वागत तथा परिचयात्मक कार्यक्रम असोज ९ गते भयो ।



नगर प्रमुख **सुनिल प्रजापतिले** प्रजिअ श्रेष्ठ र प्र.उ. बिष्टलाई पुष्प गुच्छा र खादाले स्वागत गर्दै उहाँहरूको कार्यकाल सफलताको लागि शुभकामना दिनुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुरमा वडा र नगरस्तरबाटै नगरवासी जनताको समस्या समाधान गर्ने प्रयास गरिरहेको बताउनुहुँदै भक्तपुर नपाले जनतासँग मिलेर पारदर्शी ढङ्गले काम गरेकै कारण नगरपालिकाका हरेक गतिविधिमा जनस्तरबाट साथ र सहयोग प्राप्त भएको विचार राख्नुभयो ।

भक्तपुरका विभिन्न प्रमुख जिल्ला अधिकारीको कार्यकालमा भएका उपलब्धिमूलक कार्यहरूको स्मरण गर्नुहुँदै उहाँले जनप्रतिनिधि र कर्मचारीहरूको एकाकार शक्तिकै कारण भक्तपुर नपाले जनताको हितमा काम गर्न सम्भव भएको बताउनुभयो ।




सभ्य र सुसंस्कृत समाज निर्माणमा भक्तपुरका जनता आफै स्वत:स्फूर्त रूपमा लागेको बताउनुहुँदै साहसिक काम गर्ने मान्छेलाई समाजलाई सधैँ सम्झिरहने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाका हरेक काममा जिल्ला प्रशासन कार्यालयबाट सकारात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुहुँदै भक्तपुरको शान्ति सुरक्षा कायम गर्ने विषयमा सधैँ समन्वयकारी भूमिकाबाट काम हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाका प्रजिअ **रोशनीकुमारी श्रेष्ठ**ले भक्तपुरको शान्ति सुरक्षा, सेवा प्रवाह, विकास निर्माण, विपद व्यवस्थापन, सुशासनलगायत क्षेत्रमा समन्वयकारी र साझेदारीपूर्ण ढङ्गले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रहरी उपरीक्षक **वेद बिष्ट**ले सांस्कृतिक नगरी भक्तपुरको शान्ति सुरक्षाको सवालमा आफ्नो तर्फबाट समन्वयकारी भूमिका खेल्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाको तर्फबाट नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले स्वागत मन्तव्य राख्नुभयो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभयो ।

नगर प्रमुख प्रजापतिले प्रजिअ श्रेष्ठ र प्रहरी उपरीक्षक **बिष्ट**लाई भक्तपुर नगरपालिकाको प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

## भक्तपुर नपालाई सहकारीको सामुदायिक विकास कोषको रकम हस्तान्तरण

### भाद्र १९ गते

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई दत्तात्रय बचत तथा ऋण सहकारी संस्था लि. को सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्येको आधा रकम रु. २८,८२७।- हस्तान्तरण गरियो ।

### असोज ४ गते

उपप्रमुख रजनी जोशीलाई कल्याण बचत तथा ऋण सहकारी संस्था लि., भनपा–१० को सामुदायिक विकास कोषमा जम्मा भएको रकमको ५० प्रतिशत रकम रु. २२,६०७।४७ हस्तान्तरण गरियो ।

### असोज ५ गते

भक्तपुर नगरपालिकालाई नवयुग बचत तथा ऋण सहकारी संस्था लि.को सामुदायिक विकास कोषको रकम रु. बत्तिस हजार दुई सय तिस हस्तान्तरण गरियो ।

## eQmk'/ gkfsf]cgudg

### भक्तपुर नगरपालिकाबाट सहकारी अनुगमन

भक्तपुर नगरपालिकाबाट गठित सहकारी अनुगमन समितिले भदौ २९ गते भक्तपुर नपा वडा नं. १ स्थित बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गरेको छ ।

अनुगमनका क्रममा पुसभित्र साधारणसभा नगरी चैत्रमा गरेको, साधारण सभाको बहुमत सञ्चालक समितिका पदाधिकारीको उपस्थिति नदेखिएको, बिनाधितो ऋण लगानी गरेको, ऋण उपसमिति र सञ्चालक समितिको निर्णयबिना केही व्यक्तिले जथाभावी ऋण प्रदान गरेको, दैनिक हिसाब जाँच नगर्दा कर्मचारी र अध्यक्षसँग नगद मौज्दात देखिएको, लेखा सुपरिवेक्षण समिति सक्रिय नभएको, सहकारीको मूल्य मान्यता र सिद्धान्तअनुसार समुदायको हितको निम्ति कुनै गतिविधि नगरेको पाइएको सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाले बताउनुभयो ।

उहाँले सहकारी घाटामा सञ्चालन भए पनि लाभांश वितरण गरेको पाइएको, नियमित रूपमा बस्नुपर्ने सञ्चालक समितिको बैठक नबसेको, ३ कार्यकालसम्म चुनाव नगरी एउटै सञ्चालक समितिमा बसिरहेको, सदस्यहरूको विश्वास लिई काम गर्न नसकेका अनुगमनका क्रममा देखिएको बताउनुभयो ।

उक्त अनुगमन टोलीमा श्यामसुन्दर मातां, हरिरत्न गोर्खाली र कृष्णगोपाल चौगुठी सहभागी रहेको थियो ।

### लाञ्चाफल्चामा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा असोज १५ गते कमलविनायक लाञ्चाफल्चामा रहेका मिनिमार्ट र खाद्य पसल अनुगमन गरियो ।

अनुगमनमा फेला परेका म्याद नाघेका विभिन्न खाद्य सामानहरू जफत गरी नष्ट गरिनुका साथै बिग्रेको, ढुसी परेको र कीरा परेको खाद्यान्न छुट्याएर राख्न निर्देशन दियो ।

सम्बन्धितलाई प्याकेजिङ्ग सामानहरू खाद्य अनुज्ञा पत्र लिई लेवल राखी मात्र बिक्री वितरण र म्याद नाघेको सामानहरू छुट्टै राख्न निर्देशन दियो ।

अनुगमन समितिका सदस्यहरू श्यामकृष्ण खत्री, रोशनमैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी व्याञ्जु, जिल्ला प्रशासन कार्यालयका यादव प्रसाद मिश्र, महानगरीय प्रहरी परिसरका प्रहरी विकास श्रेष्ठ, उद्योग बाणिज्य सङ्घका विश्वराम दुवाल, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा लगायत सहभागी रहेको थियो ।

भक्तपुर नगरपालिका
८ वडा कार्यालय
लिवाली, भक्तपुर

मिति: २०८०/०६/१० गते

सूचना ! सूचना ! सूचना !

यस भक्तपुर नगरपालिका ८ वडा स्थित थुसाचा (महेश्वरी बैंक्वेट) देखि चाँगुनारायण न.पा. वडा नं. ५, ताथली स्थित चुनदेवी मन्दिरसम्मको बाटो मिति २०८०/६/१५ गतेदेखि ढलान गर्ने कार्य हुने हुँदा ढलान गरेको मितिवाट २८ दिनसम्म उक्त बाटो बन्द हुने व्यहोरा जानाकारी गराउदै सो अवधिसम्म बैकल्पिक बाटो प्रयोग गरि दिनु हुन अनुरोधका साथ यो सूचना प्रकाशित गरिको छ ।

भक्तपुर नगरपालिका
८ वडा कार्यालय

# शैक्षिक गतिविधि

## अन्तर्राष्ट्रिय साक्षरता दिवसमा चित्रकला प्रतियोगिता



भक्तपुर नगरपालिकाको आयोजनामा ५७ औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा **'हाम्रो कला, संस्कृति र सम्पदा'** शीर्षकमा भदौ २२ गते नगरस्तरीय अन्तरविद्यालय चित्रकला प्रतियोगिता आयोजना गरेको छ।

भक्तपुरको दरबार क्षेत्रमा भएको उक्त प्रतियोगिताको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले निरीक्षण गर्नुभएको छ।



प्रतियोगितामा ३३ ओटा विद्यालयका १७२ जना विद्यार्थीहरू सहभागी थिए।

## निबन्ध लेखन प्रतियोगिता



भक्तपुर नगरपालिकाको आयोजनामा १६ औँ राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भदौ २९ गते सामुदायिक तथा संस्थागत विद्यालय तह (कक्षा ९ देखि १२) स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको छ।

उक्त प्रतियोगितामा १४ ओटा विद्यालयका २५ जना विद्यार्थीहरूले भाग लिएका थिए जसमा ११ जना छात्र र १४ जना छात्राहरू थिए।

## राष्ट्रिय शिक्षा दिवस वक्तृत्वकला प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा राष्ट्रिय शिक्षा दिवस २०८० को अवसरमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता असोज २ गते आयोजना गरियो।



उक्त वक्तृत्वकला प्रतियोगितामा वागीश्वरी माविका विनिता तामाङ **प्रथम**, मेधा माविका आशांसु झा **द्वितीय**, वागीश्वरी माविका बेदबहादुर बस्नेत **तृतीय** र मेधा माविका सुवेच्छा कार्की र स्कलर्श होमका संजिता चित्रकारले **सान्त्वना** पुरस्कार जित्न सफल भएका थिए।

वक्तृत्वकला प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई कार्यक्रमका सभापति एवं भनपा-३ का वडाध्यक्ष राजकृष्ण गोराले संविधान दिवसको अवसरमा एक प्रति नेपालको संविधान २०७२ प्रदान गर्नुभएको थियो।

## देशलाई समाजवादउन्मुख बनाउन शासक दलहरू अनिच्छुक

नेपाल मजदुर मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले नेपालको संविधान २०७२ मा उल्लेख




समाजवादउन्मुखको अर्थ राज्यको स्वामित्वमा उत्पादन र वितरण गर्नु भएको तर सरकारी र सहकारीलाई समाप्त पारी निजीकरणलाई जोड दिइरहेको बताउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ लद्वारा असोज ३ गते आयोजित **'नेपालको संविधान र वर्तमान अवस्था'** विषयक प्रवचन कार्यक्रममा सांसद सुवालले संविधान विधेयकको प्रस्तावना र ७१ धारामा देश र जनताको हितको पक्षमा संशोधन दर्ता गरेको तर शासक दलहरूले ती संशोधन अस्वीकार गरेको हुँदा देश र जनताले दुःख पाएको उल्लेख गर्नुभयो ।

उहाँले मावि तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा उच्च शिक्षा निःशुल्क हुनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाले स्वदेशमा रोजगारी, स्वास्थ्य उपचार निःशुल्कलगायत संशोधन प्रस्ताव राखेकोमा शासक दलहरूको बहुमतले 'हुन्न' भनी अस्वीकार गरेको उल्लेख गर्नुभयो ।

युवा-विद्यार्थीहरूलाई स्वदेशमा रोजगारी नदिई परराष्ट्र मन्त्रालयले विदेश पठाउने राहदानी वितरणमा जोड दिएको गलत हो, सांसद सुवालले प्रस्ट गर्नुभयो ।

देशभरकै कमजोर आर्थिक स्थितिका जनताका छोराछोरीहरूलाई सस्तो शुल्कमा शिक्षा दिने उद्देश्यले ख्वप विश्वविद्यालय स्थापनाको पूर्वाधार तयार भए पनि सरकारले राणा शैलीमा स्वीकृत रोकेको उहाँले प्रस्ट पार्नुभयो ।

सांसद सुवालले सीमाङ्कनभन्दा बढी सम्पत्ति भएका उम्मेदवारहरूलाई उम्मेदवारी हुन नपाउने कानुनी व्यवस्था जरूरी भएको उल्लेख गर्नुहुँदै त्यसो नहुँदा आर्थिक अपराधीहरूको चलखेल संसद्मा भएको उल्लेख गर्नुभयो ।

उहाँले सबै प्रदेशसित हिमाल, पहाड र तराईको भूभाग रहने गरी प्रदेश पुनःसंरचना हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि एवं वरिष्ठ अधिवक्ता **कृष्णप्रसाद भण्डारी**ले इतिहासमा कहिल्यै कसैको अधिनस्थ नभएको देशको सार्वभौमसत्ता प्रजातन्त्र आएपछि शासक पार्टीहरूको कार्यले कमजोर पार्दै लगेको बताउनुभयो ।

जङ्गबहादुर राणाले समेत आफू र राणा भाइभारदार कानुनबमोजिम चल्ने शपथ लिएको तर अहिले कतिपय नेताहरूले आफूलाई कानुनभन्दा माथि राख्न खोजेकोमा उहाँले आश्चर्य व्यक्त गर्नुभयो ।

संविधानमा मौलिक हक लेखेर मात्र उत्कृष्ट संविधान नहुने बताउनुहुँदै वरिष्ठ अधिवक्ता भण्डारीले त्यसको पूर्ण कार्यान्वयन राज्यले गरेर देखाउनुपर्छ भन्नुभयो ।

सभापतिको आसनबाट भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज अफ ल सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले जनताको आकाङ्क्षा र जायज माग सम्बोधन गर्न नसक्ने संविधान लामो समय नटिक्ने उदाहरण कैयौँ देशमा रहेको चर्चा गर्नुहुँदै संविधानको तारिफ र नयाँ नयाँ विशेषणले मात्र संविधानको स्थायित्व नहुने बताउनुभयो ।

उहाँले देशमा सङ्घीयता नाममात्र रहेको र व्यवहारमा संविधानले स्थानीय तहलाई दिएको अधिकारसमेत केन्द्र र प्रदेश सरकारमा केन्द्रित गर्ने ऐन बनाइएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले संविधानको कार्यान्वयन र पालना बोली र शब्दले मात्र होइन संविधानको मर्मअनुसार व्यवहारले गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले देशको संविधान र कानुनबारे सबैले जानकारी राख्नु जरूरी रहेको बताउनुहुँदै भनपाले ल कलेज स्थापना गरेर कानुनको अध्ययनलाई प्रोत्साहित गरेको उल्लेख गर्नुभयो ।

उहाँले देशको लागि अति आवश्यक विषयहरू इतिहास, भूगोल र राजनीतिशास्त्रमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई भनपाले छात्रवृत्ति दिइरहेको बताउनुभयो ।

कानुन अध्ययन समाजका अध्यक्ष एवं अधिवक्ता **रामप्रसाद प्रजापति**ले जनतालाई छिटोछरितो न्याय दिने प्रतिबद्धता धेरैतिरबाट आइरहँदा सर्वोच्च अदालतदेखि उच्च र जिल्ला अदालतमा सयभन्दा बढी न्यायाधीश पद रिक्त रहेको बताउनुभयो ।

शासक दलहरूले दलीय भागबन्डाका आधारमा न्यायाधीश नियुक्ति गर्दा पक्षपात र दूषित फैसला बढेको बताउनुहुँदै उहाँले त्यसले न्यायपालिका र कानुनी व्यवस्थाप्रतिको जनविश्वासमा कमी आएको औँल्याउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**, ख्वप कलेज अफ लका प्राचार्य एवं अधिवक्ता **अनिता जधारी**, ख्वप माविका निमित्त प्राचार्य **विष्णुप्रसाद किसी** र ख्वप कलेज अफ लका उपप्राध्यापक अधिवक्ता **मनज ज्याख्व**ले पनि संविधानका विभिन्न पक्षबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका विद्यार्थीहरू **लसता दुवाल** र **दिलबहादुर भण्डारी**ले नेपालको संवैधानिक विकास र नेपालको संविधान २०७२ बारे बताउनुभएको थियो ।

## नव नियुक्त उप प्राचार्यको नियुक्तिपत्र र बढुवापत्र हस्तान्तरण कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले कुनै पनि संस्थालाई

अगाडि बढाउनको लागि योग्य नेतृत्वको आवश्यकता हुने बताउनुहुँदै कलेजमा कार्यरत शिक्षक कर्मचारीहरूले निःस्वार्थ र अनुशासित भएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।



भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा नियुक्त हुनुभएका उप प्राचार्य डा. सुवेगमान बिजुक्छेँ र ख्वप कलेज अफ इन्जिनियरिङमा नयाँ नियुक्ति हुनुभएका तथा बढुवा हुनुभएका शिक्षक तथा कर्मचारीहरूको मिति २०८० असोज ७ गते भएको नियुक्तिपत्र र बढुवापत्र हस्तान्तरण कार्यक्रममा बोल्नुहुँदै उहाँले इन्जिनियरिङ कलेजलगायत नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको व्यवस्थापन समितिको आँखा भनकै त्यहाँ कार्यरत शिक्षक कर्मचारी भएको हुँदा मन, वचन र कर्मले इमानदार भई कलेजको हितमा कार्य गर्नुपर्ने बताउनुभयो ।

नपाबाट सञ्चालित कलेजहरू जनताको कलेज भएको र यसको विकासको लागि थुप्रै नदेखिने हातहरूले बिनापारिश्रमिक काम गर्नुभएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले कलेजले अध्यापन कार्यसँगसँगै अनुसन्धान कार्यलाई पनि अगाडि बढाउँदै लगेको बताउनुहुँदै कलेजद्वारा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलनहरू ICt\ CEEL2/ICEE-PDRP को तयारी सम्बन्धमा जानकारी गराउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**, उप प्राचार्य ई. **रत्नशोभा प्रजापति** र जिन्सी अधिकृत **राजन जती**ले नयाँ जिम्मेवारीका साथ नियुक्त हुनुभएका उप प्राचार्य डा. सुवेगमान बिजुक्छेँको कार्यकाल सफलताको शुभकामना तथा बढुवा हुनुभएका शिक्षक कर्मचारीलाई बधाई दिनुभयो ।

नयाँ नियुक्त हुनुभएका उप प्राचार्य एवं कलेजको नियमानुसार वरिष्ठ उप प्राध्यापक, उप प्राध्यापक तथा अधिकृत तहमा बढुवा हुनुभएका शिक्षक कर्मचारीलाई प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले नियुक्तिपत्र तथा बढुवापत्र हस्तान्तरण गर्नुभएको सो कार्यक्रममा नयाँ नियुक्त हुनु भएका उप प्राचार्य डा. सुवेगमान बिजुक्छेँले पनि आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो । नयाँ नियुक्ति हुनुभएका ख्वप इन्जिनियरिङ कलेजका उप प्राचार्य डा. सुवेगमान बिजुक्छेँले सोही दिन आफ्नो जिम्मेवारी सम्हाल्नु भएको कलेजले जानकारी दियो ।

# नगर प्रमुख प्रजापति र उपकूलपति बास्कोटाबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजहरूमा नयाँ कार्यक्रमहरू सञ्चालन स्वीकृतिको लागि त्रिभुवन विश्वविद्यालयका उपकूलपति प्रा.डा.धर्मकान्त बास्कोटाको ध्यानाकर्षण गराउनुभएको छ ।



नगर प्रमुख प्रजापतिले उपकूलपति बास्कोटासँग उहाँको कार्यकक्षमा असोज १६ गते भेटी भक्तपुर नगरपालिकाले विभिन्न विषयका उच्च शिक्षा प्रदान गर्न शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आइरहेको र विद्यार्थीहरूको रुचिअनुसार विषयहरू थप्दै लाने योजनाअनुरूप ख्वप कलेजहरूमा त्रिविविअन्तर्गत नयाँ कार्यक्रमहरू थप गर्न सहजीकरणको लागि आग्रह गर्नुभएको हो ।

प्रमुख प्रजापतिले त्रिविले समयमै परीक्षा नलिने, ढीला परीक्षाफल प्रकाशित गर्ने, गलत परीक्षाफल प्रकाशित गर्ने र बन्द, हड्ताल तथा तालाबन्दीजस्ता गतिविधिले कलेज र विश्वविद्यालयप्रति नै विद्यार्थीहरूको आकर्षण घट्दै गएको बताउनुभयो ।

उहाँले नेपालको शिक्षा नीतिप्रति विद्यार्थीहरू असन्तुष्ट देखिएकै कारण वर्षेनी लाखौँको सङ्ख्यामा विद्यार्थीहरू विदेशिने क्रम बढ्दै गइरहेको बताउनुहुँदै विद्यार्थीहरूलाई आफ्नै देशमा अध्ययन गर्ने वातावरण सिर्जना गर्नेतर्फ त्रिविले समयमै ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

सोही क्रममा उपकूलपति **बास्कोटा**ले नेपालको शिक्षा नीति सुधार गर्ने प्रयास गरिरहेको जानकारी गराउनुहुँदै नेपालको शिक्षा नीतिमा कमी कमजोरी भएकै कारण शिक्षा क्षेत्रमा बेथिति बढिरहेको बताउनुभयो ।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजहरूलगायत सामुदायिक कलेजहरूमा नयाँ विषय थप गर्नेतर्फ आफू सकारात्मक रहेको बताउनुहुँदै उपकूलपति बास्कोटाले आफू सामुदायिक कलेजहरूलाई सबल र सक्षम बनाउने पक्षमा रहेको बताउनुभयो ।

नेपालमा हाल ११ सय २४ ओटा कलेजहरू सञ्चालनमा रहेको बताउनुहुँदै उहाँले स्थानीय तहबाट सञ्चालित कलेजहरूलाई आवश्यक सहयोग गर्न त्रिवि सधैँ सकारात्मक छ भन्नुभयो ।

उक्त भेटमा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

# स्वास्थ्य सेवा

## हाड भाँचिएकोको शल्यक्रिया



ख्वप अस्पतालद्वारा हात र गर्धनको हड्डी भाँचिएको ६१ वर्षीय पुरुषको भाद्र १९ गते पहिलोपटक सफलतापूर्वक शल्यक्रिया सम्पन्न गरेको छ ।

## नर्सिङका नवआगन्तुक विद्यार्थीहरूलाई अभिमुखीकरण




ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा असोज ५ गते नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालको प्रमुख आतिथ्यमा नर्सिङको २० औं ब्याचका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि **सुवाल**ले ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ स्वीकृतिका लागि सीटीईभीटीबाट सम्बन्धन प्राप्त गर्न सुरुवाती दिनहरूमा थुप्रै चुनौतीहरूको सामना गर्नुपरेको जानकारी गराउनुभयो ।

राणाशासन र पञ्चायती शासनमा जस्तै बहुदलीय व्यवस्थामा पनि विद्यार्थीहरूलाई पढ्न कठिन भइरहेको बताउनुहुँदै उहाँले संसद्‌मा समय समयमा शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरू नि:शुल्क गर्नुपर्ने माग भए तापनि त्यसको सम्बोधन हुन नसकेको जानकारी गराउनुभयो ।

नर्सिङ सञ्चालन गर्न १०० शय्याको आफ्नै अस्पताल हुनुपर्ने भनी एक वर्ष ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङको पठनपाठन बन्द गर्नुपर्ने अवस्था आएको बताउनुहुँदै उहाँले युवाहरूलाई देशमै रोजगारीको सिर्जना गरी आफ्नै देश बनाउनुपर्ने कुरा सोही कार्यक्रममा बताउनुभयो ।

बोली व्यवहार राम्रो बनाई धैर्यका साथ निडर भई आफ्नो क्षेत्रमा काम गर्न आग्रह गर्नुहुँदै उहाँले पढाइलाई विशेष ध्यान दिनुपर्ने र आफ्नो विषयमा विशेषज्ञता हासिल गर्ने ढङ्गले उच्च शिक्षा अध्ययन गर्न मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूले परीक्षाको नम्बरमा भन्दा पनि आफ्नो क्षमता विकासमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । समाजवादी सिद्धान्तअनुरूप नागरिकहरूको जन्मदेखि मृत्युसम्मको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्ने व्यवस्था गरेको बताउनुहुँदै उहाँले सोही सिद्धान्तअनुरूप भक्तपुरमा काम भइरहेको बताउनुभयो । १०० शय्याको आफ्नै अस्पताल चाहिने आवश्यकताबोध गर्दै हाल विशेषज्ञ सेवासहितको स्वास्थ्य उपचार प्रदान गर्दै आइरहेको ख्वप अस्पतालले नि:स्वार्थ उपचारमा जनताको सेवा गर्ने उद्देश्य लिएको बताउनुभयो ।



शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतमा तुलनात्मक रूपमा व्यवस्थित नगरको रूपमा भक्तपुर नपाले काम गरिरहेको बताउनुहुँदै भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा अगाडि बढाई देशभरिका विद्यार्थीहरूलाई पठनपाठन सहज वातावरणको व्यवस्था गर्ने कार्य गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले शैक्षिक ऋण, छात्रवृत्ति प्रदान गरिरहेको जानकारी गराउनुहुँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र र शैक्षिक गन्तव्यस्थल बनाउन नगरपालिका सदैव लागि परिरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा कलेजका प्राचार्य **रत्नसुन्दर लासिवा** र नर्सिङका विभागीय प्रमुख **इश्वरी डंगोल** र शिक्षिका **रबिना सुवाल**ले पनि बोल्नुभएको थियो ।

## ख्वप अस्पताललाई रू. १० करोड ३८ लाख भन्दा बढी बीमा रकम भुक्तानी बाँकी किन ?

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले




भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताल र स्वास्थ्य बीमा बोर्डबीच भएको सम्झौताअनुसार बीमा आबद्ध सेवाग्राहीहरूलाई प्रदान गर्दै आएको सेवाबापतको करिब रु. १० करोड ३८ लाख भन्दा बढी रकम सोधभर्ना बाँकी हुँदा अस्पतालाई आर्थिक समस्या परिरहेको स्पष्ट पार्नुहुँदै छिटो रकम सोधभर्ना गर्न स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरूको ध्यानाकर्षण गर्नुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको आयोजनामा असोज ९ गते भएको विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रममार्फत विद्यार्थीहरूको मानसिक स्वास्थ्य प्रवर्द्धनबारे एकदिने कार्यशाला गोष्ठीमा उहाँले मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा सामुदायिक विद्यालयको प्रतिनिधित्व नभएकोतर्फ प्रश्न उठाउनुहुँदै गरिबका छोराछोरीहरू पढ्ने विद्यालयको लागि विद्यालय नर्स आवश्यक भएको बताउनुभयो ।

हाल भक्तपुरका ५ ओटा सामुदायिक विद्यालयहरूमा विद्यालय नर्सिङ सेवा प्रभावकारी रूपमा सञ्चालन भइरहेको बताउनुहुँदै विद्यार्थी सङ्ख्या अनुसारको विद्यालय नर्स राख्ने निश्चित मापदण्ड भएको भए यो कार्यक्रम अझ प्रभावकारी हुने उहाँले बताउनुभयो ।

विद्यालय नर्सहरूलाई समयसापेक्ष सेवा सुविधा, तालिम, नर्सहरूको जागिरको स्थायित्वको सुनिश्चितता आदिबारे स्वास्थ्य मन्त्रालयले आवश्यक पहल गर्नु जरुरी रहेको बताउनुहुँदै उहाँले नर्सहरूलाई औषधी वितरणको अधिकार नभएको हुँदा विद्यालयहरूमा हप्तामा एकपटक डाक्टरले परीक्षण गर्ने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

मानसिक रोगसम्बन्धी विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्नु उपयुक्त हुने बताउनुहुँदै उहाँले विद्यालय नर्स सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति नै राम्रो हुनुपर्ने बताउनुभयो ।



कार्यक्रममा नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, स्वास्थ्य सेवा विभागका निर्देशक **हिराकुमारी निरौला**को सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालय स्वास्थ्य कार्यक्रमका संयोजक **बाला राई**ले पनि बोल्नुभएको थियो भने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका डा. **रविकान्त मिश्र**ले विद्यालय नर्सको नीति तथा कार्यक्रम र डा. **ग्याम्पो**ले विद्यालय नर्स प्रवर्द्धनबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

## स्वास्थ्य बीमा रकम समयमै अस्पताललाई भुक्तानी हुनु आवश्यक



'भक्तपुर नगरपालिकाअन्तर्गतको ख्वप अस्पतालले रु. १० करोड ३८ लाख स्वास्थ्य बीमा भुक्तानी पाएको छैन। देशभरिका अस्पतालहरूले अर्बौं र खर्बौं रुपैयाँ स्वास्थ्य बीमाको रकम भुक्तानी पाएका छैनन्।'

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाअन्तर्गको कानुन समितिको उपसमितिको असोज ११ गतेको बैठकमा उक्त भनाइ राख्नुभएको हो।

'स्वास्थ्य बीमा गरेकाहरूले तिरेको खर्बौं रुपैयाँ सरकारी कोषमा जम्मा भएको छ। समयमा स्वास्थ्य बीमाको रकम भुक्तानी नपाएका अस्पतालहरूलाई बिरामीको उपचारको लागि आवश्यक औषधि खरिद गर्न कोषको समस्या भएको छ। स्वास्थ्य बीमा गरेकाहरू उपचार नपाएर मृत्यु हुने खतरा छ।' सांसद सुवालले बैठकमा उल्लेख गर्नुभयो।

'चुनावमा जित्नुको अर्थ सिंहदरबार कब्जा गर्नुमात्र होइन जनताको सेवा राम्रोसँग गर्नु हो। स्वास्थ्य मन्त्रीलाई बोलाएर समितिले स्वास्थ्य बीमाको अर्बौं रुपैयाँ भुक्तानी गर्न निर्देशन दिनु आवश्यक छ।' सांसद सुवालले जोड दिनुभयो।

## ख्वप तीलगंगा आँखा अस्पतालबाट २८ हजार ३८ जनाको आँखा जाँच

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप तीलगंगा आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा ख्वप तीलगंगा आँखा अस्पताल भक्तपुरको व्यवस्थापन समितिको बैठक असोज १५ गते भक्तपुर नपाको सभाकक्षमा बस्यो।

उक्त बैठकमा ख्वप तीलगंगा आँखा अस्पताल भक्तपुरका



संयोजक धिरज अधिकारीले ख्वप तीलगंगा आँखा अस्पताल भक्तपुरको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति विवरण प्रस्तुत गर्नुभयो।

उक्त प्रगति विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा २८ हजार ३८ जना आँखाका बिरामीहरूले आँखा जाँच गराएका थिए। जसमा ११ हजार ३२२ जना नियमित सेवाग्राही थिए भने १६ हजार ७१६ स्वास्थ्य बीमामा आबद्ध बिरामी थिए।

आ.व. २०७९/८० मा ७१० जनाको आँखाको शल्यक्रिया भएको थियो। सोही आर्थिक वर्षमा अस्पतालको आयोजनामा भएको सामुदायिक आँखा उपचार शिविरमा ३ हजार ५५० र विद्यालयहरूमा गरिएको आँखा शिविरमा ३ हजार ७९९ गरी जम्मा ७ हजार ३४९ जनाले आँखा जाँच गराएका थिए। ख्वप तिलगंगा आँखा अस्पतालको आयोजनामा भएको विद्यालयका शिक्षिकाहरूको पुनःताजगी तालिममा ३१ जना शिक्षिकाहरू तालिममा सहभागी भएका थिए। हाल उक्त अस्पतालमा आंशिक र पूर्णकालीन गरी २० जना चिकित्सक र कर्मचारीहरू कार्यरत छन्। आँखा अस्पतालले बिहान ७:३० बजेदेखि ५ बजेसम्म सेवा प्रदान गर्दै आएको छ भने हप्ताको दुई दिन शल्यक्रिया सेवा प्रदान गर्दै आएको छ।

### भक्तपुर नपाको घरदैलो नर्सिङ सेवा २०८० भाद्रको प्रतिवेदन

| वडा नं. | स्टाफ नर्स | जम्मा घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | ५ वर्षमुनिको बालबालिका | २ वर्षमुनिको बालबालिका | गर्भवती महिलाको सङ्ख्या | सुत्केरी महिला | मृत्यु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रनिशा कोजु | २४१ | ७२७ | ३३ | ३६ | २ | १ | ० | Community Teaching on dengue and conjunctivities and growth monitoring./ school teaching on dengue and conjunctivities. |
| २ | रजनी सुवाल जरेजु | १५९ | ७१५ | ५६ | ३२ | ८ | ८ | ५ | |
| ३ | सुरुची सायजु | ३१२ | ६४९ | २३ | ० | १ | १ | ० | |
| ४ | रसिला सुवाल | १९७ | ४६२ | ३४ | २२ | ३ | ० | ० | |
| ५ | सबिता रन्जितकार | १८७ | ६५२ | १० | ९ | ५ | ३ | २ | |
| ६ | रुषा बासुकला | १६३ | २९२ | २४ | १८ | ३ | १ | १ | |
| ७ | मिना दुवाल | १८० | २८७ | ३५ | २१ | ७ | ० | ३ | |
| ८ | सन्दिपा नागाजु | २१६ | ४१८ | १२ | १९ | ५ | ९ | १ | |
| ९ | दिब्या सुवाल | १९३ | ५३८ | ११ | १६ | १० | ४ | २ | |
| १० | बिना डाखुसी | १८३ | ५४० | ११ | १५ | ५ | ५ | २ | |
| जम्मा | | २०३१ | ५२८० | २४९ | १८८ | ४९ | ३२ | १६ | Prepared by Rachana Suwal, Nursing Officer |

# भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवाको वडागत प्रतिवेदन

## २०८० भाद्र

| वडा नं. | वडा नर्सको नाम | उच्च रक्तचाप | | | | मधुमेह | | | | दम | | | | हाडजोर्नी | | | | ग्याष्ट्रिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्रनिशा कोजु | १ | ० | ७९ | ४६ | ० | ० | ५६ | १८ | १ | ० | ९ | ३ | ० | १ | १० | १ | ० | ० | १३ | ३ |
| २ | रजनी सुवाल जरेजु | ३ | २ | ५६ | ४२ | २ | ० | ४४ | १० | १ | १ | ५ | ३ | ० | ० | १७ | ३ | ० | ० | १४ | ९ |
| ३ | सुरुची सायजु | ० | ० | २० | १३ | ० | ० | १० | ७ | ० | ० | १ | २ | १ | १ | ० | ० | ० | ० | ५ | ३ |
| ४ | रसिला सुवाल | ० | ० | ५३ | ४५ | ० | ० | २७ | १५ | ० | ० | ५ | ६ | ० | ० | १२ | १० | ० | ० | ६ | ४ |
| ५ | सबिता रन्जितकार | ० | ० | ६२ | ३४ | २ | ० | २५ | १६ | ० | ० | ४ | ६ | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ६ | रुषा बासुकला | ० | ० | ४० | ४६ | ० | ० | २१ | ३२ | ० | ० | ८ | १० | ० | ० | ४ | ९ | ० | ० | ० | ० |
| ७ | मिना दुवाल | ० | ० | ४६ | २९ | ० | ० | ३२ | २६ | ० | ० | १५ | १८ | ० | ० | २२ | १७ | १ | ० | १४ | १० |
| ८ | सन्दिपा नागाजु | २ | १ | ५४ | २६ | १ | १ | १२ | ७ | ० | ० | ३ | ४ | ० | ० | ३ | ४ | ० | ० | ७ | १ |
| ९ | दिब्या सुवाल | ७ | ३ | १९ | १२ | २ | १ | ६ | ११ | ० | ० | २ | २ | ० | ० | ४ | १ | ० | ० | ० | ० |
| १० | बिना डाखुसी | ० | ० | १६ | १४ | ० | ० | २ | ५ | ० | ० | ६ | १ | ० | ० | ० | ० | ० | ० | ३ | ० |

| वडा नं. | थाईराईड | | | | मुटुरोग | | | | नशारोग | | | | मानसिक रोग | | | | क्षयरोग | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ० | ० | १० | २ | ० | ० | १२ | २ | ० | ० | ९ | १ | ० | ० | २ | ० | ० | ० | ० | ० |
| २ | २ | ० | ७ | २ | २ | १ | ७ | ३ | ० | ० | ७ | ५ | ० | ० | २ | १ | ० | ० | १ | २ |
| ३ | ० | ० | १ | ० | ० | ० | ५ | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ४ | ५ | ० | ० | ४ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ४ | २ | १ | ० | ५ | ३ | ० | ० | ० | ० | ० | ० | १ | ३ | ० | ० | १ | ० |
| ६ | ० | ० | २ | १० | १ | १ | ३ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ७ | ० | ० | ८ | ३ | ० | ० | १० | ६ | ० | ० | ३ | २ | ० | ० | २ | १ | ० | ० | ० | २ |
| ८ | १ | ० | २ | ० | ० | ० | ५ | ३ | ० | ० | ३ | २ | ० | ० | ४ | ० | ० | ० | ० | २ |
| ९ | २ | ० | ६ | ० | ० | ० | ४ | ० | ० | ० | ० | २ | ० | ० | ३ | ० | ० | १ | ० | ० |
| १० | ० | ० | ५ | ० | ० | ० | ३ | १ | ० | ० | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |

| वडा नं. | जण्डिस | | | | सुस्त मनस्थिति | | | | पक्षघात | | | | मृगौला रोगी | | | | पत्थरी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | १ |
| ८ | ० | १ | ० | १ | ० | ० | १ | १ | ० | ० | २ | २ | ० | ० | १ | १ | ० | ० | ० | १ |
| ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | १ | ० | ० |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |

| वडा नं. | कोलेस्ट्रोल | | | | क्यान्सर | | | | अपाङ्ग | | | | ड्रेसिङ | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ० | ० | ९ | ७ | ० | ० | १ | १ | ० | ० | २ | ३ | ० | १ | ० | १ | ० | ३ | १ | ७ |
| २ | १ | २ | ७ | ५ | ० | ० | ३ | ३ | ० | ० | १ | २ | २ | ० | ० | ० | ० | ४ | ७ | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ६ | ३ | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ५ | ० | १ | ४ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | १ | ३ | १ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ७ | १० | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | २ | ० | ० | ० | ० | ० |
| ८ | ० | ० | २ | ३ | ० | ० | ४ | १ | ० | ० | ० | ० | ० | ० | ५ | २ | ० | १ | २ | २ |
| ९ | ० | ० | १ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ३ | १ | ० | ० | ० | १ | ५ | २ |
| १० | ० | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० |



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Bhadra Report

## 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2377 | 10.96 |
| 10-14. | 839 | 3.87 |
| 15-19 | 976 | 4.50 |
| 20-59 | 13154 | 60.65 |
| ≥60 | 4344 | 20.03 |
| Total | 21690 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 626 | 2.89 |
| General | 3935 | 18.14 |
| Insurance | 17129 | 78.97 |
| Total | 21690 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Banke | 1 | 0.01 |
| Chitwan | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Ilam | 1 | 0.01 |
| Salahi | 1 | 0.01 |
| Bara | 2 | 0.01 |
| Jhapa | 2 | 0.01 |
| Kalikot | 2 | 0.01 |
| Makwanpur | 2 | 0.01 |
| Surkhet | 2 | 0.01 |
| Kaplivastu | 2 | 0.01 |
| Dailekh | 3 | 0.01 |
| Okhaldhunga | 3 | 0.01 |
| Rukum | 3 | 0.01 |
| Dhading | 5 | 0.02 |
| Jumla | 5 | 0.02 |
| Khotang | 5 | 0.02 |
| Sunsari | 5 | 0.02 |
| Kailali | 6 | 0.03 |
| Nuwakot | 6 | 0.03 |
| Sindhuli | 6 | 0.03 |
| Morang | 7 | 0.03 |
| Lalitpur | 8 | 0.04 |
| Udayapur | 8 | 0.04 |
| Dolkha | 10 | 0.05 |
| Ramechap | 17 | 0.08 |
| Kathmandu | 23 | 0.11 |
| Sindhupalchowk | 26 | 0.12 |
| Kavrepalanchok | 62 | 0.29 |
| Bhaktapur | 21463 | 98.95 |
| Total | 21690 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 83 |
| Suryabinayak | 938 |
| Changu | 3381 |
| Bhaktapur | 17061 |
| Total | 21463 |

| Department | Number | In Percentage |
|---|---|---|
| Psychiatric | 57 | 0.26 |
| Cardiologist | 138 | 0.64 |
| General Ward | 168 | 0.77 |
| Physiotherapy | 227 | 1.05 |
| MDGP | 328 | 1.51 |
| General Surgery OPD | 351 | 1.62 |
| Laboratory | 490 | 2.26 |
| Internal Medicine | 527 | 2.43 |
| Dermatology | 913 | 4.21 |
| ENT | 1320 | 6.09 |
| Obs. & Gynaecology | 1365 | 6.29 |
| Emergency Ward | 1475 | 6.80 |
| Dental | 1501 | 6.92 |
| Paediatric | 1668 | 7.69 |
| Orthopedic | 2410 | 11.11 |
| General OPD | 8752 | 40.35 |
| Total | 21690 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 160 |
| Discharge | 75 |
| LAMA | 0 |
| Refer | 2 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 4004 |
| Total Cataract Surgery | 90 |

### Operation

| | |
|---|---|
| Major | 67 |
| Minor | 73 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 12724 | 58.66 |
| Male | 8966 | 41.34 |
| Total | 21690 | 100 |

# अनुभवको आदान-प्रदान

## उपप्रमुख जोशी बन्दिपुर गापामा



भक्तपुर नगरपालिका उपप्रमुख रजनी जोशीले भाद्र २२ गते तनहुँको बन्दिपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापासँग भेट गर्नुभयो र अनुभवको आदानप्रदान गर्नुभयो।

त्यस अवसरमा उपप्रमुख जोशीले भक्तपुर नपाका केही प्रकाशनहरू उपहार प्रदान गर्नुभयो।

## चिङ्गाड गापाका अध्यक्ष भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग सुर्खेतको चिङ्गाड गाउँपालिकाका अध्यक्ष बोधविक्रम जिसीले भदौ २५ गते भेट गर्नुभयो। भेटमा उहाँहरूबीच दुई नगरपालिकाबाट भए गरेका शिक्षा, स्वास्थ्य, कृषि, विकास निर्माणलगायतका विषयमा अनुभव आदानप्रदान भयो।

उक्त अवसरमा उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले शैक्षिक क्षेत्रमा गरेको लगानीबाट देशभरका विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गर्ने अवसर प्राप्त भएको बताउनुभयो। भक्तपुरको पहिचान जोगाउन सम्पदा र संस्कृतिलाई नयाँ पुस्तामा पुस्तान्तरण गर्ने काम समेत हुँदै आएको बताउनुहुँदै उहाँले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न विविध गतिविधिहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो।

अध्यक्ष जिसीले सुर्खेत जिल्लाको उत्तरपूर्वमा अवस्थित चिङ्गाड गाउँपालिका पहाडी क्षेत्रले बनेको, पशुपालन र कृषिको उच्च सम्भावना रहेको गाउँपालिका हो भन्नुभयो। उहाँले यस गाउँपालिका ६ ओटा वडाहरूमा विभाजित रहेको र गाउँपालिकाको वार्षिक आय ११ लाख रहेको अवगत गराउनुभयो।

४१ ओटा विद्यालयहरू रहेको उक्त गाउँपालिकामा ५ हजारभन्दा धेरै विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै चिङ्गाड गाउँपालिकाको विकटतालाई सुगमतातिर लाने प्रयास भइरहेको बताउनुभयो। भक्तपुर नपाले गरिरहेको गतिविधि निकै सराहनीय भएको बताउनुहुँदै भक्तपुरबाट सिक्ने अभिप्रायले भक्तपुर भ्रमणमा आएको बताउनुभयो।

भेटमा प्रमुख प्रशासकीय अधिकृत विजयकुमारको पनि उपस्थिति रहेको थियो भने उपप्रमुख जोशीले अध्यक्ष जिसीलाई मयूरको झ्याल र भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो।

## टोखा नगरपालिकाका अधिकृतहरूको टोली भक्तपुर नपामा



भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणको क्षेत्रमा गरिरहेको असल अभ्यासका विषयमा अध्ययन गर्न असोज १६ गते आएको टोखा नगरपालिकाको भ्रमण टोलीले भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग भेट गऱ्यो। भेटमा टोखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बि.सी सहित विभिन्न शाखाका २१ जना शाखा प्रमुख कर्मचारीहरूको उपस्थिति थियो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले सांस्कृतिक नगर भक्तपुरमा

स्वागत गर्नुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलाई उच्च प्राथमिकतामा राख्दै समाजवाद उन्मूख कार्य गरिरहेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले ६ ओटा शिशु स्याहार केन्द्रहरू, विभिन्न विषयको कलेजहरू, इ–लाइब्रेरी सहितको जनज्योति पुस्तकालय सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

केन्द्र र प्रदेश सरकारले स्थानीय तहलाई थप अधिकार प्रत्यायोजन गर्दै जानु पर्नेमा संविधान विपरित संसद्मा शिक्षा विधेयक प्रस्तुत गरी जिल्ला शिक्षा कार्यालय स्थापना गर्न खोज्नु प्रतिगामी कदम भएको बताउनुभयो ।

उक्त कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्पबाट पूर्ण र आंशिक क्षति भएका सम्पदाहरू विदेशी दातृ निकायहरूले सहयोग सहित नगरपालिकालाई अनुरोध गरेतापनि सशर्त सहयोग स्वीकार नगरी जनश्रमदान र जनताको सहयोगमा नगरपालिकाले हालसम्म १३५ ओटाभन्दा बढी सम्पदा पुरानै शैलीमा पुनःनिर्माण सम्पन्न गरिसकेको जानकारी दिनुभयो ।

उहाँले नागरिकको जन्मदेखि मृत्युसम्मको जिम्मेवारी सरकारले लिनुपर्ने समाजवादी भावना आत्मसात गर्दै भक्तपुर नगरपालिकाले शिशुशालादेखि विश्वविद्यालय तहसम्मको शिक्षाको लागि नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाको गतिविधिहरूबारे सङ्क्षिप्त प्रस्तुतीकरण प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले गर्नुभयो ।

टोखा नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत **शेरबहादुर बि.सी.**ले भक्तपुर नगरपालिका र टोखा नगरपालिकाको सांस्कृतिक विशेषताहरूबारे जानकारी दिनुहुँदै नगरपालिकाहरूबीचको असल अभ्यासको आदान प्रदान गर्ने भ्रमणको उद्देश्य रहेको चर्चा गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा उपप्रमुख जोशीले भनपाका प्रकाशनहरू र भक्तपुरको प्रसिद्ध मयूर झ्याल मायाको चिनो स्वरूप हस्तान्तरण गर्नुभएको थियो भने टोखाका प्रमुख प्रशासकीय अधिकृत बि.सी.ले प्रमुख प्रजापति, उपप्रमुख जोशी र प्रप्रअ शर्मालाई नपाको डायरी र मायाको चिनो हस्तान्तरण गर्नुभयो ।

कार्यक्रम पश्चात भ्रमण टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप ईन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप अस्पताल, शिशु स्याहार केन्द्रलगायतको अवलोकन गरेको थियो ।

# भेटघाट

नेपाल र विभिन्न देशका नपा प्रमुख, उप-उपप्रमुख तथा प्रतिनिधि मण्डललाई स्वागत

## "स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्छ"




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालको संविधान र सङ्घीयताको भावनाअनुसार भक्तपुर नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।

नेपाल र विभिन्न देशका नगरपालिकाहरूका प्रमुख, उप–उपप्रमुख तथा प्रतिनिधि मण्डललाई असोज १२ गते स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको सिद्धान्तलाई व्यवहारमा उतार्दै भक्तपुर नगरपालिकाले समाजवाद उन्मुख काम गरिरहेको बताउनुभयो ।

स्थानीय तह बलियो भए जनता बलिया हुन्छन् । हामी स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउनु पर्छ भन्ने पक्षमा छौं । सङ्घ र प्रदेशले विभिन्न नाउँमा स्थानीय तहको अधिकार खोस्दैछन् । त्यसमा हाम्रो आपत्ति छ– उहाँले भन्नुभयो ।

उहाँले शिक्षा, स्वास्थ्य उपचार सम्पदा संरक्षण, सरसफाइलगायतका काममा भक्तपुर नगरपालिकाले विशेष जोड दिएर कार्य गरिरहेको स्पष्ट पार्नुहुँदै हामी आत्मनिर्भर भएर बाँच्ने प्रयास गरिरहेका छौं भन्नुभयो ।

युवाहरूलाई शिक्षासँगै हातमा सीप दिन नगरपालिकाले चिनियाँ भाषा, जापानी भाषा, डकर्मी, सिकर्मी, हेयर कटिङ्ग, कुक, सिलाइ जस्ता विभिन्न विषयमा सीपमूलक तालिम दिइरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा पाखीबास नगरपालिकाका प्रमुख **ज्ञानबहादुर गुरुङ्ग**ले आफ्नो नगरपालिकामा श्रोत र साधनको कमीले केन्द्र र प्रदेशको मुख ताकेर विकास निर्माण गर्नुपर्ने बाध्यता रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले गरेको न्यानो स्वागतप्रति आभार प्रकट गर्नुभयो ।

भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान विजुक्छेँले** विभिन्न नगरपालिकाका प्रमुख, उपप्रमुखलाई स्वागत गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो।

नगर प्रमुख प्रजापतिले स्वदेशी तथा विदेशी विभिन्न नपाका प्रमुख, उपप्रमुखहरूलाई मायाको चिन्ह स्वरूप मयूरको झ्याल र नगरपालिका प्रकाशनहरू प्रदान गर्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भ्रमण टोलीलाई दरबार स्क्वायरको खौमा ढोकामा भादगाउँले टोपी र खादा लगाई स्वागत गर्नु भएको थियो।



भक्तपुर भ्रमणमा जनवादी गणतन्त्र चीनका Deputy Director Liu Hong, Foreign Affairs Office of Zhenzhau Municipal People's Government, Programme Office Mr. Bohyun Kim, City Net Secretariat, Deputy Secretary Sun Huaiguo, General of the CPC Xian Municipal committee, मेलम्ची नगरपालिकाका प्रमुख आईतमान तामाङ्ग, जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारी, मनाङ्ग डिस्याङ गाउँपालिकाका उपप्रमुख छिरिङ्ग गुरुङ्ग, रामग्राम नगरपालिकाका उपप्रमुख सम्झना चौधरी र अमरगढी नगरपालिकाका उपप्रमुख पार्वती झकालगायतको सहभागिता रहेको थियो। भ्रमण टोलीले दरबार क्षेत्र, टौमढी क्षेत्र, दत्तात्रय क्षेत्र, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेजलगायतको अवलोकन भ्रमण गरेको थियो।

## प्रमुख प्रजापतिसँग अन्तरक्रिया

### 'Meet the Mayor'

बागमती प्रदेश अन्तर्गतको प्रदेश सुशासन केन्द्रद्वारा विभिन्न स्थानीय तहको अधिकृतस्तर सातौँ/आठौँ तहका कर्मचारीहरूको लागि **'विकास व्यवस्थापन र सेवाप्रवाह'** विषयक सेवाकालीन तालिमको सिलसिलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर नपा सभाकक्षमा अन्तरक्रिया 'Meet the Mayor' कार्यक्रम असोज १२ गते भयो।




कार्यक्रममा प्रस्तुतीकरणमार्फत प्रमुख **प्रजापतिले** भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ र फोहोरमैला व्यवस्थापन तथा युवाहरूलाई सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउने कार्य गरिरहेको बताउनुभयो। उहाँले भक्तपुर नगरपालिकाले स्थानीय नगरवासीहरूको समस्या सम्बोधन गर्दै समाजवादउन्मुख कार्य गरिरहेको स्पष्ट पार्नुभयो। 'हामी जनताका प्रतिनिधि हौँ, जनताकै निम्ति काम गर्दैछौँ', उहाँले भन्नुभयो। सहभागीहरूले राखेका जिज्ञासालाई सम्बोधन गर्नुहुँदै नपाले हरेक विषय कानून निर्माण गरेर काम गरिरहेको छ भन्नुभयो।



सहभागीहरूले शैक्षिक ऋण र छात्रवृत्ति वितरण प्रकृया, उपभोक्ता समितिबाट काम गर्ने शैली, महिला, बालबालिका तथा अपाङ्गहरूको निम्ति नगरपालिकाले गरिरहेको सेवा प्रवाह तथा कर्मचारी व्यवस्थापनबारे जिज्ञासा राख्नुभएको थियो। भक्तपुर नगरका मेयरसँग भेट्न पाएको र नपाले गरेका कार्यहरूबारे जानकारी पाएकोमा सहभागीहरूले खुशी व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रदेश सुशासन केन्द्रका निर्देशक गीता गुरुङ्ग, उपनिर्देशक विनोद विडारी लगायत २६ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो।

उपनिर्देशक विडारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।

# पोखरामा भक्तपुर नपाको सांस्कृतिक टोली

## घिन्ताङघिसी

पोखरामा २३ वर्षपछि मनाइएको ऐतिहासिक बाघजात्रामा भक्तपुर नगरपालिकाको तर्फबाट घिन्ताङघिसी प्रदर्शनी ।








## भजन प्रस्तुति

पोखरामा बिन्दबासिनी शक्ति पीठमा भक्तपुरको भजन प्रस्तुति ।



## छलफल तथा उपहार हस्तान्तरण

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग पोखराको भैरव सांस्कृतिक संरक्षण समितिका पदाधिकारीहरूको छलफल तथा उपहार हस्तान्तरण कार्यक्रम ।





## कार्यक्रमबारे जानकारी



पोखरा बाघ जात्रा कार्यक्रममा घिन्ताङघिसी नाचका कलाकारहरूलाई कार्यक्रमबारे जानकारी गराउनुहुँदै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र वडा नं. ५ का वडा अध्यक्ष योगेन्द्रमान बिजुक्छेँ ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

# संक्षेपमा

## योजनासम्बन्धी पोर्टलको प्रस्तुतीकरण तथा हस्तान्तरण कार्यक्रम



राष्ट्रिय योजना आयोगद्वारा भदौ २४ गते गरिएको योजनासम्बन्धी पोर्टलको प्रस्तुतीकरण तथा हस्तान्तरण कार्यक्रम कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी ।

## सहयोगीहरूको भेला

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले ४३ औँ




नेपाल भाषा साहित्य तःमुंज्या र सांस्कृतिक प्रदर्शन भव्यताका साथ आयोजना गर्न भाद्र ३१ गते आयोजित सहयोगीहरूको भेलामा भाग लिनुभयो ।

## नेवाः दे दबु काठमाडौँका पदाधिकारी भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेवाः दे दबु काठमाडौँका अध्यक्ष धनबहादुर 'तिमिला' महर्जनको नेतृत्वमा आउनुभएका पदाधिकारीहरूले असोज १ गते भेट गर्नुभयो । भेटमा उहाँहरूबीच भक्तपुरको कला संस्कृतिक संरक्षण, सम्पदा पुनःनिर्माण, सरसफाइ र मौलिकता जगेर्ना, पर्यटन प्रवर्द्धन, विकास निर्माणका गतिविधिहरू आदि विषयमा छलफल भयो ।

## प्रशिक्षकहरूलाई मार्गनिर्देश



भक्तपुर नगरपालिकाको आयोजनामा हुने पाक शिक्षा, हेयर कटिङ, बुटिक, आधारभूत सिलाइ र एड्भान्स सिलाइ तालिमका प्रशिक्षकहरूलाई असोज १ गते मार्गनिर्देश गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ।

## ढलान कार्यको अवलोकन-निरीक्षण



नगरप्रमुख सुनिल प्रजापतिले थुसाचादेखि चुनदेवी बाटोमा हुँदै गरेको आरएमसी ढलान कार्यको असोज १५ गते अवलोकन तथा निरीक्षण गर्नुभयो ।

## घरदैलो नर्सिङ र विद्यालय नर्सिङको मासिक बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा घरदैलो नर्सिङ र विद्यालय नर्सिङको नियमित मासिक बैठक असोज १७ गते बस्यो ।

बैठकमा नगर प्रमुख प्रजापतिद्वार घरदैलो नर्स र विद्यालय नर्सहरूलाई अभिमुखीकरण गर्नुभयो ।

# विविध समाचार

## विद्यार्थीहरूलाई इतिहास र भूगोल अध्ययन गर्न उत्साहित गर्नुपर्ने



संस्थागत विद्यालय सङ्घ (इसान) भक्तपुरको आयोजनामा शिक्षक प्रशिक्षण कार्यक्रम भदौ २० गते प्रारम्भ भयो ।

सामाजिक अध्ययन, शिक्षामा विधि तथा मूल्याङ्कनमा आधारित शिक्षण प्रशिक्षण कार्यशालाका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले हरेक विद्यार्थीलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहास र भूगोलबारे जानकारी दिनु आवश्यक रहेको बताउनुभयो ।

इतिहास र भूगोलजस्ता महत्त्वपूर्ण विषयमा अध्ययन गर्ने विद्यार्थीहरू न्यून भएको कारण भविष्यमा ती विषयहरूमा जनशक्ति अभाव नहोस् भनी भक्तपुर नगरपालिकाले ती विषय लिएर पढ्ने सम्पूर्ण नगरवासी विद्यार्थीहरूलाई विद्यावारिधिसम्मको सम्पूर्ण शिक्षामा छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो ।

सामाजिक पढाउने शिक्षकहरू देशको समसामयिक राजनीतिबारे जानकार हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख अतिथि प्रजापतिले भन्नुभयो, सरकारको गलत नीतिका कारण अहिले उच्च शिक्षा हासिल गर्न वार्षिक एक लाखभन्दा बढी विद्यार्थी विदेशिँदै छन्, श्रम स्वीकृति लिएर ८ लाख युवाहरू विदेशी भूमिमा पसिना बगाउन जाँदैछन् । हरेक विद्यार्थीहरूलाई आत्मनिर्भरताको शिक्षा दिनुपर्छ र स्वदेशकै निम्ति आफ्नो ज्ञान र सीप प्रयोग गर्न उत्साहित गर्नुपर्छ ।

राजनैतिक दलको अर्थ अराजक भीड नभई सिद्धान्त र विचारमा आबद्ध अनुशासित समूह हुने बताउनुहुँदै प्रमुख प्रजापतिले अहिले केन्द्र र सरकार सञ्चालकहरू कुनै विचार र सिद्धान्तबाट निर्देशित नभई भीडबाट निर्देशित भएको देखिन्छ भन्नुभयो ।

देशको नेतृत्व गर्ने राजनैतिक दल र नेता राम्रो भएमा जनताले शिक्षा, स्वास्थ्य उपचारलगायत रोजगारीको सुनिश्चितता पाउने र देश विकास हुन्छ भन्ने कुरा चीन र क्युवाजस्ता समाजवादी देशहरूले देखाइरहेको प्रष्ट पार्नुभयो ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का अध्यक्ष **प्रेमजन थापा**को सभापतित्वमा सम्पन्न कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले सामाजिक शिक्षाको महत्त्वबारे प्रकाश पार्नुहुँदै कार्यशालाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यशालामा इसानअन्तर्गतका विद्यालयहरूको तर्फबाट सामाजिक शिक्षा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूको उपस्थिति रहेको थियो ।

## समाजलाई केन्द्रमा राखेर काम गर्नुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नागरिक स्वास्थ्यको लागि शारीरिक व्यायाम आवश्यक रहेको बताउनुभयो ।

भनपा वडा नं. ५ छि कोङ समूहद्वारा बनेपामा भदौ २३ गते आयोजित भेलामा प्रमुख प्रजापतिले सबै युवाहरूलाई कुनै न कुनै खेलमा सहभागी गराउने उद्देश्यले भनपाले खेलकुद क्षेत्रलाई जोड दिइआएको बताउनुभयो ।

उहाँले समाजको हितमा काम गर्ने मानिसलाई मात्रै समाजले राम्रो मान्ने हुँदा सबैले समाजको हितमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

केही मानिसहरूले सहकारीको नाउँमा ठगी धन्दा चलाइरहेको प्रति ध्यानाकर्षण गर्नुहुँदै भन्नुभयो, 'सहकारीको सिद्धान्तविपरीत केही मानिसहरूले धेरै मानिसहरूलाई ठगिरहेका छन् । अपरिचित मानिसहरूलाई ब्याजको लोभमा विश्वास गर्दा अहिले धेरै मानिसहरू बिचल्लीमा परेका छन् ।'

उहाँले भनपाका जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रअनुसार काम गरिरहेको प्रस्ट पार्नुहुँदै शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइको काम भइरहेको छ, त्यो निर्वाचन घोषणापत्र व्यवहारमा परिणत गर्दाको परिणाम हो भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडा अध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले छि कोङमा वडावासीहरूको उत्साहपूर्ण सहभागिताले आफूहरूलाई हौसला मिलेको बताउनुहुँदै वडाको तर्फबाट आवश्यक सहयोग गर्ने बताउनुभयो ।

वडा नं. १ का वडा अध्यक्ष एवं युवा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले नागरिक जीवनमा खेलकुदको महत्त्वबारे प्रकाश पार्नुभयो ।

छि कोङ प्रशिक्षक **निर्मला लिवी**को सभापतित्वमा भएको उक्त कार्यक्रममा नेक्रामसङ्का **कमलमैयाँ सुवाल**ले सबै नागरिकले असल व्यवहार गरेर सभ्य समाज निर्माण गर्न जोड दिनुभयो ।

## कर्मचारी भेला



नेपाल कर्मचारी समाज भनपा ९ समितिको आयोजनामा समसामयिक राजनीतिबारे भदौ २५ गते कर्मचारी भेला भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सचिव एवम् सभासद् **प्रेम सुवाल**ले कर्मचारीहरू नागरिकको सेवा गर्ने चेतना भएको समाजप्रति उत्तरदायी हुनुपर्ने तथा कर्मचारीहरू बोली व्यवहार राम्रो, जनतालाई सम्झाउन सक्ने हुनुपर्छ भन्नुहुँदै व्यवहार राम्रो भए घर अफिसमा तनाव कम भई झैझगडा नहुने र समाजमा उदाहरणीय र नमुना व्यक्ति हुने बताउनुभयो ।

उहाँले चिनियाँ राजदूतको नेपालको विकास र नेपालको विद्युत सस्तोमा भारत लाने र महँगोमा खरिद गर्नुपर्ने भनाइ नेपालको हितमा भएको बताउनुहुँदै बरु भारतले देशको सीमान मिच्ने, महाभूकम्पमा नाकाबन्दी लगाउने, कोरोनाको समयमा कालापानीमा मानसरोबर जाने बाटो नेपालको स्वीकृतिबिना नेपाली भूभागमा बनाएको प्रति बोल्न नसक्नेहरूले अहिले चिनियाँ राजदूतको भनाइलाई विरोध गरिरहेको बताउनुभयो ।

उहाँले ललिता निवास काण्ड प्रहरीले सङ्गठित अपराध भनिरहँदा सरकारी वकिलको कार्यालयले प्रधानमन्त्रीको निर्देशनमा महान्यायधिवक्ताको आदेशमा कीर्तेमा मुद्दा चलाउँदा कमजोर भई अपराधी छुटाउने प्रपञ्च रचेको बताउनुभयो ।

कार्यक्रममा वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पार्टीको नीति अनुसार पेशागत सङ्गठन भएको बताउनुहुँदै कर्मचारी समाज ट्रेड युनियनवादी नभई समाजवादी क्रान्तिको लागि सङ्घर्ष गर्ने कर्मचारी रहेको उहाँले बताउनुभयो ।

कार्यक्रम नेपाल कर्मचारी समाज भनपा ९ वडा समितिका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा राम छुस्याकी, विकास प्रजापति र हरिकृष्ण दुवालले पनि बोल्नु भएको थियो ।

## इसानको फुटसल च्याम्पियनसिप




संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) को आयोजनामा 'बालबालिकामा लगानी : सुनिश्चित भविष्यको लगानी' भन्ने मूल नाराका साथ राष्ट्रिय बाल दिवस २०८० को अवसरमा भदौ २५ गते फुटसल च्याम्पियनसिप कार्यक्रम भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले खेलकुदलाई प्राथमिकतामा राख्दै नगरका २३ ठाउँमा खुल्ला व्यायामशाला स्थापना गरेको र त्यसबाट धेरै नगरवासीहरू लाभान्वित भएको बताउनुभयो ।

उहाँले छात्राहरूलाई आत्मरक्षाको तालिम सञ्चालन गर्नुका साथै वडागत रूपमा छिकोङ शारीरिक अभ्यास समेत सुचारु रहेको बताउनुहुँदै प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई नैतिकता र अनुशासनलाई ध्यानमा राखी खेलमा सहभागी

हुन मार्गनिर्देश गर्नुभयो ।

त्यस्तै इसानका केन्द्रीय अध्यक्ष **प्रेमजन थापा**ले विद्यार्थीहरूले आफ्नो ज्ञान र सीपमार्फत बौद्धिक क्षमता अभिवृद्धि गर्दै शारीरिक रूपमा पनि तन्दुरुस्त हुन आवश्यक भएको बताउनुहुँदै स्वस्थ शरीरमा स्वस्थ दिमागले काम गर्ने बताउनुभयो ।

कार्यक्रममा सूर्यदिप स्कूलका प्रअ **लक्ष्मीप्रसाद प्रजापति**ले फुटसल प्रतियोगिताको महत्त्वबारे र इसान भक्तपुरका अध्यक्ष कृष्णराम त्वानाबासुले इसानको आयोजनामा भएको खेलकुदमा कक्षा ५ देखि ७ का १६ ओटा विद्यालयका १६० जना खेलाडीहरूबीच प्रतिस्पर्धा हुने बताउनुभयो ।

प्रमुख अतिथि जोशीले रेफ्रि पासाङ तामाङलाई फुटबल र सिठी हस्तान्तरण गर्नुभई प्रतियोगिताको औपचारिक शुआरम्भ गर्नुभयो ।

## नेमकिपाको नेम्वाङप्रति श्रद्धाञ्जली



नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरू प्रेम सुवाल, सुनिल प्रजापति, सुरेन्द्रराज गोसाईसहितको टोलीले भदौ ३१ गते संविधानसभाका अध्यक्ष, पूर्वसभामुख एवम् प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको भदौ २६ गते असामयिक निधन भएकोमा नेम्वाङको निवास काठमाडौँ बालुवाटार पुगेर उहाँप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गऱ्यो ।

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको हृदयाघातबाट निधन भएको थियो ।

वि.सं. २००९ फागुन २८ गते इलाममा जन्मनुभएका नेम्वाङ नेपाली राजनीतिमा शालीन र सबैलाई मिलाएर जान सक्ने नेताको रूपमा छवि बनाउनुभएको थियो ।

वि.सं. २०४८ देखि २०५२ सम्म राष्ट्रियसभा सदस्य, २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा इलाम-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेम्वाङ पार्टी एमाले संसदीय दलको उपनेता र पार्टी उपाध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

नेम्वाङ वि.सं. २०६३ मा पुनःस्थापित प्रतिनिधिसभाका सभामुख, वि.सं. २०६४ व्यवस्थापिका संसद्को सभामुख, वि.सं. २०६५ एवं २०७० मा संविधानसभाका अध्यक्ष/सभामुख हुनुहुन्थ्यो ।

नेपाल सरकारले संविधान निर्माणमा नेम्वाङले गरेको योगदानप्रति सम्मान प्रकट गर्दै उहाँलाई राजकीय सम्मानका साथ भदौ २८ गते अन्त्येष्टि गरियो ।

तत्कालीन पञ्चायती सरकारले २०४५ साल भदौ ९ गते राज्यस्तरबाट षड्यन्त्र गरी नेमकिपाका ६७ जना नेता-कार्यकर्ताहरूविरुद्ध झूटा ज्यान मुद्दा लगाउँदा न्यायको पक्ष लिनेहरूमध्ये अधिवक्ता सुवासचन्द्र नेम्वाङ पनि एकजना हुनुहुन्थ्यो ।

उहाँजस्ता धेरै जनाको सहयोगमा पञ्चायती राज्यस्तरको षड्यन्त्रको जाली मुद्दा २०४७ साल वैशाख ५ गते सरकारले फिर्ता लिएको थियो भने नेमकिपाका नेता-कार्यकर्ताहरू सबै रिहा हुनुभएको थियो ।

२०७९ मङ्सिर ४ गते भएको संसदीय निर्वाचनमा नेम्वाङ इलाम क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो ।

## भक्तपुर क्यान्सर अस्पताललाई व्यवस्थित बनाउनेबारे सांसद सुवालको प्रम दाहालसँग भेटघाट

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले भदौ २७ गते प्रधानमन्त्री पुष्पकमल दाहालसित सिंहदरबारमा भेट गर्नुभयो ।

भेटमा सांसद **सुवाल**ले भक्तपुर क्यान्सर अस्पतालको व्यवस्थापन नेपाल अर्बुद रोग निवारण संस्था (NCRS) लाई हस्तान्तरण नगर्न नगराउन प्रम दाहालको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल अर्बुद रोग निवारण संस्थाको पछिल्लो व्यवस्थापन समिति भक्तपुर क्यान्सर अस्पतालमा आर्थिक अनुशासन र पारदर्शिता कायम गर्न असफल भएको र अस्पतालका सहयोगीहरू नियुक्तिसमेत व्यवस्थापन समितिका सदस्यहरू संलग्न संस्थाबाट गराई आर्थिक अनुशासन उल्लङ्घनमा लागेको उल्लेख गर्नुहुँदै सांसद सुवालले भ्रष्टाचार र अनियमितताविरुद्ध स्थानीय जनता र अस्पतालका कर्मचारीहरूको संयुक्त आन्दोलनसमेत भएको प्रम दाहाललाई स्मरण गराउनुभयो ।

स्थानीय जनता र अस्पतालका कर्मचारीहरूले आर्थिक अनियमितताको विरोधमा सङ्घर्ष गरेपश्चात् तत्कालीन

सरकारले भक्तपुर क्यान्सर अस्पताल आफ्नो मातहतमा लिएर सञ्चालन गरेको हो ।

स्वास्थ्य मन्त्रालयले नेपाल अर्बुद रोग निवारण संस्थालाई नै अस्पताल व्यवस्थापन समितिको नेतृत्व दिने, भदौ ३१ गते नेपाल अर्बुद रोग निवारण संस्थाको कार्यक्रममा स्वास्थ्य मन्त्रीलाई अस्पताल हस्तान्तरणको घोषणा गराउने, मन्त्रिपरिषद्को सट्टा स्वास्थ्य मन्त्रीबाटै निर्णय हुने अस्पतालको विधान तयार गर्नेलगायत विषय बाहिरिएपछि सांसद सुवालले प्रम दाहाललाई भेटेर त्यसो भएमा क्यान्सर अस्पतालमा बिरामीको अकाल मृत्यु र भ्रष्टाचार बढ्नेतर्फ प्रमको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले भक्तपुर नगरपालिकाको नेतृत्वमा व्यवस्थापन समिति गठन भए बिरामीको सहज सेवा हुनेतर्फ पनि प्रमको ध्यानाकर्षण गराउनुभयो ।

प्रम दाहालले आफ्ना सहयोगीलाई स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसँग सम्पर्क गराउँदा फोन रिसिभ भएन । प्रम दाहालले भक्तपुर क्यान्सर अस्पतालको व्यवस्थापन नेपाल अर्बुद रोग निवारण संस्थालाई हस्तान्तरण नगर्न नगराउन स्वास्थ्य मन्त्रीलाई निर्देशन दिने बताउनुभयो ।

सांसद सुवालले स्वास्थ्य सचिव रोशन पोखरेललाई पनि फोनमा सम्पर्क गरी भक्तपुर क्यान्सर अस्पतालको व्यवस्थापन नेपाल अर्बुद रोग निवारण संस्थालाई हस्तान्तरण गरिए उपचार व्यवस्थित नभई बिरामीको अकाल मृत्यु हुनेतर्फ सचेत गराउनुभएको थियो भने स्वास्थ्यमन्त्री बस्नेतको मोबाइलमा सम्पर्क गर्दा रिसिभ भएको थिएन ।

डाक्टर अन्जनीकुमार शर्मा र बेलायत बस्नुहुने डाक्टर विवेकबहादुर प्रधानसमेतले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् सांसद नारायणमान बिजुक्छेँसँग पटकपटक छलफल गरी भक्तपुर क्यान्सर अस्पताल स्थापना र सञ्चालन गरिएको थियो । सो अस्पताल स्थापना गर्न भक्तपुर नगरपालिकाले पनि केही रोपनी सार्वजनिक जग्गा उपलब्ध गराएको थियो भने स्थानीय जनताले पनि आर्थिक सहयोग गरेका थिए ।

चिनियाँ राजदूतले केही दिनअगाडि काठमाडौँको एक कार्यक्रममा नेपालको आर्थिक विकासबारे दिनुभएको सुझावलाई अनर्थ लगाइएको प्रसङ्ग उठाउँदै सांसद सुवालले प्रमको ध्यानाकर्षण गराउनुभयो । प्रम दाहालले त्यसरी अनर्थको रूपमा विषय उठाउनुनपर्ने उल्लेख गर्नुभयो ।

प्रम दाहालले सांसद सुवालसँग नेपाल मजदुर किसान पार्टीबाट प्राप्त राष्ट्रिय अन्तर्राष्ट्रिय विषयका प्रकाशनहरू अध्ययन गर्न पाएको उल्लेख गर्नुभएको थियो ।

## "नेपाल सरकारको सम्पति गैरसरकारी संस्थाको बनाउन दिनेछैनौँ"- प्रमुख प्रजापति




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री **मोहनबहादुर बस्नेत**ले भक्तपुरलाई स्वास्थ्य क्षेत्रको उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास गर्ने सरकारको उद्देश्य भएको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पतालको व्यवस्थापन तथा सेवा वृद्धि गर्ने विषयमा मन्त्रालयको ध्यानाकर्षण भएको बताउनुभयो ।



भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश परिमार्जन गर्ने विषयमा स्वास्थ्य मन्त्रालयको आयोजनामा भदौ २८ गते भएको कार्यक्रममा उहाँले अस्पतालको व्यवस्थापन पक्षलाई सुधारेर अगाडि बढ्ने सरकारको लक्ष्य रहेको विचार राख्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर क्यान्सर अस्पताल नेपाल सरकारले स्थापना गरेको अस्पताल भएको स्पष्ट पार्नुहुँदै सरकारी अस्पताललाई नेपाल अर्बुद रोग निवारण संस्थाले आफ्नो निजीझैँ सञ्चालन गरी

व्यापक अनियमितता गरेको कारण नगरपालिकाले त्यसको संरक्षण गर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

नेपाल सरकारले गठन आदेशमार्फत सरकारको स्वामित्वमा ल्याएकोमा खुसी व्यक्त गर्नुहुँदै उहाँले अस्पताल विकास समिति नगर प्रमुखको अध्यक्षतामा गठन भए जनतालाई प्रभावकारी सेवा हुने धारणा राख्नुभयो ।

कुनै पनि मानेमा नेपाल सरकारको सम्पत्ति गैरसरकारी संस्था (एनजीओ) को बनाउन दिनेछैनौँ, प्रमुख प्रजापतिले भन्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा विगतमा भएको आर्थिक अनियमिता र भ्रष्टाचार रोक्न भक्तपुर नगरपालिकाले पटक-पटक प्रयास गरेको चर्चा गर्नुहुँदै उहाँले अहिले पनि नगरपालिकाले आर्थिक अनियमितताको सवालमा सचेत गर्दै आइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'तत्कालीन भक्तपुर नगरपालिकाले भक्तपुर क्यान्सर अस्पतालको भौतिक पूर्वाधार निर्माणमा ५ रोपनी ४ आना जग्गा उपलब्ध गराएको थियो । त्यसपछि पनि नगरपालिकाले थुप्रै आर्थिक सहयोग गरेको थियो ।'

भक्तपुर क्यान्सर अस्पतालमा गरिब जनताले सहज ढङ्गले स्वास्थ्य उपचार प्राप्त गरिरहेको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै १०० शय्याको ख्वप अस्पताल स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गर्दै आइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपाल सरकारलाई मुद्दा हाल्ने नेपाल अर्बुद रोग निवारण संस्थाले बिनासर्त मुद्दा फिर्ता लिई अस्पताल विकासमा सहयोग गर्नुपर्छ ।'

नेपाल अर्बुद रोग निवारण संस्थाका केन्द्रीय अध्यक्ष महेश श्रेष्ठले अस्पतालको विषयमा सङ्घ र स्थानीय सरकारसँग समन्वयात्मक ढङ्गले अगाडि बढ्ने मनसाय व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष एवम् अस्पताल विकास समितिका सदस्य **रवीन्द्र ज्याख्व**ले भक्तपुर क्यान्सर अस्पतालका बेथितिहरूलाई सुधार गर्दै अस्पतालको सेवा प्रवाहलाई गुणस्तरीय बनाउनेतर्फ अस्पताल विकास समितिले काम गर्दै आइरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिव दीपेन्द्ररमण सिंह, अतिरिक्त स्वास्थ्य सचिव विकास देवकोटा, नीति, योजना तथा अनुगमन महाशाखाका कृष्ण पौडेल, नेपाल अर्बुद रोग निवारण संस्थाका केन्द्रीय महासचिव विमल होडा, संस्थाका बद्री बस्नेत, भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक विष्णुदत्त पौडेल, भक्तपुर क्यान्सर अस्पतालका डा. उज्ज्वल चालिसेलगायतले भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन तथा चुनौतीहरूबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## बीसवर्षे गाडी विस्थापन गर्ने नीति गलत




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले बीसवर्षे गाडी विस्थापन गर्ने नीति गाडी कम्पनी र एजेन्टहरूलाई पोस्ने गलत नीति भएको भन्नुहुँदै त्यसको विरोध गर्नुभयो ।

सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद्को भदौ २८ गते बसेको पहिलो बैठकमा उहाँले नेपालमा गाडी निर्माण गर्ने कुनै कारखाना र मर्मतका कच्चा पदार्थसमेत उत्पादन हुँदैन भनी जोड दिनुहुँदै भन्नुभयो, बीसवर्षे नीति कार्यान्वयन भएमा नेपालका गाडीहरू कौडीको मूल्यमा बेच्नुपर्ने छन्, देशको खर्बौं रकम विदेशमा जानेछ, यसले विदेशी गाडी निर्माता कम्पनी र त्यसका एजेन्टहरूलाई धनी बनाउनेबाहेक अरू केही हुँदैन । त्यसको गम्भीर आपत्ति प्रकट गर्छु ।

उहाँले वर्षको ३ खर्बभन्दा बढी रकम इन्धन खरिदमा विदेसिनेतर्फ ध्यानाकर्षण गर्नुहुँदै विद्युतीय गाडी सञ्चालनमा ध्यान दिन सकेमा वर्षको खर्बौं व्यापार घाटा कम गर्न सकिन्छ भन्नुभयो ।

सडक दुर्घटनाबाट वर्षको हजारौं मानिसले ज्यान गुमाउनुपरेको यथार्थबारे सचेत हुनुपर्ने बताउनुहुँदै उहाँले जथाभावी सडक निर्माण गर्ने ठेकेदारहरूलाई कारबाहीको घेरामा ल्याउन नसकेसम्म सडक दुर्घटना कम नहुने विचार व्यक्त गर्नुभयो ।

यातायातको राम्रो व्यवस्थाको लागि ठूल्ठूला साझा बसहरू व्यापक सञ्चालनमा ल्याउनुपर्ने र त्यसलाई नियमित र व्यवस्थित गर्न सके साना निजी कार र मोटरसाइकल सञ्चालनमा उल्लेखनीय ढङ्गले कमी आउने बताउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख **चिरिबाबु महर्जन**ले सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात ऐन २०७९ लागू भइसकेको अवस्थामा अब उप्रान्त सहरी

सार्वजनिक यातायातसँग सम्बन्धित विषयमा राज्यको कुनै पनि निकायले नयाँ निर्णय लिनुअघि परिषद्सँग समन्वय गरेर मात्र गर्न सबैलाई पत्राचार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

काठमाडौँ महानगरपालिकाका प्रमुख **बालेन्द्र साह**को अध्यक्षतामा बसेको बैठकले नेपाल सरकारले सार्वजनिक यातायातको लागि विनियोजन गरेको रकम अब उप्रान्त परिषद्को कोषमा जम्मा गर्न आग्रह गर्ने, बाग्मती प्रदेश र स्थानीय तहहरूलाई कोषमा योगदान गर्न अनुरोध गर्ने, नेपाल सरकारले बनाउने नियमावलीबारे परिषद्को पनि परामर्श गर्न पत्राचार गर्ने र उपत्यकाको सार्वजनिक यातायातको व्यवस्थापन गर्न प्राविधिक तयारीसहित अर्को बैठकमा पेस गर्ने निर्णय गऱ्यो ।

बैठकले ऐनको व्यवस्थाअनुसार सदस्यहरूको मनोनयन गर्ने, कार्यालय भवन सञ्चालन कामनपाले भवनको व्यवस्था गर्ने निर्णय गऱ्यो ।

सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद्मा कामनपाका प्रमुखको अध्यक्षतामा ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाका प्रमुख सदस्य हुने र उपत्यकाका अन्य नपाका प्रमुख वा उपप्रमुखमध्ये तोकिएको सदस्य रहने व्यवस्था छ । प्राधिकरणका काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि गठित परिषद्मा सडक विभागका महानिर्देशक, यातायात विभागका महानिर्देशक, बाग्मती प्रदेशका यातायात हेर्ने सचिवलगायत सदस्य हुने व्यवस्था छ ।

सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन २०७९ को दफा (५) ले प्राधिकरणको काम सार्वजनिक यातायातसम्बन्धी नीति, अल्पकालीन तथा दीर्घकालीन योजना तयार गर्ने, सार्वजनिक यातायातको व्यवस्थापन गर्ने, एकीकृत यातायातको व्यवस्था गर्ने, नगदविहीन विद्युतीय टिकटका ढाँचा तयार गर्ने, पार्किङको व्यवस्था गर्नेलगायत तोकिएको छ ।

## चिनियाँ निजी क्षेत्रको उच्चस्तरीय टोली भक्तपुरमा

चिनियाँ निजी क्षेत्रको उच्चस्तरीय टोलीले भदौ २९ गते भक्तपुरको पर्यटकीय क्षेत्रको अवलोकन गरेको छ । टोलीलाई भक्तपुर चेम्बर अफ कमर्सका अध्यक्ष न्हुछेरत्न मानन्धर र उपाध्यक्ष कविदास श्रेष्ठले चिनियाँ टोलीलाई भक्तपुर दरबार स्क्वायरमा परम्परागत धिमेबाजासहित स्वागत गर्नुभएको छ ।

चिनियाँ टोलीलाई भक्तपुर चेम्बरले पर्यटकीय क्षेत्रको अवलोकन गराएको थियो

भक्तपुरको अवलोकनपछि चेम्बरका पदाधिकारी र चिनियाँ निजी क्षेत्रका व्यापारिक टोलीबीच लगानीबारे छलफल भएको थियो । चीन फर्किएपछि उक्त टोलीले चिनियाँ जनतामाझ भक्तपुरको प्रचारप्रसार गर्ने, नेपालमा चिनियाँ लगानी आकर्षित गर्ने, नेपाली उत्पादनको चीनमा प्रवर्द्धन गर्ने र चिनियाँ कृषि प्रविधि नेपालमा भित्र्याउनेबारेमा मौखिक सहमति भएको छ ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल, उपाध्यक्ष दीपककुमार मल्होत्रालगायतका टोलीको पनि सहभागिता रहेको थियो ।

भक्तपुर चेम्बर अफ कमर्सका सल्लाहकार एवं नेपाल चेम्बर अफ कमर्सका कार्यसमिति सदस्य रोशन भोयद्योको निमन्त्रणामा भक्तपुर भ्रमणमा आएको चिनियाँ टोलीसँगको छलफल देशकै लागि उपलब्धिमूलक भएको भक्तपुर चेम्बर अफर कमर्सका प्रमुख कार्यकारी अधिकृत राजुमान बज्राचार्यले जानकारी दिनुभयो ।

## समाजलाई योगदान गर्न सक्ने जनशक्तिको खाँचो



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ज्ञानको पवित्र मन्दिरको रूपमा रहेको विद्यालयलाई बन्द, हड्ताल र तालाबन्दीलगायतका अवाञ्छित गतिविधिबाट टाढा नै राख्न जरुरी रहेको बताउनुहुँदै सरकारको नीतिले पनि देशको शैक्षिक विकासमा धेरै महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

एभरेष्ट इङ्लिश सेकेन्डरी स्कूलमा भदौ ३० गते आयोजित 8th Hub Convention on SQC 2020 को उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले ज्ञानविज्ञानको केन्द्रको

रूपमा अगाडि बढिरहेको भक्तपुरलाई शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रमा देशकै उत्कृष्ट गन्तव्यस्थल बनाउने उद्देश्यले भक्तपुर नपाले काम गर्दै आइरहेको बताउनुभयो ।

विद्यार्थीले परीक्षामा उच्च अङ्क प्राप्त गर्दैमा त्यो विद्यार्थीले समाजको लागि काम गर्छ भन्ने कुरा सत्य नहुन सक्छ भन्नुहुँदै उहाँले विद्यार्थीमा नैतिक शिक्षाको धेरै खाँचो रहेको बताउनुभयो ।

समाजलाई योगदान गर्न सक्ने जनशक्तिको खाँचो अहिले आवश्यकताबोध भएको बताउनुहुँदै उहाँले उच्च शिक्षा, रोजगारीको लागि विदेशिने सोचबाट विद्यार्थीलाई टाढा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सङ्घीयताको असल कार्यान्वयन भक्तपुरले गरिरहेको बताउनुहुँदै भक्तपुर नपाले समाजवादउन्मुख काम गर्दै आइरहेको र स्थानीय तहलाई नै अधिकारसम्पन्न गर्नुपर्ने धारणा उहाँले सोही अवसरमा व्यक्त गर्नुभयो ।

विद्यार्थी र शिक्षकहरूले पनि देशको राजनीतिप्रति चासो राख्नुपर्ने बताउनुहुँदै बौद्धिक र प्रबुद्ध व्यक्तिहरूले आफ्नो व्यक्तिगत मात्र नभई सिङ्गो देशको भविष्यको चिन्ता गरेर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा एभरेष्ट इङ्गलिस स्कूलका प्रअ **भक्त राजभण्डारी**ले एस.क्यु.सी.को अवधारणाले विद्यार्थीहरूमा आत्मविश्वास जागउनुका साथै आफ्ना समस्या पहिचान गरी आफै समाधान गर्ने क्षमता अभिवृद्धि गरेको बताउनुभयो ।

उहाँले एभरेष्ट इङ्गलिश स्कुलले देशभक्त अनुशासित विद्यार्थी उत्पादन गर्नेमा विशेष जोड दिंदै आएको बताउनुहुँदै एभरेष्टमा एस.क्यु.सी.को गठनले धेरै उपलब्धिहरू प्राप्त भएको बताउनुभयो ।

एस.क्यु.सी.का संस्थापक **दिनेश चापागाईं**ले एस.क्यु.सी. स्थापनाको २० वर्ष पुगिसक्दा धेरै विद्यालयहरूमा यो समिति गठन भइसकेको बताउनुहुँदै २१ औं शताब्दीका विद्यार्थीहरूको गुणस्तर मापन गर्ने आधारको रूपमा यो समितिले काम गर्दै आइरहेको बताउनुभयो ।

## "ख्वपको धिम्‌य बाजाको परिचय र बोल" पुस्तक विमोचन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वाद्यवादक इन्दिरा लाछिमस्यूद्वारा लिखित 'ख्वपको धिम्‌य बाजाको परिचय र बोल' नामक पुस्तक भदौ ३० गते एक कार्यक्रमबीच विमोचन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले धिमय्‌को बोलमा एकरूपता ल्याउन यस पुस्तकले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुहुँदै धिमय्‌को क्षेत्रमा इन्दिरा लाछिमस्यूको यो क्रान्तिकारी कदम हो भन्नुभयो ।

नेपालमा अहिले सांस्कृतिक अतिक्रमणको जोखिम बढिरहेकोतर्फ चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले मौलिक सीप र ज्ञान नयाँ पुस्तामा पुस्तान्तरण भए मात्र भक्तपुरको कला संस्कृति युग युगसम्म जीवन्त रहनेछ भन्नुभयो ।

इन्दिरा लाछिमस्यूलाई भक्तपुरका जनताले धेरै माया र सम्मान दिएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले देशको सम्पदा पुनःनिर्माणमा धेरै ठूलो योगदान पुऱ्याइरहेको स्मरण गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले पुस्तक प्रकाशनसँग सँगै नयाँ पुस्तामा धिमय्‌ बाजाको सीप हस्तान्तरण पनि हुँदै जाने बताउनुहुँदै कुनै पनि कुराको अभिलेखीकरण हुनु आवश्यक भएको बताउनुभयो ।

वाद्यवादक **इन्दिरा लाछिमस्यू**ले धिमाय्‌ बाजाको परिचय र बोलसहितको पुस्तक प्रकाशनले भक्तपुरमा बजाइने धिमय्‌ बाजामा एकरूपता आउने विश्वास व्यक्त गर्नुहुँदै पुस्तकबारे रचनात्मक सल्लाह सुझावको अपेक्षा रहेको बताउनुभयो ।

मुक्ति प्रशिक्षण केन्द्रका मुक्तिसुन्दर जधारीले पुस्तकबारे समीक्षा गर्नुभएको उक्त कार्यक्रममा पद्‌मकन्या क्याम्पसका सहप्राध्यापक न्हुछेबहादुर डंगोल, नेपालभाषाका कलाकार सुरेन्द्र तुलाधर, भूतपूर्व स्रोतव्यक्ति लक्ष्मीप्रसाद धुकुछु, इन्दिरा लाछिमस्यूका पिता सांस्कृतिक गुरु पञ्चलाल लाछिमस्यू, मैया त्वानाबासुलगायतले पनि बोल्नुभएको थियो ।

## भक्तपुर काण्डसँग सम्बन्धित पुस्तकहरूको अन्तरक्रिया



नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिको आयोजनामा भदौ २९ र ३० गते भक्तपुर काण्डसँग सम्बन्धित पुस्तकहरूको अन्तरक्रिया कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भदौ ३० गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले कार्यकर्ताहरू आधा काँचो र आधा पाको भएपछि कुनै बेला प्रतिकूल परिस्थिति आएमा विचलित हुने र लोभलालचमा फस्न सक्ने भएकाले राजनैतिक रूपमा सिद्धान्त र विचारमा परिपक्व हुनुपर्ने बताउनुभयो ।

नेमकिपालाई समूल नष्ट पार्न निरङ्कुश पञ्चायतले षड्यन्त्र गरी ह्योजुलाई रोहितको समूहले निर्मम तरिकाले हत्या गऱ्यो भन्ने भ्रमपूर्ण समाचार गोरखापत्र, रेडियो नेपाललगायत अन्य बिकाउ मिडियाहरूले हावासरि देशैभरि फैलाएको उहाँले बताउनुभयो ।

सत्य-तथ्यसहित 'फाँसी दे' पुस्तक प्रकाशित भएपछि एकतर्फी भ्रमपूर्ण घटनाक्रमलाई चिर्न ठूलो मद्दत पुगेको उहाँले स्मरण गर्नुभयो ।

मूलाले आफ्नो खाल्डो आफै खनेजस्तै पञ्चायतले पनि निरन्तर मजदुर, किसान, देश र जनताको हितमा काम गर्ने नेमकिपालाई निर्मतापूर्वक दमन गरी समूल नष्ट पार्न खोजेकै कारण पञ्चायतको अन्त्य भएको अतिथि प्रजापतिले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **सरोजराज गोसाई**ले भक्तपुर काण्डपश्चात् इतिहासमै पहिलो पटक भक्तपुरमा महिलाहरूको नेतृत्वमा जुलुस निस्केको स्मरण गर्नुहुँदै उहाँले भन्नुभयो, 'नेमकिपाका सबै कार्यकर्ताहरू जेल र भूमिगत भएको बेलामा विद्यार्थीहरूको नेतृत्वमा २०४६ साल फागुन ८ गते भक्तपुरमा विरोध जुलुस प्रदर्शन भएको थियो । भक्तपुरबाट सुरू भएको आन्दोलनमा विद्यार्थीहरूले वीरगति प्राप्त गरेपछि आन्दोलन देशभर फैलियो । आन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्थालाई फाल्यो ।'

दोस्रो दिन नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवालले भक्तपुर काण्डबाट शिक्षा लिँदै सैद्धान्तिकरूपमा कार्यकर्तालाई प्रस्ट पार्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित 'जेल डायरी', 'जेलका चिठीहरू' र सुबोध सिंजालीद्वारा लिखित 'फाँसी दे' पुस्तकबारे सेमसल तामाङ, प्रमिला ज्याख्व, बिलम सुवाल, किरण गोसाई, सविता त्वानाबासु, तारा न्यौपाने, सिर्जु शाही, रोजित महर्जन, सुस्मा बाटा, रवीन्द्र भण्डारीले आ-आफ्नो विचार राख्नुभएको थियो ।

प्रकाश गुरुङको सभापतित्वमा भएको कार्यक्रममा सुरेश परियार र दिनेश खड्गीले पनि बोल्नुभएको थियो ।

## घातक एन्टिबायोटिक औषधिमा बल्ल प्रतिबन्ध

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले प्रयोगमा रोक लगाएका १४ प्रकारका एन्टिबायोटिक औषधि नेपाल सरकारले दुई वर्षपछि बल्ल प्रतिबन्ध लगाउन थालेको छ । डब्लुएचओले सन् २०२१ मै प्रयोग नगर्न भनेका १०३ प्रकारका एन्टिबायोटिकमध्ये नेपालमा १४ प्रकारका उत्पादन र वितरण हुँदै आएका छन् । आइन्दा यी एन्टिबायोटिक उत्पादन, बिक्री-वितरण तथा प्रयोग नगर्न औषधि व्यवस्था विभागले भाद्र ३१ गते सूचना जारी गरेको हो ।

रोग प्रतिरोधात्मक क्षमता घटाउने, दीर्घकालीन रूपमा कुनै पनि एन्टिबायोटिकले शरीरमा काम नै नगर्नेलगायतका समस्या निम्त्याउने भन्दै डब्लुएचओले प्रतिबन्ध लगाएको दुई वर्षसम्म पनि नेपालमा १४ प्रकारका एन्टिबायोटिकको निर्बाध प्रयोग भइरहेको थियो ।

डब्लुएचओले लगाएको प्रतिबन्ध थाहा हुँदाहुँदै सरकारले रोक लगाउन चासो दिएन, पेसागत धर्म र नैतिकता बिर्सेर चिकित्सकले पनि लाखौँ बिरामीलाई तिनै एन्टिबायोटिक सिफारिस गरिरहेका थिए ।

### प्रतिबन्ध लगाइएका १४ प्रकारका एन्टिबायोटिक

१. एमोक्सिसिलिन/प्रोक्सा ।
२. एम्टिसिसिलिन/क्लोक्सा ।
३. एमोक्सिसिलिन/क्लोक्सा ।
४. एसिटिइस्पिरामेसिन तथा मेट्रोनिडाजोल ।
५. एम्ट्रिसिलन/डाई क्लोक्सा ।
६. बेन्जाएल प्यानिसिसिलिन र स्ट्रेप्सोमाइटिन ।
७. सेफिपाइम र सल्ब्याकटोम ।
८. किमिसेफिपाइम र क्लाबुल्याटिक एसिड ।
९. सेफोप्याराजोन र सल्ब्याकटम ।
१०. सेफोट्याक्सिन र सल्ब्याकटम ।
११. सेट्राइअब्सन र सल्ब्याकटम ।
१२. सेट्राइअब्सन र ट्याजोब्याक्टोम ।
१३. सेफ्रुरअक्सिम र क्लाबुल्यानिक एसिड ।
१४. ओफ्फोल्क्सासिन र अर्निलाजोल ।

## शैक्षिक क्षेत्र र समाज रूपान्तरणमा पुस्तक व्यवसायीहरूको महत्वपूर्ण भूमिका



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शैक्षिक क्षेत्र र समाज रूपान्तरणमा पुस्तक व्यवसायीहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुहुँदै व्यवसायीहरूले समाजमा पर्ने विकृतितर्फ सचेत भएर आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ जिल्ला शाखा भक्तपुरको आठौँ जिल्ला अधिवेशन तथा १६ औँ वार्षिक साधारणसभाको असोज ६ गते उद्‌घाटन गर्नुहुँदै प्रमुख अतिथि प्रजापतिले अधिवेशन पूर्ण सफलताको कामना गर्दै सक्षम नेतृत्व चयन गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले समाजवादी व्यवस्थाअनुरूपको अभ्यास गरिरहेको बताउनुहुँदै उहाँले देश र राजनीतिप्रति युवा विद्यार्थीहरूलाई आकर्षण गर्दै समाजको लागि काम गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

व्यापार व्यवसाय नाफाको निम्ति सञ्चालन भएतापनि व्यवसायीहरूले इमानदारीपूर्वक काम गर्दा समाजमा त्यसको सकारात्मक प्रभाव पर्ने बताउनुहुँदै पुस्तक व्यवसायीहरूसँग अध्ययन गर्ने बानीको विकास गर्नुपर्ने बताउनुभयो ।

बजारमा कुनै नयाँ पुस्तक आउनासाथ पुस्तक अध्ययन गर्ने र आफ्ना ग्राहकलाई पुस्तकबारे जानकारी गराउनु पनि पुस्तक व्यवसायीहरूको कर्तव्य भएको बताउनुहुँदै पुस्तक व्यवसायीहरूले राम्रा कुराको व्यापक चर्चा गरी आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नपाले सबै आफू मातहतका सङ्घ संस्थाहरूमा आवश्यक सर-सामानहरू उपलब्ध भएसम्म भक्तपुरबाटै खरिद गर्दै आइरहेको बताउनुहुँदै उहाँले व्यवसायीहरूले नियमानुसार नगरपालिकामा व्यवसाय दर्ता तथा नवीकरणका साथै समयमै कर तिर्न समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले भक्तपुर जिल्लामा पुस्तक तथा स्टेशनरी व्यवसायीमा अग्रज तथा इतिहास रच्नुभएका पुस्तक सदन तथा अरनिको स्टेशनरीका सञ्चालक शिवओम हाडालाई खादा ओढाई सम्मान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल पुस्तक स्टेशनरी व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष सञ्जयकुमार चौधरी, उपाध्यक्ष पुष्पराज पौडेल, केन्द्रीय महासचिव शिवसागर शर्मा, केन्द्रीय सचिव विष्णु पौडेल, केन्द्रीय सदस्य महेश शर्मा, भक्तपुर जिल्ला उपाध्यक्ष सरोज प्रजापति, जिल्लाका सल्लाहकार नरेन्द्रमान मानन्धर, भक्तपुरका जिल्ला सचिव महेश थापालगायतले पनि बोल्नुभएको थियो ।

## गुँला बाजा सतवार्षिकी सम्पन्न



आरती गुठी निवा सङ्घको संरक्षकत्वमा क्वनेया गुँला बाजा सञ्चालन तथा व्यवस्थापन समितिको गुँला बाजा सतवार्षिकी कार्यक्रम असोज ६ गते कुथुबही परिसरमा एक भव्य समारोहबीच सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भाषा, कला र संस्कृति हाम्रो देशको महत्त्वपूर्ण सम्पत्ति भएको बताउनुहुँदै यसको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो भन्नुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर सांस्कृतिक नगर, मूर्त र अमूर्त सांस्कृतिक सम्पदाले भरिएको नगर हो र भक्तपुरले नयाँ सम्पदा निर्माण गर्न नसके पनि पुराना सम्पदाहरूको योजनाबद्ध ढङ्गले संरक्षण गरी भक्तपुरको विकास गरिरहेको छ ।'

उहाँले बाजाको बोलहरू लिपिबद्ध नहुँदा ठाउँ र गुरुअनुसारको फरक फरक हुने गरेको बताउनुहुँदै सांस्कृतिक विधाहरूको समय समयमा प्रतियोगिता गर्ने, नयाँ पुस्तालाई प्रशिक्षण दिने र हरेक बाजाको बोल

लिपिबद्ध गर्नु नै यी अमूर्त सम्पदा संरक्षणाका मुख्य आधार भएको बताउनुभयो ।

गुँला बाजा, पञ्चदान पर्व र नगरका मुनिबिहारको विषयमा नगरका सबै विद्यार्थीहरूलाई पढाउन स्थानीय पाठ्यक्रममा राखी अध्यापन गराउँदै आएको बताउनुहुँदै ख्वपको गौरव बढाउन यहाँका शाक्य बज्राचार्यहरूको योगदान उल्लेखनीय रहेको बताउनुभयो ।

भक्तपुर आफैमा जीवित सङ्ग्रहालयको रूपमा रहेको बताउनुहुँदै उहाँले काठमाडौँको रानीपोखरी पुनःनिर्माणमा भक्तपुरका कालिगडहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले अग्रजको मिहिनेतले सय वर्षसम्म पनि गुँला बाजा जीवन्त रहेको बताउनुहुँदै नयाँ पुस्ता तयारीमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति क्वनेया गुँला बाजा सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष **नरेश बज्राचार्य**ले कार्यक्रम सफलताका साथ सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रममा क्वनेया गुँला बाजा सञ्चालन तथा व्यवस्थापन समितिका उपाध्यक्ष परमानन्द बज्राचार्य, कार्यक्रम संयोजक धर्मचन्द्र शाक्य, सल्लाहकार सङ्घरत्न शाक्य, विज्ञ डा. पुष्परत्न शाक्य, समितिका देवरत्न बज्राचार्य र रवि बज्राचार्यले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा विभिन्न गुँला बाजं खलःले आफ्नो गुँला बाजाको प्रस्तुति प्रदर्शन गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले गुँला बाजा संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका र आज प्रस्तुत विभिन्न गुँला बाजा खलःका प्रतिनिधिहरूलाई धन्यवादपत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## छायादेवी कम्प्लेक्स भवन भत्काउनुपर्ने




काठमाडौँ, ४ असोज । सम्पदाप्रेमी समाज नेपालले थँबही (ठमेल) को सार्वजनिक कमलपोखरी मासेर बनाइएको पन्ध्र तलाको छायादेवी कम्प्लेक्स तत्काल भत्काउनुपर्ने माग राख्दै असोज ४ गते काठमाडौँमा जुलुस प्रदर्शन तथा सभा भयो ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको तीसौँ पटक पेशी भए पनि फैसला नभएको र असोज ७ गते एकतीसौँ पेशी तोकिएको हुँदा अदालतबाट सम्पदा विनास नहुने गरी न्याय दिलाउन उक्त प्रदर्शन तथा सभाको आयोजना गरिएको हो ।

समाजले छाया कम्प्लेक्स व्यापारिक भवन निर्माण भएको सार्वजनिक कमल पोखरी र जग्गा समेत २६.५ रोपनी सार्वजनिक र सरकारी नै कायम गर्न गराउन आवश्यक सहयोगको लागि नेपाल बार एसोसियसनलगायत सम्पूर्ण कानुन व्यवसायी अधिवक्ता र वरिष्ठ अधिवक्ताहरूसँग हार्दिक अनुरोध गरेको छ ।

स्मरणीय छ, काठमाडौँ महानगरपालिका वडा नं २६ ठमेलस्थित श्री सिंह सार्थवाह गरुड भगवान् गुठीसँग सम्बन्धित लिच्छविकालीन बिक्रमशील महाविहार (थँबही) हो । यो विहारको पूर्वतिर कमलको फूल फुल्ने सार्वजनिक पोखरी थियो । कमलको फूल थँबहीको भगवानलाई चढाई नित्य परम्परा चलाइन्थ्यो । कमलपोखरी र डिलमा रहेको फलफुलको बगैँचासमेत रु. १२५।– मा ठेक्का लाग्थ्यो । विसं १९६५ सालको रसिदअनुसार पोखरी र डिलको क्षेत्रफल २६.५ रोपनीमा फैलिएको थियो ।

विसं १९७७ सालमा राणा प्रधानमन्त्री चन्द्रशमशेरका छोरा केशरशमशेरले थँबहीको कमलपोखरी आफ्नो दरबार केशरमहलको कम्पाउन्डभित्र पारे र पोखरीको डिलको सट्टाभर्ना जग्गासमेत दिने भनी कब्जा गरे । केशरशमशेरले पोखरी प्रयोग बापत रु. १२५।– बहाल पनि बुझाए तर सट्टाभर्ना जग्गा दिएनन् । विसं १९७८ सालमा केशरशमशेर आफैले थँबहीको गुठीलाई लेखेको पत्रमा सार्वजनिक कमल पोखरी गुठीको भएको स्वीकार गरेका थिए ।

२०७० सालमा दीपकविक्रम मिश्र र २०७१ सालमा लाहुर्निप भन्ने संस्थाले थँबहीको सार्वजनिक कमलपोखरी कायम गर्न सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए ।

पाँडेले सार्वजनिक कमलपोखरी चन्द्रशमशेरले नौका विहार गर्न बनाएको जस्ता झूटा तर्क गरी २०७५ फागुन ७ गते पत्रकार सम्मेलन गरेको हुँदा थँबहीको सार्वजनिक कमलपोखरी नै कायम गराउन आवश्यक सहयोगको लागि सम्पूर्ण पत्रकार मित्रहरूसँग हामी हार्दिक आग्रह गर्दछौँ ।

# छायादेवी कम्प्लेक्सविरूद्धको प्रदर्शनमा प्रदर्शनकारीहरू पक्राउ



काठमाडौँ महानगर वडा नं. २६ ठमेलस्थित ऐतिहासिक कमलपोखरी पुरेर बनाएको छायादेवी कम्प्लेक्स हटाउनुपर्ने र ऐतिहासिक कमलपोखरी कायम गर्नुपर्ने माग राखी असोज १३ गते धर्ना दिएका प्रदर्शनकारीहरूमध्ये २५ जनालाई संविधानविपरीत नेपाल प्रहरीले पक्राउ गरेको छ ।



सम्पदाप्रेमी समाज नेपाल र टुगेडर वी क्यानको आयोजनामा ऐतिहासिक सम्पदा जोगाउनुपर्ने भनी शान्तिपूर्ण तवरले धर्ना बसेका आन्दोलनकारीहरूलाई विभिन्न देशका राजदूत एवं कूटनीतिक व्यक्तित्व आउने बेला निषेधित क्षेत्र भन्दै गिरफ्तार गरिएको थियो ।

संविधानप्रदत्त मौलिक अधिकारलाई हनन गर्दै शान्तिपूर्ण जुलुस र धर्ना प्रदर्शन गरेका सम्पदाप्रेमीहरूलाई पक्राउ गर्नु पुष्पकमल दाहाल नेतृत्वको सरकारको संविधानविरोधी र प्रजातन्त्रविरोधी कदम भएको विज्ञहरूले औँल्याएका छन् ।

कानुन अध्ययन समाजका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिले कुनै निषेधित क्षेत्र नतोकेको स्थानमा शान्तिपूर्णरूपमा धर्ना प्रदर्शन गरिरहेका आन्दोलनकारीहरूलाई पक्राउ गर्नु संविधान प्रदत्त वाक् तथा अभिव्यक्ति स्वतन्त्रताजस्ता मौलिक हकको हनन र प्रजातन्त्रको मूल्य मान्यताविपरीत भएको बताउनुभयो ।




देशमा जघन्य अपराध गर्ने र अदालतबाट दोषी ठहर गरी जेल सजाय भोगिरहेकालाई प्रचण्ड सरकारको निर्णयमा राष्ट्रपतिमार्फत सजाय माफी दिन मिल्ने तर देशकै सम्पदा मिची ऐतिहासिक वही कमलपोखरीमा बनाएको भवन भत्काउनुपर्ने, सांस्कृतिक धरोहर म्हासेको विरोध गर्नेलाई पक्राउ गर्नुले सरकार कसद्वारा सञ्चालित र परिचालित छ भनी सचेत जनसमुदायले प्रश्न उठाइरहेका छन् ।

ऐतिहासिक सम्पदा म्हास्ने उक्त कदमको विरुद्ध सम्पदाप्रेमी स्थानीय बासिन्दाहरू, प्रधान गुठीका गुठीयारहरूलगायत देशभरकै सम्पदाप्रेमीहरूले आन्दोलन गरिरहेका छन् । देशको सम्पदा संरक्षण र संवर्द्धन गर्न शान्तिपूर्ण विरोध कार्यक्रममाथि प्रहरी हस्तक्षेपले कतै गृहमन्त्री नारायणकाजी श्रेष्ठ सम्पदा म्हासेका भू-माफियाहरूसित त मिलेका होइनन् ? भनी जनताले प्रश्न उठाएका छन् ।

धर्नाको क्रममा प्रहरीले नियन्त्रणमा लिएका प्रदर्शनीकारीहरूमा नारायण महर्जन, विश्वक डंगोल, रमेश डंगोल, उपेन्द्र सुवाल, हरिरत्न गोर्खाली, पुण्यराम गाइजू, मनिष गोरा, कवीन्द्र डंगोल, सरोज लवजू, अशोक बज्राचार्य, पृथिवेन्द्र महर्जन, महेश बज्राचार्य, विवेक रावल, लक्ष्मीप्रसाद रन्जित, राजेश भुइयो, शान्त महर्जन, धर्मसेन महर्जन, मानबहादुर महर्जन, वन्दना महर्जन, सुरेन्द्र, राजु कपाली, महेन्द्र ब्रह्माचार्य, विष्णु खत्री र पूर्ण बुढाथोकी रहनुभएको छ ।

त्यस्तै प्रदर्शनकारीहरू प्रदिपमानसिंह बस्नेत र प्रतीक रोकामाथि साङ्घातिक रूपमा प्रहरीले कुटपिट गरेको र पक्राउ पर्नुभएकाहरूमाथि सोधपुछका नाममा दुर्व्यवहार गरिएको बताइएको छ ।

'मजदुर' दैनिकबाट

## उच्च शिक्षाको जग नै आधारभूत विद्यालय




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले उच्च शिक्षाको जग नै आधारभूत विद्यालय भएको बताउनुहुँदै शिक्षाको जग राम्रो बनाउन आधारभूत विद्यालयहरूलाई स्तरीय बनाउनु आवश्यक भएको बताउनुभयो ।

श्री जनसेवा आधारभूत विद्यालयको ४५ औँ वार्षिकोत्सवको असोज ८ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले शिक्षा विधेयकमार्फत जिल्ला शिक्षा कार्यालयको पुन:स्थापना गर्न खोज्नु सङ्घीयता र संविधानविरोधी प्रतिगामी कदम भएको बताउनुभयो ।

नेपालको संविधान २०७२ ले मावि तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहलाई दिएको बताउनुहुँदै संविधानले प्रदान गरेको त्यो अधिकार कुनै पनि बहानामा कसैले पनि खोस्न नमिल्ने उहाँले उक्त कार्यक्रममा बताउनुभयो ।

नेपालमा सङ्घीयताका सकारात्मक र नकारात्मक पक्षबारे बौद्धिक क्षेत्र र जनताबीच व्यापक छलफल र अन्तरक्रिया नहुँदा सङ्घीयताको भावना र मर्मअनुसार काम हुन नसकिरहेको उहाँले प्रष्ट पार्नुभयो ।

विद्यालयका प्रअ **कृष्णप्यारी दुवाल**ले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै विद्यालयमा स्थानीय समाजसेवी, बुद्धिजीवीहरूको अतुलनीय योगदान रहेको बताउनुहुँदै विद्यालयको भावी योजना तथा कार्यक्रमबारे विस्तृतमा चर्चा गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भक्तपुर नगरपालिकाले शिक्षा, संस्कृति, पर्यटन, खेलकुदलगायतका क्षेत्रमा गरिरहेको गतिविधिबारे अवगत गराउनुहुँदै विद्यार्थीहरूलाई घोकन्ते शिक्षाभन्दा व्यवहारिक शिक्षा दिनु आवश्यक भएको बताउनुभयो ।

आधारभूत विद्यालय समितिका अध्यक्ष **दिपक माक**ले शिक्षामा अरू नगरपालिकाले गर्न नसकेको काम भक्तपुर नगरपालिकाले गरिरहेको बताउनुहुँदै भक्तपुरलाई शैक्षिक गन्तव्यस्थल बनाउन आधारभूत विद्यालय समिति अग्रसर भएर लागिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का पूर्व वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका संस्थापक राजाराम सुवालले पनि बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले विद्यालय स्थपनाकालदेखिका संस्थापक र शिक्षकहरूलाई सम्मान र मायाको चिनो प्रदान गर्नुभएको थियो । त्यस्तै वार्षिकोत्सवकै अवसर पारेर वर्षका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा गरिब र इमानदार विद्यार्थीहरूलाई विद्यालयकोतर्फबाट छात्रवृत्ति समेत प्रदान गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतीहरू पनि देखाएका थिए ।

## मदन पुरस्कार

मिति २०८० असोज १४ गते बसेको मदन पुरस्कार गुठीको साधारण सभाले 'अक्षरलाई कलाको आवरणमार्फत पाठकसँग जोड्न तथा स्रष्टालाई मुहारचित्रमार्फत साहित्यानुरागीहरू माझ पुऱ्याउन महत्त्वपूर्ण योगदान दिनुभएकोमा' श्री टेकवीर मुखियाज्यूलाई वर्ष २०७८ सालको जगदम्बा-श्री अर्पण गर्ने निर्णय गऱ्यो ।

सोही बैठकले २०७९ सालमा प्रकाशित पुस्तकहरूमध्येबाट श्री विवेक ओझाद्वारा लिखित 'ऐँठन' पुस्तकलाई मदन पुरस्कार २०७९ अर्पण गर्ने निर्णय गऱ्यो । यस प्रयोजनका निम्ति गुठीमा ३१३ पुस्तकहरू प्राप्त भएको जानकारी दिइएको छ ।

२०१२ सालमा स्थापित मदन पुरस्कार पहिलोपल्ट वि.स. २०१३ मा गद्य विधामा श्री सत्यमोहन जोशीको 'हाम्रो लोक संस्कृति', सामाजिक शास्त्रमा श्री चित्तरञ्जन नेपालीको

'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' तथा विज्ञान विधामा श्री बलराम जोशीको 'अधिकविभव स्थिरविद्युत् उत्पादक' पुस्तकलाई मदन पुरस्कार अर्पण गरिएको थियो । २०४५ सालमा रानी जगदम्बाको निधनपछि उहाँको सम्झनास्वरूप जगदम्बा–श्री पुरस्कारको स्थापना गरिएको हो । यो सम्मान पहिलोपटक श्री नारायण गोपाललाई अर्पण गरिएको थियो ।

## सरकारी जग्गा हिनामिनाका अभियुक्त धरौटीमा रिहा

बालुवाटारस्थित सरकारी जग्गा हिनामिना प्रकरणमा पक्राउ परेका १७ अभियुक्त धरौटीमा र एक जना साधारण तारिखमा छुटेका छन् । जिल्ला अदालत काठमाडौँले भदौ २५ गते यस काण्डका मुख्य योजनाकार किटान गरिएमध्येका एक भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङसहित १७ जनालाई धरौटी र केशव तुलाधरलाई साधारण तारिखमा रिहा गर्न आदेश दिएको हो ।

काठमाडौँ जिल्ला अदालतका न्यायाधीश भोलानाथ ढकालको इजलासले दिएको आदेशअनुसार गुरुङसँग दुई करोड ४६ लाख धरौटी माग भएको थियो । त्यस्तै, विनोदप्रसाद पौडेल र कलाधर देउजासँग १५–१५ लाख धरौटी मागिएको थियो । देउजा तत्कालीन प्रमुख मालपोत अधिकृत हुन् भने पौडेल समरजंग कम्पनीका तत्कालीन लेखापाल हुन् । मुद्दामा कुल ४ अर्ब ९१ करोड ८१ लाख रुपैयाँ बिगो दाबी गरिएको छ ।

भदौ १० मा जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँले दायर गरेको किर्ते मुद्दामा कुल दुई सय ८९ जना प्रतिवादी छन् । जसमध्ये थुनामा रहेका १८ जनालाई पुर्पक्षका लागि अदालत उपस्थित गराइएको थियो ।

स्मरणीय छ, सीआईबीले उक्त जग्गा प्रकरणमा संलग्न भूमाफियादेखि तत्कालीन उपप्रधानमन्त्रीसहित ३ सय ११ जनाविरुद्ध किर्ते र सङ्गठित अपराधमा मुद्दा चलाउन राय दिएकामा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँबाट किर्तेमा मात्रै मुद्दा अभियोजन भएको थियो । त्यसमध्येका १८ जना थुनामा थिए । बाँकी सबैलाई फरार सूचीमा राखेर अभियोजन गरिएको थियो ।

तीमध्ये २३८ लाई बिगो, कैद र जरिवाना, ५२ लाई सम्पत्ति जफत तथा मृत्यु भइसकेका तर कसुरमा संलग्न २१ जनालाई बिगो कायम गर्ने गरी भदौ १० मा काठमाडौँ जिल्ला अदालतमा 'सरकारी छाप दस्तखत किर्तेसम्बन्धी कसुर' मा मुद्दा दायर गरेको थियो ।

बहालवाला सचिव कृष्णबहादुर राउत, सहसचिव सुशील वैद्य, पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसमेत चार पूर्वमन्त्री, ६ पूर्वसचिवसहित ३ सय ११ जनाविरुद्ध मुद्दा दायर भएको थियो ।

अदालतले बालकृष्ण श्रेष्ठ, रुद्रकुमार श्रेष्ठ, घमनकुमार कार्की, गोपाल कार्की, अरुणकुमार श्रेष्ठ, योगराज पौडेल, नारायणराज मिश्र र लोकहरि घिमिरेलाई साढे सात लाख, शिवजी भट्टराई र ध्रुवप्रसाद अर्याललाई तीन लाख ३० हजार तथा नक्कली मोहीहरू बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र सञ्जय महर्जनलाई जनही एक लाख १० हजार रुपैयाँ धरौटी तोकेको थियो ।

जिल्ला न्यायाधीश भोलानाथ ढकालको इजलासले दिएको आदेशमा भनिएको छ–

विभिन्न मितिका मन्त्रिपरिषद्का निर्णयहरू, प्रतिवादीहरूले अनुसन्धानका क्रममा तथा यस अदालतमा गरेको बयान, मौकामा बुझिएका मुकुन्दप्रसाद पन्त, युवराज कोइराला, नवराज सुवेदीसमेतले गरिदिएको घटना विवरण कागजसमेतका मिसिल संलग्न तत्काल प्राप्त आधार प्रमाणहरूबाट निज प्रतिवादीहरू अहिले नै निर्दोष रहेछन् भन्ने अवस्था देखिएन ।

प्रतिवादीहरूको आर्थिक अवस्था, उमेर, शारीरिक स्थिति, कसुरमा साबिती, निजहरूउपरको अभियोग दाबीसमेतका आधारमा हुन सक्ने सजायलगायतको विषयलाई विचार गरी मनासिव रकमसम्म धरौटी वा जमानत माग्नु न्यायोचित हुन जान्छ ।

यदि ठूलो रकम धरौटी माग गरिएमा अभियुक्त सो धरौटी राख्न नसकी थुनामा नै जानुपर्ने अवस्था नहोस् भनी धरौटी वा जमानत माग गर्नुपर्ने देखियो ।

## पूर्व प्रमहरूलाई किन मुद्दा नचलाएको ?

ललिता निवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र बाबुराम भट्टराई तथा पूर्वमुख्यसचिव लिलामणि पौड्यालविरुद्ध मुद्दा किन नचलाएको भन्दै सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश विनोदकुमार शर्माको इजलासले वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने र अधिवक्ता रविन शर्माको रिट निवेदनमाथिको सुनुवाइमा असोज ७ गते सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको हो ।

उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चका न्यायाधीश शर्माको इजलासले मागबमोजिम आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित बाटाको म्यादबाहेक १५ दिनभित्र जवाफ पेस गर्न भनेको छ ।

## माधव नेपाल निर्दोष : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहालले ललितानिवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधव नेपाल निर्दोष साबित भएको भदौ १५ गते पोखरामा भएको समाजवादी मोर्चाको सन्देश सभामा दाबी गरेका थिए।

सिआइबीले बयान लिएपछि मुद्दा नचलाउने निर्णय गरेकाले नेपाल निर्दोष साबित भएको प्रमको तर्क थियो। उनको कथन थियो–

'माधवजीको बारेमा के हो कसो हो भन्ने धेरै प्रश्नहरू भइरहेको थियो। पहिलोचोटि अहिले उहाँ निर्दोष भन्ने साबित भएको छ। औपचारिक ढङ्गले साबित भयो। अब फेरि प्रश्न उठाउने ठाउँ रहेन। किनभने सिआइबीले बयान लिएर निर्देष साबित गरेर मुद्दा चलाउन नपर्ने भनेर लिखित रूपमा दिएपछि सधैँको टेन्सन सकियो।'

## निर्णय गर्नेलाई अनुसन्धान गर

सर्वोच्चअदालतले गत साउन २१ गते ललिता निवासको जग्गा व्यक्तिका नाममा बनाउने निर्णय गर्नेलाई भन्दा अह्राएको काम गर्नेमा अनुसन्धान केन्द्रित भएको भन्दै उच्चपदस्थ पदाधिकारीलाई अनुसन्धानको दायरामा ल्याउन आदेश जारी गरेको थियो। न्यायाधीश अनिलकुमार सिन्हा र कुमाल चुडालको संयुक्त इजलासले मन्त्रिपरिषद्मा निर्णय गराउने माथिल्लो तहका पदाधिकारीलाई अनुसन्धान गर्न आदेश गरेको हो।

## सुन तस्करी मुद्दा अदालतमा

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको ६० किलो ७१६ ग्राम सुन तस्करीमा संलग्न रहेको अभियोग लागेका २९ प्रतिवादीविरुद्ध तीन अर्ब ५० करोड ३० लाख ९१ हजार नौ सय ७५ रुपैयाँ बिगो दाबीसहित काठमाडौँ जिल्ला सरकारी वकिल कार्यालयले भाद्र ३१ गते काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता गरेको छ।

उनीहरूविरुद्ध पाँच वर्षसम्मको कैद सजाय माग दाबी पनि गरिएको छ। अदालतमा दर्ता गरिएको अभियोगपत्रअनुसार अभियुक्तविरुद्ध सङ्गठित रूपमा अवैध सुन चोरी पैठारी गरेको अभियोग लगाइएको छ।

यो प्रकरणमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले ३२ जनालाई पक्राउ र १८ जना फरार बताइएको थियो। सीआईबीले उनीहरूमध्ये २९ जनालाई मात्रै प्रतिवादी बनाउन सरकारी वकिललाई राय दिएको थियो। पक्राउ गरिएका राजनीतिक विशेष गरी माओवादी केन्द्रका उच्च नेताहरूलाई 'सुनपानी' ले चोख्याइएको सर्वत्र चर्चा छ।

# संविधानविरोधी शिक्षा विधेयक, सङ्घीयताविरोधी शिक्षक आन्दोलन

## शिक्षा विधेयकमा नेमकिपाको मात्र विरोधको सूचना

सरकारले सदनमा 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' असोज १४ गते पेस गरेको छ। उक्त विधेयकमाथि नेपाल मजदुर किसान पार्टीले मात्र विरोधको सूचना दिएको छ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको बैठकमा प्रस्तुत विरोधको सूचनामा विद्यालय शिक्षा माविसम्म नि:शुल्क र अनिवार्य हुनुपर्ने, तालिम प्राप्त विषयगत शिक्षक देशभरि उपलब्ध हुनुपर्ने, उत्पादन श्रमसँग जोडिएको शिक्षा व्यवस्था हुनुपर्ने, शिशु स्याहार, प्रारम्भिक बाल विकास तथा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा अध्यापन गराउने शिक्षक शिक्षिकाहरूको नियुक्ति विश्वविद्यालयमा उत्कृष्ट नतिजा प्राप्त भएकाहरूबाट हुनुपर्ने र शिक्षण पेसाको लागि अन्य पेसामा भन्दा बढी पारि श्रमिक र सुविधा दिनुपर्ने उल्लेख छ।

सरकारले निजी लगानीका विद्यालयलाई क्षतिपूर्ति दिएर तोकिएको समयभित्र सरकारी बनाउनुपर्ने, महिनाको लाखौं रूपैयाँ शुल्क उठाउने निजी विद्यालयहरूलाई कार बाही गर्नुपर्ने, शिक्षालाई व्यापार बनाउन नहुने, सार्वजनिक शैक्षिक गुठीअन्तर्गतको विद्यालय हरूलाई बर्सेनि सरकारले आर्थिक सहयोग गर्नुपर्ने विषय पनि सूचनामा उल्लेख छ।

स्थानीय तहको अधिकारमा गएको माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन पुन: जिल्ला शिक्षा कार्यालयलाई दिने विधेयकको व्यवस्था सङ्घीयताविपरीत र प्रतिगमन हो भन्दै सूचनामा देशभरि नै एकै प्रकारको अध्ययन र अध्यापनको व्यवस्था गरी गुणस्तरीय शिक्षा कायम गर्न राष्ट्रियस्तरमा कक्षा १० को परीक्षाको व्यवस्था गर्नुपर्ने, १२ कक्षामा मात्र राष्ट्रियस्तरको परीक्षा लिँदा शिक्षाको गुणस्तर कायम नहुने शिक्षाविद्हरूको मत भएको उल्लेख छ।

शिक्षक–शिक्षिकाले देश र जनताको हितमा राजनीति गर्न पाउनुपर्ने, राजनीतिको नाममा बोल्न नपाउनु संविधान प्रदत अभिव्यक्ति स्वतन्त्रताको हनन हो साथै शान्तिपूर्णरूपमा आफ्नो असन्तुष्टि पोखेका शिक्षकहरूलाई सरकारले लाठीचार्ज गरेर घाइते बनाउनु संवैधानिक अधिकारविरीत दमन गर्ने र थुन्ने काम प्रतिगमन हो भनिएको छ।

# नेक्राशिसङ्घ विद्यालय बन्दको पक्षमा छैन

सरकारले विद्यालय शिक्षा विधेयक संसद्मा पेस भएपछि विद्यालय शिक्षा क्षेत्र तरङ्गित भएको छ । सम्पूर्ण शासकहरूको साझा पेशागत सङ्गठन नेपाल शिक्षक महासङ्घले विधेयकप्रति आक्रोश पोख्दै असोज ३ देखि अनिश्चितकालीन विद्यालय बन्दसहित काठमाडौँ केन्द्रित शिक्षक आन्दोलन घोषणा गरेको छ । उक्त घोषणाबारे अनेक नकारात्मक टीकाटिप्पणी भएका छन् ।

नेपाल मजदुर किसान पार्टीको पेशागत सङ्गठन नेपाल क्रान्तिकारी शिक्षक सङ्घ यसअघि भएका अनेकौँ विद्यालय बन्दमा कहिल्यै समाहित भएको थिएन । त्यसैले यसपटक पनि नेक्राशिसङ्घ विद्यालय बन्द आह्वानको पछि नलाग्ने स्पष्ट छ । फेरि, नेक्राशिसङ्घ महासङ्घमा आबद्ध नभएको हुँदा नैतिकरूपमा महासङ्घको आह्वान मान्नैपर्छ भन्ने पनि छैन । आफ्नो पेशागत हकको निम्ति विद्यार्थीको पढ्न पाउने नैसर्गिक अधिकार हनन गर्ने कसैलाई छुट पनि छैन । यसो भनेर सरकारद्वारा प्रस्तुत शिक्षा विधेयक सम्पूर्णरूपमा ठीक भने पनि होइन ।

विधेयकमा शिक्षकको राजनीतिक, मौलिक र मानवाधिकार हनन गर्ने अप्रजातान्त्रिक प्रावधानहरू राखिएका छन् । कुनै सचेत शिक्षकले त्यसलाई स्वीकार्न सक्दैन । शिक्षकहरू सरकारका कठपुतली होइनन् । कठपुतली बनाउन खोज्नु सरकारको मूर्खाइँ हो । सरकार मूर्ख हुँदैमा शिक्षकहरू मुर्ख हुँदैनन् । विगतमा पार्टीहरू प्रतिबन्धित हुँदा सरकारविरुद्ध सडकमा उत्रेर पार्टीमाथिको प्रतिबन्ध फुकाउन योगदान दिएका शिक्षक र शिक्षक सङ्घ संस्थाहरूलाई अहिले प्रतिबन्ध लगाउन खोज्नु गणतान्त्रिक सरकार विगतका पञ्चायती पदचापमा हिँड्नु हो । जुन उसैलाई पत्युत्पादक साबित हुनेछ ।

देश सङ्घीयतामा गइसकेको छ । सङ्घीयता संस्थागत हुँदै छ । तर, सरकारको शिक्षा विधेयकले देश पाइला पाइला गरी पुनः केन्द्रीकृत हुन खोज्दै छ । नत्र जिल्ला शिक्षा कार्यालय ब्युँताउनुपर्ने कुनै कारणै थिएन । संविधानले नै विद्यालय तहको जिम्मा स्थानीय तहलाई भनी प्रस्ट किटान हुँदा हुँदै स्थानीय तहलाई गौण पार्दै जिल्ला शिक्षा कार्यालय ब्युँताउन खोज्नु पूर्णतः प्रतिगमनकारी कदम नै हो । यसलाई सङ्घीयता पक्षधर कुनै पनि स्थानीय तह वा पालिकाहरूले स्वीकार्ने छैनन् । सङ्घीयता बलियो बनाउने हो भने केन्द्रीकृत अधिकार बढीभन्दा बढी विकेन्द्रित गर्नुपर्थ्यो ।

शिक्षक महासङ्घ जिशिका ब्युँताउने पक्षमा देखिन्छ । महासङ्घ विद्यालय तह स्थानीयलाई दिने पक्षमा छैन । यो विषयमा स्थानीय तहको विरोध संवैधानिक प्रश्न हो । स्थानीय तहको त्यो अधिकार महासङ्घ त के सरकारले चाहेर पनि खोस्न सक्दैन । किनभने संविधान संशोधनबिना त्यो माग पूरा हुनै सक्दैन । संसद्को शिक्षा समितिका सभापति भानुभक्त जोशीले विधेयक संविधानको मर्मभन्दा बाहिर जान सक्दैन भन्दै विधेयकमा भएका अनावश्यक संशोधन गर्ने धारणा राख्नुहुन्छ ।

विधेयक जस्ताका तस्तै पास गर्नै सक्दैन किनभने यस्मा केही त्रुटीपूर्ण प्रावधानहरू नै छन् । विधेयकमा शिक्षकले पाउने बिदा सहुलियतको प्रावधान छ । त्यहाँ घर बिदाको बुँदा देखिँदैन । तर, अन्य प्रसङ्गमा घर बिदाको पनि रकम पाउने उल्लेख भएको पाइन्छ ।

विधेयक तयार गर्दा निजामती कर्मचारी सेवा सुविधाको नक्कल गर्दा घर बिदा पनि आएको हुनुपर्छ । बरु निजामती कर्मचारीलाई जस्तै पर्यटन र विवाह बिदा शिक्षकलाई पनि दिनुपर्छ । यसले शिक्षक र निजामती कर्मचारीबीचको भेद थोरै भए पनि कम हुन्छ ।

शिक्षक बन्न अब न्यूनतम योग्यता स्नातक हुनैपर्ने भनिएको छ । त्यो अन्यथा नहोला तर त्यही अनुसारको सुविधा अर्थात् शाखा अधिकृत सरहको तलबमान हुनुपर्छ । मावि शिक्षक बन्न स्नातकोत्तर नै चाहिने भएको ठिक्कै हो तर उसको तलवमान पनि उपसचिव सरहकै हुनुपर्छ ।

विद्यालयको सबभन्दा महत्वपूर्ण र तल्लो जग पूर्वप्रावि हो । यो तहलाई विगतमा विद्यालयको अङ्ग नै मानिएको थिएन । शिक्षकहरूको जोड बलले विद्यालयको अङ्ग मानियो तर विधेयकमा त्यो तहलाई पन्छाउन खोजिएको छ । स्थानीय तहको जिम्मा लगाउन खोजिएको मात्र त्यो तहमा कार्यरत जनशक्तिलाई शिक्षकको दर्जासम्म नदिई सहयोगी भनिएको छ । यो भनेको त्यो तहमा कार्यरत शिक्षकको अपमान हो । विधेयकले ती शिक्षकहरूलाई श्रम ऐनअनुसार व्यवहार गर्न भनेको हो । यस्ता अनेक विषयहरू चर्चा परिचर्चाको विषय विधेयक बनेको छ । सरोकारवाला शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, शिक्षाविद् सबैसँग गहन छलफल आजको आवश्यकता हो ।

# सङ्घीयताविरोधी विद्यालय शिक्षा विधेयकविरूद्ध भक्तपुरमा जुलुस र सभा




नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, भक्तपुर जिल्ला समितिको आयोजनामा सरकारद्वारा संसद्मा प्रस्तुत विद्यालय शिक्षा विधेयकमा रहेका सङ्घीयताविरोधी दफा र शिक्षक हकहितविरोधी दफाहरूका विरुद्ध असोज ४ गते शिक्षक र्‍याली भयो। स्थानीय च्याहमासिंहबाट सुरु भएको र्‍याली बजार परिक्रमा गरी दरबार स्क्वायरमा पुगी सभामा परिणत भयो।

सभाअघि आयोजक सङ्घको केन्द्रीय समितिको तर्फबाट प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारसमक्ष ज्ञापनपत्र बुझाइएको थियो। बिहीबारमात्रै पदबहालमा रहनुभएका प्रजिअ रोशनीकुमारी श्रेष्ठलाई भक्तपुरमा स्वागत गर्दै सफल कार्यकालको शुभकामनासहित सङ्घका केन्द्रीय अध्यक्ष **ज्ञानसागर प्रजापति**ले ज्ञापनपत्र हस्तान्तरण गर्नुभयो।

उहाँले भन्नुभयो, 'हामी शिक्षकहरू पनि राजनीतिक प्राणी हौँ। हामी विद्यार्थीलाई राजनीति पढाउँछौ; टोल–समाजमा राजनीति बुझाउँछौ तर प्रस्तुत विधेयकले हाम्रो राजनीतिक अधिकारमाथि प्रतिबन्ध लगाउन खोजेको छ। देशको सीमा मिचिँदा हामीले भारतीय विस्तारवाद किन भन्न नपाउनू ? हामीले अमेरिकी कानुन लागु गर्ने एमसीसीको विरोधमा देशभक्तिको भावना किन व्यक्त गर्न नपाउनु ? त्यसकारण, विधेयकको विरोधमा प्रजिअले पनि हामीलाई साथ दिनुहुने विश्वास छ।'

उहाँले थप भन्नुभयो, 'हामी सामाजिक प्राणी पनि हौँ, समाजमा हुने अनेक अमान्य अत्याचारको विरोधमा हामी बोल्न सक्छौँ, लेख्न सक्छौँ। तर, प्रस्तुत विधेयकले हाम्रो वाक् स्वतन्त्रता हनन गर्न खोजेको छ। यस्ता अप्रजातान्त्रिक दफाहरू खारेज होस् भनेर हामी ज्ञापनपत्र बुझाउन आएका हौँ।'

प्रजिअ श्रेष्ठले ज्ञापनपत्र तत्काल नेपाल सरकार प्रधानमन्त्रीको कार्यालय र शिक्षा तथा प्रविधि मन्त्रालयमा पठाइदिने वचन दिनुभयो।

ज्ञापनपत्र बुझाइसकेपछि भएको विरोधसभामा अध्यक्ष प्रजापतिले र्‍यालीमा सहभागी शिक्षकहरूलाई धन्यवाद ज्ञापन गर्दै हामी कक्षा पनि सञ्चालन गर्छौँ, आन्दोलन पनि अगाडि बढाउँछौँ भन्नुभयो।

विगतमा दुईपटकसम्म अनिश्चितकालीन विद्यालय बन्द आह्वान असफल भएको चर्चा गर्नुहुँदै उहाँले आन्दोलन लामो समयसम्म जानसक्ने हुँदा हामी त्यहीअनुसार तयारीमा छौँ भन्नुभयो।

हामी मावि तहसम्म संविधानअनुसार स्थानीय पालिकालाई सबल र सक्षम बनाउनुपर्ने पक्षमा छौँ भन्नुहुँदै उहाँले कक्षा १२ सम्म पूर्ण निःशुल्क गर्न आवश्यक सम्पूर्ण दायित्व राज्यले बहन गर्नुपर्छ भन्नुभयो।

शिक्षक एकताको बेला कसैलाई धम्की नदिन सचेत पार्दै उहाँले शिक्षक एकता शासक दलहरूकै कारण टुक्रिएको इतिहास प्रस्ट्याउनुभयो।

सभामा सङ्घका केन्द्रीय सदस्य **अम्बिका न्याइच्याई**ले पूर्व प्रावि तहमा कार्यरत जनशक्तिलाई विधेयकमा शिक्षकको दर्जा नै नदिइएकोमा आपत्ति जनाउनुहुँदै शिक्षकको मानमर्दन नगर्न चेतावनी दिनुभयो।

सभामा नेक्राशिसङ्घ सूर्यविनायक नगर समितिका सदस्य हरिप्रसाद ढकाल, चाँगुनारायण नगर समितिका अध्यक्ष नारायणप्रसाद दुलाल, भक्तपुर नगर समितिका अध्यक्ष गणेशराम थुसा र सदस्य राकेश सुकुपायोले पनि बोल्नुभएको थियो।

र्‍यालीमा 'देश र जनताको हितमा राजनीति गर्न पाउनैपर्छ, कक्षा १२ सम्मको शिक्षा निःशुल्क र अनिवार्य गर, शिक्षामा लगानी २४ प्रतिशत पुर्‍याउनैपर्छ, राष्ट्रिय स्तरको एसईई कायम गर, राहत शिक्षकहरूलाई शतप्रतिशतको कोटा कायम गर, विद्यालय कर्मचारी दरबन्दी सिर्जना गर' लगायतका नाराहरू लगाइएका थिए।

र्‍याली सुरु हुनुअघि च्याम्हासिंहमा आयोजक जिल्ला समितिका सदस्य घनश्याम खड्काले पनि बोल्नुभएको थियो।

## राहत र बालविकास शिक्षक भन्छन् : शिक्षक महासङ्घले धोका दियो

शिक्षक महासङ्घले सरकारसँग सम्झौता गरेर आन्दोलन अन्त्य गरे पनि राहत र बालविकास शिक्षकले शिक्षक महासङ्घले धोका दियो भन्दै आन्दोलन जारी राखे ।




राहत शिक्षकले आन्तरिक प्रतिस्पर्धामा भाग लिन पाउनुपर्ने र बालविकास शिक्षकहरूले बालविकास केन्द्र विद्यालय संरचनाभित्र ल्याउनुपर्ने, बालविकास शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने, बालविकास शिक्षकलाई आधारभूत तह (१–५) शिक्षक सरह तलब हुनुपर्ने र आन्तरिक प्रतिस्पर्धामा फेल हुने शिक्षकलाई अनुदान दिएर बिदा गर्नुपर्ने माग राखेका छन् ।

विधेयकमा बालविकास शिक्षकको सेवा, सुविधा र शर्तसम्बन्धी कानुन स्थानीय तहले बनाउने भनिएको छ । बालविकास शिक्षकले भने केन्द्र सरकारले तलबको जिम्मेवारी लिनुपर्ने, बालविकास केन्द्र विद्यालय संरचनाभित्र ल्याइनुपर्ने, बालविकास शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने, २० वर्षदेखि कार्यरतलाई स्वतः स्थायी प्रक्रियामा लैजानुपर्ने, बालविकास शिक्षकलाई आधारभूत तह (१–५) शिक्षक सरह तलब हुनुपर्ने, आन्तरिक प्रतिस्पर्धामा फेल हुनेलाई अनुदानको व्यवस्था हुनुपर्ने माग उनीहरूको छ ।

शिक्षक महासङ्घले बालविकास शिक्षकहरूको कुनै पनि मुद्दा नउठाएर धोका दिएको बालविकास शिक्षक केन्द्रीय समितिको आरोप छ ।

सरकार र राहत शिक्षकबीच सहमति भएपछि आन्दोनलका कार्यक्रम फिर्ता लिएका छन् ।

## शिक्षक आन्दोलनलाई समग्र शैक्षिक मुद्दा बनाउनुपर्ने

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, जिल्ला समिति भक्तपुरको आयोजनामा असोज ६ गते शिक्षक भेला भयो ।




उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बागमती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईले** शिक्षकहरू राजनैतिकरूपमा सचेत र सङ्गठित हुनुपर्ने, शिक्षक आन्दोलन पेसागत स्वार्थको लागि नभई समग्र शैक्षिक मुद्दाको रूपमा अघि बढाउनुपर्ने बताउनुभयो ।

विद्यालय शिक्षा विधेयकबारे गाउँ गाउँ र टोल टोलका जनता, शिक्षक, अभिभावक र विद्यार्थीलाई जानकारी दिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले समग्र शैक्षिक मुद्दालाई लिएर आन्दोलन गर्नुपर्छ भन्नुभयो ।

नेपालको संविधानअनुसार मावि तहसम्म पूर्ण निःशुल्क र अनिवार्य गर्नुपर्ने तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्नुपर्ने चर्चा गर्नुहुँदै उहाँले शिक्षकहरू पनि राजनीतिक प्राणी भएकाले देश र जनताको हितमा राजनीति गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्ने, समाजमा हुने कुनै पनि अन्याय अत्याचारविरुद्ध बोल्ने, लेख्ने, वाक् स्वतन्त्रता सुनिश्चित गर्नुपर्ने आदिबारे शिक्षक आन्दोलन हुनुपर्ने बताउनुभयो ।

उहाँले कुनै पनि दल सङ्ख्या र भीडले होइन दलको सिद्धान्त, वैचारिक अडान र इमानदारिताले ठूलो हुन्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय कोषाध्यक्ष **चक्रबहादुर चाकतु**ले विद्यालय शिक्षा विधेयक २०८० ले शिक्षकहरूका राजनैतिक र मौलिक अधिकार खोसिएकोले यो सङ्घीयताविपरीत प्रतिगामी विधेयक हो भन्नुभयो । पुँजीवादी शासक दलहरूमा पुँजीवादी दृष्टिकोण हुनु स्वाभाविक छ तर समाजवादी विचार बोक्ने शिक्षकहरू शासकहरूको पछि लाग्नुहुँदैन भन्नुभयो ।

नेक्राशिसङ्घ भक्तपुर जिल्ला अध्यक्ष गणेशराम थुसाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राजन लाखा र हरिप्रसाद ढकालले पनि आ–आफ्नो विचार राख्नुभयो ।

## भक्तपुरको पुलु किसी जात्रा (असोज १७ गते)








## थाहा पाइराखौं

- कागजको आविष्कार चीन देशमा भएको हो ।
- विश्वप्रसिद्ध साहित्यकार विलियम सेक्सपीयरकी छोरी निराक्षर थिइन् ।
- भलिबल खेल दक्षिण एशियाली मुलुक श्रीलंकाको राष्ट्रिय खेल हो ।
- नेपालले सन् २०१३ वर्षलाई कृषि वर्षको रुपमा मनाएको थियो ।
- फागुखेलेर नयाँ वर्ष मनाउने राष्ट्र म्यानमार (वर्मा) हो ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## मोरक्कोमा विनाशकारी भूकम्प




अफ्रिका महादेशको मोरक्कोमा भदौ २२ गते ६.८ म्याग्निच्युडको भूकम्पबाट मृत्यु हुनेको सङ्ख्या पछिल्लो जानकारी अनुसार झन्डै ३ हजार पुगेको छ । सबैभन्दा धेरै दक्षिणी मराकेस र आसपासका क्षेत्रमा भएको बताइएको छ । पाँच हजारभन्दा बढी घाइते भएका छन् । लाखौं घरबारविहीन भएका छन् । उद्धार कार्य जोडतोडले भएका छन् ।



अन्तरराष्ट्रिय रेडक्रस, रेडक्रिसेन्ट, संयुक्त राष्ट्रसङ्घीय निकाय तथा केही स्वदेशी परोपकारी संस्था राहत सामग्री लिएर भूकम्प प्रभावित भेगमा पुगेका छन् ।

## लिबियामा भीषण बाढी : हजारौं मृत्यु तथा दसौं हजार बेपत्ता



भदौ २४ गते दिउँसो पूर्वी लिबियामा आएको बाढीमा परी झन्डै पाँच हजारको मृत्यु तथा १० हजारभन्दा बढी बेपत्ता भएको बताइएको छ ।



लिबियाका अधिकारीहरूले ड्यानियल आँधीका कारण भएको मुसलधारे वर्षासँगै दुई ओटा नदीका बाँध भत्किँदा अचानक बाढी आउँदा पूर्वी शहर डेर्नाको दुई-तिहाइ क्षेत्र प्रभावित भएको छ । डेर्नामा कम्तीमा ३० हजार र नजिकैका अन्य शहरहरूमा थप हजारौँ घरबारविहीन भएका छन् ।

## रूस र प्रजग कोरिया सहकार्य गर्दै "साम्राज्यवाद" विरुद्ध एकसाथ खडा हुने




प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच साइबेरियाको अमुर क्षेत्रको रुसी अन्तरिक्ष केन्द्रमा भदौ २७ गते भेट भएको छ । यो केन्द्र भ्लादिभोस्तकबाट करिब एक हजार किलोमिटर टाढा छ ।

नेता किमलाई राष्ट्रपति पुटिनले स्वागत गर्नुभएको थियो । दुवै नेताले मुस्कुराउँदै हात मिलाउँदै केही शब्दहरू आदानप्रदान गर्नुभयो ।

नेता किमले राष्ट्रपति पुटिनलाई उहाँको व्यस्त कार्यतालिका भए पनि भ्रमणको निम्ति निमन्त्रणा गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । यसबाट उत्तर कोरिया र रुसबीचको रणनीतिक सम्बन्ध र दुवै देशका समान प्राथमिकता प्रतिबिम्बित भएको उहाँले उल्लेख गर्नुभयो ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रजग कोरियाली नेता किम जोङ उनसँग रूसको सुदूर पूर्वमा भेटवार्ता गर्दै पारस्परिक हितका विविध विषयमा छलफल गर्नुभएको हो ।

छलफलको क्रममा दुई नेताबीच रूस र प्रजग कोरिया अन्तरिक्ष, सैन्य क्षेत्रमा सहकार्य गर्दै 'साम्राज्यवाद' विरूद्ध एकसाथ खडा हुने सहमति भएको बताइएको छ ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभका अनुसार यसअघि दुई नेताले विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोगका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोगको बारेमा छलफल गर्नुभएको थियो ।

राष्ट्रपति पुटिनले दुई देशबीचको सहयोग र मैत्री भविष्यमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्दै रुस र प्रजग कोरियाको समृद्धिको कामना गर्नुभएको थियो ।

रुसी समकक्षी भ्लादिमिर पुटिनसँग शिखर वार्ता गरेर प्रजग कोरियाली सर्वोच्च नेता किम जोङ उन स्वदेश प्रस्थान गर्नुभएको छ ।

किमले पछिल्लोपटक सन् २०१९ मा रूसको भ्रमण गर्नुभएको थियो ।

## १९ औं एसियाली खेलकुद



एसियाली खेलकुदको १९ औं संस्करणको सेप्टेम्बर २३ (असोज ६ गते) चच्याङ प्रान्तीय हाङचौ सहरमा चीनका राष्ट्राध्यक्ष सी चिनफिङले एसियाली खेलकुद सुरु भएको घोषणाका साथ उद्घाटन गर्नुभयो ।

उक्त भव्य समारोहमा एसियाका विभिन्न सरकार तथा राष्ट्रप्रमुखहरू, अन्तर्राष्ट्रिय ओलम्पिक र एसियाली ओलम्पिक परिषद्का पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

कमलको फूलजस्तै आकारमा रहेको उद्घाटन स्थल 'बिग लोटस'को नामले समेत चिनिन्छ । एसियाडको समापन पनि यही रंगशालामा हुनेछ ।




उद्घाटन समारोहमा सहभागी ४५ ओटै देशका खेलाडीले मार्च पास गरेका थिए।



ओलम्पिकपछिको सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता मानिने एसियाली खेलकुदको इतिहासमै सहभागिताको हिसाबले सबैभन्दा ठूलो बनेको छ। प्रतियोगितामा ४५ एसियाली देशका १२ हजार ५ सयभन्दा बढी खेलाडीले प्रतिस्पर्धा गर्दै छन्। खेलाडी सहभागी रहेकोमा नेपालबाट २९ खेलमा भाग लिन २५३ खेलाडी पुगेका छन्।

चीनले यसअघि सन् १९९० र २०१० मा एसियाली खेलकुद आयोजना गरेको थियो।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।

## सम्झनाको लागि




भार्वाच्व ध्वाका र ङातापोल्हँ, क्रमशः सन् १९२०, १९५७ र २०२१ मा।

चित्र : इन्टरनेट

## भक्तपुरमा मनाइएको पञ्चदान पर्व (भदौ २६ गते)



# हाम्रो स्वास्थ्य

## पानीमा कोलीफर्म ?



– डा शेरबहादुर पुन

समुदायमा झाडापखालाका बिरामीहरू बढ्दो छ। केही दिन अगाडि मेरा एक मित्रले काठमाडौँसँगै जोडिएको जिल्लाको एक गाउँमा व्यापक झाडापखाला फैलिएको र त्यसले विद्यालयको नियमित पठनपाठनमा समेत प्रभावित पारेको जानकारी दिएका थिए। वर्षातसँगै पानीजन्य सङ्क्रामक रोगहरू पनि बढ्दो देखिन्छ।

काठमाडौँमा पनि झाडापखालाका बिरामीहरू देखिने क्रम बढ्दो छ। केही समय अगाडि मात्र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले गरेको अनुगमनमा पानीका विभिन्न स्रोतहरूमा फेकल कोलीफर्म भेटिएको जानकारी सार्वजनिक गरेको थियो। अर्थात् हामीले पिउने पानीमा दिसा मिसिएको छ भनेको हो। सबैभन्दा बढी इनारको पानी, त्यसपछि धाराको पानी, ट्यांकरको पानी, मेलम्चीको पानी र जारको पानीमा फेकल कोलीफर्म भेटिएको भनिएको छ।

फेकल कोलीफर्ममा विशेषत ईकोलाई (O157 M H7) जीवाणुले कडा झाडापखाला तथा मिर्गौला समेत फेल गराउन सक्दछ। विगतमा पनि बजारमा उपलब्ध खानेपानीमा फेकल कोलीफर्मको मात्रा अत्यधिक पाइने गरेको सर्वविदित नै छ।

खानेपानीमा फेकल कोलीफर्म देखिनु भनेको हैजाको पनि जोखिम बढ्नु हो भनेर बुझ्नु पर्दछ। हैजा पनि सङ्क्रमित व्यक्तिको दिसा खानेपानी वा खानेकुरा मार्फत फैलिए प्रकोपको रूप लिने गर्दछ। नेपालमा वर्षेनी जसो हैजा देखिँदै आइरहेको छ। गत वर्ष काठमाडौँमा नै हैजा फैलिएको थियो।

दशमा एक वा दुईमा हैजाले कडा लक्षण देखाउने र उपचार नपाए केही घन्टामा नै बिरामीको मृत्यु समेत हुनसक्ने भएकोले यसलाई घातक सङ्क्रामक रोगको रूपमा पनि मान्ने गरिन्छ। सङ्क्रमितले लक्षण नदेखाएको अवस्थामा पनि १० दिनसम्म दिसा मार्फत जीवाणु फैलाउन सक्दछ। चामलको माड जस्तो दिसा तारन्तार हुनु, पेट वा खुट्टाको मांशपेशी बाँउडिनु, वान्ता हुनु, बेचैनी हुनु यसका मुख्य लक्षणहरू हुन।

फेकल कोलीफर्म देखिएको अवस्थामा हैजा बाहेक दिसाजन्य अरू सङ्क्रामक रोगहरू पनि फैलन सक्ने जोखिम उच्च हुने गर्दछ।सर्वसाधरणले आँखा पहेलो हुने (लक्षण) रोगको नामले चिन्ने भाइरल हेपाटाईटिस (ए र ई) पनि सङ्क्रमितको विशेषतः दिसाबाट सर्ने गर्दछ। सन् २०१४ मा विराटनगरमा हेपाटाईटिस 'ई' को ठूलो आउटब्रेक भएको थियो। अनुमानित झन्डै ७००० सङ्क्रमित मध्ये १४ जनाको मृत्युसमेत भएको थियो।

एक अध्ययनका अनुसार काठमाडौँमा देखिने कमलपित्तका बिरामी मध्ये झन्डै ५० प्रतिशत हेपाटाईटिस 'ई' को कारणले हुने गरेको अनुमान गरिएको छ। टाइफाईड नेपालीहरूको लागि अर्को चिपरिचित रोग हो। यसले वर्षेनी नेपालीहरूलाई बिरामी गराउने गर्दछ। सङ्क्रमितको दिसा विशेषतः खानेपानी मार्फत फैलन सक्ने हुनाले फेकल कोलीफर्म देखिएको ठाउँमा यसले पनि प्रकोपको रूप लिन सक्ने सम्भावना रहन्छ।

वर्षात लागेसँगै पानी जन्य सङ्क्रामक रोगहरू एक पछि अर्को देखिन थालेका छन्। तसर्थ, हाल बजारमा बेच्न राखिएका खानेपानी सुरक्षित छ/छैन भनेर सम्बन्धित निकायले अनुगमलाई निरन्तरता दिनु पर्दछ। खानेपानीमा फेकल कोलीफर्मको अवस्था थाहा पाउन सके र त्यसको स्रोत/कारण पहिचान गरी समयमा नै समाधान गर्न सके सम्भावित थुप्रै सङ्क्रमणका प्रकोपहरूलाई रोक्न सकिने छ।


*(डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्।)*

स्वास्थ्य खबरपत्रिका

BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

## आ.व. २०८०/८१ भाद्र महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३३८ | २०४ | २४० | १७९ | १५५ | ९५ | १३३ | ११४ | १७५ | १९६ | १३७ | ११२ | ९२ | १५२ | १७६ | १२१ | १५३ | १११ | ९० | १९२ | १४३ | २०२ | १७९ | २४१ | १२८ | १६९ | २०३ | २३८ | २२० | २०२ | ३११ |
| ■ सार्क तथा चिनियाँ | १९१ | १२० | ५७२ | १६६ | ११० | १५१ | १४८ | २४० | १४९ | १६२ | १३४ | ५५ | ६९ | १७० | ११७ | १२० | २७५ | १५८ | ३८३ | २३० | २४५ | ३२५ | ३०१ | १९२ | १६५ | १७६ | २०७ | ३५८ | ३०६ | २६८ | १८५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० भाद्र | ५,४०१ | ६,४४८ | ११,८४९ |
| २०७९ भाद्र | ३,५२२ | ३,१६५ | ६,६८७ |
| प्रगति | १,८७९ | ३,२८३ | ५,१६२ |

सम्पादकको पृष्ठ

# प्रत्युत्पादक ‘सहृदयता’

अपराध जसले गरे पनि अपराधी नै हुन्छ–त्यो नै कानुनीराजको विशेषता र सुशासनको परिचय हो । तर, हालका चर्चित काण्डहरूमा कुशासनको परम्पराले निरन्तरता पाएको अनुभव गरिएको छ ।

बालुवाटारको सरकारी जग्गा किर्ते गरी व्यक्तिको नाममा पठाउने काण्डमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान गरिरहँदा ठूलो चर्चा पाएको थियो । ‘सानो माछा’ को मात्र होइन ‘ठूलो माछा’ को पनि दोहोलो काढिने आशा जगाएको थियो ।

सत्तामा जाने पार्टीहरूको ठूलो दबाब झेलेर सीआइबीले सङ्ठित अपराध र किर्तेको अभियोग लगाउन सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझायो । तर, अदालतले सरकारी जग्गा हिनामिना गर्ने बाटो खोल्ने निर्णयकर्ताहरूलाई पनि अनुसन्धानको दायरामा ल्याउन आदेश दिंदा पनि सीआइबीले पूर्व प्रमहरू र मुख्य सचिवलाई साक्षीमात्र बनायो । सीआईबीको यो कार्यले अनुसन्धानको बेला कमाएको प्रशंसा र गरिएको सराहनामा पहिरो गयो । अपराध गर्ने प्रतिको यो सहृदयताले ‘सानालाई ऐन ठूलालाई चैन’ ले निरन्तरता पायो । यद्यपि, अदालतबाट निर्णयकर्तालाई छुट किन दिएको भनी कारण देखाउ आदेश जारी भएको छ ।

सीआईबीले निक्कै मिहिनेत र दबाब झेली अनुसन्धान गरेर तयार पारेको अभियोजनलाई सरकारी वकिलको कार्यालयले सरकारी जग्गा हिनामिना गर्नेहरू प्रति ‘सहृदयी’ भएर सीआईबीको अनुसन्धान प्रतिवेदनलाई काँटछाँट गर्‍यो । यसबाट सीआईबीको अनुसन्धान ठोस र प्रामाणिक नभएको आशङ्का जन्मायो ।

सरकारी जग्गाको संरक्षण गर्नु अदालतको पनि दायित्व हो । तर, थुनछेक बहसमा अभियुक्तहरूप्रति इजलास झनै ‘सहृदयी’ देखियो र सबैलाई धरौटीमा रिहा गर्‍यो । ठूलो रकम घरौटी राख्न नसके थुनामै बस्नुपर्ने भएकोले ‘न्यायोचित’ धरौटी राख्न लगाइयो । सरकारी अर्थात् जनताको सम्पत्ति लुट्नेहरूप्रतिको यो ‘सहृदयता’ ले अपराध र आपराधिक प्रवृत्तिलाई न्यूनीकरण होइन मलजल गर्ने सर्वत्र चर्चा छ ।

सुनकाण्डमा पनि सीआईबीले अनुसन्धानको बेला कमाएको प्रशंसा र सराहनालाई कायम राख्न सकेन । सीआईबीले जथाभावी होइन प्रमाण कै आधारमा थुप्रैलाई पक्राउ र खोजी गरेको हो । तर, महिनौं थुनामा राखेर मुद्दा चलाउन नपर्ने, कुनै थुनिएकामाथि अभियोग नै नलगाउने गरेर आफ्नै अनुसन्धान माथि विश्वास नगरे सरी ‘हात्ती आयो फुस्सा’ सावित गर्‍यो ।

सुनकाण्डमा सत्तासीन माओवादीलगायतका सत्तामा जाने दलहरूका मान्छेहरू मुछिएका छन् । सिंहदरबारमा बस्ने र बसिसकेका दलहरूको संलग्नताबिना ठूलो परिमाणको तस्करी असम्भव छ भन्ने तथ्य ‘ओपन सिक्रेट’ हो । तर, सीआईबी जनताले सोचे र अपेक्षा गरेजस्तो देशको वर्तमान र भविष्यको लागि अनुसन्धान र अभियोजनमा दरो, अपराधप्रति कठोर हुन सकेको देखिएन ।

अपराधप्रति सीआईबी, सरकारी वकिलको कार्यालय र इजलासको सहृदयता उपलब्धिमूलक होइन प्रत्युत्पादक हुने निश्चित छ ।

# भक्तपुर नपाको आयोजनामा विभिन्न प्रतियोगिता



५७ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा 'हाम्रो कला, संस्कृति र सम्पदा' शीर्षकमा नगरस्तरीय अन्तरविद्यालय चित्रकला प्रतियोगिता । भदौ २२ गते



१६ औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा सामुदायिक तथा संस्थागत विद्यालय तह (कक्षा ९ देखि १२) स्तरीय निबन्ध लेखन प्रतियोगिता । भदौ २९ गते



राष्ट्रिय शिक्षा दिवस २०८० को अवसरमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता । असोज २ गते



विश्व पर्यटन दिवस २०८० मा सम्मानित सांस्कृतिक गुरुहरू । असोज १० गते